# डा.अम्बेडकर : एक चिन्तन

लेखक

मधुलिमये

अनुवाद

पदम बहादुर थापा

समताबिनाको स्वतन्त्रता अधुरो लोकतन्त्र हो भने स्वतन्त्रताबिनाको समता विशुद्ध तानाशाही हो । यसैले स्वतन्त्रता र समताबीच एउटा सिर्जनशील तर तनावपूर्ण सम्बन्ध हुने गर्छ । डा.अम्बेडकर समता र स्वतन्त्रता दुवैलाई आश्वासन दिने समाजवादी व्यवस्था स्थापना गर्न चाहन्थे । यही कारण भारतका राष्ट्रिय राजनीतिक पार्टीहरूमध्ये समाजवादी पार्टीतिर उनको आकर्षण थियो । उनको असामयिक निधनबाट सामाजिक क्रान्तिको एउटा शक्तिशाली समीकरण बन्दाबन्दै त्यसै थन्कियो ।

हाम्रो स्वतन्त्रता आन्दोलनलाई स्वतन्त्रता सँगसँगै समताको मूल्यसँग अनुप्राणित गर्ने प्रखर प्रतिभाका धनी डा. अम्बेडकरका विचारलाई तटस्थ एवं बुद्धिनिष्ठ विश्लेषण गरिएको यो एउटा महत्त्वपूर्ण पुस्तक हो ।

# डा.अम्बेडकर : एक चिन्तन

लेखक

मधुलिमये

अनुवाद

पदम बहादुर थापा

प्रकाशक

साउथ एसियन डायलाग्स आन इकोलाजिकल डेमोक्रेसी (SADED), दिल्ली

आलेख- **डा.अम्बेडकर : एक चिन्तन**

लेखक- **मधुलिमये**

अनुवाद- **पदम बहादुर थापा**

प्रथम असोज, २०७०....................................

प्रति-.................

सर्वाधिकार-

मूल्य-.......

प्रकाशक- साउथ एसियन डायलाग्स आन इकोलाजिकल डेमोक्रेसी (SADED), दिल्ली

ISBN-..........

कम्प्युटर टाइपिङ्ग- **प्रदीप पौडेल**

मुद्रक-......

# समर्पण

आधुनिक भारतका सर्वश्रेष्ठ समाज-सुधारक दलित एवं श्रमिक जनताका प्रेरणा-स्रोत श्रीमती सावित्री फुले तथा महात्मा फुलेलाई समर्पित ।

फोटो

# डा.बाबा साहेब अम्बेडकर

प्रस्तुत पुस्तक बाबा साहेबको जीवन-चरित्र होइन । यो उनको कार्य र लेखनको मूल्याङ्कन हो । डा. अम्बेडकरद्वारा निर्मित विशाल ग्रन्थ सम्पदालाई परिशीलन गरेर र उनको भूमिकाको सन्दर्भलाई खोजेर यो विश्लेषण प्रस्तुत गरिएको छ । सन् १९१६ मा आफ्नो तरुणावस्थामा जाति व्यवस्थामा लेखिएको उनको प्रथम निबन्धदेखि संसदमा उनले गरेका भाषण, समस्त लेख र वक्तव्यको अध्ययन लेखकले गरेका छन् । गान्धी र अम्बेडकरको तुलनात्मक अध्ययन गर्नुका साथै लेखकले डा.अम्बेडकर राष्ट्रिय आन्दोलनमा किन ओझेलमा परे भन्ने देखाएका छन् । एउटा महान विद्रोही सामाजिक क्रान्तिकारीका रूपमा डा.अम्बेडकरलाई आधुनिक भारतको निर्माणमा सम्मानजनक स्थान प्राप्त भएको छ । उनी विद्रोही मात्र थिएनन् । अपितु ज्ञान–मार्गी विद्रोही थिए भन्ने लेखकको निचोड थियो ।

फोटो

# लघु शब्द-चित्रमा

## मधुलिमये

- १ मई, १९२२ मा पुनामा जन्म ।
- फर्म्युसन कलेज, पुनामा शिक्षा ।
- १८ वर्षको उमेरमा पढाइ अधुरो छोडेर स्वतन्त्रता आन्दोलनमा सक्रिय सहभागी ।
- सन् १९४० मा वैयक्तिक सत्याग्रह तथा सन् १९४२ को 'भारत छोडो' आन्दोलनमा सभाग लिएको र त्यसको पुरस्कार स्वरूप दुई वर्षको नजरबन्द ।
- सन् १९४८ सम्म काँग्रेस सोसलिस्ट पार्टी तथा त्यसपछि सन् १९७७ सम्म समाजवादी पार्टीसित सम्बद्ध ।
- सन् १९५५ मा गोवाको मुक्ति आन्दोलनमा भाग लिएकोमा १२ वर्षको जेल सजाय ।
- तेस्रो, चौथो, पाँचौं र छैठौं लोक सभाको सदस्य ।
- सन् १९८२ देखि अस्वस्थताका कारण सक्रिय तथा दलगत राजनीतिबाट टाढिएर चिन्तन एवं लेखनमा संलग्न भई सन् १९९४ सम्म लगभग ३ दर्जन पुस्तकहरू लेखेको ।
- ८ जनवरी, १९९५ मा मृत्यु ।

# हिन्दी संस्करणका निम्ति लेखिएको दुई शब्द

डा. भीमराव अम्बेडकर आधुनिक भारतका निर्माताहरूमध्ये एक प्रमुख हुन् । असमानता र अन्यायमा आधारित समाज व्यवस्थाका विरुद्ध विद्रोह तथा ज्ञानको अखण्ड साधना यी दुई केही हदसम्म परस्पर विरोधी प्रवृत्तिहरू बीचको संघर्ष र तनावले उनको व्यक्तित्व निर्माण गऱ्यो। एउटा ज्ञान-मार्गी विद्रोहीका रूपमा उनको यथार्थ वर्णन गर्न सकिन्छ।

यसअघि यो पुस्तक मराठीमा प्रकाशित भइसकेको छ । यसको हिन्दी अनुवाद मेरा मित्र डा.मस्तराम कपुरले गरेका हुन्। र, यो अनुवाद बडो राम्रो तरिकाले गरिएको छ। उनले मलाई स्वयं सुनाए । अमरेन्द्र-नन्दु धनेश्वरद्वारा मराठी अनुवादको यसमा उपयोग गरिएको छ । मूल मराठी पुस्तकमा र त्योअघि अङ्ग्रेजी प्रबन्धमा डा.अम्बेडकरको आर्थिक विचारका बारेमा धेरै विश्लेषण थिएन। हिन्दी अनुवादमा यस विषय बारे एउटा नयाँ अध्याय थपिएको छ।

तर्कतीर्थ लक्षमण शास्त्री प्रकाण्ड विद्वान तथा दार्शनिकका रूपमा चिनिनुभएको छ । उहाँ प्राचिन सँस्कृत साहित्यका मूर्धन्य पण्डित हुनुहुन्छ। तैपनि उहाँका विचार भने पूर्णरूपले आधुनिक छ। उहाँले प्रस्तावनाका रूपमा प्रवक्ता हुनुहुन्छ। उहाँ समतामूलक रूपमा दुई शब्द लेखेर पुस्तकको मूल्य बढाइदिनु भयो। यस कारण म उहाँको आभारी छु।

डा. अम्बेडकरको विचारधारा र उनका कार्यको समालोचना आधुनिक भारतको इतिहासमा उनको स्थान निश्चित गर्न सहायक हुनेछ भन्ने मैले आशा गरेको छु।

यस पुस्तकको प्रकाशनमा डा. पद्म सिंह वर्मा तथा डा. मस्तराम कपुरले चासो देखाउनुभयो। यसका निम्ति म उहाँहरू दुवैको कृतज्ञ छु। यसका साथै श्री सुभाष तेंडलेप्रति आवरण-तयार गरेकोमा आभार व्यक्त गर्न चाहन्छु।

१ मई १९८९ -मधुलिमये

बी-११ पण्डारा रोड,

नयाँ दिल्ली

# अनुक्रमणिका

1= सामाजिक क्रान्तिकारी अम्बेडकर

2= जाति-संस्थाको उन्मूलनको आह्वान

3= अम्बेडकर र गान्धी

4= पृथक निर्वाचन- आयोगको माग र येरवडा सम्झौता

5= अम्बेडकरको पाकिस्तान विषयक भूमिका

6= सशक्त केन्द्रको आवश्यकता

7= भाषागत प्रान्त-रचना र अम्बेडकर

8= कानुन मन्त्री-अम्बेडकर

9= अम्बेडकरको आर्थिक विचार

10= अम्बेडकर र धर्म परिवर्तन

# सामाजिक क्रान्तिकारी अम्बेडकर

बीसौं शताब्दीको प्रथम साठी वर्षभित्र भारतमा अनेकानेक महान व्यक्ति भएका थिए । तीमध्ये डा.भीमराव अम्बेडकर प्रमुख थिए । मेरो यो आफ्नै बुझाइ थियो । माया गरेर सबैले उनलाई बाबा साहेब भन्ने गर्थे । म सत्र वर्षको पनि भएको थिइनँ । म उनको व्यक्तित्व देखेर मोहित भएको थिएँ अर्थात् म उनीसंग प्रभावित भएँ । तर काँग्रेसी कार्यकर्ताहरूले उनलाई राम्रो मान्दैनथे । उनीप्रति उनीहरूको मनमा निकै द्वेषको भावना थियो । कांग्रेस पार्टीमा समाजलाई पुनर्रचना गर्नुपर्दछ भन्ने सोचाइ भएका नेता र कार्यकर्ता पनि थिए । उनीहरूका निम्ति समताको सिद्धान्त र उद्देश्य सबथोक थियो । र, यो आवश्यक छ भन्ने ठहरसमेत उनीहरूको थियो । तिनताका काँग्रेसी पार्टी दुईवटा दलमा विभाजित भएको थियो- (क) गरम दल (ख) नरम दल । गरम दलका विचार अत्यन्त राम्रा थिए । तर यिनै गरम दलका मानिसले पनि अम्बेडकरलाई राजनैतिक प्रतिक्रियावादी तथा साम्राज्यवादका पिठ्यूँ भनेर विरोध गर्दथे । म ब्रिटिश सरकारप्रति सतत् एकनिष्ठ छु भन्ने भनाइ स्वयं डा. अम्बेडकरको थियो । उनले यो कुरो एकपटक मात्र होइन, धेरै पटक दोहोऱ्याएका थिए । तर किन हो कुन्नी, मैले यस भनाइ सोह्रैआना सही हो भन्ने कुरो कहिल्यै पनि स्वीकार गरिनँ । उनमा काँग्रेसी नेताभन्दा देशभक्तिको भावना कुनै पनि हालतमा कम थिएन । उनका प्राथमिकताहरू भिन्न मात्र थिए । दुई हजार वर्षदेखि सवर्ण हिन्दुहरूले अन्याय र अत्याचार गर्दै आएका छन् । यसैको विरुद्ध लड्ने र सामाजिक समता स्थापना गर्ने डा.अम्बेडकरको दृढ विचार थियो । उनका निम्ति यही नै प्राथमिक प्रश्न थियो, सबभन्दा महत्त्वपूर्ण विषय थियो । उनी स्वतन्त्रताका विरोधी थिएनन् । ब्रिटिश सत्ता तत्काल हस्तान्तरण हुनुपर्दछ भन्ने उनको चाहना थियो । स्वतन्त्रतारूपी सूर्यको प्रकाशमा दलित वर्गलाई उचित स्थान प्राप्त हुनुपर्दछ भन्ने पनि उनको अर्को चाहना थियो । यी दुवै मोर्चामा लड्नुपर्ने स्थिति थियो । तर उनी एक्लै लड्न सक्दैनथे । यसैले उनले आफ्नो शक्ति राजनीतिक स्वतन्त्रतातिर लगाउनुको साटो सामाजिक अत्याचार समाप्त गर्नतिर केन्द्रित गरेका थिए । स्वभावतः उनको सहानुभूति महात्मा ज्योतिबा फुले, महादेव गोविन्द रानडे र गोपाल गणेश आगरकरप्रति थियो ।

त्यतिखेर हाम्रो एउटा तरुण मण्डली थियो । त्यस मण्डलीमा राजनीतिक, सामाजिक र आर्थिक प्रश्नबारे तात्तातो चर्चा र बहस भइरहन्थ्यो । म नियमित रूपले जिन्ना र अम्बेडकरको पक्ष लिएर बोल्ने गर्दथे । सायद यसको पछाडि त्यतिबेलाको मेरो तारुण्य-सुलभ-आत्म-प्रदर्शन वा केही हदसम्म

वितण्डावादको भावना थियो होला । मेरा एकजना साथी थिए । उनले मलाई त्यस्ता फटाहाको प्रशंसा गर्ने भनेर आरोप लगाउने गर्दथे । सायद मेरो व्यवहार एउटा बौद्धिक बठ्याइँ थियो । तर यी दुवै नेताहरूलाई मैले असाध्यै आदर गर्दथे । अहिले पनि ममा यो आदर-भाव उस्तै छ । अझ भन्नुपर्दा यो भाव झनै बढेको छ । जिन्ना र अम्बेडकरलाई काँग्रेसीहरूले देख्नै सक्दैनथे । अम्बेडकरप्रति काँग्रेसीहरूमा अचम्मको रिसराग थियो । त्यतिबेला कांग्रेसको अर्थ पुनर्जीवित राष्ट्र थियो । साम्राज्यवादसित लड्नु त्यतिबेलाको सबभन्दा महत्त्वपूर्ण लक्ष्य थियो । सबैमा आदर्श प्रेम र त्यागको भावना थियो । जति यो मात्रा बढी हुन्थ्यो, देशको स्वतन्त्रताप्रति समर्पणको भावना त्यति नै ज्यादा हुन्थ्यो । यस्तो मनस्थितिमा अम्बेडकर र जिन्नाजस्ता व्यक्ति राष्ट्रवादी लक्ष्यको विपरीतझैँ लाग्दथे । तर यी दुवै नेताप्रति अरूमा भएकोजस्तो कटुता ममा थिएन । उनीहरूको पनि एउटा पक्ष छ । र, त्यस पक्षलाई राष्ट्रवादी समाचार-पत्र र काँग्रेसीहरूले त्यसै उपहास गर्दछन् भन्ने मलाई लाग्दथ्यो ।

अम्बेडकरको जन्म अत्यन्त पीडित समाजमा भएको थियो । उनको मनमा ज्ञानको भोक थियो । उनमा अन्यायको प्रतिकार गर्नें प्रबल इच्छा थियो । उनले प्रसिद्धीका अनेकानेक शिखर जिते । र, आफू उदाहरण बनेर उनले जन्म, वर्ग र जातिको श्रेष्ठताका मान्यतालई ध्वस्त पारे ।

डा. भीमराव अम्बेडकरको जन्म सन् १८९१ मा भएको थियो । उनको बुवाको नाउँ रामजी अम्बेडकर थियो । डा.अम्बेडकर आफ्नो बुवाआमाका चौधौँ र अन्तिम सन्तान थिए । ब्रिटिश सरकारले यिनकै महार जातिका मानिसलाई सेनामा भर्ती गर्ने नीति बनाएको थियो । यसैले अम्बेडकरजीका पुर्खाले सेनामा भर्ती भएर प्रशिक्षण तथा नोकरी प्राप्त गर्ने मौका पाएका थिए । सन् १८९२ मा एक्कासि सेना भर्तीं गर्ने काम रोकियो । त्यतिबेला अम्बेडकर एक वर्षका थिए । उनका बुवाले सुबदार मेजर पद पाएका थिए । अम्बेडकर जन्मिएको वर्षमा नै उनी सेवानिवृत भए । अम्बेडकरलाई पढ्नेबेला निकै अपमान सहनुपरेको थियो । तर उनमा शिवसंकल्प थियो । र, उनले आफ्नो अडान छोडेनन् । उनले सन् १९०७ मा एस.एल.सी. पास गरे ।

स्कुलमा पढ्दाखेरि अम्बेडकरले आफूले भोगेका दु:खकष्टको स्मरण यसरी गरेका छन् :

“मेरो स्कुलमा एकजना मराठिनी काम गर्ने महिला थिइन् । उनी स्वयं अशिक्षित थिइन् । तर उनले छुवाछूत मान्दथिन् । मसित छोइन्छु कि भन्ने सोचेर उनी पर–परै बस्दथिन् । एक दिन मलाई निकै प्यास लाग्यो । मलाई धारा छुने अनुमति थिएन । यसैले मलाई पानी चाहियो भन्ने कुरो

मास्टरजीलाई भनेँ । उहाँले पालेलाई धारा खोल्न  अहय्राउनुभयो । पालेले धारा खोले । त्यसपछि मैले पानी पिएँ । त्यो दिन पाले स्कुल नआएको भए म प्यासो नै रहनुपर्दथ्यो । घर पुगेर नै मेरो प्यास मर्ने थियो ।"

त्यतिखेर यस्ता कैयौँ बाधाअड्चनहरू थिए । तर अम्बेडकरले यी सब सहेर एकाग्र भई आफ्नो शिक्षा पूरा गरे । शिक्षाबाट नै दलित र अरू पछौटे वर्गलाई अवसर प्राप्त हुनेछ र उनीहरूको प्रगतिको ढोका खुल्नेछ भन्ने उनको विश्वास थियो । ज्ञान प्राप्त नगरेर सत्ता पाइँदैन भन्ने विचारमा उनी जीवनभरि दृढ थिए ।

अम्बेडकरको बाल्यकाल दुःखै– दुःखैमा बितेको थियो । तैपनि केही उदार हृदयका मानिसले उनलाई सहयोग र प्रोत्साहन गरे । यो नै हाम्रो देशको सौभाग्यको कुरो थियो ।

अम्बेडकरको शैक्षिक प्रगतिबारे बम्बईको सरकारले निम्नलिखित टिप्पणी गरेको पाइन्छ :

"भीमराव रामजी अम्बेडकर गाउँ अम्बेड (तालुक दापोली जिल्ला रत्नगिरी) का हुन् र उनी महार जातिका हुन् । उनी बम्बई विश्वविद्यालयका स्नातक हुन । र, उनले एल्फिंस्टन कलेजबाट बी.ए. पास गरे । उनले बडौदा रिसायतको जागिर खाए । सन् १९१३ मा उनलाई बडौदा सरकारका तर्फबाट अर्थशास्त्रको उच्च शिक्षाका निम्ति अमेरिका पठाइयो । उनले एस.एस सार्डेना नाउँ गरेको पानी जहाज चढेर १५ जून, १९१३ मा बम्बई छोडे ।"

अम्बेडकरले अमेरिकामा थप दुई वर्ष बस्न पाउँ भन्ने निवेदन गरेका थिए । यस अवधिमा उनको अध्ययन पूरा हुनेछ भन्ने उनको सोचाइ थियो ।

बडौदाका महाराजले निवेदन अनुसारको अवधि बढाए । र, अम्बेडकरले कोलम्बिया विश्वविद्यालयबाट पी.एच.डी. को उपाधि प्राप्त गरे । त्यसपछि अगाडिको अध्ययन गर्न उनी इंग्ल्याण्ड गए । यसअघि उनले जेजस्तो उपलब्धि प्राप्त गरेका भए पनि यसमा उनी सन्तुष्ट थिएनन् । जेजति प्राप्त भयो त्यसैमा सन्तोष गरेर उनी बसेनन्  । उनमा ज्ञान-पिपासा निकै तीव्र थियो । पश्चिमी शैक्षिक बजारको प्रतिस्पर्धामा आफू उँभिन सक्ने र ज्ञान तथा योग्यतामा कुनै सवर्ण हिन्दुका कुनै पनि चम्किला ताराभन्दा कम नहुने कुरो उनी सिद्ध गर्न चाहन्थे । यही उद्देश्य लिएर उनी इंग्ल्याण्ड गएका थिए । खास गरी त्यहाँ गएर बैरिस्टरी पढ्ने र लण्डन विश्वविद्यालयबाट एम.एस.सी उपाधि पाप्त गर्ने उनको इच्छा थियो ।

आफ्नो अध्ययन पूर्ण हुनुअघि नै अम्बेडकरलाई भारत फर्किनुपर्‍यो । किनभने उनको छात्रवृत्ति समाप्त गरिएको थियो । उनले पुनः नोकरी गर्न थाले । यसपल्ट उनी बडौदाका महाराजका सैनिक सचिव बने । तर त्यहाँ उनले कल्पनै गर्न नसकिने यातनाहरू भोग्नुपर्‍यो ।

डा. अम्बेडकरले बडौदा सरकारको सेवा गर्दै थिए । उनले त्यहाँ सहनै नसकिने किसिमका अनुभवहरू बटुलेका थिए । बडौदा पुगेपछि स्टेशनमा उनलाई लिन कोही आएन । उनले बस्ने ठाउँ पनि पाएनन् । कुनै पनि होटेलेले उनलाई बस्न दिएन । यहाँसम्म कि कुनै पनि घर मालिकले उनलाई डेरा दिन मानेन । अन्तमा केही नलागेर उनले आफ्नो नाउँ फेरे । अनिमात्र उनले एउटा पारसीको लजमा बस्ने मौका पाए । लज मालिकले असली जात थाहा पाएपछि उनलाई पिट्न दुगुरे । यी त सब भए नै । आफ्नै कार्यालयमा समेत उनलाई निकै अपमानजनक व्यवहार गरियो । चपरासीले पाप लाग्छ कि भन्ने डरले फाइललाई उनीमाथि वा टेबुलमा फ्याँकिदिन्थे । उनले खाने पानी पनि पाउँदैनथे । उनले महाराजासँग उजुरी गरे । तर त्यसबाट केही फल निस्केन । दिवानले पनि यसबारे असमर्थता प्रकट गरे ।

डा. अम्बेडकरले यस्तो अपमान सहन सकेनन् । उनको नोकरी गर्ने इच्छा यसै सेलाएर गयो । नोकरी गरिरहेको भए उनको पदोन्नति पनि हुने थियो । र, तलब पनि राम्रै हुन्थ्यो । तर सवर्ण हिन्दुहरूले उनीप्रति ज्याद्रो व्यवहार गरे । उनले बम्बई फर्किने निश्चय गरे । आफ्नो अधुरो अध्ययनलाई पूरा गर्ने इच्छा अझै बाँकी थियो । उनी बैरिस्टर बन्न चाहन्थे । स्वतन्त्र आजीविकाको कुनै साधन हुनुपर्दछ भन्ने उनलाई लाग्यो । दलित वर्ग भयानक अन्यायका सिकार भएका थिए । यिनैको उत्थान गर्ने उनको इच्छा थियो । उनका निम्ति यो एक किसिमको व्रत नै थियो ।आफ्ना दु:खलाई व्यापक लडाइँको प्रवाहमा डुबाएर नै उनले आफूलाई उदात्त बनाएर सफलता प्राप्त गर्न सक्दथे ।

बडौदामा रहँदा डा. अम्बेडकरलाई बडो कष्टपूर्ण व्यवहार गरिएको थियो । यही कारण उनी बम्बई फर्के । त्यहाँ आएर उनले ट्युशन पढाउन लागे । उनी एउटा व्यापारीको सल्लाहकार पनि भए । पछि गएर उनी सिडनहम कलेजको प्राध्यापक भए । अब उनी स्थायी रूपले बम्बईमा बस्न थाले । त्यसपछि उनले दलितका समस्याबारे रुचि लिन थाले । यस समस्याका प्रमुख विषयहरू यस्ता थिए । राजनीतिक अधिकार, शिक्षा, रहन-सहन, सरसफाइ र स्तरीय परिस्थिति आदि ।

सन् १९१९ तिरको कुरो हो । त्यतिखेर शासन-सुधार सम्बन्धी प्रश्नबारे राजनीतिक फाँटमा निकै चर्चा थियो । सन् १९१७ मा एडविन माण्टेग्यु (सेक्रेटरी आफ स्टेट) भारत मन्त्री भएका थिए । उनले भारतीयका हातमा बिस्तारै उत्तरदायी शासन हस्तान्तरण गर्ने बाचा गरेका थिए । हिन्दु र मुसलमान दुवै मिलेर यी सुधार र प्रतिनिधित्व बारे एउटा योजना तयार गरेका थिए । यसलाई 'लखनऊ योजना' भनिन्छ । यसमा मुसलमानका निम्ति एउटा छुट्टै 'निर्वाचन आयोग' सिद्धान्तलाई स्वीकार गरिएको थियो । मुसलमान अल्पसंख्यक भएका प्रान्तमा उनीहरूलाई राम्रै प्रतिनिधित्व दिनुपर्ने कुरो पनि काँग्रेसीद्वारा स्वीकार गरिएको थियो । यसको सट्टामा मुस्लिम नेताहरूले पंजाव र बंगालमा आफ्ना संख्याको अनुपातमा कम प्रतिनिधित्व लिने कुरोलाई स्वीकार गरेका थिए ।

सन् १९१७-१८ को हिउँदमा माण्टेग्यु भारत आएका थिए । सन् १९१८ मा मोण्डफोर्ड रिपोर्ट प्रकाशित भयो । अहिलेसम्म सुतिरहेको वर्गमा राजनीतिक जागृति आउन थाल्यो । मद्रासका गैर-ब्राह्मण वर्गले आरक्षणको माग गर्न लागे । बम्बईमा पनि यस वर्गले आफ्नो शक्ति एकत्रित गर्न थाल्यो । यसो गर्नुको कारण सत्ता बाहुनका हातमा नजाओस भन्ने नै थियो । जताकतै हिन्दु समाजका दलित वर्गले आन्दोलन गर्न लागे । र, उनीहरूको ध्यान आफ्नो मागतर्फ जान थाल्यो । बम्बईमा दलित वर्गमा महारको संख्या सबभन्दा बढी थियो । र, उनीहरू अरू सबैभन्दा ज्यादा जागरूक पनि थिए । उनीहरूले अम्बेडकरजस्ता प्रबुद्ध र प्रशिक्षित प्रखर युवा प्रवक्ता पाएका थिए । यसलाई उनीहरूको सौभाग्य नै हो भन्न सकिन्छ । अगाडिको पढाइ गर्न जानुअघि उनले दलित वर्गका निम्ति अत्यन्त महत्त्वपूर्ण काम गरेका थिए । एउटा 'साउथबरा समिति' बनेको थियो । यसको काम प्रतिनिधित्व सम्बन्धी सोधपुछ गर्ने र सुझाव लिने थियो । उनले दलितका तर्फबाट एउटा प्रतिवेदन यस समितिलाई बुझाएका थिए । यो एउटा महत्त्वपूर्ण प्रतिवेदन थियो । र, यसले त्यो समितिलाई निकै सहयोग गरेको थियो ।

अम्बेडकरले आफ्नो प्रतिवेदनमा हिन्दु समाजमा सामाजिक विभाजनको विशद जानकारी दिएका थिए । हिन्दु समाजको छुट्टा-छुट्टै तप्कामा मतदाताको संख्याका दृष्टिले मतदानको पात्रताको जो शर्त राखिएको छ त्यसको के परिणाम हुन्छ भन्ने विश्लेषण यसमा गरिएको थियो । यो अफ्ठेरो शर्तका कारण बाहुन मतदाताको संख्या उनीहरूको जनसंख्याको अनुपातमा निकै धेरै हुन्छ । बाहुनहरूको मतदाताको संख्या निकै थोरै हुन्छ । र, दलित मतदाताहरूको संख्या त नगण्य नै हुन्छ ।

यस समस्याको समाधान के हो ? एउटा समाधान थियो- जाति वा सामाजिक वर्ग अनुसार निर्वाचन आयोग वा पृथक निर्वाचन आयोग । अर्को हो- आरक्षित स्थानका साथ संयुक्त निर्वाचन आयोग अथवा बहुसदस्यीय निर्वाचन क्षेत्र वा आरक्षित स्थानका साथै बहुसदस्यीय निर्वाचन क्षेत्र । मुसलमान तथा गैर-बाहुनका निम्ति पृथक निर्वाचन आयोग हुनु उचित होइन भन्ने उनको भनाइ थियो । संयुक्त निर्वाचन आयोग र बहुसदस्यीय निर्वाचन क्षेत्रमा उनीहरूका निम्ति सीट आरक्षित भयो भने उनीहरूको हित सुरक्षित हुनेछ ।

तर दलित वर्गका निम्ति यी उपाय लागू हुने छैनन् भन्ने अम्बेडकरको सोचाइ थियो । बम्बई प्रान्तका रत्नगिरी र कोलाबाका जिल्लाको उदाहरण दिएर उनले भने कि- प्रति हजारको जनसंख्यामा मतदाताहरूको संख्या ब्राह्मणमा ३६७.४, मराठामा ३००.९, मुसलमानमा ९५.९, महारको २.७ र जातिमा २.३२ हुनेछ । उनले दलित वर्गका बारे सुझाव दिएका थिए । जनसंख्याका अनुपातमा उनका निम्ति स्थान आरक्षित गर्नुपर्दछ । पृथक निर्वाचन आयोग हुनुपर्दछ । र, दलित मतदाता बढाउनका निम्ति आय र सम्पति सम्बन्धी शर्तहरूलाई शिथिल पार्नुपर्दछ ।

अम्बेडकरले आफ्नै ज्ञापनपत्रमा दलित वर्गका बाधाहरूलाई कमिक रूपमा उल्लेख गरेका छन् । त्यस वर्गले व्यापार गर्न सक्दैन । उनीहरूका निम्ति उद्योग-धन्धा चलाउने बाटा बन्द गरिएका छन् । नोकरी गर्ने ठाउँ पनि छैन, आदि कुरा त्यसमा छन् । उनले एउटी महार आइमाईको उदाहरण दिएका छन् । यस अनुसार तरबुजो बेचेको कारण पुलिसले उनलाई पकेर लग्यो ।

इष्ट इण्डिया कम्पनीको शासनताका दलित वर्गका निम्ति कमसे कम सेनामा भर्ती हुने बाटो खुला थियो । सन् १८५९ मा मार्क्विस ट्वीडलडेलले भारतीय सेना आयोगअघि एउटा टिप्पणी राखिएको कुरो पनि उनले बताए । यसबाट उनले एउटा उदाहरण दिए । साना जातका मानिसको सहायताले भारतलाई जितिएको थियो भन्ने कुरो कहिल्यै बिर्सिनु हुँदैन । कमसे कम पश्चिम भारतको सम्बन्धमा यो कुरो बिलकुलै सही थियो । यसको विपरीत बंगाल आर्मीमा उच्च जातिको प्रभुत्व थियो । विद्रोहपछि अङ्ग्रेजले मराठालाई सेनामा भर्ती गर्न लाग्यो । यी नयाँ भर्ना भएका व्यक्तिहरूमा जातीय पूर्वाग्रह निकै प्रबल थियो । यिनीहरूले तल्लो जातिका अधिकारीको मातहतमा रहेर काम गर्न साफै मानेनन् । परिणामस्वरूप दलित जातिलाई सेनामा भर्ती गर्न बन्द गरियो ।

कुनैबेला अस्पृश्य (अछूत. तल्लो जात वा दलित ) र सवर्ण पढ्ने दुई थरीका छुट्टाछुट्टै स्कुलहरू थिए । अस्पृश्य (अछूत) को वरिष्ठ श्रेणीका शिक्षकको पद रिक्त भयो भने सवर्णबाट नै सो पद पूर्ति गरिन्थ्यो । तर सवर्णको स्कुलमा रिक्त पद भयो भने दलितका उम्मेदवार त्यहाँ जान सक्दैनथे । हिन्दुहरूको सामाजिक व्यवहारको यही नै नैतिकता हो भन्ने अम्बेडकरको कटुतापूर्ण भनाइ थियो । उनको कटुता उचित नै थियो ।

अम्बेडकरले राजनीतिक दलहरूको दृष्टिकोणबारे त्यस ज्ञापनमा रोचक टिप्पणी गरेका छन् । सन् १९१६ मा तिलकवादी र गरम दलले काँग्रेसी कब्जा गऱ्यो । उनीहरूले उदारता देखाउँदै मुसलमानसँग सम्झौता गरे । तर दलप्रति कुनै सहानुभूति देखाउन उनीहरूलाई आवश्यकता परेन । अम्बेडकरले यिनीहरूलाई राजनीतिक दृष्टिले प्रगतिशील र सामाजिक दृष्टिले प्रतिक्रियावादी मान्दथे । नरम दलका मानिस उनीहरूभन्दा केही सफल थिए । पछौटे वर्गको प्रतिनिधित्वका निम्ति उनीहरूका केही सुझावहरू थिए । यद्यपि ती सुझाव पर्याप्त भने थिएनन् । तैपनि यति सहानुभूति देखाएकोले पनि उनीहरूको आभार मान्नुपर्दछ ।

सन् १९१३ को कुरो हो । एउटा सदस्यले केन्द्रीय सभामा एउटा प्रगतिशील प्रस्ताव प्रस्तुत गरेका थिए । यसबारे ती सदस्यलाई आलोचना गरियो । र, चुनावमा उनको ठाउँमा तिलकका प्रमुख अनुयायी जी.एस. खापर्डेले चुनाव जिते । उनले चुनाव प्रचार गर्दा भनेका थिए- दलितहरूको उद्धार गर्ने मानिस स्वतः पापी हुन् ।

अम्बेडकरले ब्राह्मण वर्चस्व भएको बुद्धिजीवि वर्गबारे यसरी भनेका थिए- यिनीहरूले सबैका तर्फबाट कुरा गर्दछन् । तर यिनीहरूले पक्ष भने आफ्नै जातिको लिन्छन् । कोही बुद्धिवादी बाहुन पनि हुन्छन् । तर उनीहरू छुवाछूतको भयानकतालाई दार्शनिक शब्दावलीमा मात्र स्वीकार गर्दछन् । र, छुवाछूतबाट समाजलाई निकै खतरा छ भन्ने कुरो गर्दछन् ।

तिलक दलितका सवालबारे मौन थिए । उनले दलितप्रति कुनै सहानुभूति राखेका थिएनन् । यसका निम्ति अम्बेडकरले उनको कटु आलोचना गरेका छन् । तिलकले अछूतका आँखामा छारो हाल्नका निम्ति बनावटी सहानुभूति देखाउँथे । अछूतका प्रश्नबारे विचार गर्नका निम्ति एउटा सभा आयोजना गरिएको थियो । तिलकले यस सभामा एउटा छोटो भाषण गरेका थिए । तिलकको सौभाग्यले गर्दा त्यो भाषण कतै छापिएन भनेर अम्बेडकरले व्यंग्य गरेका थिए । छुवाछूत खराब प्रणाली हो ।

यसका विरुद्ध तयार गरिएको प्रतिवेदनमा तिलकले हस्ताक्षर गर्न मानेनन् । यो कुरो अम्बेडकरले विश्वस्त सूत्रबाट थाहा पाएर गरेका थिए । यस किसिमको जानकारी आफूसँग भएको कुरो उनले गरेका थिए ।

सन् १९१९ मा अम्बेडकरले 'साउथबरा समिति' लाई एउटा ज्ञापन बुझाएका थिए । यहाँ विस्तृत रूपमा यसको चर्चा गर्नुका दुइटा कारण छन् । एक त उनको सामाजिक एवं राजनीतिक विचार यस ज्ञापनमा अलिकति परेकै छ । अर्को भावी कार्यक्रमबारे प्रकाश पारिएको छ ।

सन् १९२० को उत्तरार्धतिर अम्बेडकरलाई कानुन र अर्थशास्त्रको अध्ययन पूरा गर्ने विचार भयो । यसपल्ट उनलाई कोहलपुरका शाहू महाजनले सहयोग गरे । उनी बाहुनशाहीका विरोधी थिए । उनको दलितप्रति सहानुभूति थियो ।

अम्बेडकरले बैरिस्टरी परिक्षा पास गरे । यसका साथै उनले वित्तीय र मौद्रिक (रुपैयाँको समस्या) को अध्ययन पनि पूरा गरे । उनी यी विषयका विशेषज्ञ नै भए ।

भारत फर्केपछि अम्बेडरले वकालत सुरु गरे । दलित वर्गका निम्ति स्थापना गरिएको एउटा संस्था थियो । त्यस संस्थाको नाउँ 'बहिस्कृत हितकारिणी सभा' थियो । तर त्यतिबेला त्यो सभा मृतप्रायः थियो । अम्बेडकरले नै त्यसलाई पुनर्जीवित गरेका थिए । प्रारम्भसम्म त्यस संस्थाको कुनै विशेष शक्ति थिएन । अम्बेडकरले त्यस संस्थालाई नेतृत्व गरे । यसैले त्यस संस्थाको प्रतिष्ठा झनै बढ्न लाग्यो । तेस्रो दशकमा सरकारी कागजातमा अम्बेडकरलाई निकै विद्वान र प्रभावशाली व्यक्ति भनिएको थियो । त्यस सभाले महार, घेऊ र चमार जातको गरिबी हटाउने काम गरिरहेको छ भन्ने कुरो गरिएको थियो । राजनीतिक दृष्टिले सभाका बारेमा कुनै आपत्तिजनक कुरो छैन । र, यसको नेतृत्व सभाका एकमात्र उल्लेखनीय सदस्यले गर्दछन् ।

यस सभाका आफनै क्रियाकलाप थिए । जस्तैः खेल, पुस्तकालय, स्कुल, छात्रावास, सहकारी बचत, उधार समिति, मासिक प्रकाशन तथा सांस्कृतिक कार्यक्रम आदि ।

त्यतिखेर भारतमा खास गरी समाजवादी र साम्यवादीहरू थिए । यिनीहरूमा औद्योगीकरण र आधुनिकीकरण बारे अन्धश्रद्धा थियो । यसबाट पुराना पूर्वाग्रह, धार्मिक विरोध र जातिगत निष्ठाहरू समाप्त भएर मजदुरमा एकजुटता एवं वर्ग चेतना आउनेछ भन्ने यिनीहरूको विश्वास थियो । ब्रिटेनका

समाजवादी पनि आफ्ना समाजवादी साथीजस्तै यही विश्वासमा मुग्ध थिए । तर भारतको वस्तुस्थितिले यस बुद्धिको तीव्रतालाई तोड्नेछ । क्लीमेण्ट एटली लेबर पार्टीका नेता थिए । द्वितीय विश्व युद्धपछि उनी ब्रिटेनका प्रधानमन्त्री बने । उनी तेस्रो दशकमा साइमन कमिशनको सदस्य बनेर भारत आएका थिए । यस कमिशनका अघिल्तिर केही खास कुरा आएका थिए । मजदुर एकजुटता सम्बन्धी यसको आफ्नै खास धारणा थियो । र, यस सम्बन्धी यसलाई निकै धक्का लागेको थियो होला । यसबारे अम्बेडकर र एटलीबीच वार्तालाप भएको थियो । र, त्यसलाई यहाँ यसरी प्रस्तुत गर्न सकिन्छ :

**मेजर एटली-** के दलित वर्गका मानिसले कपडा मिल वा यस्तै अरू उद्योगमा काम गर्छन ?

**अम्बेडकर-** हो, सबै दलितले मजदुरी गर्दछन् ।

**मेजर एटली-** तपाइले मेरो आशय बुझ्नु भएन । मैले उद्योग-धन्धाका बारेमा सोध्दै छु । दलित वर्गले गाउँमा खास धन्धाको काम गर्दछन् । के उद्योगमा ठूलो संख्यामा दलितले काम गर्दछन् ।

**अम्बेडकर-** धेरै ठूलो संख्यामा ।

**मेजर एटली-** यहाँ त उनीहरूलाई अछूत मानिदैन ।

**अम्बेडकर-** मानिदैन । म एउटा कुरोतिर यहाँको ध्यान सार्न चाहन्छु । तलब राम्रो पाइने बुनाइ-विभागबाट दलितलाई टाढै राखिन्छ । कुनै खास विभागमा नै दलितले प्रवेश गर्न पाउँछ ।

**मेजर एटली-** किन ?

**अम्बेडकर-** छुवाछूतको कारण ।

**मेजर एटली-** तर त्यहाँ काम गर्नेबेला सबै जातका सबै मजदुरसँग काम गर्दछन्, होइन र ?

**अम्बेडकर-** होइन, यो कुरा होइन । जातका आधारमा विभाग बाँडिने गरिन्छ । एउटा विभागमा सबै दलित हुन्छन् । अर्को विभागमा जस्तै बुनाइ विभागमा सबै मुसलमान वा सवर्ण हिन्दु हुन्छन् ।

सन् १९१९ को 'साउथबारा' रिपोर्टको बेलादेखि अम्बेडकर यस भेदभावका विरुद्ध लड्दै थिए । मिल मालिकको झुकाव सवर्ण हिन्दु मजदुरतिर थियो । यस्तो पूर्वाग्रहका विरुद्ध 'बहिस्कृत हितकारी सभा' लड्दै थियो ।

तेस्रो दशकको अन्ततिरको कुरो हो । त्योबेला मिल मजदुरले लामो हड्ताल गरे । अम्बेडकरलाई यस हड्तालमा सहभागी बनाउने कम्युनिस्टहरूको इच्छा थियो । तर उनले यस कुरोलाई स्वीकार गरेनन् । अनि कम्युनिष्टहरूले उनलाई 'वर्ग एकताका दुश्मन र हड्ताल भाँड्ने' भनेर निन्दा गर्न थाले । यी प्रगतिशील मजदुर संगठन र उनका नेताले दलितलाई बुनाइ-विभागबाट बाहिर राख्ने प्रणालीका विरुद्ध किन बोलेनन् ? अम्बेडकरले यो प्रश्न अघि सारेका थिए । मार्क्सवादी युरोपबाट नकल गरेको सिद्धान्तका गुलाम हुन् भन्ने अम्बेडकरको भनाइ थियो । उनीहरूले भारतको अप्रिय र विशिष्ट स्थितिलाई ध्यानमा राखेर काम गर्दैनन् । अम्बेडकर पुँजीवाद र असमानतामा आधारित सामाजिक व्यवस्था दुवैसंग लड्न चाहन्थे ।

'बहिष्कृत हितकारिणी सभा' को शक्ति बिस्तारै बढ्न थाल्यो । त्यस सभाका शत्रुहरूले अम्बेडकरलाई सके जति बदनाम गरे । तर उनको ख्याति बढ्न लाग्यो । त्यस सभाको काम रचनात्मक कार्यक्रमबाट अम्बेडकरले त्यसलाई विरोध आन्दोलन र सोझै कारबाही गर्ने मञ्च बनाए । कोलाबा र रत्नगिरी जिल्ला अम्बेडकरका बलिया किल्ला बने । गान्धीजीले सत्याग्रह प्रतिपादन गरे । उनले यो हतियार भृत्यतन्त्रका विरुद्ध र विदेशी सरकारबाट आर्थिक न्याय पाउनका निम्ति प्रयोग गरेका थिए । चम्पारणमा मिल मालिकका अत्याचारका विरुद्ध, गुजरातमा मालपोत मिनाहाबारे अथवा स्वराज्य प्राप्त गर्ने आदि यस्ता विषयका निम्ति गान्धीजीले सत्याग्रह उपयोग गरेका थिए । अम्बेडकरले सामाजिक अन्यायसंग लड्नका निम्ति सिभिल नाफरमानी (सविनय अवज्ञा– Civil Disobedience) हतियार प्रयोग गरेका थिए ।

महाडको 'चवदार' पोखरीमा नगरपालिकाको स्वामित्व थियो । दलितले यहाँको पानी भर्न पाउनुपर्छ भन्ने माग अघि सारियो । यही माग राखेर महाडको सत्याग्रह सुरु भएको थियो । अम्बेडकरले सिभिल नाफरमानी (सविनय अवज्ञा आन्दोलन)को बाटो समाते । यसैले यो सत्याग्रह निकै प्रसिद्ध सत्याग्रह भयो । तर एउटा अचम्म पर्ने कुरो पनि छ । एक्काईस वर्षपछि विधानसभामा अन्तिम भाषण गर्दै उनले सिभिल नाफरमानीलाई 'अराजकतावादको व्याकरण' भनेका थिए । चौथो दशकमा उनले नासिकमा मन्दिर प्रवेश गर्न पाउने अधिकारका निम्ति सत्याग्रह गरे । मूलतः सोझो कारबाहीमा उनको विश्वास थिएन । उनका निम्ति संवैधानिक र लोकतान्त्रिक बाटा प्रिय थिए । र, अन्तिम हतियारका रूपमा उनले सिभिल नाफरमानी स्वीकार गरेका थिए ।

बम्बईको विधान सभामा अम्बेडकरलाई दलितका प्रधिनिधिका रूपमा ल्याउने काम गरियो । उनले यस मञ्चबाट पनि दलित र अरू शोषित वर्गका पक्षमा प्रभावकारी भूमिका निर्वाह गरेका थिए ।

सन् १९३५ मा संविधान अधिनियम अनुसार चुनाव हुने थियो । अम्बेडकरले चुनाव लड्नका निम्ति एउटा पार्टी बनाए । र, त्यस पार्टीको नाउँ'स्वतन्त्र मजदुर पार्टी' थियो । त्यस पार्टीको संगठन प्रान्तभरि नै थियो । प्रान्तीय विधान सभाको चुनावमा त्यस पार्टीले पन्ध्र स्थान प्राप्त गर्‍यो । तीमध्ये तेह्रवटा आरक्षित थिए र अरू दुइटाचाँहि सामान्य थिए । अनुसूचित जातका निम्ति आरक्षित स्थानमा अम्बेडकरले अभूतपूर्व सफलता प्राप्त गरेका थिए । उनलाई हराउने निकै कोशिश गरिएको थियो । तर उनीहरूको त्यो कोशिश सफल हुन सकेन ।

अम्बेडकरका विचार र कृतित्व बुझ्नु जरुरी छ । तर यसका निम्ति उनका परस्पर विरोधी प्रेरणाहरूलाई लक्ष्यमा राख्नुपर्ने छ । एकातिर उनलाई सामाजिक विषमता र अन्यायका विरुद्ध लड्नुपरेको थियो । अर्कोतिर उनी साँच्चो अर्थमा भारतीय थिए । हिन्दु समाजबाट उनले र उनको जातले उपेक्षा मात्र पाएको थियो । तर यति हुँदा पनि अफ्ठेरो समयमा उनको देश प्रेमको भावना अप्रत्यासित रूपमा प्रकट हुने गर्थ्यो । उनका दुइटा इच्छाहरू थिए । भारत महान होस् र सामाजिक अन्याय समाप्त होस् । यी दुई इच्छाबीच एउटा सतत् र सिर्जनात्मक तनाव उनमा देखिन्थ्यो । साइमन कमिशनअघि दिने बयान होस् वा गोलमोच सम्मेलनको भाषण, अनुसूचित जातलाई विशेष प्रतिनिधित्व दिने प्रश्नलाई छाडेर कुनै पनि प्रश्नमा अम्बेडकरको राष्ट्र प्रेम कुनै पनि देशभक्त नेताभन्दा कम थिएन । उनी अङ्ग्रेजको दोषपूर्ण 'संघ राज्य योजना' का विरुद्ध थिए । केन्द्रबाट सत्ता हस्तान्तरण र भारतीय रियासतको प्रशासनको लोकतन्त्रीकरण हुनुपर्दछ भन्ने उनको चाहना थियो ।

अप्रिल, १९३८ मा कर्नाटकका निम्ति छुट्टै प्रान्त निर्माणको प्रस्तावबारे आफ्ना कुरा राख्दै उनले बम्बई विधान सभामा क्षेत्रवाद र प्रान्तवादको संकुचित धारणालाई कटु निन्दा गरे । र हामी सबै भारतीय हौँ भन्ने भावनाको निर्माण गर्नु नै हाम्रो लक्ष्य हुनुपर्दछ भन्ने कुरोमा उनले जोड दिएका थिए:

"हामी पहिले भारतीय हौं र त्यसपछि हिन्दु वा मुसलमान भन्ने केही मानिसको भनाइ छ । तर मलाई यो कुरो ठीक लाग्दैन । मलाई यो कुरो स्वीकार्य पनि छैन । धर्म, संस्कृति र भाषा आदिको प्रतिस्पर्धात्मक निष्ठा होउन्जेल भारतीयताप्रति निष्ठा उत्पन्न हुन सक्दैन । मानिस पहिले भारतीय होऊन् र अन्तसम्म भारतीय रहून्, भारतीयबाहेक अरू केही नहोऊन् ।"

अम्बेडकरको अन्तकरणबाट निस्केका यी शब्दहरू हुन् । यो उनको राष्ट्रिय निष्ठाको अभिव्यक्ति थियो ।

तर उनको कुरामा सधैँभरि 'तर' लागिरहन्थ्यो । केही न केही उनका कुरामा अडङ्गा लागिरहन्थ्यो । भारतीय इच्छाको विरुद्ध भारतलाई युद्धमा धकेल्ने विषयबारे बम्बई विधान सभामा बोल्दै बम्बईका मुख्यमन्त्री बी.जी. खेर र अम्बेडकरबीच एउटा स्मरणीय वादविवाद भएको थियो ।

अम्बेडकरले भने- अक्सर मलाई गलत सम्झिने गरिन्छ । मैले आफ्नो देशलाई माया गर्दछु भन्ने कुरोमा कुनै शंका गर्नु पर्दैन । तर म यस देशका जनतालाई यो कुरो स्पष्ट गरिदिन चाहन्छु कि मेरो एउटा अर्को निष्ठा पनि छ जसका निम्ति म प्रतिबद्ध छु । ......दलित समुदायमा जन्मिएकाले त्यसप्रति निष्ठा हुनु हो। ..... र, यस सदनमा जोड़दारका साथ भन्न चाहन्छु कि कुनैबेला देशको हितभन्दा दलितको हितलाई प्रमुखता दिनेछु । यदि कुनै आततायीले देशका नाउँमा बोल्दछ भने मैले त्यसको समर्थन गर्दिनँ । म कुनै पार्टीको समर्थन मात्र यसैले गर्दिन कि त्यो पार्टीले देशको नाउँमा बोल्दै छ । जो यहाँ छ र जो यहाँ छैन सबैले मेरो यस भूमिकालाई बुझ्नुपर्दछ । मेरो आफ्नो हित र देशको हितकाबीच बाझियो भने मैले देशको हितलाई प्रमुखता दिनेछु । तर यदि देश हित र दलित वर्गको हितमा बाझियो भने मैले दलित वर्गको हितलाई प्राथमिकता दिनेछु ।

बि.जी. खेरले यसको उत्तर यसरी दिएका थिए:

> "म अम्बेडकरजीको यस कुरोलाई समर्थन गर्दछु कि उनको निजी हित र देश हितबीच बाझियो भने उनले देशलाई प्रमुखता दिनेछन् र म उनका प्रत्येक शब्दलाई दोहोऱ्याउनेछु । माननीय सदस्यको जीवन र कार्यसित म निकटतम सुपरिचित हुँदै आएको छु । र, उनको कुरो बिलकुलै सही छ । उनले हमेसा देशको भलाइको दाँजोमा आफ्नो व्यक्तिगत उत्कर्षलाई गौण मानेका छन् । उनले अगाडि के भन्छन् भने दलितको हित र देश हित बाझियो भने उनले दलितहरूलाई प्रधानता दिनेछन् ।"

अम्बेडकर– सोह्रैआना ठीक ।

बी.जी. खेर– हेर्नुस्, यस कुरोलाई उनले पन्छाउँदै छैनन् । मेरो आपत्ति उनको यसै वक्तव्यसित छ । अंश समग्रमा ठूलो हुन सक्दैन । समग्रमा अंश समावेश हुनुपर्दछ ।

अम्बेडकर–   म तपाईको समग्रको अंश होइन । म एउटा अर्कै अंश हुँ ।

# जाति संस्थाको उन्मूलनको आह्वान

दलितको स्थितिमा सुधार हुनुपर्दछ । तर यो सुधार समतामूलक समाज स्थापनाको एउटा हिस्सा हो । र, त्यो हिस्सा भनेको आन्दोलन नै हो । अम्बेडकरले आफ्नो जीवनका कटु अनुभवबाट यो कुरो सिकेका थिए । यस्तै स्वतन्त्र महिला-पुरुष भएको समाज निर्माण गर्नुपरेको छ । तर यो काम जाति-संस्थासित नलडी हुनेछैन । यो संस्था समतामा आधारित समाजको विरोधी संस्था हो । यतिमात्र होइन, सम्पूर्ण मनुष्यलाई सम्मान दिनुपर्ने कुरोको पनि यो विरुद्ध छ । हुन त अम्बेडकर अर्थशास्त्र र बैरिस्टरी पढ्न विदेश गए । तर उनको सबभन्दा रुचिको विषय जाति समस्या थियो । जाति-संस्थाको उद्गम कसरी भयो, यसका स्वरूप के-के हुन् यसबारे खोज गर्ने र यसलाई उन्मूलन गर्ने उनको जीवनको प्रमुख लक्ष्य थियो ।

अम्बेडकर अमेरिकामा पढ्दै थिए । तिनैताका डा.ए.ए. गोल्डन विजरले एउटा गोष्ठीको आयोजना गरेका थिए । त्यस गोष्ठीको विषय 'नृतत्व विज्ञान' थियो । अम्बेडकरले एउटा लेख लेखेर त्यो गोष्ठीमा सुनाएका थिए । त्यो लेखको शीर्षक 'भारतमा जातिः उद्गम विकास र स्वरूप' थियो । यो मई ९, १९१६ को कुरो हो । त्यतिबेला अम्बेडकरको उमेर पच्चीस वर्ष मात्र थियो । कमै उमेर भए पनि त्यस लेखमा उनले आश्चर्यजनक परिपक्वता र आकलन शक्ति  देखाएका थिए । यसअघि पनि कतिपय विद्वानहरूले यस विषयमा लेख लेखेका थिए । तर ती विद्वानको विश्लेषण र अनुमान पढेर अम्बेडकर सन्तोष थिएनन् । समाजशास्त्रका एकसे एक नाउँ चलेका विद्वानहरू छन् । तर अम्बेडकरको आँट र साहस गजबकै थियो । कसैसित नडराइ उनले निर्धक्क भएर आफ्ना कुरा त्यस लेखमा राखेका थिए । उनको त्यो लेखमा स्पष्टता र साहसका गुणहरू थिए । त्यो प्रथम लेखदेखि उनका अन्तिमसम्मका लेखाइमा यी दुवै गुणहरू निरन्तर भेटिन्छन् ।

यी तरुण विद्यार्थीको सिद्धान्त के थियो ? सर्वप्रथम त उनले जातिको परिभाषासम्बन्धी समस्यातिर ध्यान दिए । यसको परिभाषामा अतिव्याप्ति अव्याप्तिको दोष हुनु हुँदैन । यस्तै परिभाषा उनले चाहेका थिए । उनले भने- मानव समाज मानव सम्बन्धको जाल हो । र, उनले समाजको

सार्वकालिक व्यक्तिवादी कल्पनालाई अस्वीकार गरे । उनको यो सार्वकालिक व्यक्तिवाद एउटा निकै ठूलो ढोंग थियो । उनले यसलाई यसरी भनेका छनः

"व्यक्तिले नै समाज बनाउँछ भन्नु एकदमै सतही कुरो हो । वर्गहरू मिलेर नै समाज बन्दछ । वर्ग-संघर्षको सिद्धान्तमा केही अतिशयोक्ति हुन सक्छ । तर समाजमा वर्गहरू हुन्छन् । यो पनि साँच्चो कुरो हो । ती वर्गका आधार भिन्दाभिन्दै हुन सक्छन् । आर्थिक आधार, बौद्धिक वा सामाजिक हुन सक्छन् । तर व्यक्ति सधैंभरि समूहको सदस्य नै हुन्छ । यो सार्वकालिक सत्य हो । प्राचिन हिन्दु समाज त्यस नियमको अपवाद हुन सक्दैन । र, त्यो अपवाद थिएन भन्ने कुरो हामीलाई थाहै छ । यस कुरोलाई ध्यान दिने हो भने जाति सम्बन्धी उद्गमका विषयमा अध्ययन गर्दा हामीलाई निकै सहयोग प्राप्त हुनेछ । त्यसपछि कुन वर्गले सबभन्दा पहिले आफूलाई जातिका रूपमा स्थापित गर्‍यो भन्ने यति कुरो निश्चित गर्नुपर्ने छ । किनभने वर्ग र जाति निकटवर्ती संकल्पनाहरू हुन । र, कालान्तरमा नै दुवै अलग-अलग हुन्छन् । बन्द वा स्थिर भएको वर्ग नै जाति हो ।"

समूहभन्दा बाहिर विवाह हुनुको साटो समूहभित्रै असगोत्र विवाहको प्रणाली चल्यो भने वर्ग जातिमा परिणत हुन्छ भन्ने अम्बेडकरको भनाइ थियो । वैवाहिक एकाइमा महिला-पुरुषको संख्यामूलक असमानतालाई हटाउने प्रयास गर्नु नै जातिको मूल हो । यो प्रश्न निकै कठिन र उल्झिएको थियो । यसका निम्ति हिन्दु समाजले चारवटा उपायहरू अपनायोः

१. सती प्रथा अर्थात् मृत पतिको चितामा जीवित पत्नीलाई जलाउनु ।
२. वैधव्यका कडा नियम अनुसार विधवा महिलालाई पुनर्विवाह गर्ने अनुमति थिएन ।
३. बाल-विवाह ।
४. सन्यास

मनु विधि-व्यवस्थाका प्रणेता हुन् । भनिन्छ, यिनले नै जाति-व्यवस्था निर्माण गरेका हुन् । तर यस कुरोमा अम्बेडकरको असहमती थियो । कुनै एउटा व्यक्ति जतिसुकै शक्तिशाली भए पनि जाति-व्यवस्था निर्माण गर्न सक्दैन भन्ने भनाइ उनको थियो । मनुले जाति सम्बन्धी कानुन बनाएका हुन् भन्ने कुरो कल्पनाभन्दा टाढाको कुरो हो । उनले यो काम गर्नै सक्दनथे । जाति मनुभन्दा पहिले नै थियो । शास्त्र वा स्मृतिले सोची-सम्झी जाति श्रेणीहरूको निर्माण भएको हो भन्ने सनातनी हिन्दुहरूको मान्यता रहि आएको छ । तर यस कुरोलाई अम्बेडकरले खण्डन गरेका छन् । ब्राह्मणले जाति-व्यवस्था

बनाए भन्ने मान्यतालाई पनि उनले अस्वीकार गरे । बाहुनहरूले अनेकानेक पाप गरेका छन् । यस संस्थालाई टिकाउनमा उनीहरूको हात छ । तर जाति-व्यवस्था निर्माण गरेर त्यसलाई गैर-ब्राह्मणमा लाद्ने उनीहरूको सामर्थ्यको कुरो होइन । मनुले जातिको विद्यमान नियमहरूलाई संहिताबद्ध मात्र गरेका थिए । र, उनले यसलाई धार्मिक एवं दार्शनिक आधार प्रदान गरेका थिए भन्ने अम्बेडकरको विचार थियो ।

यसपछि अम्बेडकरले पश्चिमेली विद्वानहरूका सिद्धान्तलाई विवेचना गरे । विभिन्न व्यवसायलाई जातिको आधार मान्ने केही विद्वानहरू छन् । कसैले प्राचीन कबिला सम्बन्धी संगठनमा मिश्रित प्रजनन र स्थानान्तरबाट जाति-व्यवस्थाको उद्भव भएको भन्ने कुरो मान्दछन् । अम्बेडकर यी स्पष्टीकरणबाट सन्तुष्ट थिएनन् ।

भारतीय समाज अन्य समाज जस्तै वर्गमा विभाजित भएको थियो भन्ने अम्बेडकरको विचार थियो । त्यसमा सामाजिक सहारा हुन्थ्यो । र, इतिहासको कुनै कालखण्डमा पुरोहित वर्गले आफूलाई समाजबाट छुट्ट्याए । र, एउटा बन्द नीति बनाएर आफ्नो छुट्टै जाति बनाए । त्यतिबेला वैश्य र शूद्र यी दुवै वर्गले एउटा स्थिर रूप लिएको थिएन । यी दुवै वर्गबाट नै हिजोआजका विविध जातिहरू निर्माण भएका थिए । अम्बेडकरले यसरी लेख्छन्- 'जबसम्म समाजको मूल घटक वर्ग थियो तबसम्म एउटा वर्ग अर्को वर्गमा आवागमनको बाटो खुलेको थियो । कालान्तरमा यो व्यवस्था नष्ट भयो । र, यी उपविभागबाट बन्द एकाइहरू बने जसलाई जाति भनेर नामाकरण गरियो । के यी एकाइहरूलाई आफ्नो ढोका बन्द गर्ने र आफ्नो वर्गमा विवाह गर्नका निम्ति बाध्य गरियो वा यिनले स्वयं आफ्नो ढोका बन्द गरे ?' यस प्रश्नको उत्तर अम्बेडकरले दोहोऱ्याएका छन् । कोहीले आफ्नो ढोका आफैँ बन्द गरे । र, बाँकीका ढोका पनि बन्द गराइयो ।

अम्बेडकरको प्रास्थापना यस्तो छ- पुरोहित वर्ग अर्थात् बाहुनहरूले सबभन्दा पहिले आफूलाई बन्द सामाजिक एकाइ बताएर आफ्नै वर्गमा बिहे गर्न लागे । उनीहरूले यो प्रक्रिया सुरु गरे । इतिहासकार आर्नल्ड टायन्बीले यसलाई 'अनुकरणको प्रक्रिया' भने भने अम्बेडकरले यसैलाई 'अनुकरणको संक्रमण' भने । उनका अनुसार अन्य वर्गहरूमा विभेदीकरणको अनिष्टकारी प्रक्रिया चल्यो । यसले गर्दा उनीहरूले आफूलाई बन्द गरे । र, उनीहरूले अरूका निम्ति आफ्नो ढोका बन्द गरे । यो प्रास्थापना स्वतः स्पष्ट छ । र, यसका निम्ति कुनै प्रमाणको आवश्यकता पर्दैन भन्ने भनाइ अम्बेडकरको

थियो । तथापि वाल्टर बेजाटजस्ता विद्वानको उदाहरण दिँदै उनले यस प्रक्रियाका निम्ति सबै आवश्यक स्थिति भारतमा विद्यमान छन् भन्ने कुरो गरेका थिए ।

यी विद्वानका अनुसार अनुकरणका प्रक्रियाका शर्तहरू यस्ता छन् :

1= जुन समूहको अनुकरण गरिन्छ त्यसको प्रतिष्ठा हुनुपर्दछ ।

2= समूहका सदस्यमा नित्यप्रति र अनेक प्रकारका सम्बन्ध हुनुपर्दछ । यी स्थितिहरू भारतमा थिए । यसमा कुनै शंका छैन । बाहुनलाई देउताझैँ अथवा लगभग देउता नै मान्ने गरिन्थ्यो । उसले एउटा लक्ष्मणरेखा तयार गर्दथ्यो । र, यसैअनुरूप अरूलाई बचाउने गर्दथ्यो । उनीहरूको प्रतिष्ठाबारे कुनै शंका नै थिएन । उनीहरू आनन्द र कल्याणका स्रोत मानिन्थे । शास्त्रहरूले उनीहरूको सार्वकालिक प्रशंसा गरेर उनीहरूलाई देवत्वीकरण गरेका थिए । र, पुरोहित भक्त समाजले उनीहरूलाई अत्यन्त आदरको स्थान दिएको थिए । यस्ता वर्गको व्यक्तित्वको छाप त्यो बहुसंख्यक समूहमा पर्नु अवश्यमभावी थियो । यिनीहरू उनीहरूका अघि हात जोरेर खडा भइरहन्थे । एउटा कथानुसार यस वर्गलाई सृष्टिको अन्तिम कृति मानिन्छ । यदि यस्तो हो भने त्यो अनुकरणीय मात्र होइन, अनुसरण गर्ने योग्य पनि हुन्छ नै । यदि उसले आफ्नो वर्गमा बिहे गर्दछ भने के अरूलाई पनि यसको अनुसरण गर्न दिनु हुँदैन ।

त्यतिखेर बाल-विवाह, कठोर वैधव्य र सती प्रथा पालन गर्ने कुरो थियो । यसको अनुपातमा हिन्दु समाजमा जातिको स्तर निर्धारित हुन्छ भन्ने अम्बेडकरको भनाइ थियो । पेशवा कालमा महाराष्ट्रका पाठारे प्रभु समाजले विधवा विवाहमा प्रतिबन्ध लगाएर आफ्नो जातिको स्तर उच्च राख्ने कोशिश गऱ्यो । त्यसपछि पेशवाहरूले विधवा पुनर्विवाहको रीति कायम गर्ने कुरोमा हस्तक्षेप गरेका थिए । उनीहरूले समाज-सुधारका दृष्टिले यो आदेश दिएका थिएनन् । बरु पाठारे प्रमुखहरूको स्थान उच्च दर्जा नहोस् भनेर यस्तो आदेश दिएका थिए । कायस्थद्वारा यज्ञोपवीत धारण गर्ने र यसरी क्षेत्रीलाई बराबरको दर्जा प्राप्त गर्ने कोशिशलाई पनि पेशवाहरूले व्यर्थ बनाउने प्रयास गरे ।

जाति व्यवस्थामा यस्तो कडा व्यवस्था गरिएको थियो भन्ने अम्बेडकरको भनाइ थियो । जातिमा आउने र जातिभन्दा बाहिर जानेमा पनि प्रतिबन्ध थियो । एउटा व्यक्तिको जातको कुनै अर्थ थिएन । जाति शब्द हमेसा बहुवचन हुन्थ्यो । जातीय नियमलाई नमान्ने साहसी मानिस पनि थिए । यस्तो

जाति-व्यवस्थामा यस्ता मानिसका निम्ति कुनै दयाको भावना थिएन । जसलाई जातिच्यूत गरिन्थ्यो उसले आफ्नो छुट्टै जाति बनाउनुबाहेक अर्को कुनै उपाय थिएन। जाति सम्बन्धी तर्क निकै कठोर थियो । बहिस्कृत भएपछि नयाँ-नयाँ समूहहरू निरन्तर बन्दै गए । यस क्रूर नियमले सामाजिक समूहलाई असंख्य जातिहरूमा परिवर्तन गर्‍यो ।

अम्बेडकरका निम्ति जातिको उद्‌गमबारे वंश वा नश्ल अर्थात् छालाको रंगको सिद्धान्त मान्य थिएन। भारतीय समाज वंश वा नश्लका दृष्टिले शुद्धमा थिएन भन्ने उनको मान्यता थियो। यो एउटा मिश्रित समाज थियो। कैयौं नश्लहरूको मिश्रित समाज युरोपका विद्वान रंगको पूर्वाग्रहबाट ग्रस्त थिए। अतः उनीहरूले रंगलाई नश्लसित जोडेर जातिबारे स्पष्ट गर्ने प्रयास गरे । यो गलत कुरो थियो भन्ने अम्बेडकरको विचार थियो । हो, उनी डा. केलकरको यस मान्यतामा सहमत थिए । कुनै परिवार वा कबिला आर्य-नश्लका हुन् वा द्रविड-नश्लका यस प्रश्नले विदेशी आउनुअघि भारतीयलाई कहिल्यै पनि परेशान गरेन । कुनैबेला शरीरको रंगको महत्त्व भए पनि लामो समयदेखि त्यसको महत्त्व समाप्त भइसकेको छ ।

छापामा वैवाहिक विज्ञापन दिइन्छ । यसमा रंगको चेतना वा पूर्वाग्रह देखिन्छ । यो पश्चिमी नक्कल हो । प्राचीन हिन्दु सभ्यताको सर्वोत्तम साहित्यिक अभिव्यक्ति कालिदासमा भएको छ। र, उनले तन्वीश्यामालाई नारीको आदर्श भनेका छन्। यसको आशय श्याम अर्थात् काली वर्ण भएकी नारी भन्ने कसैको फ्युजन मत छ। राम र कृष्ण हिन्दुका पूज्य पौराणिक नायकहरू हुन्। यिनीहरूलाई पनि श्याम वर्णीय नै भनिएको छ । यसरी रंगको सिद्धान्त अम्बेडरका निम्ति ग्राह्य थिएन । भारतमा विभिन्न वंशहरूको फ्युजन भएन । तथापि समिश्रण निकै अघि बढिसकेको थियो । र, यसबाट विश्मयकारी सांस्कृतिक एकरूपता यहाँ पैदा भएको थियो। यी कुरालाई अम्बेडरले स्वीकार गरेका थिए।

अम्बेडकरले विश्लेषण गरेर निष्कर्ष निकालेका थिए । यो निष्कर्ष वंश र नश्लका कारकलाई उपेक्षा गरेर निकालिएको थियो। यसमा मुख्य चारवटा कुराहरू थिए:

"वंशका दृष्टिले सबै मानिस सङ्कर हुन्। सांस्कृतिक एकता उनीहरूको एकरूपताको कारण हो । यस कुरोलाई मानेर मैले साहसका साथ भन्न सक्छु कि सङ्कर रचनाका बाबजुद सांस्कृतिक एकतामा कुनै पनि देशले भारतको तुलना गर्न सक्दैन । यसमा भौगोलिक एकता नभएर योभन्दा धेरै गहिरो र मूलभूत एकता हो- सांस्कृतिक एकता जो एउटा कुनादेखि अर्को कुनासम्म सारा देशमा व्याप्त छ। तर

यो सांस्कृतिजन्य एकरूपताको कारण नै जाति सम्बन्धी समस्या समाधान गर्न  अत्यन्त कठिन हुन्छ । यदि हिन्दु समाज परस्पर लिंग-एकाइहरूको अंश भएको भए यो समस्या सजिलो हुने थियो । तर जाति समरूप सांस्कृतिक एकाइको विभक्तीकरणको परिणाम हो । र, जातिको उद्गमको स्पष्टीकरणलाई यस विभक्तीकरणको प्रक्रियामा खोज्न सकिन्छ । मेरो के भनाइ छ भने सुरुमा एउटा समूह थियो । र, अनुकरण र बहिस्कारको प्रक्रियाबाट समूहले जातिको रूप लियो ।

सन् १९१६ मा अम्बेडकरको यही नै केन्द्रीय प्रास्थापना थियो । पछि गएर उनलाई लाग्यो कि जातिजस्तो जटिल प्रश्नलाई स्पष्ट गर्ने कुरोमा अनुकरणको सिद्धान्त पर्याप्त छैन । उनले बल, छल तथा दार्शनिक एवं धार्मिक प्रतिबन्धलाई पनि आफ्नो विश्लेषणमा समाविष्ट गरे ।

अम्बेडकरले आफ्नो युवा अवस्थामा निकै बौद्धिक श्रम गरे । यहाँ यसबारे विस्तारपूर्वक चर्चा गर्न चाहन्नँ । तर उनको पहिलो लेख उच्च कोटीको लेख थियो । उनले अरू केही नलेखेको भए पनि उनको गणना राम्रा विचारकमा हुने थियो । एक हजार वर्षदेखि दलित वर्गमा कुनै पनि बुद्धिजीवि जन्मिएन । यस कुरोमा अम्बेडकर दुःखी थिए । यो एक किसिमले दलितमाथि लादिएको अवहेलनाको प्रतीक थियो । तर अब यस्तै समाजबाट एउटा व्यक्ति देखा परेका छन् । उनलाई एक दिन उनका विरोधीले पनि दिग्गज बुद्धिजीविका रूपमा स्वीकार गर्नेछन् ।

जातको सिद्धान्त र यसको उन्मूलन सम्बन्धी संघर्षको अर्को अवस्था सन् १९२७-२८ मा आउँछ । डा. अम्बेडकरले बडौदा रियासतको नोकरी छोडी सकेका थिए । अब उनी दलित वर्गको उत्थान गर्नतिर कस्से । उनले यसका निम्ति ‘बहिस्कृत हितकारिणी सभा’ लाई संगठित गरे । अनि उनले यसैका माध्यमबाट विभिन्न गतिविधिहरू सञ्चालन गरे । हुन् त यो कुरो पहिले पनि भनिसकिएको छ । डा.अम्बेडकर एउटा सिद्धान्तवादी, कर्मनिष्ठ र संघर्षशील व्यक्ति थिए । उनले नगरपालिकाको पोखरीबाट पानी भर्ने विषयलाई लिएर महाड (कोलाबा) मा सत्याग्रह गर्ने निर्णय गरे । त्यसपछि लगत्तै एउटा विद्रोही सैद्वान्तिक घोषण–पत्र जारी गरियो । उनको लक्ष्य छुवाछूत हटाउनु मात्र होइन, बरु जाति व्यवस्थाको विरुद्ध युद्ध सुरु गर्नु पनि हो भन्ने कुरो त्यो घोषणा-पत्रमा उल्लेख गरिएको थियो ।

संसारमा सबै धर्महरूमध्ये हिन्दु धर्म सबभन्दा उदार र सहिष्णु छ भन्ने दाबी हिन्दुहरूको थियो । डा. अम्बेडकरले यस दाबीलाई खण्डन गरेका थिए । जाति उन्मूलनको जोडदार समर्थन गर्दै उनले भनेका थिए :

"हिन्दु आफ्नो मानवतावादी भावनाका निम्ति प्रसिद्ध छन् । र, प्राणी जीवनप्रति उनीहरूको आस्था अद्भूत छ । कसैले त विषालु सर्पलाई पनि मार्दैनन् । हिन्दुमा साधु र बलिया–बाङ्गा भिखारीहरूको ठूलै फौज छ । यिनीहरूलाई भोजन-वस्त्र र लुगालत्ता दिएर तथा सुखसयलका निम्ति दान गरेर पुण्य कमाइन्छ भन्ने उनीहरूको सोचाइ छ । हिन्दु दर्शनले सर्वव्यापी आत्माको सिद्धान्त सिकाउँछ । ब्राह्मण र चण्डालमा भेद नगर भन्ने गीताको उपदेश छ ।"

हिन्दुहरूमा उदारता र मानवतावादको यति राम्रो परम्परा छ । यति नै उत्तम खालको दर्शन पनि छ । तर उनीहरूले मनुष्यप्रिति यति अनुचित तथा निर्दयतापूर्ण व्यवहार किन गर्छन् ? यो प्रश्न उठ्नु स्वाभाविकै हो । हिन्दु समाज जाति व्यवस्थाको कठोर चुल्होचौकाको नियममा नराम्ररी बाँधिएको छ । यसमा एउटा जात सामाजिक प्रतिष्ठाका हिसाबले दोस्रोभन्दा तल छ । र, प्रत्येक जातमा आफ्नो स्थानको अनुपातमा विशेषाधिकार, निषेध र असमर्थता छन् । यस प्रणालीले निहित स्वार्थलाई जन्माएको छ । र, यो यस प्रणालीजन्य असमानता बनाइ राख्ने कुरोमा नै निर्भर छ ।

जाति व्यवस्थालाई कायमै राखी छुवाछूतलाई मात्र समाप्त गर्नु पर्याप्त हुनेछैन । असफलता पाप थिएन । तर ध्येयलाई सानो गर्नु पाप थियो । उनले भने- हिन्दुका विभिन्न जातहरूमा परस्पर खानपिन मात्र होइन कि परस्पर विवाहलाई पनि आम बनाउनुपर्दछ । मात्र छुवाछूतको कलंकलाई हटाउनुको अर्थ हुनेछ– दलितहरूलाई अन्य शूद्रको श्रेणीमा राख्नु । स्मृति र धर्मशास्त्रमा अन्य शूद्रलाई पनि नीच भनिएको छ । अम्बेडकरले यो कुरो चाहन्नथे । सबै किसिमका जातिभेद समाप्त गर्ने उनको चाहना थियो । वर्णाश्रम व्यवस्था समाप्त हुनुपर्दछ । र, अधिकार, उत्तरदायित्व र प्रतिष्ठा आकस्मिक जन्मको साटो योग्यतामा आधारित हुनुपर्दछ ।

दिसेम्बर २९, १९२७ मा सत्याग्रहीहरूको एउटा सभा आयोजना गरिएको थियो । त्यस सभामा डा.अम्बेडकर र उनका अनुयायीहरूले यस घोषणा–पत्रका सिद्धान्त प्रस्तुत गरेका थिए । अम्बेडकरका एकजना ब्राह्मण अनुयायी पनि थिए । उनले त्यही सभामा 'मनुस्मृति' का अन्यायपूर्ण अंशहरू पढेर सुनाएका थिए । त्यसपछि भारतमा 'एक वर्ण- समाज' (समातामूलक समाज) स्थापना गर्ने प्रस्ताव पास गरियो । र, त्यहीं 'मनुस्मृति' जलाइयो । यो विरोधको प्रतीक थियो । त्यो दिन भारतको इतिहासको एउटा स्मरणीय दिन थियो । जाति व्यवस्थाका विरुद्ध चारैतिर चर्चा हुन थाल्यो । सारा भारतका सनातनी हिन्दुहरूमा रोषको लहर फैलियो । तर विद्रोही डा.अम्बेडकर भने अडिग थिए ।

लाहौरमा 'जात-पात तोडक मण्डल' भन्ने एउटा संस्था थियो । त्यस संस्थाले एउटा सम्मेलनको आयोजना गरेको थियो । र, दिसेम्बर १९३५ मा त्यो सम्मेलनको अध्यक्षता ग्रहण गर्न डा. अम्बेडकरलाई निम्त्याइएको थियो । यो निम्तो स्वीकार गर्न उनी हिच्किचाइरहेका थिए । जाति व्यवस्थाका आधारभूत धार्मिक सिद्धान्तलाई नतोड्ने हो भने जातिलाई तोड्न सकिन्न भन्ने आफ्नो प्रास्थापना उनले राख्न चाहन्थे । यो कुरो उनले आयोजकलाई भनेका थिए । तर आयोजकको इसारा उनी आए हुन्थ्यो भन्ने मात्र थियो । डा. अम्बेडकरले आफूले गर्ने भाषणको प्रारूप आयोजककहाँ पठाए । यो प्रारूप पढेर आयोजकहरू आत्तिए । आफ्नो भाषणबाट एउटा विशेष अंश निकाल्न उनीहरूले डा. अम्बेडकरलाई अनुरोध गरे । डा.अम्बेडकर यस कुरोमा सहमत भएनन् । सम्मेलनको कुरो त्यसै सेलायो । पछि गएर यो भाषण स्मारिकाको रूपमा छापिएको थियो । र, सन् १९४४ सम्म त्यसका तीनवटा संस्करणहरू निस्के । त्यसपछि यो भाषण कैयौँपटक पुनर्मुद्रित भइसकेको छ । यो भाषण जाति व्यवस्थामा लेखिएको डा. अम्बेडकरको सबभन्दा प्रभावशाली कृति हो भन्ने मेरो आफ्नै विचार छ । यो निर्मम तर्क र युक्तिमा आधारित छ । तथापि यो कृति आगै-आगो भएको कृति हो । यसको तुलना कार्ल मार्क्स र एंगेल्सद्वारा लिखित 'कम्युनिस्ट र मेनोफेस्टो' सँग नै गर्न सकिन्छ । हामी भारतवासीका निम्ति त यो कम्युनिस्ट मेनोफेस्टोभन्दा पनि बढी प्रासङ्गिक छ ।

डा. अम्बेडकरले सामाजिक सुधारका नाउँले राजनीतिक चेतनाका पुराना प्रश्नहरू अघि सारे । यसबारे भारतीय राष्ट्रिय काँग्रेसमा दुइटा धारा देखापरे । उनले तिलकको उल्लेख गरेका थिए । र, उनका केही कार्यकर्ताहरूले सो मञ्च जलाउने धम्की दिएका थिए ।

डा. अम्बेडकरका अनुसार समाज सुधार गर्ने पार्टीको पराजय हुनु एउटा दुर्भाग्यपूर्ण कुरो नै हो, तर राजनीतिक सुधारका निम्ति सामाजिक सुधारको महत्त्व के हो यसबारे अन्तसम्म पनि टुंगो लागेन । राजनीतिक सुधारवादीको जित सत्यको जित होइन । यो जित निर्णायक जित पनि थिएन । अम्बेडकरले यस भाषणमा जोडदार तरिकाले आफ्ना कुरा राखेका थिए । समाज व्यवस्थामा मौलिक परिवर्तन गर्नका निम्ति सामाजिक सुधारमात्र होइन, सामाजिक क्रान्तिको पनि आवश्यकता पर्दछ ।

के पछिल्ला दुई शताब्दीमा दलित वर्गप्रति हिन्दु समाजको व्यवहारमा कुनै परिवर्तन भएको छ ? यो प्रश्न डा. अम्बेडकरले उठाएका थिए । उनले पेशवाको शासन कालमा हरिजनप्रति गरिएका

व्यवहार र 'टाइम्स आफ इण्डिया' को जनवरी ४, १९२८ को अंकमा प्रकाशित लेख अनुसार इन्दौर विरासतमा उनीहरूसंग गरिएको व्यवहारको तुलना गरे । उनले यसलाई यसरी भनेका छन् :

"पेशवा शासनकालमा सवर्ण हिन्दु आउने-जाने सडकमा अस्पृश्यहरूलाई हिड्न दिइँदैनथ्यो । अस्पृश्यको छायाँ पऱ्यो भने सवर्ण हिन्दु भ्रष्ट नहोऊन् भनेर तल्लो जातका मानिसले पहिचानका निम्ति नाडी वा घाँटीमा कालो मोटो डोरी बाँध्नुपर्दथ्यो । ताकि सवर्ण हिन्दु उनीहरूलाई गलतीले छोएर भ्रष्ट नहोऊन् । पेशवाहरूको राजधानी पुनामा तल्लो जातका मानिसले कम्मरमा कूचो बाँधेर हिड्नु पर्दथ्यो । ताकि जुन सडकमा उनीहरू हिंड्थे त्यो सफा भइरहोस् र सवर्ण हिन्दु त्यसमा हिडेर भ्रष्ट नहुनु परोस् । पुनामा तल्लो जातका मानिसहरूका घाँटीमा माटोको भाँडो थुक्नका निम्ति झुन्डाएर निस्किनुपर्दथ्यो । ताकि उनीहरूको थुकबाट अपवित्र जमिनमा खुट्टा राखेर सवर्ण हिन्दु अपवित्र नहोऊन् ।"

अम्बेडकरले प्रश्न गरे । इन्दौरमा के हुँदै छ ? त्यहाँ बाहुन, राजपुत र पटेल जातिले बालाई नाउँ गरेको एउटा हरिजन जातका मानिसलाई केही काम गर्न प्रतिबन्ध लगाए । र, यस जातका केही काम जवर्जस्ती उनीहरूमाथि लाद्ने कोशिश गरियो । उनीहरूलाई सुनका गहना, बुट्टादार फेटा, रंगीन तथा फैन्सी बार्डर भएको धोती लगाउन प्रतिबन्ध लगाइएको थियो । किनभने यस्तो गरेमा यसको अर्थ सवर्ण जातिलाई अनादर गरेको ठहरिने छ । बालाई जातका मानिसले सवर्ण हिन्दु परिवारमा कसैको मृत्यु भएपछि यसको खबर टाढा– टाढा गाउँका नातागोतामा पुऱ्याउनु पर्दथ्यो । र, उनीहरूले सवर्ण हिन्दुहरूको विवाहमा कुनै ज्याला नलिएर नाच्ने-गाउने काम गर्नु पर्दथ्यो । बालाई जातका आइमाईले कुनै पनि गहना लगाउन पाउने नियम बनाइयो । र, उनीहरूले सवर्ण हिन्दुका सुत्केरी आइमाईको सेवा गर्नुपर्ने चलन चलाइयो । यदि उनीहरूले यो काम गरेनन् भने गाउँ छोड्नुपर्ने स्थिति हुन्थ्यो । अम्बेडकरले अनुसूचित जातिमाथि गरिएका अत्याचार सम्बन्धी कैयौँ घटनाहरूको पनि चर्चा गरेका छन् ।

के आफ्ना भाइहरूसंग यस्तो व्यवहार गर्ने समाजलाई सभ्य समाज भन्न सकिन्छ । के यस्ता समाजका यस्ता मानिसलाई राज्य सत्ता दिनु जायज हो ? अम्बेडकरले यस्ता प्रश्नहरू तेर्स्याएका थिए । एउटा देशले अर्को देशमाथि शासन गर्न योग्य हुँदैन भन्ने कुरो गर्न काँग्रेसी अघाउँदैनन् थाक्दैनन् । यस्ता काँग्रेसीलाई सोध्न सकिन्छ; के एउटा वर्ग अर्को वर्गमाथि शासन गर्न योग्य छ ?

बाल-विवाह निषेध र विधवा विवाहको अनुमतिजस्ता सानातिना सुधार गर्नु पर्याप्त हुँदैन भन्ने अम्बेडकरको भनाइ थियो । जाति व्यवस्था समाप्त गर्न आधारभूत सुधार आवश्यक हुन्छ । उनले कम्युनिस्ट अवार्ड (साम्प्रदायिक आदेश) का तर्फ मानिसको ध्यान आकर्षित गरेका थिए । र, यो समाज सुधारको उपेक्षा र उनीहरूप्रति देखाइएको उदासीनताको फल हो भन्ने उनको विचार थियो ।

सन् १९३४ को कुरो हो । भारतीय राष्ट्रिय काँग्रेसीबाट एउटा नयाँ पार्टी जन्मियो । यो नयाँ पार्टी वर्गीय शासन र आर्थिक शोषण उन्मूलन गर्न समर्पित थियो । यो काँग्रेस समाजवादी पार्टी थियो । अम्बेडकरले आफ्ना अधिकांश भाषणमा यी समाजवादीहरूलाई सम्बोधन गरेका थिए । उनले समाजवादीहरूलाई प्रश्न गरे । यदि उनीहरूले आर्थिक सुधार गर्न चाहन्छन् भने के उनीहरूले समाज सुधारलाई उपेक्षा गर्न सक्छन ?

कम्युनिसटहरूले भारतीय समाजका वास्तविकतामा इतिहासको आर्थिक व्याख्यालाई लागू गर्न चाहन्छन् भन्ने अम्बेडकरको भनाइ थियो । मानिस आर्थिक प्राणी हो भन्ने उनीहरूको सिद्धान्त छ । उसको कियाकलाप र आकाङ्क्षा आर्थिक तथ्यहरूबाट सञ्चालित हुन्छन् । र, सम्पति सत्ताको एकमात्र स्रोत हो । अतः साम्यवादीका निम्नि आर्थिक परिवर्तर्न सामाजिक परिवर्तनभन्दा प्रमुख हुन्छ। उनीहरूको विचारबाट सामाजिक परिवर्तन आर्थिक परिवर्तनको परिणाम हो र आर्थिक परिवर्तन पछि नै सामाजिक परिवर्तन स्वतः हुनेछ भन्ने विचार सधैं रहँदै आएको छ ।

डा. अम्बेडकरले कम्युनिस्टको यस इतिहास दृष्टिलाई चुनौती दिएका थिए । स्मरणीय छ, साम्यवादी र मार्क्सवादी त यसबारे अझ बढी आग्रही थिए । मानव आर्थिक प्रेरणाबाट नै कार्यमा प्रवृत हुन्छ र आर्थिक शक्ति नै सत्ताको एकमात्र स्रोत हो भन्ने धारणालाई अम्बेडकरले खण्डन गरे । राजनीतिक सत्ता आर्थिक सत्ताबाट प्रभावित हुन्छ । व्यक्तिको सामाजिक वर्ग पनि सत्ताको प्रभावशाली स्रोत हो । महात्मा गान्धीको यति व्यापक प्रभावलाई कसरी स्पष्ट गर्न सकिन्छ ? भारतमा करोडपतिले गरिब साधु, सन्त र जोगीको आज्ञा पालन किन गर्छन् ? यहाँका करोडौं गरिब मानिस सानातिना गरगहना बेचेर बनारस र मक्का किन जान्छन् ? यस्ता प्रश्नहरू अम्बेडकरले तेर्स्याएका थिए । धर्म पनि सत्ताको स्रोत हो भन्ने उनको विचार थियो । धार्मिक व्यक्ति, पण्डा र पुजारीको सत्ता डिस्ट्रिक्ट मजिस्ट्रेट (प्रमुख जिल्ला अधिकारी) को

सत्ताभन्दा निकै शक्तिशाली हुन्छ ।

साम्यवादी सिद्धान्त गलत धारणामा टिकेको छ भन्ने कुरालाई अम्बेडकरले यसरी अघि सारेका छन् :

"युरोपीय समाजको वर्तमान अवस्थामा सम्पत्ति नै शक्तिको प्रमुख स्रोत हो भन्ने कुरोलाई साम्यवादीहरूले स्वीकार गरेर हिंडेका छन् । भारतमा पनि यो कुरो सही होला वा युरोपमा अतितमा पनि यस्तै थियो होला । धर्म, सामाजिक प्रतिष्ठा र सम्पति सत्ताका स्रोत रहिआएका छन् । मानिसले यिनको प्रयोग अरूको स्वतन्त्रता छिन्न गरेका छन् । कुनै ेला एउटा तत्व प्रमुख थियो । र, कुनैबेला अर्को तत्व प्रमुख थियो । मात्र यति फरक हो । यदि स्वतन्त्रता आदर्श हो, यदि स्वतन्त्रताको अर्थ एउटा व्यक्तिमाथि कुनै अन्य व्यक्तिको अधिकारलाई समाप्त गर्न हो भने आर्थिक सुधार नै ल्याउनुपर्दछ भन्ने कुरो गर्न सकिदैन । यदि कुनैबेला वा कुनै समाजमा शक्ति र अधिकारको स्रोत सामाजिक वा धार्मिक हो भने सामाजिक र धार्मिक सुधारका अनिवार्यता स्वीकार गरिरहिनुपर्ने छ ।

आधारभूत आर्थिक परिवर्तन वा भनौं सम्पति सम्बन्धी परिवर्तन गर्नका निम्ति साम्यवादीहरूलाई सत्ता कब्जा गर्नुपर्दछ । तर आम जनताको समर्थनबिना उनीहरूले सत्ता कसरी कब्जा गर्न सक्छन् । यसबारे अम्बेडकरको भनाइ यस्तो छ- सर्वहारा वर्गले सामान्यतः दलित वर्गले समाजवादी समता, बन्धुत्व र न्यायको भावनाले प्रेरित कुरोमा विश्वास भएपछि नै यो काम गर्नेछन् ।

क्रान्तिपछि उनीहरूसित समानताको व्यवहार र जातिबिना नै उनीहरूलाई भेदभाव नगरिने कुरोको विश्वास नहोउन्जेल मानिस सम्पतिको समान वितरण गर्ने क्रान्तिमा लाग्ने छैनन् भन्ने अम्बेडकरको विचार थियो ।

"क्रान्तिको नेतृत्व गर्ने साम्यवादीले जातपात मान्दैनौं भन्ने आश्वासन दिएकै छन् । तर यतिमात्र पर्याप्त हुँदैन । यो आश्वासन गहिरो आस्थाबाट आउनुपर्दछ । व्यक्तिगत समानता र बन्धुत्वको दृष्टिकोण सबै देशभक्तहरूले एक अर्कोप्रति अपनाउनुपर्दछ ।"

डा. अम्बेडकरले समाजमा व्याप्त ठूलो-सानो, पवित्र-अपवित्रका पूर्वाग्रहसँग लड्नुपर्ने कुरो कम्युनिस्टहरूलाई आग्रह गरे । उनीहरूले समाज सुधारकका समस्या आधारभूत समस्याहरू हुन भन्ने कुरो स्वीकार गर्नुपर्दछ । यसबाट छुटकारा पाउन सकिदैन । यदि अहिले यसलाई स्वीकार गरिदैन भने क्रान्तिपछि यसलाई स्वीकार गर्नु नै पर्नेछ । कुनै पनि दिशा जाउ, जातिवादरूपी राक्षससित तिमीलाई

जुध्नुपर्ने छ । जबसम्म यस राक्षसलाई मार्दैनौं तबसम्म तिमीले आर्थिक वा राजनीतिक परिवर्तन ल्याउन सक्दैनौं ।

जाति तत्वको सूक्ष्म विश्लेषण गर्दै डा. अम्बेडकरले भने कि यो न त श्रम विभाजनमा आधारित छ, न त प्राकृतिक क्षमतामा । जातिले व्यक्तिका निम्ति पहिले नै काम निर्धारण गर्दछ । उनीहरूको प्रशिक्षित र मौलिक क्षमताका आधारमा नभएर खासमा भन्नुपर्दा जन्म र आमाबाबुको सामाजिक वर्णका आधारमा काम निर्धारण गरिन्छ ।

जाति-व्यवस्था खतरनाक सिद्धान्तमा आधारित छ । यसबाट मानिसले मानसिक कुण्ठा अनुभव गर्दछ । यसै व्यवस्थाका कारण बदलिंदो परिस्थितिअनुसार व्यवसाय र काम-धन्धा परिवर्तन गर्न असम्भव हुन्छ । र, यसबाट बेरोजगारीको समस्या चर्किन्छ । यसका साथै यो नियतिद्वारा तय भएको हो र यसमा परिवर्तन गर्न सकिन्न भन्ने विश्वास मानिसमा उत्पन्न हुन्छ ।

हिन्दु समाजमा चार वर्णको व्यवस्था गरिएको छ । जस्तै ब्राह्मण, क्षेत्री, वैश्य र शूद्र । यिनीहरूले धर्म र कर्तव्य अनुसार काम गर्नु पर्दछ । र, यिनका आ-आफ्ना बेग्ला-बेग्लै कामहरू छन् । र जाति प्रथाले भारतको अधिकांश मानिसलाई स्थायी रूपले अपांग बनाएको छ भन्ने तर्क डा. अम्बेडकरको थियो । "संसारका अरू देशमा क्रान्ति भएका छन् । भारतमा यस किसिमको क्रान्ति किन भएन भन्ने प्रश्नले मलाई सधैंभरि पिरोलिरहन्छ । मसंग यसको एउटै उत्तर छ ।" चार वर्णका कारण हिन्दु समाजका तल्ला जातहरू कुनै पनि प्रत्यक्ष कारबाही गर्न बिलकुलै अशक्त भइसकेका छन् । यिनले हातहतियार नउठाउँदासम्म कुनै विद्रोह गर्न सक्दैनन् । उनीहरूलाई शिक्षाबाट वञ्चित गरिएको छ । उनीहारूलाई उच्च संस्कृतिबाट समेत वञ्चित गरिएको हुन्छ । उनीहरूलाई ज्ञानको नयाँ प्रकाशमा भाग लिन दिइएन र दास बनाएर राखियो ।

जाति-प्रथाका घातक प्रभाव पर्ने गर्छन् । यसैका कारण भारत अँध्यारो, पराजय र अधोगतिको सिकार हुनुपर्‍यो । इतिहास यसको साक्षी छ । हामीकहाँ स्वतन्त्रता, महानता र गौरवको एउटा समय थियो । त्यतिखेरको समय मौर्य साम्राज्यको समय थियो । त्योबेला चातुर्वर्ण्यको बन्धन शिथिल थियो । यसबाट साँच्चो कुरा बुझिन्छ ।

हिन्दु समाजको जीवन क्षमताबारे यथेष्ट कुरा गरिएकै छ । तर अम्बेडकरका निम्ति मात्र जिउँदो रहने तरिका ज्यादा महत्त्वपूर्ण छ । हिन्दुहरूको अस्तित्वको कथा लगातार पराजयको कथा हो भन्ने अम्बेडकरको विचार थियो । पछाडि फर्कनु, आत्मसमर्पण गर्नु र दासको जीवन बिताएर बाँच्नु पनि जिउँदो हुने एउटा तरिका हो । यसरी बाँच्नुमा कुनै सुख हुँदैन भन्ने भनाइ अम्बेडकरको थियो ।

एकपल्ट डा. अम्बेडकरले फेरि एउटा प्रश्न अघि सारे । र, त्यस प्रश्नको उत्तर उनले स्वयं दिएका थिए । त्यो प्रश्न हो- हाम्रो देशले पटक-पटक आफ्नो स्वाधीनता किन गुमाउनुपऱ्यो...? हामी यतिका पटक विदेशीहरूको अधीनमा किन पऱ्यौं ? उनले आफैँ यसको उत्तर दिएका छन् । उनले यस कुरोलाई यसरी अघि सार्छन् । हाम्रो देश आक्रमणका विरुद्ध उँभिन सकेन । समाजको सानो वर्गले हमेसा यसको सामना गऱ्यो । र, जब त्यो पराजित भयो त्यतिबेला सारा देश विजेताको पाउमा निहुरियो । यो सब हुनुको प्रमुख कारण हिन्दुको जाति-प्रथाको कारण थियो । युद्धका बारे युरोपको उदाहरण दिदै अम्बेडकरले भने कि त्यहाँका सेना युद्धमा मर्नेबेला उनको खाली भएको ठाउँ भर्न तुरुन्त नयाँ सेना आइहाल्थे । त्यहाँ सम्पूर्ण देश लड्ने गर्दथ्यो । समाजको एउटा समुदाय मात्र लड्दैनथ्यो । भारतमा क्षेत्रीले हारे भने त्यसको ठाउँमा लड्न अर्को आउँदैनथ्यो । सार्वजनिक सैनिक भर्ती गर्ने चलन थिएन । किनभने हामीकहाँ चातुर्वर्ण्यको घृणित व्यवस्था र यस व्यवस्था अनुसार युद्धमा लड्ने क्षेत्री मात्रै थिए । यसलै गर्दा हाम्रो देश पटक-पटक गुलाम भएको थियो । यो साँच्चो कुरो हो । यदि हामीकहाँ शस्त्र धारण गर्ने अधिकारबाट वञ्चित नगरिएको भए यस देशले कहिल्यै पनि आफ्नो स्वतन्त्रता गुमाउने थिएन । र, कुनै पनि आक्रमणकारी यसमा विजय प्राप्त गर्न सफल हुने थिएन ।

जाति प्रथाको लडाइँमा चारैतिरबाट प्रहार गर्नुपर्ने छ । जाति इँटको पर्खालजस्तो कुनै भौतिक वस्तु होइन । यो एउटा विचार हो, एउटा मनस्थिति हो । यस मनस्थितिको जरो शास्त्रहरूको पवित्रतामा छ । प्रत्येक नरनारीलाई शास्त्रको बन्धनबाट मुक्त गर्नुपर्दछ । त्यसको पवित्रतालाई नष्ट गर्नुपर्दछ । त्यसपछि नै जातपातको भेदभाव बन्द हुनेछ । वास्तविक उपायहरू यिनै हुन् । यसको सही उपाय अन्तर्जातीय विवाह हो भन्ने डा. अम्बेडकरको विश्वास थियो । जब जातिको धार्मिक आधार समाप्त हुनेछ तब यसका निम्ति बाटो खुल्नेछ । रगतको मिश्रणबाट अपनत्वको भावना पैदा हुनेछ । र, जबसम्म यो अपनत्वको र बधुत्वको भावना पैदा हुँदैन तबसम्म जाति-प्रथाद्वारा पैदा गरिएको भेदभावको भावना समाप्त हुँदैन ।

डा.अम्बेडकर जाति उन्मूलनको बाटोमा आइपर्ने विघ्नबाधासंग राम्ररी परिचित थिए । जातहरूको एउटा अजिव स्तरीकरण भएको छ भन्ने भनाइ उनको थियो । जातहरूको श्रेणीकरणमा सम्मानको आरोही क्रम हुन्छ । सारा समाज र उसको वातावरण यो दुष्ट बाहुनवादको आदर्शले दुषित भइसकेको छ । अतः जाति प्रथाका विरुद्ध हिन्दुहरूको आम सहयोग प्राप्त गर्नु नितान्त कठिन छ ।

अम्बेडकरमाथि हिन्दु धर्म नष्ट गर्ने आरोप लगाइन्छ । र, यस आरोपको उत्तरमा डा. अम्बेडकरको भनाइ यस्तो छ- वेद र शास्त्रमा हिन्दु धर्म प्रतिपादन भएको छ । यो व्यर्थको बलि-विधान र सामाजिक राजनीतिक नियमको जाल हो । यस किसिमको धर्मलाई नष्ट नै गर्नुपर्दछ । यो कुरो अघि सार्दा उनी अलिकति पनि हिच्किचाएनन् । यो धर्म नै होइन । हिन्दु धर्मलाई बचाउन चाहनुहुन्छ भने बाहुनवादलाई समाप्त गर्नुपर्दछ भन्ने डा. अम्बेडकरको भनाइ थियो । सामाजिक थातीका हिसाबले उपयोगी भएका कुरालाई हिन्दुहरूले सम्हालेर राख्नुपर्दछ । र, त्यो आउने यी पुस्तालाई देऊ र बाँकीलाई नष्ट गर । उपनिषदमा भएका स्वतन्त्रता, समानता र भातृत्वको भावनाअनुरूप भएका सिद्धान्त ग्रहण गर्दा उनलाई कुनै आपत्ति थिएन । तर हिन्दु समाजमा पूर्ण परिवर्तन हुनुपर्दछ । यसको अर्थ हो- जीवनका आधारभूत दृष्टिकोणमा पूर्ण परिवर्तन र जीवन मूल्यमा आमूल परिवर्तन ।

यो भाषण सन् १९३६ मा प्रकाशित भयो । यो समाज सुधारक र खास गरी समाजवादीलाई सम्बोधित गरिएको थियो । काँग्रेसी समाजवादी तथा साम्यवादीले वर्ग-संघर्ष र साम्राज्यवाद विरोधी उत्साहमा अम्बेडकरको सामाजिक घोषणा–पत्रलाई उपेक्षा गरे । मेरो विचारमा यो बडो दुर्भाग्यको कुरो हो । त्यतिखेर समाजवादीहरूको दिमाग खुलेको थिएन । जिन्ना जस्तै अम्बेडकरप्रति पनि उनीहरूका मनमा पूर्वाग्रह थियो । मुस्लिम नेता जस्तै डा.अम्बेडकर पनि अङ्ग्रेजसँग साँठगाँठ गरेर राष्ट्रिय शक्तिलाई कमजोर बनाइरहेका छन् भन्ने उनीहरूको सोचाइ थियो ।

म सन् १९३७ मा काँग्रेसी समाजवादी पार्टीको सदस्य बनें । मैले अम्बेडकरको जाति विषयक विचारलाई समाजवादी नेताहरूले बहस गरेको कहिल्यै सुनेनँ । इतिहास र मार्क्सको भौतिक व्याख्याले नशाझैं काम गरेको थियो । र, यसबाहेक स्वतन्त्रताको प्रबल इच्छाले उनीहरू बाँधिएका थिए । समाजवादीहरूले यस्ता कुरातर्फ कुनै ध्यान दिएनन् ।

सन् १९३७-४० तिरको कुरो हो । त्यतिखेर नै वरिष्ठ समाजवादी नेताहरूसित हामीजस्ता तरुणहरूको परिचय भयो । यसमा खास गरी जयप्रकाश नारायण, युसुफ मेहर अली, अच्युत बर्धन, मीनु मसानी, आचार्य नरेन्द्रदेव, राममनोहर लोहिया आदि थिए । यीमध्ये राममनोहर लोहियाले मात्र सामाजिक समस्याप्रति रुचि देखाएका थिए । तर त्यसबेला उनी पण्डित  जवाहर लाल नेहरूको जादुले मोहित थिए । र, उनले स्वतन्त्र भएर काम गर्ने मौका पाएका थिएनन् ।

जनतामाझ काम गरेर मैले वास्तविक अनुभव बटुलेँ । खास गरी समाजमा सामाजिक असमानता र अत्याचार भएको कुरो पनि थाहा पाएँ । यसका अतिरिक्त महाराष्ट्रमा समाज-सुधार आन्दोलनको एउटा शक्तिशाली परम्परा थियो । र, त्यो परम्परा महात्मा फुले, सत्य शोधक र गैर-ब्राह्मण आन्दोलन आदिका रूपमा थियो । नगरपालिका र कपडा मजदुरको दयनीय तथा सोचनीय स्थिति थियो । मैले कासार साई र अन्य सुदूर गाउँको पैदल यात्रा गरेर यो समस्या बुझेँ । यस समस्याले मलाई रातदिन सताउन थाल्यो । कुनै क्षेत्रमा काम गर्दा तल्लो जातका कार्यकर्तासंग विचार विमर्श भइरहन्थ्यो । कपडा मिलका बुनाई विभागमा यिनीहरूलाई काम गर्न दिइन्नथ्यो । यसले मलाई निकै आघात पार्‍यो । यहींबाट मेरो राजनीतिक र सामाजिक शिक्षा सुरु भएको थियो । तर यस स्वयं शिक्षालाई पूरा गर्नु थियो । यसका निम्ति मैले मार्क्सवादी ज्ञानलाई केही मात्रामा बिर्सिनुपर्‍यो ।

तिनताका समाजवादी र वामपन्थी बुद्धिजीविहरू मार्क्सवादतिर आकर्षित थिए । यसैले उनीहरूले महात्मा गान्धीको विकेन्द्रीकरण र अहिंसात्मक परिवर्तनको दर्शन बुझ्न सकेनन् । यस्तै हजार वर्षदेखि चलिरहेको जाति प्रथा विरुद्धको आन्दोलनमा जसको प्रतीक गान्धी युगमा डा.अम्बेडकर थिए उनलाई पनि बुझ्न सकेनन् । महात्मा गान्धी छुवाछूतको विकट समस्याप्रति जागरूक थिए । र, उनले जाति सम्बन्धी समस्यासित लड्ने कोशिश गर्दै थिए । उनको व्यक्तित्वको विकासशील आयामको यही नै प्रभाव थियो कि आफ्नो अन्तिम दिनमा उनी यति अघि बढिसकेका थिए कि उनी र डा. अम्बेडकरका विचारमा फरक थिएन । सर्वसाधारण जनता जीवनको खास अवस्थामा रूढिवादतिर झुक्ने गर्दछन् । त्यतिखेर गान्धीजी क्रान्तिकारितातर्फ झुकेका थिए । र, उनी जाति प्रथाको जरोलाई उखेल्नेतिर उन्मूख थिए । गान्धीजीको दाँजोमा समाजवादीहरू समाज सुधार गर्ने विषयमा संवेदनशील थिएनन् । वस्तुतः समाजवादी समाज सुधारलाई छुट्टै समस्या मान्दैनथे । यो समस्या आर्थिक समस्याको एउटा भाग हो भन्ने उनीहरूको मान्यता थियो । समाजवादी क्रान्ति भयो भने यो समस्या आपसे आप समाधान हुनेछ भन्ने पनि उनीहरूको विचार थियो । मार्क्सले पश्चिमी युरोपको पुँजीवाद सम्बन्धी ऐतिहासिक प्रवृत्तिको

विश्लेषण गरेका थिए । यहाँका कम्युनिस्ट बुद्धिजीविहरूले यस विश्लेषणलाई ज्यूकात्यूँ अपनाए । यसका अतिरिक्त उनीहरूले वर्ग सिद्धान्तलाई पनि माने । यद्यपि यो मार्क्सको खोज थिएन । मार्क्सले यसलाई आफू अघिका विचारकहरूबाट लिएका थिए । यो वर्ग संघर्षको सिद्धान्त यहाँको समाजमा लागू हुन सक्दैन भन्ने कुरो यहाँका कम्युनिस्ट बुद्धिजीविहरूले बुझ्नुपर्ने थियो । हाम्रो समाज असाधारण रूपले जन्ममा आधारित जातिमा बाँडिएको समाज हो। समाजवादी र अरू कम्युनिस्ट बुद्धिजीविहरूले आफ्नो सामाजिक समस्याको यस विशिष्टतालाई बुझेनन् । यो उनीहरूको कार्यको ऋणात्मक पक्ष हो ।

काँग्रेसी समाजवादी पार्टीको एउटा मूलदृष्टि थियो । त्यो दृष्टि सन् १९५० सम्म फेरिएन । यसका निम्ति एउटा उदाहरण नै काफी छ । समाजवादीले संविधान सभाबाट अलग हुने फैसला गरेका थिए । तर यो फैसला हुनु अघि नै दामोदर स्वरूप सेठ संविधान सभाका निम्ति छानिए । उनले राजीनामा दिए त्यो ठाउँ रिक्त हुने थियो । यस्तो हुन दिने नेहरूको चाहना थिएन । सेठले बहसमा सक्रिय भाग लिदैनथे । उनले अनुच्छेद १६ को खण्ड ४ को विरोध गरे । यसमा समाजका पछौटे वर्गलाई सरकारी नोकरीमा आरक्षण दिने कुरो थियो । सरकारी नोकरीमा योग्यता र गुणवत्ताको आधारमा नियुक्ति हुनुपर्दछ भन्ने उनको विचार थियो । आरक्षण दिइयो भने जातिवाद र पक्षपातलाई बढावा हुनेछ भन्ने उनलाई डर थियो । उनले असल शासन र कार्यकुशलताका निम्नि आरक्षण ठीक होइन भन्नें उनको विचार थियो। यस्तै धर्म निरपेक्ष राज्यमा आरक्षणको सिद्धान्त लागू गर्न हुँदैन भन्ने पनि उनको भनाइ थियो।

# अम्बेडकर र गान्धी

सन् १९१९-२० तिरको कुरो हो । तिनताका गान्धीको नाम खुबै चलेको थियो । उनका अधिल्तिर कोही र कुनै पनि टिक्न सक्दैनथे । यो एउटा आँधी-बेहरी जस्तै थियो । स्थापित विचार, व्यवहार, गुटा नेता सबका सब कता हराए कता ! निकै थोरै यस आँधीमा डटिरहे । गान्धीवादबाट प्रभावित नभएका थोरै मानिस थिए । यिनीमध्ये अम्बेडकर र जिन्नाको नाम लिन सकिन्छ ।

तिलक र उनीहरूजस्ता अनेकौँ नेता भारतका विभिन्न प्रान्तहरूमा देखा परे । त्यसपछि भारतीय काँग्रेसीमा राजनीतिक सुधारमा जोड दिने पक्ष बलियो भयो । यद्यपि विपिन चन्द्र पाल, लाला लाजपत रायजस्ता समकक्ष गरम दलका नेताहरू थिए । उनीहरू सामाजिक दृष्टिले पनि प्रगतिशील थिए । सन् १८९५ देखि सामाजिक सुधारको प्रवाह छुट्टै धाराले बग्न लाग्यो । तर गान्धी आएपछि दुवै प्रवाह एक भए । गान्धीजीको प्रेरणाले काँग्रेसीले सामाजिक सुधारका प्रस्तावहरू पास गर्न थाल्यो । र, छुवाछूतको निराकरण तथा ब्राह्मण-गैरब्राह्मण विवादको समाधान गर्ने कुरोमा काँग्रेसीको प्राथमिक विषय हुन थाल्यो ।

सन् १९२३ मा अम्बेडकरले आफ्नो शिक्षा पूरा गरे । उनले अमेरिकाको कोलम्बिया विश्वविद्यालय र लन्डनमा शिक्षा प्राप्त गरे । उनले लण्डनबाट बैरिस्टरी (कानुनसम्बन्धी शिक्षा) परीक्षा पनि पास गरे । एउटा जर्मन विश्वविद्यालयमा पनि उनले केही समय बिताए । अम्बेडकरले पश्चिमी विश्वका तीनवटा अग्रणी देशका सर्वोत्तम विचार बुझ्ने मौका पाएका थिए ।

अम्बेडकरले आफ्नो जीवनमा कटु अनुभव गरे । यसैले उनको मनमा हिन्दु समाजप्रति घृणा थियो । प्राचीन कालदेखि नै गुलामी र हिन्दुधर्मको अंकुशले दलितवर्ग कुण्ठित थिए । यस वर्गले गुलामीलाई नै आफ्नो भाग्य ठान्थ्यो । डा.अम्बेडकर अत्यन्त संवेदनशील व्यक्ति थिए । उनी प्रतिभाशाली पनि थिए । यी गुण त उनमा थिए नै । यसका अतिरिक्त उनमा उत्कृष्ट कोटिको शैक्षिक

अनुशासन पनि थियो । उनले पश्चिमी विश्वमा स्वतन्त्र र समानताको वातावरण देखे । त्यहाँ उनले व्यक्तिका रूपमा सम्मानपूर्ण व्यवहार पाएका थिए । अमेरिकामा रंगभेद थियो । तर त्यहाँ पनि सबै मनुष्य समान छन् भन्ने आदर्श थियो । र, अश्वेत (कालो छाला भएका मानिस वा नेग्रो) मानिस यही आदर्शबाट प्रेरित भएर समान अधिकारका निम्ति लड्दै थिए । उनले सन् १९१६ मा लेखेको लेख वास्तवमा जाति व्यवस्थाको विरुद्ध युद्धको घोषणा-पत्र थियो । जाति प्रथा जन्ममा आधारित थियो । यसका कैयौँ खराबीहरू थिए । उनको अगाडिको अध्ययन अतिरिक्त हतियारको रूपमा थियो । बाहुनवादको दासताबाट दलित जातिको मुक्ति स्वयं दलितकै प्रयासबाट हुनेछ भन्ने अम्बेडकरको पूर्ण विश्वास थियो । सवर्णको उदारतामा भरोसा गर्नु उनका निम्ति स्वीकार्य थिएन । दलितले आफ्नो मुक्ति आफैँ अर्जित गर्नुपर्ने छ ।

सवर्णमा गान्धी सबभन्दा शक्तिशाली सुधारक थिए । यसमा शंकै छैन । उनका विचार र व्यवहार आफ्नै खालका थिए । मानवप्रति मानवको घोर अन्याय थियो । महात्मा गान्धीका विचार र व्यवहारद्वारा यस घोर अन्यायका विरोधी भावना हिन्दुको मनमा जागृत गर्ने ठूलो काम गरियो । प्रत्यक्षतः गान्धीजी र अम्बेडकरमा धेरैजसो कुरा समान थिए । दुवैले दलित जातिको सेवा गर्न चाहन्थे । उनीहरूको स्थिती सुधार्ने यी दुवैको चाहना थियो । यसो हो र एउटै लक्ष्य हो भने परस्पर मिलेर काम गर्न किन सकेनन् ? उनीहरू रूढिवाद सामाजिक अन्यायको विरुद्ध एक साथ मिलेर लड्न किन सकेनन् ? यस्ता प्रश्नको उत्तर पनि खोज्नु जरुरी छ ।

यी प्रश्नको उत्तर उनको स्वभावगत भिन्नता वा उनका मानसिक स्थितिको भिन्नतामा खोज्न सकिदैन । यी भिन्नताले यी दुवैबीच दूरी मात्र बढाउने काम गरे । उनीहरूको व्यक्तित्वको विषमता संघर्षको मूल कारण थिएन । जन्म र पालनपोषणका परिस्थितिहरू भिन्नताका मुख्य कारण थिए । यसका साथै उनीहरूको दृष्टिकोण पनि निक्कै फरक थियो । विचारका दृष्टिले दुवैबीच आकाश–जमिनको फरक थियो ।

अम्बेडकरले खास गरी युरोप र अमेरिकाबाट प्रेरणा प्राप्त गरेका थिए । यसका साथै त्यहाँको इहवादी सभ्यताले उनको मन जितिसकेको थियो । पश्चिमी लोकतान्त्रिक विचारको विकास समतामूलक विचारको सफलताको नै रूप थियो । त्यहाँको लोकतान्त्रिक आदर्शको सारलाई यहाँ यसरी पस्किन सकिन्छ- प्रत्येक व्यक्तिको प्रतिष्ठा र त्यसको महत्त्वमा आस्था हुनु । हिन्दुहरूको दार्शनिक

विचारमा उपनिषदमा अन्तार्ज्ञान र सहृदयको कल्पना गरिएको छ । यसका बाबजुद यसले लोकतान्त्रिक आदर्शलाई निषेध गर्दछ । भारतीय मूलका सबै धर्मअन्तर्गत आफ्नै सबै भेदहरू छन् । तर ती धर्म पुनर्जन्म र कर्मको सिद्धान्तलाई विश्वास गर्दछन् । हिन्दुका अनुसार वर्तमान जीवन अनेकानेक जीवनका शृङ्खलाहरूको एउटा कडी हो । र, यो जन्म पुनर्जन्मको अन्तहीन शृङ्खलामा एउटा पौवा हो । यसमा एक किसिमको जोड- घटाउको खाता हुन्छ । र, आफ्नो वर्तमान जीवनमा व्यक्तिलाई आफ्नो पूर्व जन्ममा गरिएको कर्मको फल भोग्नुपर्दछ । शास्त्रका अनुसार यदि उसले यस जीवनमा राम्रो काम गर्दछ भने यसको फल यस जीवनमा नपाएर अर्को जीवनमा प्राप्त गर्नेछ । यदि यस जीवनमा उसले प्रतिष्ठा पाएको छ भने यसको कारण पछिल्लो जीवनमा गरिएका राम्रा काम हुन न कि यस जीवनमा गरिएका राम्रा काम । वास्तवमा उसले यस जीवनमा केही गर्दछ वा गर्दैन यसबाट यस जन्ममा उसको स्थितिलाई कुनै फरक पर्दैन । यस जन्ममा गरेको राम्रो कामको फल उसले अघिल्लो जन्ममा पाउनेछ ।

इहलोकवाद र परलोकवादको दर्शनमा कमी-कमजोरीहरू छन् । यिनलाई समाधान गर्नै सकिन्न वा भनौं यो असम्भव कुरो हो । इहलोकवाद जसको मरणोपरान्त जीवनसँग कुनै सरोकार हुँदैन । यही नै धर्म निरपेक्षको सही अर्थ हो । वास्तवमा त्यसले मृत्यपछि जीवन हुन्छ भन्ने कुरो नै मान्दैन । उसले व्यक्तिको एउटै जीवन हुन्छ भन्ने सिद्धान्तलाई स्वीकार गर्दछ । अतः यस धर्तीमा सामाजिक, राजनीतिक र आर्थिक व्यवस्थालाई पनि पूर्ण बनाउनुपर्दछ कि प्रत्येक व्यक्ति जसको एउटा जीवनमा नै आफ्ना सम्पूर्ण क्षमताको उपयोग गर्न सक्नुपर्दछ ।

पुनर्जन्ममा विश्वास गर्ने व्यक्तिलाई जाति प्रणाली सम्बन्धी अनुशासन मान्न तयार गर्न सकिन्छ । तल्लो जातिमाथि समाजले गर्ने अत्याचारलाई पनि यसैका आधारमा उचित ठह-याउन सकिन्छ । यो भनेर कि यो उसको पछिल्लो जन्मको फल हो । सवर्ण हिन्दुहरूको अन्तर्रात्मालाई जागृत गर्नुको साटो तल्लो जातका कष्टले उसमा घोर उदासीनता पैदा गर्दछ । किनभने धर्म र दर्शनले यो अत्याचार र अपमान समाप्त गर्ने आवश्यकता र सम्भाव्यतालाई स्वीकार गर्दैन । यसैले सवर्ण हिन्दु अन्तर्रात्माको पीडालाई बिर्सेर आफ्नो जन्मजात विशेष अधिकारलाई आरामले उपयोग गर्न सक्छन् ।

डा. अम्बेडकरका निम्ति यस्तो दर्शन र धार्मिक दृष्टि स्वीकार्य थिएन । यसका अघि उनी कहिल्यै झुकेनन् । र, उनले यसमा आफूलाई असहाय भएको पनि महसुस गरेनन् । यसको उल्टो उनले अन्यायको विरुद्ध लडेर सामाजिक व्यवस्था परिवर्तन गर्ने दृढ संकल्प गरे । उनका निम्ति दलित वर्गको

स्थिति सुधार्ने प्रश्न जाति-प्रथाको उन्मूलनका साथ जोडिएको थियो । यस प्रश्नमा उनी कसैसित सम्झौता गर्न तयार थिएनन् । यसका साथै वर्तमान जाति-प्रणाली र वेदका चातुर्वर्ण्य (चार वर्ण- ब्राह्मण, क्षेत्री, वैश्य र शूद्र) आदर्शमा नैतिक भेद गर्न पनि उनी तयार थिएनन् । उनका लागि जाति-प्रथा जन्ममा आधरित चातुर्वर्ण्यका अनिवार्य र तार्किक परिणति थिए । अतः उनी आर्य समाजीहरूसित पनि सहमत थिएनन् । हुन त उनीहरूले जातका प्रचलित रूपलाई निन्दा गर्दथे । तर वर्ण प्रणालीलाई प्रशंसा गर्दथे । सुरुमा गान्धीजी पनि चातुर्वर्ण्य प्रणालीका समर्थक थिए । डा.अम्बेडकर र गान्धीजीबीच अन्तसम्म संघर्ष भइरह्यो । यसको मूल कारण भने यही थियो । यो संघर्ष लगभग २५ वर्षसम्म चलिरह्यो । र, वर्षैपिच्छे यो कटुता झन्पछि झन् बढ्दै गयो । दुवैले एक-दुईपल्ट  यो कटुता समाप्त गर्ने मौका नपाएका पनि होइनन् । यस्तो लाग्दथ्यो, अब यो संघर्ष समाप्त हुनेछ र दुवै मिलेर एकसाथ काम गर्नेछन् । तर दुवैका दृष्टिकोण फरक थिए । यसैले यो आशा पनि यसै मरेर गयो । र, यो निराधर नै साबित भयो ।

गान्धीजी काठियाबाढको वैष्णव जैन वातावरणमा पालन-पोषण भई हुर्केका थिए । उनको मानसिक स्थिति बनाउन उनकी आमाको ठूलो योगदान थियो । गान्धीजीलाई आफ्नी आमामा गहन आस्था थियो । र, उनीद्वारा ब्रत- वैकल्पका नियम कठोरतापूर्वक पालना गरिन्थ्यो । यसको अमिट प्रभाव गान्धीजीको कोमल ह्रदयमा परेको थियो । यो कुरो कमै मानिसलाई थाहा छ । उनमा अर्को एउटा महत्त्वपूर्ण प्रभाव परेको थियो । त्यो हो- ‘सोसाइटी आफ फ्रेन्डस’ द्वारा प्रचारित इसाई विचार । यस्तै थोरो, रस्किन र टाल्सटायजस्ता विचारकहरू पनि छन् । यिनीहरूको उत्सवर्ग क्रमशः पश्चिमेली इसाई धर्म र ग्रीक आर्थोडाक्स इसाई धर्म थियो । गान्धीजी यिनबाट पनि प्रभावित भएका थिए ।

गान्धीजीले अधिकांश समस्याबारे आफ्ना विचार व्यक्त गरेका छन् । उनका विचार खास गरी दक्षिण अफ्रिकाको संघर्ष र त्यहाँ प्राप्त गरेका अनुभवमा आधारित थिए । एकपल्ट उनलाई ‘होम रुल लीग’ मा सरिक हुनका निम्ति भनियो । उनले स्पष्ट भने कि यदि म यसमा सरिक भएँ भने यस संस्थालाई आफ्नो विचार र काम गर्ने तरिका अनुसार चलाउन चाहने छु । गान्धीजीले हरेक विषयमा आफूले चाहेअनुसार काम गर्दथे भन्ने यसको अर्थ यो पनि होइन । उनको मन खुलेको पुस्तक जस्तै थियो । उनी नमनशील थिए । तर भारत फिर्ता हुनुलाई उनले आफ्नो जीवनको मोड भन्दथे । र, भन्न सकिन्छ कि सन् १९१४ मा गान्धीजी छुवाछूतका विरुद्ध थिए । यसका साथै उनी शुद्ध वर्ण व्यवस्थाका

पक्षमा दृढ संकल्प थिए । उनलाई छुवाछूतको पाप र जाति व्यवस्थाको उपयोगिताबीच कुनै विरोध छ भन्ने कुरो लाग्दैनथ्यो । मैले सन् १९१४ को साटो सन् १९२० का वर्षलाई थाहा पाएर नै रोजेको छु । उनमा ठूलो परिवर्तन भएको भनेर यसो गरेको होइन । बरु यतिबेला उनका लेखाइमा आश्चर्यपूर्ण स्पष्टता, सुन्दरता र शक्ति देखिन्थ्यो । सही अर्थमा ती अन्तः प्रेरित उद्‌गार लाग्दथे ।

गान्धीजी नागपुर काँग्रेसीमा पूर्ण विजयी भएका थिए । त्यो बेला उनले चार्ली ऐन्ड्रयुजलाई आफ्नो आस्थाका दुइटा पक्षबारे लेखेका थिए । यद्यपि उनले अब ब्रिटिश सरकारका विरुद्ध लड्ने संकल्प गरिसकेका छन् ।तर उनी यसमा अहिले तयार भइसकेका छैनन् कि उनले अङ्ग्रेजसंगको आफ्नो सम्बन्धलाई हर मूल्यमा तोडन् पर्दछ । यो सम्बन्ध शुद्धताका आधारमा बन्नुपर्दछ भन्ने उनको चाहना थियो । सायद अङ्ग्रेजको स्वभाव मिजाज काला र खैरा जातिबीच पूरा बराबरी सम्बन्धअनुरूप छैन । तर म सम्मानजनक बराबरीको सम्भावनालाई खारेज गर्न तैयार छैन । गान्धीजीको भनाइ यस्तो थियो- म दलित वर्गको कुनै अन्य वर्गहरूको मूल्यमा स्वराज्य चाहन्नँ । मेरो विचारअनुसार यो स्वराज्य हुने नै छैन । मेरो विश्वास छ, जुनबेला भारतले आन्तरिक शुद्वता प्राप्त गर्नेछ तब त्यो स्वतन्त्र हुनेछ त्योअघि होइन ।.... सरकारको विरुद्धको लडाइँमा कार्यकर्ताहरूका भिन्दाभिन्दै मन्तव्य हुन सक्छन् । तर अस्पृश्यता रूपी शत्रुका विरुद्धको लडाइँमा भने केही छानिएका मानिसले नै साथ दिन सक्छन् ।

यदि कुरो यस्तो हो भने असमानताका शत्रु डा. अम्बेडकरले गान्धीजीबाट सहयोग किन पाउन सकेनन् जसले अस्पृश्यतालाई पाप माने र जो त्यसलाई उन्मूलन गर्न प्रतिबद्ध थिए ?

यस प्रश्नको उत्तर दुई तरिकाले दिन सकिन्छ । एक- ब्रिटिश शासन र अस्पृश्यताका दुइटा खराबीबारे अम्बेडकरको मूल्याङ्कन गान्धीको मूल्याङ्कनभन्दा फरक थियो । अर्को उत्तर के हो भने अम्बेडकर अस्पृश्यताका स्वरूप र जातिका स्वरूपमा भेद गर्न तयार थिएनन् । उनका निम्ति दुइटै खराबीहरू परस्पर सम्बद्ध थिए । जातिलाई नष्ट नगरुन्जेल अस्पृश्यतालाई नष्ट गर्न सकिदैनथ्यो ।

अम्बेडकरका निम्ति भारतमा ब्रिटिश शासन त्यति खराब थिएन । सबभन्दा खराब जाति-व्यवस्था हो भन्ने उनको विचार थियो । उनको सम्पूर्ण क्षमता जाति व्यवस्थालाई समाप्त गर्न समर्पित थियो । विदेशी शासनका विरुद्ध लड्न उनले आफ्नो क्षमता लगाएनन् । वास्तवमा विदेशी आक्रमणकारीअघि भारतले बारम्बार घुँडा टेक्नुको कारण जाति प्रथाबाट उत्पन्न पङ्गुता र उदासीनता हो भन्ने उनको ठहर थियो । उनका जातका मानिसले पेशवाहरूको अत्याचारी शासनलाई नष्ट गर्न

अङ्ग्रेजलाई मद्दत गरेका थिए । यो कुरो उनले ग्लानी र पश्चातापबिना नै कैयौँपटक भनेका थिए । बम्बई प्रेसिडेन्सीमा दलित वर्गको शैक्षिक स्थितिबारे शाइमन कमिशनलाई अम्बेडकरले एउटा रिपोर्ट बुझाएका थिए । त्यस रिपोर्टमा यस्तो लेखिएको थियो- दलित वर्गले भारतलाई जित्न अङ्ग्रेजको मद्दत गरेका थिए । तर ब्रिटिश सरकारले उनीहरूप्रति कुनै आभार प्रकट गरेन । यसको साटो त्यस सरकारले उच्च जातिलाई शिक्षाको सुविधा दियो । र, शक्तिशाली समूहबाट अलग्गिने डरले दलित वर्गप्रति कुनै ध्यान दिइएन ।

गोलमेच सम्मेलनमा दिइएको भाषणमा अम्बेडकरले स्पष्टरूपले आफ्ना कुरा यसरी भनेका थिए :

“दलित वर्ग र ब्रिटिश एउटा असाधारण बन्धनमा बाँधिएका छन् । दलितले सनातनी हिन्दुहरूको सयौँ वर्षदेखिको पुरानो अत्याचारबाट मुक्ति दिलाउने रूपमा अङ्ग्रेजलाई स्वागत गरेका थिए । उनीहरूले अङ्ग्रेजका निम्ति हिन्दु, मुसलमान र सिखका विरुद्ध लडाइँहरू लडेर भारतको महान साम्राज्य जिताएका थिए ।”

लगभग दश वर्षपछिको कुरो हो । दोस्रो विश्व युद्ध सुरु भयो । अङ्ग्रेजलाई सेना भर्ती गर्नुपर्ने भयो । उनले दलित र पछौटे वर्गबाट सेनामा भर्तीका निम्ति अपिल गरे । कुनै बेला झण्डै तीन चौथाइ बम्बई सेना महारबाट बनेको थियो । र, तिनले अङ्ग्रेजको पक्षमा अनेक ठूला लडाइँहरू लडेका थिए । यसमा कोरे गाउँको प्रसिद्ध लडाइँ पनि पर्दछ । त्यसपछि पेशवाको हार भयो र अङ्ग्रेजले आफ्नो प्रभुत्व स्थापित गरेका थिए । सेनामा महारको भर्तीलाई जोड दिँदै ‘टाइम्स आफ इण्डिया’ मा लेखिएको पत्रमा कोरे गाउँको लडाइँको पुनः चर्चा गर्दै भन्छन्- त्यस लडाइँको सम्झनामा अङ्ग्रेजले कोरे गाउँमा एउटा विजय स्तम्भ बनाएका थिए । त्यस विजय स्तम्भमा अङ्ग्रेजका तर्फ युद्धमा काम गरेका सैनिकहरूको नाउँ अंकित गरिएको छ । यिनमा दिएका नौवटा मध्ये दशवटाको नाम महारकै छ ।

अम्बेडकरको आफ्नो जीवनको मिशन भारतलाई अङ्ग्रेजको शासनबाट मुक्त गराउनु थिएन । यस कुरोलाई उनले कहिल्यै पनि स्वीकार गरेनन् । उनको मिशन दलितलाई बाहुनवाद र जातिवादबाट मुक्त गराउनु थियो । सन् १९३८ मा रेलगाडीका मजदुरलाई सम्बोधन गर्दै उनले भनेका थिए- मजदुरले दुइटा शत्रुसंग लड्नुपर्ने छ । र, यसमा एउटा हो बाहुनवाद र अर्को हो पुँजीवाद । बाहुनवादको तात्पर्य एउटा समूह विशेष थिएन । उनको अभिप्राय थियो स्वतन्त्रता, समानता र

भातृत्वको भावनाको निषेध नै बाहुनवाद हो । यो बाहुन जातमा मात्र हुँदैन । यो खराबी सबै वर्गमा पाइन्छ । यद्यपि यसको सुरुआत बाहुनले नै गरेका हुन । यिनका विरुद्ध मोर्चा लिनुपर्ने छ ।

दोस्रो गोलमेच सम्मेलनमा दलित वर्गको प्रतिनिधित्वबारे डा.अम्बेडकर र गान्धीबीच नराम्ररी भनाभन भयो । अल्पसंख्यक मामिला सम्बन्धी विचार गर्ने समितिमा गान्धीजीले भने- यो भन्नु कि मैले विधान सभामा अस्पृश्यका प्रतिनिधित्वको विरोध गर्दछु, सत्यलाई विकृत गर्नु हो । मैले जे कुरो भनेको थिएँ र जसलाई फेरि म यहाँ दोहोऱ्याउन चाहन्छु त्यो यो हो कि म विशेष प्रतिनिधित्वको विरुद्ध छु । मलाई विश्वास छ कि यसबाट दलितको भलो हुने छैन । काँग्रेसी वयस्क मताधिकारप्रति वचनबद्ध छ र अस्पृश्यता समाप्त हुनुका साथै दलित जातिका उम्मेदवारलाई अलग वा बहिस्कृत गरिने छैन । उनको भनाइ यस्तो छ- यिनीहरूलाई चुनावभन्दा बढी यो कुरोको आवश्यकता छ कि सामाजिक र धार्मिक उत्पीडनबाट उनीहरूको रक्षा हुनुपर्दछ । उनले भने कि- ईश्वरका कृपाले अस्पृश्यता छिट्टै नै अतितको अवशेष हुनेछ किनभने हिन्दुहरूको अन्तर्रात्मा जागृत भइसकेको छ ।

यस्तो लाग्छ, गान्धीजी अस्पृश्यता र यसबाटा उत्पन्न सबै खराबी छिट्टै समाप्त हुनेछन् भन्ने कुरोमा गान्धी निकै आशावादी थिए भन्ने कुरोमा पनि शंका गर्नुपर्ने हुन्छ । आरक्षणबिना दलित वर्गले कुनै पनि किसिमको प्रतिनिधित्व पाउलान् वा नपाउलान् ।

डा.अम्बेडकर गान्धीजीका यी विचारप्रति सहमत थिएनन् । उनले यस विचारलाई जोडदार रूपले विरोध गरे । उनले सामान्य शैलीमा भने दलित वर्ग हिन्दुस्तानका हातमा तत्काल सत्ता सुम्पिनका निम्ति वेचैन छैन । उनीहरूले यसका निम्ति आन्दोलन सुरु गरेका होइनन् । तर यदि सत्ता हस्तान्तरण हुनु छ भने सत्ता एक समूह, एक गुट वा एक अल्पतन्त्रलाई दिइने छैन । बरु त्यसमा दलित वर्गसहित सबै समुदायको जनसंख्याको अनुपातमा सहभागी हुनेछ ।

गान्धीजीले यसको उत्तर यसरी दिएका थिए- यदि अस्पृश्यताहरूको जनमत सङ्ग्रह गराइयो भने उनीहरूले सबभन्दा धेरै मत पाउनेछन् । उनीहरूले भारतको एउटा कुनोदेखि अर्को कुनोसम्म प्रचार गर्ने छन् कि पृथक मतदाता सूचि र आरक्षणले त्यो कलंक धुन सक्दैन जो दलित जातिको नभएर सनातन हिन्दुहरूको कलंक हो ।

हरिजनले ब्रिटिश सेनामा नोकरी गरे । यस कुरो बारे यदि कसैले अनुसूचित जाति (शेड्युल्ड काष्ट-अनुसूचिमा उल्लिखित जाति अर्थात् तल्लो जातको सूचि) र उनका नेताप्रति घृणाको तरिका

अपनाए वा उनीहरूमाथि विश्वासघातको आरोप लगाए भने म उनीहरूलाई स्मरण गराउन चाहन्छु कि जुन बंगाल आर्मीले उत्तर भारतलाई अङ्ग्रेजका निम्ति जिते र सिख शक्तिलाई नष्ट गरे त्यसमा खास गरी बाहुन, राजपुत र अन्य उच्च वर्णीय थिए । यी जातले दुई हजार वर्षसम्म सर्वसाधारण जनतामाथि आफ्नो वर्चस्व कायम राखे । तथापि विदेशीको चाकरी गर्दा उनीहरूलाई लाज लागेन र यिनीहरूलाई अलिकति पनि देशभक्तिको भावना जागेन । उनीहरू थोरैमा आफूलाई बेच्न तयार भए ।

अनुसूचित जातिमाथि निकै अत्याचार भएको छ । सवर्ण हिन्दुले शूद्र र तल्लो जातप्रति क्रूरता देखाएकै हुन् । यो पनि थोरै वर्षका निम्ति होइन, दुई हजार वर्षसम्म यस किसिमको क्रूरता मनुष्यले आफ्नै प्रजातिका सदस्यप्रति सायद नै कहिल्यै देखाएको होस । बंगाल आर्मीमा भर्ती हुने उच्च जातका तुलनामा बम्बई आर्मीमा भर्ती हुने अनुसूचित जातको पक्ष बढी बुझिने कुरो थियो । जहाँसम्म अम्बेडकरको भर्ती अभियानको प्रश्न छ, गान्धीजीले पनि प्रथम विश्व–युद्धका बेला अङ्ग्रेज सेनामा भर्ती हुनका निम्ति प्रचार गरेका थिए । यसबारे यति भन्नु नै काफी हुनेछ । त्यतिबेला उनलाई अङ्ग्रेजको विचारप्रति पूरै विश्वास थियो । यसरी सावरकर र हिन्दु भाइहरूले पनि दोस्रो युद्धका बेला सेनामा भर्ती हुने अभियान चलाएका थिए ।

सामाजिक समस्याबारे यस किसिमका विचारहरू थिए । यही कारण अम्बेडकरका निम्ति ब्रिटिश शासनलाई सबभन्दा खराब मान्ने कुरो असम्भव थियो । उनका निम्ति सबभन्दा नराम्रो कुरो उच्च जातको शासन, बाहुनवादको दर्शन र त्यसको साकार रूप जाति प्रथा थियो ।

अतः जाति प्रणाली विषयमा गान्धी र अम्बेडकरमा कुनै मिलनबिन्दु थिएन । सन् १९२० मा गान्धीजीले 'यंग इण्डिया' मा दुइटा लेख लेखेका थिए । उनले यसमा आफ्ना मान्यतालाई स्पष्ट रूपमा प्रस्तुत गरेका थिए । हामीले यी लेखलाई कोसे ढुङ्गाको रूपमा लिन सक्छौं । यसबाट अम्बेडकरको तुलनामा उनको भूमिका स्पष्ट हुन्छ । पछिल्ला सत्ताईस वर्षमा गान्धीजीको दृष्टिकोणमा जो परिवर्तन भयो त्यसको कति गहिराइ र महत्त्व छ भन्ने कुरो पनि बुझ्न सक्छौं ।

उनका पत्र 'असहमती' का निम्ति खुला हुनेछ भन्ने घोषण गर्दै गान्धीजीले आफ्नो कुरो स्पष्ट गरे कि कटुता तर्कवाद हुँदैन । पत्र लेख्ने मानिसको युक्तिको सार लिंदै उनले यसरी लेखेका छन्: उनको तर्क छ- जाति प्रथा रहिरहने हो भने भारतको सर्वनाश हुनेछ र भारतको गुलामीको कारण जाति प्रथा नै हो । (अम्बेडकरको पनि यही मत थियो । त्यतिखेर उनी विदेशमा अध्ययन गर्दै थिए ।) गान्धीजीको

भनाइ यस्तो छ: हाम्रो वर्तमान दुर्गतिको कारण जाति प्रथा होइन । हाम्रो गुलामीको कारण हाम्रा लोभ र अनिवार्य गुणहरूप्रति हाम्रो उपेक्षा हो । जाति प्रथाले हिन्दु धर्मलाई विघटन हुनबाट बचाएको छ भन्ने मलाई विश्वास छ ।

गान्धीजीले चार वर्णमा विभाजित हिन्दु समाजलाई आधारभूत, स्वाभाविक र अनिवार्य भनेर समर्थन गरे । असंख्य जातहरू यी चार वर्णमा समाहित होऊन् भन्ने गान्धीजीको चाहना थियो । त्यसपछि गान्धीजीले हिन्दुहरूको सुपरिचित युक्ति प्रस्तुत गर्दै जातिको सिद्धान्तलाई हिन्दु धर्मले रक्षा गरेर मनुष्य मात्र होइन, सबै प्राणीमा समेत भातृत्वको भावनाको पाठ पढायो भन्ने उनको ठहर थियो ।

जाति प्रथाको मर्मस्थानमा औंठो राख्दै गान्धीजीले भने :

“आनुवंशिताको नियम शाश्वत नियम हो । म यस कुरोलाई स्वीकार गर्दछु । र, यसलाई परिवर्तन गर्ने कोशिश गरियो भने यसअघि पहिले भएको जस्तै फेरि समाजमा पूर्ण अराजकता फैलिनेछ ।” यो कुरो सोझै गीताबाट लिइएको थियो । अर्जुनले वर्णसङ्कर (ठिमाहा) सम्झेर यस्तै भय व्यक्त गरेका थिए ।

गान्धीजीको भनाइ फेरि हेरौं— दण्ड, पुरस्कार, उन्नति र अवनति फैसला गर्नका निम्ति मनुष्य निर्मित अदालतहरू असमर्थ हुनेछन् । यदि हिन्दुले आत्माको अनश्वरता र पुनर्जन्ममा आस्था राख्दछ जस्तो कि उनीहरूले राख्नु पनि पर्दछ । यदि यस्तो हो भने यो कुरो पनि मान्नुपर्दछ कि प्रकृतिले कुनै गलती नगरेर सन्तुलन स्थापित गर्नेछ । र, यस जन्ममा खराब काम गर्ने बाहुनलाई अघिल्लो जन्ममा निम्न दर्जा दिनेछ तथा यस जन्ममा राम्रो काम गर्ने शूद्रलाई अघिल्लो जन्ममा ब्राह्मणको प्रतिष्ठा दिनेछ । कर्म र पुनर्जन्मको सिद्धान्तले प्रत्येक व्यक्तिको जोड-घटाउको खाता ठीक-ठीक राख्नेछ । यो कुरो मोक्ष प्राप्त नगरुञ्जेलसम्म चलिरहन्छ । र, जन्म-मरनको शृङ्खलाबाट आफूलाई मुक्त नगरेसम्म चलिरहन्छ ।

लोकतन्त्रका निम्ति सहभोज र अन्तर्विवाहलाई आवश्यक मान्ने मानिससित गान्धीको मतभेद थियो । यसबारे उनले हिन्दुहरूको परहेजलाई समर्थन गरेका थिए । यो भनेर कि संयम र अनुशासनका निम्ति यो आवश्यक छ । केही अनुशासनात्मक बन्धन हुन्छन् जो स्वयंमा खराब हुँदैनन् भन्ने उनको भनाइ थियो । उनले वर्ण व्यवस्थालाई जोडदारका साथ समर्थन गरेका थिए । त्यसपछि अस्पृश्यतालाई घृणित पाप हो भनेर निन्दा गरेका थिए । र, उनले त्यसलाई समाप्त गर्ने संकल्प पनि व्यक्त गरेका थिए

। त्यसपछि तर्कमा आफ्नो आस्था भएको कुरो व्यक्त गर्दै उनले आश्चर्यजनक वक्तव्य दिएका थिए । यदि कुनै शास्त्र तर्क र अन्तर्रात्माको आदेशको विरुद्ध हुन्छ भने म त्यसलाई स्वीकार गर्दिनँ । त्यसबेला गान्धीजीको मान्यता थियो कि सारा तर्क जाति-प्रथाको पक्षमा र अस्पृश्यताको विरोधमा छन् ।

सत्र दिन बितेको थियो । गान्धीजीले फेरि यसै विषयलाई उठाए । दिसेम्बर २९, १९२० मा उनले पुनः जाति प्रथाको सुन्दरताको गुणगान गरे । रगत र आनुवंशिकताको सिद्धान्तमा जाति-प्रथा टिकेको छ भन्ने विचार उनले अघि सारे । उनले पुनः यही सिद्धान्तलाई समर्थन गरेका थिए । यसबाट समाजमा स्थिरता र प्रगति भएको छ भन्ने उनको भनाइ थियो । उनको दृष्टिमा भोजन, पानी र विवाहका कुरोको कुनै सामाजिक महत्त्व थिएन । उनले यही कुरालाई अघि सारेका छन् । यी प्रतिबन्धहरूले इन्द्रियलाई नियन्त्रण गर्ने, इच्छा शक्तिको साधना र केही सामाजिक मूल्यको रक्षा गर्नका निम्ति आवश्यक छन् ।

गान्धीजी यी विचारमा केही दिनसम्म टिकिरहे । अम्बेडकरको भाषण जाति प्रथाको उन्मूलनको टिप्पणी गर्दै सन् १९३६ मा गान्धीजीले भनेका थिए कि शास्त्रको कुरो मेरा विचारसित मेल खाँदैनन् । त्यसलाई मैले अप्रामाणिक र अस्वीकार्य मान्दछु । उनले शास्त्रबाट यस्ता कुरा झिक्नुपर्दछ भन्ने उनको विचार थियो । त्यसको ठीक-ठीक ख्याख्या हुनुपर्दछ र त्यसको शुद्ध संस्करण निकाल्नुपर्दछ । उनले पुनः आफ्नो यो विश्वास व्यक्त गरे कि शास्त्रमा अस्पृश्यताको स्वीकृति छैन । र, यदि कुनै अंश यस्ता छन् भने ती प्रक्षिप्त छन् । त्यसपछि यी सिद्धान्तका आधारमा गान्धीजीले वर्ण व्यवस्थाको नियमको व्याख्या गरेको भेटिन्छ ।

“हामी सबैले आफ्ना पुर्खाका पेशालाई कायम राख्दै आफ्नो जीविका चलाउनुपर्ने कुरो जाति व्यवस्थाले हामीलाई सिकाएको छ । यसले हाम्रो अधिकारको नभएर हाम्रो कर्तव्यलाई निर्धारण गरेको छ । यसमा मानव जातिको कल्याणका निम्ति आवश्यक भएका धन्धाहरूको कुरो छ । यसमा यो अभिप्राय निहित छ कि कुनै पनि काम नीच हुँदैन र न कुनै ठूलो छ । सबै काम–धन्धा राम्रा हुन्छन्, विधिसम्मत छन् र पूर्णतः बराबरी दर्जामा छन् । र, यी काम गर्ने मानिसलाई ईश्वरका नजरमा समान सम्मान प्राप्त हुन्छ । एउटा समय थियो । त्यतिबेला मनुष्यका अघि पनि यी दुवैलाई समान पुरस्कार प्राप्त हुन्थ्यो । दुवै धन्धा गर्ने मानिसलाई सिर्फ आजीविकाको अधिकार हुन्छ, त्यो भन्दा ज्यादा होइन ।”

हुन त गान्धीजीले सार्वजनिक विवादका निम्ति नम्रता र सौजन्यको उच्च मानदण्ड निर्धारित गरेका थिए। तथापि कहिलेकाँही उनको लेखाइमा विरोधीलाई आहत गर्ने शब्द परिहाल्थे। सम्भवतः यो अनायास नै हुन्थ्यो । तर यदाकदा यस्तो भएकै कुरो हो । एकपल्ट उनले भनेका थिए कि आखिर सुभाषचन्द्र बोस देशका दुश्मन होइनन् । यसबाट सुभाषचन्द्र बोसलाई निकै पीडा भएको थियो । अम्बेडकरको उपर्युक्त भाषणबारे टिप्पणी गर्दै गान्धीजीले भने कि अम्बेडकरले आफूमाथि भविष्यमा जे बिल्ला लगाए पनि उनले आफूलाई विस्मृत हुन दिने छैनन्। अम्बेडकर गान्धीजीको यो टिप्पणी पढेर निकै दुःखी भएका थिए। उनले यस कुरोमा खेद प्रकट गरेका थिए। गान्धीजीले उनलाई प्रचारका भोको र आफूलाई विस्मृत नहुन दिने कुरो गरेका थिए । म प्रचारकको भोको छैन । र, मैले हिन्दु जागून् र आफ्नो स्थितिको जाँचबुझ गरून् भनेर त्यो भाषण छपाएको थिएँ भन्ने भनाइ अम्बेडकरको थियो ।

अम्बेडकरले गान्धीजीका युक्तिहरू बारे खण्डन गरेका थिए । उनले आफ्ना कुरा यसरी प्रस्तुत गरेका थिए । जहाँसम्म मेरो अध्ययनको कुरो छ, सन्तहरूले कहिल्यै पनि जाति प्रथा वा छुवाछूतका विरुद्ध अभियान चलाएनन् । यस संसारमा के हुन्छ, विभिन्न समूहहरूको स्थिति के छ र उनीहरूको इहलैकिक संघर्ष के हो यी सब कुराबारे उनीहरूलाई कुनै चिन्ता नै थिएन । उनीहरूको चिन्ता थियो मनुष्य र परात्माबीचको सम्बन्ध । सबै मनुष्य समान छन् भन्ने कुरो सन्तहरूले कहिल्यै पनि भनेनन् । उनीहरूले भने कि सबै मनुष्य ईश्वरका नजरमा बराबर छन् । यो निकै भिन्न र हानिरहित प्रास्थापना हो । यस किसिमकोण उपदेश दिनु कसैका लागि मुश्किल हुँदैन । र, यसमा विश्वास गर्नु पनि कसैलाई अफ्ठेरो पर्दैन । सन्तहरूले जात नष्ट गर्ने र यस संसारमा ठूलो-सानोको भेदभाव समाप्त गर्ने कुरो कहिल्यै गरेनन् । यदि उनीहरूले कहिले स्वयं जातिको रेखा बिगारे पनि सर्वसाधारण मानिसलाई जातिको रेखा बिगार्ने उपदेश दिएनन् ।

त्यसपछि अम्बेडकरले गान्धीलाई बोलाइ र गराइको विरोधाभासबारे विचार गर्न चुनौती दिए । उनले भने : गान्धीजीले सबैलाई आफ्ना बाबुबाजे र पुर्खाको पेशा जारी राख्ने उपदेश दिन्छन् । के उनले स्वयं यस नियमलाई पालन गर्दछन् ? सम्भव छ, यस्तो नगर्नुको कारण लक्ष्य यति ठूलो छ कि त्यसलाई प्राप्त गर्न सकिदैन । यसको कारण मनुष्यको अन्तर्जात पाखण्ड पनि हुन सक्दछ । जेसुकै होस, उनको आचरण जाँच्न सकिन्छ । यदि म उनलाई सोधूँ कि महात्माले आफ्नो आदर्शलाई व्यवहारमा परिणत गर्न कति प्रयास गरेका छन् । यसो हो भने मलाई दोष दिनुपर्ने कुरो देखिदैन ।

महात्मा जन्मले बनिया हुन् भन्ने अम्बेडकरको तर्क थियो । यसैले उनका बाउबाजे-पुर्खाको पेशा व्यापार-धन्धा हो । तर उनका पुर्खाले व्यापार गर्न छोडेर रिसायतमा दिवान बने । यो बाहुनको पेशा हो । महात्माले स्वयं नै वकिलको पेशा रोजे । उनले आफ्ना बाउबाजेको पेशा कायम राख्दै कहिल्यै पनि तराजु छोएनन् । उनका कान्छो छोरा देवदास वैश्यका रूपमा जन्मिएका थिए । तर उनको बिहे बाहुनी केटीसंग भयो । र, उनी एउटा पत्रकार बने । के महात्माले आफ्ना बाउबाजेका पेशा नगरेकोले आफ्नो छोरोलाई निन्दा गरे ?

अम्बेडकरको आलोचना बिलकुलै सटिक र मार्मिक थियो । यसलाई कसले शंका गर्न सक्ला ? आफ्नो बाउबाजेको पेशा अपनाउने र अन्तर्वर्णीय विवाहका दुवै प्रश्नबारे महात्मा गान्धीजीको स्थिति तर्कसम्मत थिएन । गान्धीजीद्वारा 'रक्त र आनुवंशिकता' को आधारमा र योग्यताको सट्टा जन्मको सिद्धान्तको आधारमा चार वर्णको समर्थन, सहभोजको प्रतिबन्धलाई युक्तिकरण, सयंम र इच्छा शक्तिको साधनाको आधारमा अन्तर्जातीय विवाहको प्रतिबन्धको समर्थन स्पष्ट रूपले गलत थियो । अन्तर्जातीय विवाह असली समाधान हो भन्ने अम्बेडकरको तर्क थियो । तर्कका दृष्टिले यो निकै बलियो तर्क थियो । अम्बेडकर जाति र वर्ण व्यवस्थाका विरोधी थिए । गान्धी यसको समर्थक थिए । यस सम्बन्धमा दुवैबीच लामो समयसम्म दन्त बझान अर्थात् वादविवाद चलिरह्यो । तर नढाँटी भन्ने हो भने सच्चाइ र विवेक भने अम्बेडकरकै तर्फ थियो । अम्बेडकरमा दूरदृष्टि र विवेकशक्ति थियो । यसको प्रशंसाका निम्ति यही आधार काफी छ । त्यो के हो भने गान्धीजीले आफ्नो जीवनका अन्तिम वर्षमा आफ्ना पुराना मान्यतालाई बदल्ने क्षमता देखाए । यो पनि एउटा सुन्दर उदाहरण हो । उनले आफ्नो मान्यतामा मूलभूत परिवर्तन गरे । उनी अन्तर्जातीय विवाहको घोर समर्थक बने । यतिमात्र कहाँ हो र, हरिजन र सवर्णबीच विवाहतिरको सबभन्दा आश्चर्यजनक कुरो अन्तर्धर्मीय विवाहको पनि कुरो गरे । तर यस्तो विवाहमा स्वतः शिद्ध वा अनिवार्य धर्म परिवर्तन हुनु हुँदैन ।

गान्धीजीको 'वर्ण व्यवस्था' नाउँ गरेको एउटा लेख संग्रह थियो । मई ३१, १९४५ मा उनले त्यस संग्रहको भूमिका लेखे । उनले त्यसमा लेखे कि उनको विचारबाट हरेक दिन मनुष्य अघि बढ्छ वा पछाडि फर्किन्छ । त्यो एकै ठाउँमा उँभिन सक्दैन । सारा विश्व गतिशील छ । यस नियमको कुनै अपवाद छैन । मेरो यो गलत वक्तव्य हुनेछ यदि मैले भनूँ कि म आज त्यही छु जो हिजो थिएँ र भविष्यमा पनि त्यही हुनेछु । वस्तुतः मेरो मनमा यस किसिमको इच्छा पनि हुनु हुँदैन । यी प्रस्तावनाका

शब्दहरू थिए । त्यसपछि उनले यसरी लेखे –सत्य र अहिंसाका बारे मेरो कल्पना दिनानुदिन स्पष्ट हुँदै छ । तैपनि वर्णाश्रमका सम्बन्धमा मेरा विचार त्यही छन् जो पहिले थिए भन्ने कुरो सही नहोला ।

२० जुलाई, १९४६ का 'हरिजन सेवक संघ' को एक जना कार्यकर्ताको प्रश्नको उत्तर गान्धीजीले यसरी दिएका थिए । मलाई लाग्छ –मेरो मन निरन्तर विकसित हुँदै छ । र, त्यो अगाडि बढ्दै छ । सबै मेरो साथ काँधमा काँध मिलाएर हिंड्न नसकून । र, यो सम्भव हुने कुरो पनि हो । गान्धीजीले ती कार्यकर्तालाई भने- उनको कुनै अविवाहित छोरी छ र यदि शुद्ध सात्विक धार्मिक भावनाले उनले उसको बिहे हरिजनसित गराउँदछन् भने मलाई धेरै प्रसन्नता हुनेछ र मैले उनलाई बधाई दिनेछु ।

गान्धीजीले ९ मई, १९४५ मा एउटा कार्यकर्तालाई यस्तो लेखेका थिए- यदि यो विवाह एउटै जातमा हुँदै छ भने मबाट आशीर्वाद नमाग । ...... केटीको बिहे अर्को समुदायसंग भयो भने मैले आशीर्वाद दिनेछु ।

मई ६, १९४५ मा गान्धीजीले आफ्ना एक जना सहयोगी नरहरि पारखिलाई लेखे - हामीले अति शूद्र र सवर्ण हिन्दुबीचको विवाहलाई बिनाहिचकिचाएर सर्वोच्च प्राथमिकता दिनुपर्दछ । उनले अगाडि यसरी लेखे :

"जहाँ आमाबाबु समझदार हुन्छन् त्यहाँ भिन्न धर्मका बीचको विवाह पनि कुनै अफ्ठेरो हुनु हुँदैन । के हामीले सबै धर्महरूलाई समान दृष्टिले हेर्दैनौं ? मैले आफ्नो प्रार्थनामा अरू धर्मलाई जो स्थान दिएको छु त्यसको केही प्रयोजन छ । बच्चाले कुनै पनि धर्म रोज्न सक्दछ । मेरो कल्पनाका पति-पत्नीले यस सम्बन्धमा आफ्ना बच्चाहरूलाई उदार शिक्षा दिनुपर्दछ । मेरो विचारमा यो निकै सजिलो छ । केटीको नाउँमा पठाएको पत्रमा मैले यी कुरालाई स्पष्टताका साथ लेखेको छु ।"

यसरी जाति उन्मूलनका सवालमा महात्मा गान्धीका विचारमा परिवर्तन ल्याउन अम्बेडकर सफल भएका थिए । गान्धीजीले मत परिवर्तनको श्रेय अम्बेडकरलाई दिएनन् यो अर्को कुरो हो । यस कुरोको महत्त्व पनि छैन । तर सारा परिप्रेक्ष्यमा हामीले जे कुरा देख्न सकिन्छ हामीले सही स्थितिलाई स्वीकार गर्न हिच्किचाउनु हुँदैन ।

# पृथक निर्वाचन आयोगको माग तथा येरवडा सम्झौता

सन् १९२७ को कुरो हो । त्यतिखेर ब्रिटेनमा कन्जर्भेटिभ पार्टीको सरकार थियो । त्यो सरकारले सर जान साइमनको अध्यक्षतामा सबै स्वेत सदस्यहरूको एउटा आयोग गठन गऱ्यो । आगामी चुनाव लेबर पार्टीले जित्ने छ । लेबर पार्टीको सरकारले नै संवैधानिक आयोग गठन गर्ने अवसर प्राप्त गर्नेछ । कन्जर्भेटिभ सरकारले कमिशनको सिफारिसलाई प्रभावित गर्ने दृष्टिले समयभन्दा पहिले यस आयोगको गठन गरेको थियो । यस घटनाबाट भारतको राजनीति पनि प्रभावित भएको थियो । यहाँका विभिन्न राजनीतिक दलहरूको राजनीतिक वातावरणलाई यसले उत्तेजित गऱ्यो । काँग्रेसी र जिन्नाको मुस्लिम लीगले आयोगलाई बहिस्कार गऱ्यो । तर आयोग खाँ र फजली हुसैनको 'सर्वदलीय मुस्लिम सम्मेलन' ले यसलाई सक्रिय सहयोग गऱ्यो । मुसलमान बाहेक दलित वर्गमा पनि जागरूकता आयो । समाजको यो तप्का साँच्चीकै सबभन्दा पिछडिएको थियो । उनीहरूलाई शिक्षाको अवसरबाट वञ्चित गरिएको थियो । उनीहरूलाई मोन्टफोर्ड सुधार अन्तर्गत संविधान सभामा प्रतिनिधित्वसमेत दिइएको थिएन । उनीहरूको पक्षलाई प्रस्तुत गर्ने योग्य प्रतिनिधि पनि थिएनन् । डा.अम्बेडकर नै यसका अपवाद थिए । उनी दलित वर्गका नेताहरू मध्ये सबभन्दा प्रतिभाशाली थिए । उनको दर्जा उच्च थियो । र, उनको योग्यता र विद्वताको धाक पनि व्यापक थियो । उनको भारतीय नेताहरूमा छुट्टै पहिचान थियो । उनी दलित वर्गका भाग प्रस्तुत गर्न अघि सरे । अम्बेडकर भारतका सर्वाधिक शिक्षित र संवेदनशील व्यक्तिहरूमध्ये एक थिए । उनका मनमा मानसिक संघर्ष चलिरहेको थियो । दलित वर्गले आफ्नो भाग कति गर्ने र त्यसलाई राष्ट्रिय हितका साथ कसरी समायोजन गर्नुपर्दछ ? दलित वर्गका साथ न्याय हुनुपर्दछ भन्ने कुरोमा अम्बेडकर कृतसंकल्प थिए । उनका अघिल्तिर दोहोरो समस्या थियो । सबभन्दा पहिले दलित वर्गलाई मतदाता सूचिमा ल्याउनुपर्ने छ । तर उनीहरू धेरै गरिब थिए । उनीहरूसँग जग्गा, घर- घडेरी केही पनि थिएन । उनीहरूको राम्रो आम्दानी पनि थिएन । मतदाताको सिद्धान्तको आधारमा जमिन वा घरको स्वामित्व, आम्दानीको उच्चस्तर र शैक्षिक योग्यता भयो भने यो दलित वर्गको विरुद्ध हुनेछ । उनीहरूका निम्ति वयस्क मताधिकार नै उचित हुन सक्छ । यसैले यसका निम्ति अम्बेडकरलाई धेरै संघर्ष गर्नुपऱ्यो । यसबारे आफ्नो स्थिति प्रस्ट पार्न उनले गान्धीजीलाई कैयौंपटक

भनेका थिए । महात्मा गान्धीले पूर्ण लोकतान्त्रिक संविधानको कुरो गर्लान् भन्ने अम्बेडकरलाई विश्वास थियो । यसबारे गान्धीजीले दलित वर्गलाई निराश हुन दिएनन् । उनले भने उनी वयस्क मताधिकारका निम्ति वचनबद्ध छन् । नेहरू रिपोर्टले पनि यस कुरोको समर्थन गरेको थियो । तैपनि यो काम त्यति सजिलो भने थिएन । यसका निम्ति अम्बेडकरलाई पनि वाद-कुशलतालाई उपयोग गर्नुपरेको थियो । उनको महत्त्वपूर्ण प्रश्न थियो- प्रतिनिधित्वको मात्रा । के संयुक्त निर्वाचन आयोग र आरक्षणको व्यवस्था होला वा सिख तथा मुसलमान जस्तै दलितका निम्ति पनि पृथक निर्वाचन आयोग होला ?

अगस्त ८, १९३० मा अखिल भारत दलित वर्ग काँग्रेसीको सम्मेलन नागपुरमा बोलाइयो । यो सम्मेलन साख गरी राजनीतिक माग सम्बन्धमा विचार गर्नका निम्ति आयोजना गरिएको थियो । यस अधिवेशनको अध्यक्षता डा. अम्बेडकरले गरेका थिए । उनकै प्रेरणाबाट पास गरिएका प्रस्तावलाई निम्न प्रकारले प्रस्तुत गर्न सकिन्छः

1= भारतका लागि डोमिनियन स्टेट (औपनिवेशिक दर्जा) सबभन्दा राम्रो हुनेछ ।
2= केही सुरक्षाका साथ यथाशीघ्र उत्तरदायित्व दिने ।
3= भावी संविधान बनाउने बेला भारतको सामाजिक स्थितिलाई ध्यानमा राखियोस् ।
4= संविधान सभामा दलित वर्गलाई समुचित प्रतिनिधित्व दिइयोस् ।
5= पृथक निर्वाचन आयोग उपयोगिताबारे विश्वासका बाबजुद उनीहरू संयुक्त निर्वाचन मण्डलमा आरक्षित स्थानका निम्ति तयार हुनेछन् शर्त छ,- यसका साथ वयस्क मताधिकार लागू होस् ।
6= सरकारी नोकरीमा पर्याप्त प्रतिनिधित्व हुनुपर्ने ।
7= सुरक्षित विषय अन्तर्गत भएता पनि सेनालाई भारत सरकारको कार्यकारी नियन्त्रणबाहिर नराखियोस् ।

बम्बई विधान परिषका सदस्यद्वारा एउटा रिपोर्ट तयार गरिएको थियो । यस रिपोर्टमा डा. अम्बेडकरले एउटा आफ्नो छुट्टै नोट जोडेका थिए । यसमा उनले आफ्नो तर्फबाट संवैधानिक प्रस्ताव प्रस्तुत गरेका थिए । यो एउटा विस्तारपूर्वक लेखिएको दस्तावेज हो । यसमा अम्बेडकरले आफ्ना विचार बडो जोडदार तरिकाले स्पष्टताका साथ राखेका छन् । उनले दलित वर्गको प्रतिनिधित्वका सम्बन्धमा मध्यम मार्ग अपनाएका छन्ः

1= यदि वयस्क मताधिकार प्राप्त भयो भने मुसलमान, दलित वर्ग र एंग्लो इण्डियनलाई छोडेर बाँकीका निम्ति क्षेत्रीय प्रतिनिधि हुनुपर्दछ ।

2= यदि मताधिकार पहिले जस्तै सिमित भयो भने मुसलमान, दलित वर्ग, एंग्लो इण्डियन, मराठा र अन्य सम्बद्ध जाति तथा मजदुरलाई छोडेर बाँकीका निम्ति प्रतिनिधित्व क्षेत्रीय होस् ।

3= मजदुरका निम्ति प्रतिनिधित्व पञ्जीकृत मजदुर संगठनको निर्वाचन मण्डलका आधारमा हुनेछ ।

क्षेत्रीय निर्वाचन आयोग र पृथक निर्वाचन न आयोग यी दुई विपरीत ध्रुव हुन् । यस देशको यो घोर अलोकतान्त्रिक प्रणाली हो। लोकतान्त्रिक सरकारको प्रतिनिधित्व प्रणालीका निम्ति यसलाई कहिल्यै स्वीकार गरिइनु हुँदैन । यसका लागि सबभन्दा राम्रो बाटो संयुक्त निर्वाचन आयोग र आरक्षणको व्यवस्था हो। यसबाट कम नै अपर्याप्त हुनेछ र यसबाट निकै राम्रो सरकारका आवश्यकतालाई खराब गर्नेछ ।

यी दुइटा दस्ताबेजबाट के थाहा पाइन्छ भने दलित वर्गका प्रतिनिधित्वका सम्बन्धमा डा. अम्बेडकरको तरिका लचिलो थियो । यसका लागि मोलमोलाई गर्नु बढीभन्दा बढी रियायतका निम्ति लड्नु जरुरी थियो । उनले गोलमोच सम्मेलनमा पृथक निर्वाचन आयोग र पृथक प्रतिनिधित्वको माग राखेका थिए । उनले नोभेम्बर ४, १९३१ मा गोलमेच सम्मेलनका अघिल्तिर अनुपूरक ज्ञापनपत्र प्रस्तुत गरेका थिए । त्यस ज्ञापनपत्रमा उनले बम्बई र मद्रासमा बढी प्रतिनिधित्वको मागका साथै संघीय विधान मण्डलमा अनुपातिक प्रतिनिधित्वको माग गरे । यसको विधिबारे उनले भनेका थिए- दलित वर्गलाई प्रान्तीय र केन्द्रीय विधान मण्डलमा पृथक निर्वाचन सूचिका माध्यमले आफ्ना प्रतिनिधि निर्वाचित गर्ने अधिकार हुनेछ ।

अल्पसंख्यक विषयमा नियुक्त समिति समक्ष (दोस्रो गोलमेच सम्मेलनका समयमा) नोभेम्बर १३, १९३२ मा महात्मा गान्धीले अल्पसंख्यकका समस्याबारे विस्तारपूर्वक विचार प्रकट गरे । उनले दलित वर्गका समस्या बारे पनि चर्चा गरेका थिए । दलितलाई अर्को वर्गमा राख्ने कुरोको उनी विरोधी थिए । उनले बडो भावपूर्ण उद्गार व्यक्त गरे- के अस्पृश्य हमेसा अस्पृश्य नै रहनेछन् ? अस्पृश्यता जीवित रहनुको साटो त हिन्दु धर्म समाप्त हुनुपर्दछ भन्ने कुरो म गर्न चाहन्छु ।

गान्धीजीले भनेः म अम्बेडकरलाई उनको अस्पृश्यहरूलाई उकास्ने इच्छाको पूरा सम्मान गर्दछु । तर डा. प्रति सम्मानका बाबजुद म बडो विनम्रतापूर्वक भन्दछु कि जुन घोर अन्यायका वातावरणमा

उनले परिश्रम गरे र जुन कटु अनुभवबाट उनी गुज्रे त्यसले अर्को विवकेलाई यसबेला ढाकि दिएको छ । उनले समितिलाई विश्वास दिलाए कि मैले सारा संसारको बादशाही पाएँ पनि म अस्पृश्यहरूको अधिकारका निम्ति मोलमलाइ गर्नेछैन । उनले भने जो मानिस पृथक निर्वाचन मण्डल र राजनीतिक अधिकारका कुरा गर्छन् उनलाई थाहा छैन कि भारतीय समाजको रचना कसरी भयो, यहाँ दलित वर्ग कसरी छितर-बितर भएको छ वा म हिन्दु समाजको विघटन गर्ने मानिसमा आफूलाई शामिल गर्नेछैन । यदि पृथक निर्वाचन मण्डलको विरोध मलाई एक्लै गर्नु परे पनि म आफ्नो ज्यान दिएर भए पनि यसलाई रोक्नेछु ।

पृथक निर्वाचन मण्डलको विषयमा गान्धीजीको विरोध स्वाभाविक नै थियो । यसअघि डा. अम्बेडकरले पनि यसलाई दुइटा मौकामा यसको विरोध गरिसकेका थिए । उनी वयस्क मताधिकार र एक मतदाता सूचिका साथ सीटहरूको आरक्षणको प्रस्ताव बारे विचार गर्नका निम्ति तयार थिए ।

तर विशेष प्रतिनिधित्व र राजनीतिक अधिकारबारे गान्धीद्वारा विरोध भएकोले डा.अम्बेडकर पृथक निर्वाचन मण्डल विषयमा झन् दृढ र सचेत भएका थिए । लण्डनमा उनीमाथि अरू दबाव र प्रभाव पनि परेका होलान् । मलाई के लाग्छ भने गान्धीजीले उनीसंग बढी सहायताका साथ व्यवहार गर्नुपर्ने थियो । उनलाई संयुक्त निर्वाचन र दलितका जनसंख्याको अनुपातमा आरक्षित सीटको प्रस्तावको विरोध नगर्नुपर्ने थियो । उनलाई अम्बेडकरको यो कुरोसंग सहमत भएर अस्पृश्यता निराकरणका प्रश्नबारे सहयोग गर्नुपर्ने थियो । सीमा निर्धारण गर्नुपर्ने थियो । उनको सम्पूर्ण विरोधका कारण नै डा. अम्बेडकरलाई आगा खाँ र अङ्ग्रेजको मद्दत लिनुपर्‍यो । आखिर यरवडा सम्झौता पनि त संयुक्त निर्वाचन मण्डलमा आरक्षणका आधारमा भयो । वस्तुतः सीटको संख्याका मामिलामा यो सम्झौता ज्यादा उदार थियो । यदि गान्धीजीले दोस्रो गोलमेच सम्मेलनअघि डा. अम्बेडकरसंग यो प्रस्ताव गरेको भए यतिको कटुता हुने थिएन । तर गान्धीजी कहिलेकाँही आफ्नो जिद्दीमा अडिरहन्थे । अम्बेडकर पनि कम जिद्दी भएका व्यक्ति थिएनन् । उनी पृथक निर्वाचन मण्डलको माग पूरा गराउनका निम्ति सन् १९३५ मा फेरि इंग्ल्याण्ड गएका थिए । उनले गरेको कोशिशको फल नै मैक्डोनाल्डोको फैसला थियो ।

जेल बस्दाखेरि गान्धीजीले दलित वर्गका समस्याबारे विचार गरिरहन्थे । उनी राष्ट्रलाई विभाजित गर्ने ब्रिटिश प्रयाससंग चिन्तित थिए । पृथक निर्वाचन मण्डलले मुसलमानमा अलगावको

प्रवृत्ति पैदा गरेको थियो । यो सिखमा पनि अलगावको प्रवृत्तिको कारण थियो । यदि यो सिद्धान्त दलित वर्ग समेत अरू हिन्दु-जातिहरूका निम्ति पनि लागू गरियो भने के होला ? गान्धीजीलाई यस कुरोको चिन्ता थियो । उनले ११ मार्च, १९३२ मा भारत सचिव सैमलु होरलाई एउटा चिट्ठीमा उनले लेखेका थिए । त्यस चिट्ठीमा उनले ब्रिटिश षडयन्त्रप्रति आफ्नो आशंका व्यक्त गरे । उनले लेखे कि दोस्रो गोलमेच सम्मेलनमा जो कुरो उनले गरेका थिए त्यो आवेशमा गरिएको थिएन । त्यसलाई शाब्दिक कौशल भनेर खारेज नगरियोस् । उनले भारत सचिवलाई आग्रह गरे कि यस मामिलालाई उनले गम्भीर मान्दछन् । यदि ब्रिटिश सरकारले पृथक निर्वाचन मण्डलको निर्णय गऱ्यो भने (दलित वर्गका निम्ति) उनी आमरण अनशन गर्न तयार हुनेछन् । एक महिनापछि सैम्युल होरले यसको उत्तर दिएका थिए । १३ अप्रिल, १९३२ मा सचिवले गान्धीजीलाई लेखे कि उनी लोवियन मताधिकार समितिको रिपोर्टलाई प्रतिक्षा गरून् । अनशन गर्ने निर्णय गर्नु भन्दाअघि गान्धीजीले यस समितिको रिपोर्टबारे विचार गर्नुपर्ने छ ।

यस पत्रले गान्धीजीलाई आश्वस्त गर्न सकेन । तर गान्धीजीले सरकारलाई जानकारी गराइसकेका थिए । र, अब उनी निर्णयको प्रतिक्षा मात्र गर्न सक्दथे । निर्णय घोषित भइसकेपछि उनले आफ्नो यस इरादालाई दोहोऱ्याए कि पृथक निर्वाचन मण्डलद्वारा हिन्दु समाज खलल पुऱ्याउने प्रयासलाई उनले विरोध गर्नेछन् । उनले भनेः सायद मेरो निर्णय शक्ति पङ्ग भइसकेको छ । अथवा यस मामिलामा म पूर्णरूपले गलतमा छु । यदि यस्तो कुरो छ भने सायद मेरो सम्पूर्ण जीवन दर्शन नै गलत छ । यस स्थितिमा अनशनद्वारा मेरो मृत्यु गलतीको तत्काल प्रायश्चित पनि होला । र, यसबाट ती असंख्य तन्नेरीहरूलाई एउटा बोझबाट मुक्ति पनि प्राप्त हुनेछ जसले मेरो बुद्दिमत्तामा बच्चा जस्तै विश्वास गरेका छन् ।

गान्धीजीले येरवडा जेलमा अनशन सुरु गरे । उनीसंग त्यहाँ महादेव देसाई र सरदार पटेल पनि थिए । गान्धीजीले महादेव देसाईलाई आफ्ना कुरा भनेका थिए । उनका आफ्नै मानिसले पनि यसलाई मन नपराऊलान् । जवाहरले पनि यसलाई पटक्कै मन पराउने छैनन् । यो धार्मिकता अब धेरै भइसकेको छ भन्ने कुरो उनले गर्लान् । तर गान्धी आफ्नो कुरोमा यति दृढ थिए । उनले सम्भाव्य आलोचनालाई महत्त्व दिएनन् । यस किसिमका विषयमा गलतफहमी पैदा हुने वा गलत अर्थ लगाउने हमेसा सम्भावना हुन्छ ।

जवाहर लाल नेहरूका बारे गान्धीजीको अडकल बिलकुलै सही थियो । उनलाई यस अनशन र अस्पृश्यता उन्मूलनका प्रश्नबारे पछिको अनशनबाट निकै परेशान थिए । जवाहर लालले सोच्दथे कि यो स्वतन्त्रताको प्रमुख प्रश्नबाट ध्यान हटाउने हो । सुभाषको पनि यस्तै प्रतिक्रिया थियो । यद्यपि गान्धीजीको तपस्याको फलस्वरूप सामाजिक दृश्यमा जो परिवर्तन भयो त्यसबाट उनीहरू प्रभावित भएका थिए ।

गान्धी-होरबीच भएको पत्राचार प्रकाशित भयो । यो पढेर अम्बेडकर तिनछक परेका थिए । उनलाई के लाग्यो भने यदि यस्तो कुनै वर्ग छ जसलाई आफ्नो रक्षाका निम्ति विशेष राजनीतिक अधिकार दिने आवश्यता छ भने त्यो दलित वर्ग नै हो । यो वर्गले अस्तित्वको कटु संघर्षमा आफ्नो रक्षा पनि गर्न सक्दैन । जुन धर्ममा उनीहरूलाई बाँधिएको छ त्यसले उनीहरूलाई सम्मानजनक स्थान दिनु साटो यस्तो कोढी बनाइ दिन्छ जो कि सामान्य कुराकानीका योग्य पनि छैनन् । आर्थिक दृष्टिबाट पनि यो वर्ग सवर्ण हिन्दुमा पूर्णतः निर्भर छ । हिन्दु समाजले यसको लागि अत्याचारबाट बच्नका निम्ति सारा बाटा बन्द गरिरहेका छन् ।

दलित वर्गले कही सुविधाहरू प्राप्त गरेका थिए । अम्बेडकरले यिनको रक्षा गर्ने दृढ संकल्प गरे । तर उनको मन ढुंगा जस्तो साह्रो थिएन । उनले राष्ट्रको दाबीको उपेक्षा गर्न सक्दैनथे । उनमा समताको तीव्र चाहना थियो । तर सबै खराब समयमा आफ्नो सपनाको भारतप्रति उनको प्रेम सबभन्दा माथि हुन्थ्यो ।

यस आलोचनाको उत्तर दिँदै उनले संयुक्त निर्वाचन मण्डल र आरक्षित सीटहरूको गान्धी प्रस्तावलाई ठुकराए । डा. अम्बेडकरले भने कि गान्धीजीले यस किसिमको कुनै प्रस्ताव प्रस्तुत गरेका थिएनन । गान्धीले पृथक निर्वाचन मण्डलको विरोध त गरे, गरे । बरु दलित वर्गका निम्ति कुनै पनि किसिमको विशेष प्रतिनिधित्वलाई पनि अस्विकार गरेका थिए । वयस्क मताधिकारमा आधारित नाम निर्वाचन सूचि अन्तर्गत भोटको अधिकार बाहेक उनी दलित वर्गलाई कुनै रियायत दिन तयार थिएनन् । आफ्नो स्थिति स्पष्ट गर्दै डा. अम्बेडकरले भने कि दलितका अधिकारको सुरक्षाका निम्ति संवैधानिक सुनिश्चितता हुनुपर्ने आफ्नो जिद्दीलाई उनी छोड्न सक्दैनथे । यदि गान्धी पृथक निर्वाचन मण्डलमा आधारित निर्णयमा परिवर्तन गर्न चाहन्छन भने उनले दलित वर्गका निम्ति उचित सुनिश्चितता प्रदान गर्नुपर्ने छ ।

डा. अम्बेडकरलाई निकै दबाब पर्दै थियो । अङ्ग्रेजको समर्थन पाएर उनी आफ्नो कुरोमा अडिग रहन सक्दथे । उनले जातिवादमा आधारित समाजप्रतिको घृणालाई अरू सब कुराभन्दा माथि राख्न सक्दथे । यदि उनले यस्तो गरेको भए को न्यायप्रिय व्यक्तिले उनलाई दोष लगाउन सक्थ्यो ? तर उनले यस्तो गरेनन् । उनले दोस्रो गोलमेच सम्मेलनको अवसरमा यस विषयलाई लिएर गान्धीको विरोध गरेका थिए । यत्तिकैमा साराका-सारा राष्ट्रवादी पत्रपत्रिकाले उनलाई देशद्रोही भनेर विरोध गरेका थिए । स्वभावतः अम्बेडकरलाई यो मन परेन । यस बदनामीले उनलाई सताइ रह्यो । तैपनि उनले छोटोपन देखाएनन् । यद्यपि यो विषय समाप्त भइसकेको छ भन्ने सोचेर उनी आफ्नो अडानमा अडिग हुन सक्दथे । उनले वैकल्पिक प्रस्तावबारे विचार गर्ने तत्परता देखाए । गान्धीजीले सवर्ण हिन्दुहरूको सुतेको आत्मालाई जगाएर आफूलाई गौरान्वित गरे । तर मेरो विरोधमा डा. अम्बेडकरले गरेको काम ज्यादा महान थियो । उनले आफूलाई अन्यायका विरुद्ध थकाइ नमार्ने संघर्षशील व्यक्तिका रूपमा र महान भारतीय सिद्ध गरे । महात्मा गान्धीले स्वयं 'हिन्दु' का संवाददातालाई भनेका थिए :

"हिन्दुहरूलाई शताब्दीदेखिको पापको दण्ड दिनका निम्ति अम्बेडकर आफ्नो कुरोमा अडिरहन सक्थे । यदि उनले यस्तो गरेको भए मलाई उनीप्रति कुनै सिकायत हुने थिएन । र, मेरो मृत्यु हिन्दुहरूद्वारा अगणित पुस्तै-पुस्तामा गरिएका अत्याचारको मामुलीजस्तो मूल्य नै हुने थियो । तर उनले उदारताको शैली अपनाए र क्षमाको अनुसरण गरे जसको सबै धर्ममा प्रावधान छ । म चाहन्छु कि सवर्ण हिन्दुले आफूलाई यस क्षमाका पात्र सिद्ध गर्नेछन् । र, सम्झौतालाई आफ्ना तमाम निहितार्थका साथ शब्दशः र स्वभावतः पालन गर्नेछन् ।"

सम्झौताको राजनीतिक भाग महत्त्वपूर्ण छ । तैपनि सुधारका विस्तृत क्षेत्रमा यसको स्थान निकै सानो छ भन्ने गान्धीको भनाइ थियो । उनले भने कि हाम्रो लक्ष्य ती सब सामाजिक र धार्मिक अशक्तलाई हटाउनुपर्ने जसले गर्दा गरिब वर्ग पीडित छन् । स्वतन्त्रताको सन्देश सबैका घरमा पुग्नुपर्दछ भन्ने उनले घोषणा गरेका थिए । केही समयसम्म यस्तो लाग्दथ्यो गान्धी र अम्बेडकरबीच मेल भइसकेको छ । र, दुवै मिलेर हिन्दु समाजका खराबीहरू समाप्त गर्न आफ्नो शक्ति लगाउलान् । महात्मा गान्धीको उदार मनको झलक अम्बेडकरले पाइसकेका थिए । उनले विश्वास प्रकट गरे कि यद्यपि उनी केही विषयमा गान्धीसंग असहमत छन् । दलित वर्गका बारे उनको इमानदारीमा शंका गर्नु अनर्गल हुनेछ । पछिल्ला केही वर्षहरूमा महात्मा गान्धीको सम्पर्क भएपछि उनले यो कल्पना गर्न

सक्दैनन् कि गान्धीजीले राष्ट्रका दृष्टिले नसोचेर सवर्ण हिन्दुहरूको दृष्टि वा कुनै अरू दृष्टिले सोच्दछन् । उनका निम्ति राष्ट्रवाद आलंकारिक शब्द होइन । यो त उनको प्राणवायु हो ।

ती दुवै तर्फबाट यस्तो सद्भाव थियो । तर कुन्नी के कारण हो दुवै नेताबीचको सहयोग धेरै दिन रहेन ? दुवै फेरि एकअर्काको विरोधी किन भए र उनीहरूले अन्तसम्म एकअर्कातिर आकर्षित किन भइ रहे ?

मलाई लाग्छ, तीनवटा कारणले गर्दा समान अभिष्ट लक्ष्यका निम्ति उनीहरूले मिलेर काम गर्न सकेनन् । यस खराबीको विश्लेषणमा दुवैबीच मूल दृष्टिभेद नै पहिलो कारण थियो । गान्धीजीले धेरै वर्षसम्म सानो-ठूलोको क्रम तथा अस्पृश्यताबीचको सम्बन्ध बुझ्न सकेनन् । उनी जाति प्रथाका समर्थक थिए । यसको मूल चार वर्ण व्यवस्था थियो ।

वर्ण के हो र यसबारे निश्चित र स्पष्ट कल्पना महात्मा गान्धीलाई छैन भन्ने डा. अम्बेडकरको भनाइ थियो । आफ्ना लेखले गर्दा महात्मा गान्धीले झन् उलझ्याएको छ भन्ने उनलाई लाग्यो । उनले जातिका प्रश्नबारे गोलमोच कुरा गर्ने भनेर गान्धीलाई आरोप लगाएका थिए । गान्धीजीले कसलाई खुशी पार्न चाहनुहुन्छ ? के सन्तको बाटोमा राजनेता तगारो भएका छन् ? के जाति समस्याको सत्यलाई ग्रहण गर्न सन्त असक्षम भइसकेका छन् ? यी प्रश्न र यस्तै कैयौं प्रश्नले अम्बेडकरलाई परेशान गर्दै थिए । उनले गान्धीको रहस्यवाद र अन्धविश्वासपूर्ण तर्कहीन वक्तव्यले उनी चक्करमा परे । काँग्रेसी नेता राजनीतिक मजबुरीका कारण र गान्धीको लोकप्रियता तथा उनीमाथि आफ्नो निर्भरताका कारण गान्धीलाई उपेक्षा गर्न सक्दथे । तर अम्बेडकरका निम्ति भने यो प्रश्न जीवन-मरणको प्रश्न थियो । उनले जातिका प्रश्नमा गान्धीका अनेक परम्परा विरोधी वक्तव्यलाई उपेक्षित गर्न सक्दैनथे । सन् १९३६ मा डा. अम्बेडकरले भनेका थिए कि गान्धीजीका विचारको अस्पष्टताका कारण उनको बाल-सुलभ स्वभाव हो । उनका सबै कुरमा बच्चा जस्तै सरलता हुन्छ र बच्चाजस्तै नचाहिने कुरोमा विश्वास गर्ने क्षमता उनमा छ । अतः जबसम्म गान्धीले वर्णका बारे आफ्नो धारणा छोड्दैनन जसरी उनले जातिको वर्तमान स्वरूपका सम्बन्धमा आफ्नो धारण छोडेका थिए त्यति बेलासम्म प्रतिक्षा गर्नुपर्ने छ ।

अम्बेडकरले यो पनि भने कि गान्धीमा स्पष्ट चिन्तनको अभाव थियो । यसका अतिरिक्त उनी दोहोरो भूमिका निर्वाहका पनि दोषी छन् । एकातिर महात्माजीको भूमिका र अर्कोतिर राजनेताको

भूमिका । उनले राजनीतिलाई आध्यात्मीकरण गर्दै छन् । यसमा उनी सफल भए वा भएनन् । तर राजनीतिले उनलाई व्यवसायीकरण भने अवश्य गराएको छ । राजनेतालाई थाहा छ । समाजका सम्पूर्ण सदस्यलाई सहने क्षमता हुँदैन । अतः सम्पूर्ण सत्य जो तीतो हुन्छ त्यसलाई कहिल्यै पनि भन्नु हुँदैन । हिन्दु गलत आदर्श बोकेर हिँडदै छन् र उनीहरूको सामाजिक जीवन पनि गलत छ भन्ने अम्बेडकरको विश्वास थियो ।

अम्बेडकर ज्ञानकी देवीका उपासक थिए । यो कुरो म जोडदारका भन्न चाहन्छु । गान्धीजीले ज्ञानको अवमूल्यन गरेका छन् । र, यसको ठाउँमा अन्धविश्वास, अन्धश्रद्धा र तर्कहीनतालाई स्थापित गरेका छन् । यस कुरोमा अम्बेडकरको दृढ विश्वास थियो ।

अम्बेडकरको भनाइ छ कि गान्धी आउनुअघि यहाँ दुइटा प्रमुख दलहरू थिए । र, तिनका प्रभुत्वका निम्ति होडबाजी गर्दै थिए । एउटा उदार गुट थियो । यसमा काँग्रेसको अधिपत्य थियो । अर्को आतंकवादी गुट थियो । कुनै पनि व्यक्ति शिक्षा मात्र नभएर उच्च स्तरको विद्वता अर्जित नगरेर महत्त्वपूर्ण पद प्राप्त गर्न सक्दैनथ्यो । अध्ययन गरेर नाउँ नकमाउँदासम्म कुनै पनि व्यक्ति उदार दलको नेतृत्व पंक्तिमा प्रवेश गर्न पाउँदैनथ्यो । आतंकवादीहरूले पनि अत्यन्त कडा कसौटी निर्धारित गरेका थिए । कुनै पनि धूर्त मानिस त्यस दलमा प्रवेश गर्न पाउँदैनथ्यो । आतंकवादीहरूले पनि अत्यन्त कडा कसौटी निर्धारित गरेका थिए । कुनै पनि धूर्त मानिस त्यस दलमा प्रवेश गर्न सक्दैनथ्यो । गान्धीका तरिकालाई उपहास गर्दै अम्बेडकरले भने कि सिभिल नाफरमानिका निम्ति विद्वताको आवश्यकता थिएन । त्यसमा ज्यान दिने हिम्मत पनि चाहिदैनथ्यो । गान्धीजीले विद्वता नभएका र अन्तिम दण्ड भोग्न नचाहने सबैका लागि बाटो खुला गरिदिएका थिए ।

अम्बेडकरको यो विश्लेषण साँच्चो कुरोमा आधारित थियो । तर उनले आफ्नै किसिमले गान्धीजीको प्रशंसा पनि गर्दै थिए । वस्तुतः यो शिष्ट वर्गको राजनीतिलाई सर्वसाधारण जन समुदायको राजनीतिमा बदल्ने सर्वोत्तम तरिका थियो । मलाई कहिलेकाँही के लाग्छ भने डा.अम्बेडकर यस्ता शैक्षिक कुलीनतन्त्रका समर्थक थिए जो बाहुनवादको सिद्धान्त जस्तै जन्ममा आधारित थिएन । बरु योग्यता र गुणवत्तामा आधारित थियो । गान्धी कुलीनतन्त्रका प्रशंसक थिए । शैक्षिक कुलीनतन्त्र र सामाजिक गतिशीलताबीच समन्वय हुनुपर्दछ भन्ने अम्बेडकरको इच्छा थियो । उनी समान अवसरका सिद्धान्त व्यवहारिक रूपले काम गर्न सक्ने समातामूलक समाज स्थापना गर्न चाहन्थे । समान अवसरका सिद्धान्त गैरबराबरी भएको समाजको कुनै अर्थ हुँदैन भन्ने उनको बुझाइ थियो ।

डा.अम्बेडकर पश्चिमी उदार लोकतान्त्रिक आदर्शवादबाट धेरै प्रभावित भएका थिए । उनी ज्ञानका भोका थिए । र, विद्वताप्रति उनको मनमा बडो सम्मान थियो । उनी रानाडेको विचार प्रणालीका समर्थक थिए । तर यो उनको चरित्रको पूर्ण परिचय भने होइन । बाबा साहेब अम्बेडकरले हिन्दु समाज व्यवस्थालाई बिलकुलै मन पराउँदैनथे । यसमा जातिका अनेकानेक सिंढीहरू छन् । र, यसले समाजका तल्लो वर्गलाई दास बनाउने काम गर्दछ । उनले उच्च शिक्षा प्राप्त गरेका थिए । उनमा महान प्रतिभा थियो । तैपनि सवर्ण हिन्दुहरूद्वारा उनलाई निकै अपमानित गरियो । हरेक स्तरमा उनलाई हेपियो । उनी अनुसूचित जाति र दलितको स्थिति सुधार्न कटिबद्ध थिए । उनी सामाजिक समताको आदर्शप्रति समर्पित थिए । र, उनी अन्याय र शोषणका विरुद्ध आजीवन प्रयासरत थिए । अम्बेडकरको सहानुभूति तिलकका विचारधारासित थिएन । त्यस विचारधारामा ब्राह्मण जातिको अंहकार र श्रेष्ठता ग्रन्थीको प्रभुत्व थियो । र, यसले पुरातन पन्थी विचारलाई रक्षा गर्नका निम्ति आफ्नो शक्ति लगाइरहको थियो । प्रशिक्षण र मानसिक झुकावका दृष्टिले अम्बेडकर संवैधानिक लोकतन्त्रवादी थिए । यदि उनले सामाजिक भेदभाव र अन्यायका विरुद्ध प्रतिरोध र सिभिल नाफरमानिको बाटो नअपनाएको भए परिस्थितिका विवशताले नै उनले यस्तो काम गरेका थिए । उनको सत्याग्रहमा आस्था भएर यो काम पक्कै पनि गरेका होइनन् । वस्तुतः उनले यो बाटो मन पराएका थिएनन् । र, उनले संवैधानिक परिवर्तनलाई उचित ठान्दथे । उनलाई हिंसात्मक क्रान्तिमा पनि विश्वास थिएन । उनी लोकतन्त्रका कट्टर समर्थक थिए । वयस्क मताधिकार, स्वतन्त्र र निष्पक्ष चुनावको आधारमा लोकतान्त्रिक परिवर्तनमा उनको अदम्य विश्वास थियो । उनले आफ्ना अनुयायी महिला-पुरुषमा मतदानको अनुशासनको भावना भरे । यो हेर्ने लायक थियो । दलित मताधिकारलाई प्रभावकारी तरिकाले सोद्देश्य उपभोग गर्नुपर्दछ भन्ने उनको जीवनको यही इच्छा थियो ।

म क्याम्पसमा भर्ना भएँ । त्यतिखेर त्यो मेरा निम्ति एउटा नयाँ संसार थियो । मभित्र राजनीतिक चेतना जागृत भयो । र, मैले राजनीतिक आन्दोलनमा रुचि लिन थालेँ । मैले समाचार र पत्रपत्रिका ध्यान दिएर पढ्न लागेँ । म राजनीतिक सभा भएका ठाउँहरूमा जाने गर्दथे । त्यो बेला प्रान्तमा काँग्रेसीको सरकार थियो । पुनाको गोखले सभागृहमा डा. अम्बेडकरले एउटा सभालाई सम्बोधन गरे । त्यतिबेला उनी बम्बई विधान सभाका सदस्य र इण्डियेन्डेण्ट पार्टीका नेता थिए । सन् १९३७-३९ को अवधिमा संघीय शासनको योजना चर्चाको मुख्य विषय हुने गर्दथ्यो । डा. अम्बेडकरको

यो प्रिय विषय थियो । सभागृह खचाखच भरिएको थियो । म र मेरा साथीहरूले बाहिर बसेर सुन्ने ठाउँ पायौँ । भाषण सुन्न सकून् भनेर माइक्रोफोन लगाइएको थियो । यो हाम्रो सौभाग्य नै थियो ।

डा.अम्बेडकर सामान्य अर्थमा वक्ता थिएनन् । सामान्यतः आम रूपमा देखिने भाषण कौशल उनमा थिएन । तैपनि उनी ओजस्वी वाकपटु थिए । मुक्का घुमाउने वा नौटंकी गर्ने उनको बानी थिएन । श्रोताहरूलाई स्तम्भित गर्न पाउँदा उनलाई मजा आउँथ्यो । उनका भाषण विचारोत्तेजक हुन्थे । र, सार्वजनिक जीवनका पाखण्डलाई पर्दाफास गर्नु उनका निम्ति प्रिय थिए । गान्धी र गान्धीवादसित उनलाई विशेष रुचि थिएन । उनमा उनीकोप्रति रिस पनि थियो । गान्धी युगमा अज्ञान, अन्धश्रद्धा र धार्मिक उत्साहको ज्यादा महत्त्व थियो भन्ने उनको विश्वास थियो । उनले गान्धीको तीखो आलोचना गर्दथे । र , उनले मान्दथे कि गान्धीले यथास्थितिवाद र बुद्धिवाद-विमुखतालाई प्रोत्साहान गरेका छन् । यसको विपरीत उनी रानाडे र उनको विद्या-प्रेमका प्रशंसक थिए । उनको दृष्टिमा गान्धीको उदयको अर्थ थियो बुद्धिवादको ह्रास, राजनीतिक समस्याप्रति आवेगरहित दृष्टि र ज्ञान प्रचारको भावनाको अन्त ।

यी मेरा निष्कर्ष हुन् । र, यो पहिलो भाषण सुनेर यी निष्कर्ष निस्किएका हुन् । संघीय योजनाका दोषबारे विद्वतापूर्ण प्रकास पार्नुका साथै अम्बेडकरले ज्ञानकी देवीलाई श्रद्धान्जली दिए । र, उनले गोलमेच सम्मेलनमा गान्धीको भूमिकालाई आलोचना गरे ।

अम्बेडकरले गोखलेको स्मृतिमा 'स्थापित गोखले राजनीतिक एवं अर्थशास्त्र संस्थान' का संस्थापकलाई बधाई दिएका थिए । उनले भने कि गोखले आफ्नो विषयको गहन अध्ययन गर्दथे । उनले भने कि जसलाई विद्या र अध्ययनमा रुचि छ गोखलेप्रति उनी सबैको आभारी हुनुपर्दछ । यो संस्थान महान उघेश्य लिएर चल्दै छ । अर्थात् ज्ञानको खोज गर्नु र त्यसलाई मानिसका निम्ति उपलब्ध गराउनु । ज्ञान एउटा शक्ति हो भन्ने विचार उनको थियो । ज्ञानको आवश्यकतामा उनीलाई विश्वास थियो । र, ज्ञानको साधना सजिलो छैन भन्ने कुरो पनि उनलाई थाहा थियो ।

अम्बेडकरले भाषणको अन्ततिर गान्धीका कुरा काटे । दोस्रो गोलमेच सम्मेलनमा संवैधानिक प्रश्न ठीक तरिकाले प्रस्तुत नगरेकोले उनले गान्धीजीको आलोचना गरेका थिए । यस ठाउँमा पुगेर गान्धीजीले आफ्नो स्वर अलि बढाएका थिए । यतिका वर्ष बिते पनि त्यो स्वरको स्मरण अझै मलाई ताजै छ । उनको प्रतिपादनमा अतिरिक्त बल आएको थियो । अम्बेडरले व्यंग्य गर्दै भनेका थिए:

"जब उनी लण्डन पुगे तब उनका अघि ती मानिस हुनेछैनन् जो हमेसा उनका नजिकै सल्लाह वा आशीर्वाद लिन आउँथे भन्ने कुरो उनले बिर्से । बरु जसले उनलाई यस्ता प्रश्न गर्लान् जसरी वकिलले कटघरामा उँभिएको साक्षीसंग गर्छन् । यस्ता मानिस होलान् । उनले यो पनि बिर्से कि उनी एउटा राजनीतिक सम्मेलनमा जादै छन्  । उनी त्यहाँ यसरी गए जसरी वैष्नव मन्दिरमा नरसी मेहताको भजन गाउन गइरहेका छन् ।"

त्यहाँ राष्ट्रिय सम्झौताबारे कुरो गर्नु पर्ने थियो । यसका निम्ति उनीभन्दा अयोग्य व्यक्ति अर्को कुनै हुन सक्दैनथ्यो । प्रान्तीय स्वायत्तताको बाचाले गर्दा उनी मोहित थिए । उनी बोका लिएर आउन तयार भइसकेका थिए । जबकि उनलाई गुदीबारे वार्ता गर्न पठाइएको थियो ।

डा. अम्बेडकरले त्यसपछि रानाडे र गान्धी युगको तुलना गरे । उनले भने कि नयाँ युगका विशेषताहरू हुन्- अर्ध-नांगो नेता, बुद्धिवाद तथा अनुभवका ठाउँमा भित्री आवाजको शासन । उनले भने कि रानाडे युग यस्तो युग थियो जसमा मानिस गम्भिर अध्ययन र जीवनका वास्तविकताको खोजमा आफ्नो शक्ति खर्च गर्दथे । उनी रूढीवादीका विरुद्ध उँभिएर जीवन र चरित्रलाई आफ्नो खोजको परिणामको प्रकाशमा बदल्ने कोशिश गर्दथे । गान्धी युगमा ज्ञानाआर्जनलाई तिरस्कारका नजरले नहेरिए पनि राजनेताका निम्ति यसलाई आवश्यक योग्यता मानिदैनथ्यो । गान्धी युग भारतको अन्धकार युग थियो ।

अम्बेडकरको भाषण सुनेर म निकै प्रभावित भएँ । मैले उनको कुरोको सही अनुमान तब लगाएँ जब मैले शंकरराव देव, प्रफुल्लचन्द्र घोष, बालुभाइ मेहता र कतिपय गान्धीवादीहरूलाई देखेँ । र, विचार गरेँ कि कसरी कर्मकाण्ड, वर्त, भोजन सम्बन्धी प्रयोग, दाह्री र लुंगी, तपस्या र साधनाको अंहकारले ज्ञान र विद्यालाई निलिसकेको थियो । यी सबै शिक्षित व्यक्तिहरू थिए । उनीहरूको आत्मत्याग शंकाको बाहिर थियो । तथापि उनीहरूमा दृष्टिकोणको संकुचितता र आध्यात्मिक अहंकार थियो । यसलाई देखेर घृणा हुन्थ्यो । तस्बिरको अर्को उज्जवल पक्ष पनि थियो । गान्धीले विशाल मूक जनताको चेतना जगाए । असहाय र निहत्था सर्वसाधारण जनसमुदायलाई ब्रिटिश शासन व्यवस्थाका विरुद्ध तयार गरे । र, सवर्ण हिन्दुहरूलाई केही प्रायश्चित गर्न बाध्य पारे । सामाजिक संघर्षमा लिन डा. अम्बेडकरले यसलाई त्यस रूपमा देख्न सकेनन् जुन रूपमा मैले देखेँ । मेरो यो विश्वास सकारण नै हो

। अधिकांश काँग्रेसीले दलितका समस्या बुझ्दैनथे । उनीहरूप्रति साँच्चो सहानुभूति पनि उनीहरूमा थिएन । तर गान्धीजीमा त्यसप्रति सहज समझदारी र गहिरो सहानुभूति पनि थियो ।

अम्बेडकरका धेरैजसो समकालीन कांग्रसीहरूले उनलाई अहंकारी व्यक्ति मान्दथे । तर विद्वताका अघि उनी पूर्ण विनयी थिए । रानाडेको विनम्रताको पनि उनी बडो प्रशंसक थिए । संविधान सभामा संविधानबारे लामो बहस भएको थियो । त्यसपछि उनले अरूप्रति जो उद्गार प्रकट गरेका थिए त्यो मेरो यस कथनको प्रमाण हो । उनले भने जब संविधान सभाले मलाई प्रारूप समितिका निम्ति रोज्यो । त्यतिखेर मलाई निकै आश्चर्य भएको थियो । मलाई झन् आश्चर्य भयो जब मलाई त्यस समितिको अध्यक्ष बनाइयो । यद्यपि मभन्दा निकै असल र ज्यादा योग्य व्यक्ति पनि त्यहाँ थिए । जस्तै मेरा मित्र अलादी कृष्णस्वामी अप्पर । उनले सारा प्राथमिक तयारी गर्नका निम्ति बी.एस. रावको प्रंशसा गरे । नयाँ सूत्रको खोजी, सहिष्णुता र सहयोगको भावनाका निम्ति सहयोगीहरूको पनि प्रशंसा गरे । नयाँ सूत्रको मुख्य प्रारूप, एन.एन, मुखर्जीप्रति प्रशंसात्मक उद्गार प्रकट गर्दै उनले भने कठिन परिश्रम गर्ने उनको क्षमता एवं अत्यन्त जटिल प्रस्तावलाई सरल र स्पष्ट विधि शब्दावलीमा प्रस्तुत गर्ने उनको योग्यता बेजोड थियो । उनले काँग्रेसी दलको अनुशासन र अरूलाई हमेसा उचित सम्मान दिने बाबु राजेन्द्र प्रसादको महत्त्व पनि प्रशंसा गरे ।

होइन, अम्बेडकर अहंकारी थिएनन् । जन्म र असमानतामा आधारित बाहुनवादी व्यवस्थाको आदर्शलाई उनले घृणा गर्दथे । उनले कुनै तरिकाले काँग्रेसीसंग जोडेको मूल्यलाई मन पराउँदैनथे । गान्धीले नेतृत्व गरेको काँग्रेसीलाई जस्तो कि सबैलाई थाहै छ- पुँजीवादीहरूको समर्थन थियो । घनश्यामदास बिडला उनका अग्रणी थिए । अम्बेडकरको मनमा व्यापारी वर्ग र उनका सबभन्दा उच्च सदस्यप्रति वितृष्णा थियो ।

अम्बेडकर गान्धीदेखि टाढै थिए । यसको अर्को कारण थियो- येरवडा सम्झौताका वचबद्धतालाई लागू गरिएन । अम्बेडकरले पृथक निर्वाचन मण्डलको साटो सीटको आरक्षण र दलीत वर्गलाई मात्र प्राथमिक चुनावको व्यवस्था स्वीकार गरिसकेका थिए । तर असली कुरो यो थियो कि दलित वर्ग जुन अशक्तताका सिकार थिए, त्यसलाई चाँडै समाप्त गर्नु थियो ।

सितम्बर २२, १९३२ मा गान्धीले अम्बेडकरलाई वचन दिए कि सबै अस्पृश्य एक भए भने उनले सनातनीहरूको गणलाई बारुदले उडाउनेछन् । उनले भने कि सबै दलित मिलेर सनातनीका

विरुद्ध विद्रोह गर्नुपर्ने छ । तर अनशन समाप्त हुना साथ अस्पृश्यता निवारण गर्ने काम ढिलासुस्ती हुन थाल्यो । यसले गर्दा अम्बेडकर निकै क्षुब्ध भए । उनले मन्दिर प्रवेश र सहभोजजस्ता काममा जोड दिन चाहन्नथे । बरु दलित वर्गको आर्थिक, सामाजिक र शैक्षिक स्थिति सुधार गर्ने कुरोमा जोड दिन चाहन्थे ।

गान्धीजीलाई स्वंय पनि यस ढिलासुस्ती अवगत थियो ।  उनी उपवास बसे । उनले 'हरिजन सेवक संघ' को स्थापना गरे । सामान्य वातावरणमा केही परिवर्तन भयो । तर यसमा अम्बेडकर वा सामाजिक परिवर्तनलाई महत्त्व दिने कुनै अरू व्यक्तिलाई सन्तोष हुने कुरै थिएन ।

जातिका प्रश्नमा गान्धीका विचार पक्कै पनि परिवर्तन भएको थियो । यो परिवर्तन तर्काश्रित र सम्यक थिएन । तर उनी विस्तारै समस्याहरूको सही निदानतिर बढ्दै थिए । एकातिर उनी अस्पृश्यता निर्धारणका निम्ति सहभोज र अन्तर्जातीय विवाह जरुरी छैन भन्ने कुरामा दृढ थिए । अर्कोतिर उनले भन्न थाले कि सहभोज र अन्तर्जातीय विवाहको कुनै शास्त्रमा निषेध गरिएको भेटिएन । यी दुवै काम धर्म विरुद्ध छैनन् । अब उनलाई जाति उन्मूलनमा कुनै आपत्ति थिएन । तर अहिलेसम्म वर्ण सिद्धान्तलाई उनले मानेकै थिए । उनले मजदुर नेता डा. सुरेश बैनर्जीलाई लेखेका थिए कि जाति सामाजिक खराबी हो र जाति व्यवस्था समाप्त गरिइनुपर्दछ भन्ने उनीसंग यस कुरोमा सहमति प्रकट गरे ।

डा.अम्बेडकर यी परस्पर विराधी र भड्किला भरिएको घोषणाबाट सन्तोष थिएनन् । उनी हिन्दु समाजलाई सुधार्ने कुरोमा निराश भए । सन् १९३५-३७ पछि उनले हिन्दु धर्म छोड्ने कुरो सोच्न थाले । यसबाट गान्धीजी बडो दुःखी भए । उनले अम्बेडकरलाई उपेक्षा गर्न थाले । यतिमात्र होइन, उनका विचारप्रति पनि उनी शंकालु भए ।

गान्धी र अम्बेडकरको कुरो नमिल्ने तेस्रो कारण थियो दलित वर्गको मुक्ति र उनको नेतृत्वका बारे दुवैमा मतभेद ।

कुनै पनि काम सानो र ठूलो हुँदैन भन्ने गान्धीजीको विचार थियो । यी कामका साथ जो सामाजिक कलंक जोडिएको छ त्यो खराब हो भन्ने गान्धीजीको भनाइ थियो । उनीले स्वयं पनि धेरै थरीका काम गरेका थिए । उनले आफूलाई हरिजन र भंगी मान्दथे । उनका अनुयायीले चौपायाका र मलमूत्र उठाउँदा घिन मान्दथे । कसैले त चमारको काम पनि गरेका थिए । तर अम्बेडकरको दृष्टिमा

केही सवर्णले यस्तो कामको कुनै महत्त्व छैन भन्ने अम्बेडकरको बुझाइ थियो । दलित वर्गका निम्ति सबै धन्धाहरू खोल्नुपर्दछ भन्ने उनको विचार थियो । उनले विद्यार्थीका निम्ति विदेशको छात्रवृत्तिका निम्ति संघर्ष गरे । ताकि उनीहरू जीवनभर चपरासी भइरहनु नपरोस् । उनले ती विद्यार्थी, डाक्टर, इन्जिनियर वैज्ञानिक बनून् भन्ने उनको चाहना थियो । उनीहरू सत्तामा सहभागी होऊन् गान्धी र अम्बेडकरबीच भएको निम्निलिखित वार्तालाप यस सन्दर्भमा उल्लेखनीय छ :

**अम्बेडकर–** म अस्पृश्यताका प्रश्नमा होइन, उनीहरूको राजनीतिक समस्याबारे विचार गर्न आएको हुँ ।

**गान्धी–** यसबारे म कुरा गर्न सक्दिनँ । मेरो दिमागले यस दिशामा काम गरिरहेको छैन ।

**अम्बेडकर–** म इमानदारी पूर्वक के भन्दछु भने मन्दिर प्रवेश र सहभोजजस्ता काममा मेरो कुनै रुचि छैन । किनभने यसबाट मलाई नोक्सान हुन्छ । सवर्ण हिन्दुहरूको शक्ति भएको भए उनीहरूले अछूतलाई नोकर राख्दथे । तर यस्तो भएन । अतः मलाई मन्दिर प्रवेशमा कुनै रुचि छैन । म चाहन्छु कि उनीहरूको सामाजिक र आर्थिक कठिनाइहरू समाप्त होस् ।

(यसपछि अम्बेडकरले आफूले भोगेका केही दुःखका कुराहरू सुनाएका थिए ।)

**अम्बेडकर–** मैले बम्बईमा पोर्ट-ट्रष्ट चाल बाहेक कतै बस्ने ठाउँ पाउँदैन । आफ्नो गाउँमा मलाई महारबीचमा नै रहनुपर्दछ । पुनामा सबै आफ्ना साथीहरूका साथ बस्दछन् । तर मलाई नेशनल होटलमा बस्नुपर्दछ ।

**गान्धी–** सर्भेन्ट्स आफ इण्डिया सोसाइटीमा नि ?

**अम्बेडकर–** हो, सायद त्यहाँ बस्न सक्छु । तर सायद नै । तपाई वझेसित कुरा गर्नुभयो भने थाहा पाइहाल्नु हुन्छ । एकदिन वझेको नोकरले मलाई उनकै अघिल्तिर अपमानित गरे । यी सबै दुःखको अन्त गर्न चाहन्छु ।

**गान्धी–** म यस मामिलामा तपाईको साथ छु । राजनीतिक सम्झौता मामुली कुरो हो । अहिले पनि असली काम गर्न बाँकी छ । यसका निम्ति म आफ्नो ज्यान दिन पनि सक्छु । तपाईले गर्नुभएका अन्यायका कुरा समाप्त हुनुपर्दछ ।

त्यसपछि गान्धीजी भंगी बस्तीमा बस्न लागे । तर उनको त्यहाँको बसाइँ हरिजन भारतीय तरिकाले कैदी शिविरमा बसेजस्तै थियो । भारतका गाउँमा हरिजन बस्ती जस्तै महारवाडा, मुसहरी, चमार बस्ती एक अर्थमा यातना शिविर हुन्छन् । गान्धी यी वस्तीमा बस्नु र वस्तीमा रहनु एक जस्तै थिए । गान्धी भंगी वस्तीमा बस्नु मानसिक दृष्टिले सुखकारी थियो । र, त्यसमा एक किसिमको उदारता थियो । अर्कोतिर अम्बेडकर महार बस्तीमा बस्नु अपमान र अवमानको प्रतीक थियो ।

डा. अम्बेडकरले शिक्षा, नोकरी र राजनीतिक अधिकारमा जोड दिएका थिए । सत्ताको साझेदारीबिना हरिजनको स्थितिमा सुधार हुन सक्दैन । अनुसूचित जातिमा निर्भिक नेतृत्व अघि आओस् र तिनीमध्ये जानकार, इमानदार र स्वाभिमानी नेता आऊन् । उनका अनुसार काँग्रेसी आन्दोलनमा चाकडीवाज र भ्रष्ट नेता तयार हुदै छन् । यस्ता नेता चाहिदैन । हरिजन नेताहरूले, पटेल वा अन्य नेताहरूका अघि शिर नझुकाऊन् भन्ने उनको विचार थियो । अम्बेडकरले कुनै पनि कुरा उनीहरूभन्दा आफूलाई कम ठान्दैनथे । मेरो दृष्टिमा उनी उपलब्धि र योग्यतामा उनीहरूभन्दा कुनै पनि हालतमा कम थिएनन् । उनको मनमा औसत काँग्रेसी नेताहरूप्रति तिरस्कारको भाव थियो । र, योभन्दा पनि बढी वितृष्णा ती दलित नेताहरूप्रति थियो जो चाप्लुसी र चाकडीका बलमा उपल्लो तहमा पुगेका थिए ।

मलाई लाग्छ, गान्धीले समस्याको यस पक्षलाई बुझ्दैनथे । निर्वाचन-मण्डलबाट कट्टरवाद र घृणाले भरिएका नेता निस्किने डर थियो । अर्कोतिर सवर्ण हिन्दु र काँग्रेसी नेताहरूको कृपा पाएर माथि पुगेका हरिजन नेता पनि काम नलाग्ने भइसकेका थिए । समाजवादीहरूले काँग्रेसी छोड्दा अम्बेडकरले आशा गरेका थिए कि भारतको लोकतान्त्रिक ढाँचा अब दुई दल-प्रणालीबाट अघि बढ्नेछ । उनले भने कि दलित वर्ग र अन्य पछौटे वर्गले एउटा तेस्रो पार्टी बनाउनुपर्ने छ । र, यस पार्टीले यी दुई ठूला दलहरूसंग मोलतोल गरेर सामाजिक परिवर्तनको कार्यक्रमलाई अगाडि बढाउनुपर्दछ ।

तर जे होस्, जाति प्रथाका खराबीको विश्लेषण सम्बन्धी मतभेद, अस्पृश्यता निर्वारण कार्यक्रमको ढिलासुस्ती, सुधार कार्यक्रम, नेतृत्व निर्माण तथा प्रशिक्षण आदि मतभेदका कारण गान्धी र

अम्बेडकरबीच सहयोगका सारा आशा समाप्त भयो । अन्तमा गान्धीजीले जाति र अन्तर्जातिय विवाहका सम्बन्धमा अम्बेडकरका विचार स्वीकार गरे । तर सन् १९४५-४८ का वर्ष राजनीतिक परिवर्तन, सत्ता हस्तान्तरण, उथलपुथल, दंगा र ठूलो संख्यामा मानिस विस्थापित हुने वर्षहरू थिए । र, दुवै नेता बसेर विचार-विमर्श गर्ने र संयुक्त कार्यक्रम बनाउने मौका पाएनन् । आफ्नो जीवनको अन्तिम डेढ वर्षमा गान्धीजी नोआखली, बिहार, कलकत्तामा शान्तिदूतका रूपमा दंगारूपी आगो निभाउन व्यस्त थिए । र, अन्तमा यसै कामका निम्ति उनले अन्तिम आहुति दिए । गान्धीजीको हत्या गरियो । र, यस हत्याले गान्धी-अम्बेडकर सहयोगको एउटा महान सम्भावना हमेसाका निम्ति समाप्त गऱ्यो ।

# अम्बेडकरको पाकिस्तान विषयक

## भूमिका

सन् १९४७ मा भारत-पाकिस्तान विभाजन भयो । यसका अनेकानेक कारणहरू थिए । इतिहास पढेर यस्तै कुरो थाहा पाइन्छ । ब्रिटिश शासनको कूटनीतिक फल विभाजनको कारण हो भन्ने कसैको भनाइ छ । तर यो पनि पूर्ण कुरो भने होइन । काँग्रेसी र मुस्लिम लीगका नेतामा राजनीतिक कौशलको अभावका साथै केही व्यक्तिहरूको दृष्टि-बुद्धिका कारण पनि विभाजन भएको हो भन्ने भनाइ छ । तर यी सबै कारण त छन् । तर मुख्य कारण भने कदापि होइन । ब्रिटिश सरकारले मुसलमानमा विभाजनको भावना पोषण गरेको  हो । यसमा शंका छैन । तर उनले निश्चय नै यस भावनालाई पैदा भने गरेको होइन । यसको जरो आठ सय वर्षअघि इस्लाम र हिन्दु-धर्मका नसुल्झिएका संघर्षसम्म तन्किएको छ । र, हिन्दु समाजको शक्ति क्षीण गर्ने हजारौं वर्ष पुराना सामाजिक विघटन एवं दुर्बलतासम्म यसको जरो पुगेको छ ।

एकजना अमेरिकी राजनीतिज्ञ र लेखक थिए । उनले आफ्नो देशको विदेश नीतिबारे आफ्नो विचार व्यक्त गरेका छन् । त्यो विचार हिन्दु-मुस्लिम संघर्षका सम्बन्धमा पनि ठ्याक्कै लागू हुन्छ । यो मेरो आफ्नै धारणा हो ।

मानव इतिहासको तानाबानामा एउटा घटनाले अर्को घटना जन्माउँछ । हरेक गल्ती पछिल्ला सबै गल्तीहरूको परिणाम हुन्छ जसबाट त्यसले एक प्रकारको सार्वजनिक क्षमा पाउँछ । यसरी नै हरेक गल्तीले भविष्यका गल्तीहरूलाई प्रभावित गर्दछ जसबाट एक भयानक अर्थमा अक्षम ल्याउँछ ।

हिन्दुहरूले लोकतन्त्रलाई औपचारिक अर्थ लगाए अर्थात् एक व्यक्ति एक भोट । मुसलमानहरूले हिन्दु प्रभुत्वसंग डराएर स्वनिर्णयको शरणमा पुगे । तर पश्चिम प्रेरित राष्ट्र-राज्य (मैले सांस्कृतिक एकताको कुरो गरिरहेको छैन) को विचार निकै गहिरिएको थियो । जुलाई, १९४६ सम्म जिन्ना पूर्ण विभाजनको भयावह सम्भावनाका निम्ति तयार थिएनन् । र, काँग्रेसी नेताहरूले सन् १९४६ सम्म यसको सम्भावनालाई नकार्दै थिए । तर अम्बेडकर हिन्दु-मुसलमान संघर्षबाट टाढिएर तटस्थ तथा वस्तुनिष्ठ तरिकाले यस समस्याका बारे विचार गर्ने प्रयास गर्दै थिए  प्रमुख प्रतिद्वन्द्विका निम्ति यसरी तठस्थता अपनाउनु सम्भव थिएन ।

अम्बेडकर जुझारु र वाकपटु थिए । यसका साथै उनमा विद्वता र पाण्डित्यप्रति अगाध आकर्षक थियो । सन् १९४० मा मुस्लिम लीगले पाकिस्तान सम्बन्धी प्रस्ताव प्रकाशित गर्‍यो । त्यसपछि अम्बेडकरले हिन्दु-मुस्लिम समस्याका बारे विद्वतापूर्ण व्याख्या गरेका थिए । यो नै पाण्डित्यको प्रमाण थियो । मानिसलाई जागृत गर्नु र उत्प्रेरित गर्नु उनको उद्देश्य थियो । यसैले उनले जानी-जानी मानिसलाई उचाल्ने किसिमको शैली अपनाउने गर्थे । अङ्ग्रेजको आक्रामक हिन्दु बहुमत हिन्दुका हातमा सत्ता दिएर आफ्नो उत्तराधिकारी बनाउनेछन् भन्ने कुरो हिन्दुहरूले नसोचून्  भन्ने कुरो आग्रह गरेका थिए । उनले भने कि हिन्दु चाहेर पनि पाकिस्तानको समस्यालाई नजरअन्दाज गर्न सक्दैनन् अंग्रेजले देशको विभाजन गर्न सक्छन् । र, यसलाई कैयौं खण्डमा विभाजित गर्ने कुरोमा पनि उनीहरू हिच्किचाउने छैनन् । तर सर्त छ, सबै खण्डहरू साम्राज्यका साथ हुनुपर्ने छ । तर जे होस्, अङ्ग्रेजले शक्ति प्रयोग गरेर पाकिस्तानको भागलाई दबाउनेछन् भन्ने कुरो हिन्दुले आशा नगरे भयो । यो असम्भव कुरो हो ।

काँग्रेसीको यस किसिमको भ्रम थियो । यो कुरो काँग्रेसीका महत्त्वपूर्ण नेताका चिट्ठी तथा लेख पढेर थाहा पाउन सकिन्छ । सरदार पटेल एउटा निकै टाठा-बाठा नेता थिए । उनीजस्ता बाठा नेताले पनि अङ्ग्रेजको मनसाय नबुझेर भ्रममा थिए । सन् १९४६ को पूर्वाद्धको कुरो हो । उनका चिट्ठीहरू पढेर यो कुरो प्रस्ट हुन्छ । अन्तरिम सरकारमा काम गर्दा प्राप्त गरेको अनुभवबाट उनको त्यो भ्रम हटेको थियो । र, त्यसपछि उनी विभाजनका कट्टर समर्थक बने । त्यपछि बल्लभभाइ पटेलले विभाजन स्वीकार गरेर मुस्लिम लीग र मुस्लिम समस्याबाट मुक्त हुने कुरो नै राम्रो हो भन्ने स्पष्ट बुझे ।

हिन्दुस्तानको एउटा केन्द्रीय सरकार हुनेछ र यसलाई मानेर अघि बढ्नुपर्दछ भन्ने निष्कर्षमा अम्बेडकर पुगिसकेका थिए । मुस्लिम लीगको लाहौर-प्रस्ताव (१९४०) पछि उनलाई विभाजनको निश्चित सम्भावना हुन लागेको थियो ।

अम्बेडकरले हिन्दुस्तानमा मुस्लिम राजनीतिक विकासको एउटा नमुना देखे । उनले देखे कि मुस्लिम नजानिदो किसिमले बिस्तारै आफ्नो नियति, पाकिस्तानतर्फ बढिरहेको थियो । तेस्रो दशकका अन्तिम वर्षहरूमा र चौथो दशकको प्रारम्भिक वर्षमा (गोलमेच सम्मेलनका दिनहरूमा) मुस्लिम नेता मुस्लिम बहुमत भएका पाँच प्रान्तको निर्माणमा कटिबद्ध थिए । उनले मुस्लिम-हिन्दु प्रभुत्व भएको केन्द्र

मन पराउँदैनथे जसबाट हिन्दु बहुमतको अत्याचार ती प्रान्तमा होस् । अङ्ग्रेज गएपछि केन्द्रीय सरकार हिन्दुस्तानी मुसलमानहरूका निम्ति आँखाको किरकिरी बन्ने थियो ।

मुसलमानका मागहरू त्यतिबेलासम्म जिन्नाको चौध सूत्रीका रूपमा मूर्त भइसकेको थियो । कलकत्तामा सर्वदलीय सम्मेलन (जनवरी, १९२९) मा भएको थियो । त्यतिखेर जवाहार लाल नेहरूले एउटा प्रतिवेदन प्रस्तुत गरेका थिए । र, यस प्रतिवेदलाई नेहरू-रिपोर्ट भनिन्छ । जिन्नाले यस रिपोर्टमा केही संशोधनका कुरा अघि सारेका थिए । तर गरम दल, राष्ट्रवादी मुसलमान तथा हिन्दु महासभाका समर्थकहरू मिलेर जिन्नाको प्रस्ताव अस्वीकार गरे । अंग्रेजका पिठयूँ मुसलमानहरू जिन्नालाई एक्ल्याउने प्रयास गर्दै थिए । उनीहरूले मुस्लिम कन्फ्रेन्स बनाएका थिए । र, अङ्ग्रेजसंग मिलेर काम गर्दै थिए । डा. अम्बेडकरका विचार अनुसार मैक्डोनाल्डको साम्प्रदायिक निर्णयले चौध सूत्री मागलाई लगभग स्वीकार गरिसकेको थियो ।

सन् १९३५ को अधिनियम अनुसार प्रान्तीय स्वायत्तता कार्यान्वयन गर्दा आफूलाई साझेदारी पाइनेछ भन्ने मुस्लिम लीगको आशा थियो । तर यो हुन सकेन । प्रान्तीय स्वायत्तता लागू भएको दुई वर्षपछि (१९३७) मा काँग्रेसी र मुस्लिमबीच पर्खाल लागिसकेको थियो । अम्बेडकरले प्रश्न गर्छन् कि काँग्रेसीमा मुस्लिम लीगलाई रूष्ट पार्ने के कुरो थियो ? र, यस प्रश्नको उत्तर दिंदै उनी भन्छन् :

1= मुसलमानका एकजना मात्र प्रतिनिधि संस्थाका रूपमा मुस्लिम लीगलाई मान्यता दिने कुरामा काँग्रेसीको अनिष्ठा र
2= कांग्रेसको बहुमत रहेको प्रान्तमा संयुक्त मन्त्रिमण्डल बनाउने कुरोमा काँग्रेसीको असहमति ।

काँग्रेसीले मुस्लिम लीगका माग स्वीकार गर्न चाहन्नथ्यो । उसले मुस्लिम लीगका इतर संस्थाहरूसंग कुरा गर्नु उचित ठान्यो । यो गलत नीति थियो भन्ने अम्बेडकरको विचार थियो । काँग्रेसीको व्यवहार कानुनी र पेचिलो किसिमको थियो । गैरमुस्लिम लीग संगठनलाई मुसलमानको समर्थन थिएन । यसबाट जिन्ना र मुस्लिम लीगमा घृणा मात्र उत्पन्न भयो । र, काँग्रेसी र मुसलमानबीच फाटो पैदा भयो । आफ्नो दल परित्याग गरेका मुसलमानलाई काँग्रेसी मन्त्रिपरिषदमा ल्याइयो । यो मुस्लिम लिग रिसाउने कुरो थियो । सामूहिक उत्तरदायित्वमा आधारित संसदीय प्रणालीको मिलिजुली सरकारसंग मेल खान्नथ्यो । यो सोह्रैआना काँग्रेसीले गरेको बेइमानी थियो । यस किसिमको

कुरो असंगत हो भन्ने अम्बेडकरको भनाइ थियो । किनभने काँग्रेसी अल्पसंख्यामा भएको प्रान्तमा उसले अरू पार्टीसंग काँग्रेसीको प्रतिज्ञा-पत्रमा हस्ताक्षर नगराएरै संयुक्त सरकार बनाएको थियो । मुसलमानलाई संयुक्त सरकार यदि खराब हो भने त्यो एक प्रान्तमा राम्रो र अर्कोमा खराब कसरी हुन सक्छ भन्ने प्रश्न मुसलमानले गर्ने अधिकार थियो ।

मुस्लिम जनतासंग सम्पर्क गर्ने जवाहार लाल नेहरूको पागलपन थियो भन्ने डा. अम्बेडकरको मान्यता थियो । यसबाट मुसलमानमा काँग्रेसीको कुनै अधिकार रहेन । तर मुस्लिम लीगले आफ्नो कुरोमा अडिग हुने मौका भने पक्कै पाएको थियो । मुस्लिम जनताका साथ सम्पर्क गर्ने यो विचारहीन योजना पाकिस्तानको उदयका निम्ति निकै जिम्मेवार छ । अम्बेडकरले मुस्लिम नेतालाई दबाउने वा पाखा लगाउने यस किसिमको योजनालाई घृणित योजना भनेका छन् ।

मुस्लिमको राजनीतिक तवर-तरिकाबाट डा.अम्बेडकरको सहानुभूति थियो भन्ने अनुमान लगाउनु गलत हुनेछ । उनले समस्याका वस्तुनिष्ठ विश्लेषण गर्न चाहन्थे । उनले विश्लेषणात्मक तरिकाले मुसलमानको मन बुझ्ने कोशिश गरेका थिए । यसका निम्ति उनले निकै अध्ययन गर्ने कोशिश पनि गरेकै थिए ।

डा. अम्बेडकरले यसबारेमा आफ्ना विचार यसरी प्रस्ट गरेका थिए । शासक र शासितको प्रमुख भेद यो हो कि शासितलाई सत्तामा कुनै साझेदारी हुँदैन । सबै जनसमुदायले काँग्रेसीप्रति पूर्ण निष्ठा देखाऊन् भन्ने उसको सिद्धान्त थियो । यसबाट मुसलमानलाई शासित समुदायको हैसियत प्राप्त भइरहेको छ ।

मुसलमान लामो समयसम्म हिन्दुस्तानमा प्रभुत्वको स्थितिमा रहि आएका छन् । माराठा शक्तिको उदयपछि पनि देशमा कैयौं भागमा यो स्थिति यथावतै थियो । ब्रिटिश साम्राज्य स्थापनापछि नै मुसलमानको अवनति सुरु भएको हो । ब्रिटिश शासनद्वारा कार्यकारी, प्रशासनिक वा कानुनी परिवर्तनले मुस्लिम समाजमा एक पछि अर्को चोट थियो । अङ्ग्रेजले मुसलमानका दण्ड सम्बन्धी कानुन र अदालत समाप्त गरे । यसको ठाउँमा उनले आफ्ना कानुन र अदालत स्थापना गरे, लागू गरे । त्यसपछि उनले धार्मिक कानुन वा मुस्लिम काजीले यसअघि गर्ने फैसला जस्तो फैसला गर्दैनथे । अङ्ग्रेजले उनका ठाउँमा मजिस्ट्रेट वा जज नियुक्त गरे । यी जज वा मजिस्ट्रेट कुनै पनि धर्ममा हुन सक्थे अर्थात् उनीहरूले धर्मसित कुनै मतलब थिएन । र, उनैले मुस्लिम कानुनको व्याख्या गर्न र फैसला गर्न थाले ।

शासकबाट शासित बन्ने यो अपमान नै थियो । तर सहशासित स्तरबाट तल झरेर हिन्दुको अधीनमा हुनु उनका निम्ति साँच्चीकै अपमानजनक कुरो थियो ।

अम्बेडकरले मुस्लिम मानसिकताबारे छानबिन गरे । उनले मुस्लिम कट्टरपनलाई मन पराउँदैनथे । यस्तै सवर्ण हिन्दुहरूको अंहकारपूर्ण अलगाव (एलिनियेशन) पनि उनका निम्ति मन नपरेको कुरो थियो । उनलाई खिलाफत आन्दोलनसित पनि कुनै सहानुभूति थिएन । उनले गान्धीजीलाई यसको आन्दोलनको समर्थन र उसका मित्र र पथप्रदर्शक बनेकोमा आलोचना गरेका थिए । सुलतान खलीफा बनाइ राख्नेका निम्ति तुर्कहरूमा जोर लगाउनु बिलकुल अनुचित थियो भन्ने उनको विचार थियो । जब कि कमाल अतातुर्कले स्वयं आफ्नो देशलाई राष्ट्र-राज्यमा बदल्न चाहन्थे ।

तेस्रो दशकमा दुर्भाग्यपूर्ण साम्प्रदायिक दंगा भएका थिए । अम्बेडकरले यसबारे एउटा लामो अध्याय थपे र विचार गरेका थिए । मुस्लिमको राजनीति जोरजवर्जस्ती र हिंसामा टिकेको थियो । उनले यसको निन्दा गरे । यतिमात्र होइन, यो खतरनाक छ भन्ने कुरो गर्न पनि उनी चुकेनन् । किन कि दुवैले फोहरी खेल खेल्न सक्दथे । उनले रगतको खोलो बगाउने भाषालाई निन्दा गरे । र, यसलाई शान्तिपूर्ण तरिकाले समाधान गर्नुपर्दछ भन्ने सुझाउ दिएका थिए । नैतिक मूल्यले मात्र सामर्थ्यलाई सत्यमा परिणित गर्न सक्दछ । तैपनि मुसलमानका उचित आकाङ्क्षाप्रति उनको सहानुभूति थियो । र, उनीहरूले पाकिस्तान मागेको कुरोलाई पनि उनले समर्थन गरेका थिए । उनले मुस्लिम लीगको गुण्डा राजनीतिलाई बिलकुलै मन पराउँदैनथे । अम्बेडकर बुद्धिवादी थिए । र, उनी धर्म निरपेक्ष जिन्नाका प्रशंसक थिए । तर उनले जिन्नाको बुद्धिवादबाट अबुद्धिवादतर्फ जाने अधोगति खेदजनक छ भन्ने कुरो गरेका थिए ।

अम्बेडकरले जिन्नाको लोकप्रियताको उत्कर्षको आलेख तयार गरे । र, भने कि उनले जब आफूलाई मुस्लिम (पाकिस्तान) राष्ट्रवादको प्रतीक बनाए तब नै उनी जन नेता बने ।

विभाजनप्रति अम्बेडकरको भावना बिलकुलै निरपेक्ष थियो । यस रोगग्रस्त अंगप्रति शल्यचिकित्साको तरिका थियो । उनले भन् यो प्रश्न नैतिक-अनैतिक केही होइन । ............... यो निरपेक्ष छ............. पापका निम्ति यसमा कुनै ठाउँ छैन ।

अम्बेडकरले आफ्नो तर्क यसरी अघि सारेका थिए । यदि मुसलमानका निम्ति पृथक पाकिस्तान जरुरी छ भने पंजाव र बंगालका गैरमुस्लिमलाई पाकिस्तानबाट अलग राख्नु पनि जरुरी छ । यसका

निम्ति गैर-मुस्लिम क्षेत्रलाई अलग्याउनु पर्दछ । उनले भने यो काम प्रान्तका सीमा पुनः निर्धारण गरेमा सजिलै गर्न सकिन्छ । उनको तार्किक दृष्टिकोण अन्ततः ब्रिटिश सरकारका निम्ति अपरिहार्य भयो । क्याविनेट प्रतिनिधि मण्डलले (र भायसरायले पनि) सन् १९४६ मा यस तर्कलाई स्वीकार गरेर जिन्नालाई यो समस्या देखाइयो कि सीमित केन्द्र स्वीकार गर वा काटिएको पाकिस्तान । जिन्नालाई यो समस्या देखाइयो कि सीमित केन्द्र राम्रो लाग्यो । तर पछि उनले काँग्रेसी स्तरीय योजनालाई लागू गर्नका निम्ति तयार छैन भन्ने देखे । अनि उनले काटिएको पाकिस्तानको विकल्पलाई (यसको सुझाउ अम्बेडकरले दिएका थिए) स्वीकार गरेर यस अनुसार पाकिस्तानमा सिर्फ मुस्लिम बाहुल साथ भएका क्षेत्र नै शामिल हुनेवाला थिए । महात्मा गान्धी र काँग्रेसीले पाकिस्तानको विरोध गरे । तर घटनाले गर्दा उनीहरूलाई पनि अम्बेडकरले देखाएको समाधानको बाटो स्वीकार गर्न बाध्य हुनुपरेको थियो ।

डा.अम्बेडकर मुसलमानलाई सावधान हुनुपर्ने सुझाव पनि दिएका थिए । उनीहरूले आफ्नो पक्ष विवेक र सिद्धान्तमा खडा भएर राख्नुपर्दछ । ब्रिटिश भारत वा देशी रिसायतका सन्दर्भमा आफ्नो पक्ष प्रस्तुत गर्नु हुँदैन । स्वनिर्णयको अधिकार राजाहरूको नभएर जनताको हुनुपर्दछ भन्ने सिद्धान्तमा अम्बेडकरको जोड थियो । मुस्लिम लीगको यसबारे बेइमानी र सिद्धान्त हिनताले काम गर्नु हुँदैन भन्ने अनुरोध उनले गरेका थिए । उनले मुस्लिम लीगका नेताहरूलाई भने कि एकातिर उनीहरूले काश्मीरको दाबी गर्दछन् । किनभने त्यहाँको बहुसंख्यक जनता मुसलमान छन् । अर्कोतिर हैदराबादमा पनि उनीहरूको दाबी छ । किनभने त्यहाँका राजा मुसलमान छन् । यो दोधारे नीतिबाट उनीहरू बच्नुपर्दछ । उनीहरूले अम्बेडकरको यो सल्लाह मानेनन् । परिणामस्वरूप ती दुवै भूभाग मुस्लिम लीगले गुमाउनुपऱ्यो, पाएन ।

काँग्रेसी नेताहरूले सत्ता हस्तान्तरण हुनुअघि अथवा यसका साथै देश-विभाजनलाई स्वीकार गरे । प्यारेलाल तथा अन्य विद्वानहरूले यसको आलोचना गरेका छन् । उनीहरूको दाबी यस्तो छ- गान्धीजीको एकदम राम्रो योजना थियो । यसमा स्वतन्त्रता प्राप्तिपछि देशको विभाजन गर्ने कुरो थियो । तर त्यतिखेरको स्थिति अनुसार उनको त्यो राम्रो योजना महत्त्वहीन भयो । यो योजना सफल हुँदैन भन्ने कुरो अम्बेडकरले पहिले नै बुझिसकेका थिए । राजाजीको योजना अम्बेडकरको दृष्टिमा स्वप्नरन्जन मात्र थियो । उनको सारा कल्पना अस्थायी सरकारको स्थापना (१९४३-४४) मा आधारित थियो । जिन्नाले बाचाका साथै त्यसको पूर्तिका निम्ति आग्रह गर्नेछन् भन्ने अम्बेडकरको स्पष्ट भनाइ

थियो । जिन्ना एउटा चतुर वकिल  थिए । यसैले उनी निष्पादित बाचाका ठाउँमा भविष्यमा निष्पादित गरिने बाचालाई स्वीकार गर्ने छैनन् ।

डा. अम्बेडकरले लेखेः

“पहिले प्रभुसत्ता सम्पन्न अस्थायी सरकार बनाएर बाँडफाँडको कामलाई सुपुर्द गर्ने कुरा जिन्नाले कुनै पनि मूल्यमा कबुल गर्ने छैनन् । संवैधानिक परिवर्तन गर्ने एक मात्र बाटो हो ब्रिटिश संसदले अधिनियम बनाओस् जसबाट भारतीय राष्ट्रिय जीवनका महत्त्वपूर्ण घटकद्वारा स्वीकृत प्रावधान शामिल गरियोस् ।”

के यसभन्दा राम्रो भविष्यवाणी अरू कसैले गर्न सक्छ ? यद्यपि बाँडफाँड गर्नु एउटा ठूलो दुर्घटना थियो । र, यसका साथै आएको जनसंहार र जन-विस्थापन अझ झन् ठूलो दुर्घटना थियो । भारतीय नेताहरूमध्ये एक्लो डा.अम्बेडकर नै थिए जसले दाबी, सूत्र र समाधान गर्ने एउटा स्पष्ट दिशा देखेका थिए । यस कुरोलाई अस्वीकार गर्न सकिदैन । कालान्तरमा भारतको स्वतन्त्रता र संवैधानिक समाधान ठीक त्यस्तै भयो जस्तो डा.अम्बेडकरले सुझाव दिएका थिए ।

अम्बेडकरले भने हिन्दुस्तानको राजनीतिक स्वतन्त्रता धेरै आवश्यक छ । यसलाई स्थगित गर्न सकिदैन । तर यो काम साम्प्रदायिक समस्या समाधान नगरेर अघि बढ्न सक्दैन ।

यद्यपि डा.अम्बेडकरले शल्यचिकित्सकको भावना निरपेक्ष मानसिकतालाई अपनाएका थिए । उनमा मानव प्रेम र देश प्रेम कुटिकुटी भरिएको थियो । यसैले उनले अखण्ड भारतको अनुरागलाई छोड्न सक्दैनथे । एउटा भारत परिषदको व्यवस्था गर्नुपर्दछ भन्ने उनको योजना  थियो । यो परिषद सर्वोपरि प्रभुसत्ता भएको संस्था हुनु हुँदैन । बरु दुई प्रभुसत्ता सम्पन्न राज्यहरूको प्रतिनिधित्व हुनुपर्दछ । उनले यसबारे आफ्नो कुरा यसरी प्रस्ट गरेका थिए । यो न त संघ हुनेछ न त महासंघ नै । अपितु यो हिन्दुस्तान र पाकिस्तानलाई त्यस बेलासम्म जोड्ने काम गर्नेछ जति बेलासम्म ती एउटा संविधान अर्न्तगत एक हुँदैनन् । दुवै देशहरू मिलेर शान्तिपूर्ण र सद्भावजनक तरिकाले विभाजनलाई स्वीकार गर्नेछन् । र, विभाजनपछि दुवै देशहरू मित्र देशहरू जस्तै रहनेछन् । उनीहरूबीच सद्भाव हुनुपर्ने छ, शत्रुता होइन । दुवै देश कालान्तरमा फेरि एउटै हुनेछन भन्ने अम्बेडकरको आशा थियो । तर यस्तो हुने स्थिति भने थिएन । पृथक पाकिस्तानको नाफा-घाटा देखेपछि मुसलमानले स्वेच्छाले यस प्रयोगलाई समाप्त गरेर पुनः एकतातर्फ बढ्नेछन् । अम्बेडकरको यो फितलो आशा थियो । र, यो आशा त्यसै मरेर

गयो । विभाजन अस्थायी हुनेछ भन्ने उनको आन्तरिक मान्यता थियो । तर यस मामिलामा जोरजवर्जस्ती गर्नु हुँदैन भन्ने उनको चाहना थियो ।

डा. अम्बेडकरले संवैधानिक समस्याको समाधानका रूपमा विभाजनको समर्थन गरेका थिए । यो काम उनले भारतीय इतिहासको आफ्नो ज्ञान र भारतको रक्षा सम्बन्धी समस्या बुझेर गरेका थिए । उनको विचार थियो । मुस्लिम आक्रमणको फलस्वरूप उत्तर-पश्चिम क्षेत्र, जसलाई पाकिस्तानमा मिलाउने प्रस्ताव गरिएको थियो । यहाँको संस्कृति र स्वरूपमा यति परिवर्तन भइसकेको छ कि त्यो क्षेत्र र बाँकी भारतबीच कुनै कुरामा एकता छैन । बरु दुबैबीच वास्तविक विरोध छ ।

कमजोर केन्द्रमा फलस्वरूप (जसका निम्ति मुसलमान सहमत हुन सक्दथे) र ब्रिटिश भारतका सेना संघटनका फलस्वरूप स्वतन्त्र भारतको रक्षा-व्यवस्था कमजोर हुनेछ भन्ने अम्बेडकरलाई धेरै चिन्ता थियो । अनुसूचित जातिका संघका प्रमुखका रूपमा उनले क्याबिनेट मिसनलाई एउटा ज्ञापन दिएका थिए । त्यसमा मिसनले पहिले पाकिस्तानको प्रश्न हल गर्नुपर्दछ भन्ने उनको भनाइ थियो । उनी कमजोर केन्द्रको पक्षमा थिएनन् । यो बिलकुल बेकार हुनेछ । उनी एउटा बलियो केन्द्रको पक्षपाती थिए ।

डा. अम्बेडकरले भारतको भावी रक्षा-व्यवस्था र सशस्त्र सेनाको संघटनबारे पनि आफ्ना विचार व्यक्त गरेका छन् । एउटा लेखले रामानन्द चटर्जीको 'माडर्न रिभ्यु' मा प्रकाशित सामग्रीलाई अम्बेडकरले यसबारे प्रयोग गरेका थिए । सन् १८५७ को विद्रोह अघि बंगाल सेना थियो । जसले उत्तर र उत्तर-पश्चिमका इलाका र भारत बाहिरका केही इलाका जितेका थिए । खास गरी गंगा क्षेत्रका ब्राह्मण र क्षेत्री जाति मिलेर बनेको थिए । विद्रोहताका यो सेना छिन्नभिन्न भयो । र, बचेखुचेका मुनिहरूलाई तोडियो । विद्रोहपछि ब्रिटिश सरकारले जानीबुझी यस किसिमको नीति बनाएको थियो । यसरी ब्रिटिश भारतको सेनाको स्वरूप नै बदलियो । अङ्ग्रेजले योद्धा जातका (मार्शल रेस) को कल्पना गरेको आविस्कार गरेर आफ्नो नीतिलाई मुक्तिकरण गरेका थिए । त्यो नीति बिलकुलै गलत थियो । "योद्धा जात र गैरयोद्धा जातबीच भेद गर्नु बिलकुलै मनमानी र कृत्रिम हो । यो त्यति नै मूर्खतापूर्ण हो जति हिन्दुहरूको जाति-सिद्धान्त जसमा योग्यताको साटो जन्मको मान्यताका आधारमा बनाइएको छ ।"

मुसलमान विशेष गरेर उत्तर-पश्चिम हिन्दुस्तानका मुसलमानको सेनामा प्रभुत्व हुनु देशका निम्ति खतरनाक हो भन्ने अम्बेडकरको भनाइ थियो । उनीहरू विश्व इस्लामवाद र मुस्लिम शक्तिहरू

भारतका विरुद्ध एकजुट हुने विचारले निकै संशकित थिए । उनले भने कि यदि यो सेना विभाग साम्प्रदायिक भावनाले प्रेरित भए भने भारतको सुरक्षा सुरक्षाका दृष्टिले ठीक हुने छैन । उत्तर-पश्चिमको मुस्लिम सेनालाई विदेशबाट हुने आक्रमणबाट देशको एकमात्र रक्षक बनाउने विचारका उनी विरोधी थिए । उनले भने कि उत्तर-पश्चिमका यी मुसलमान आफ्नो विशेष सामाजिक स्थितिप्रति निकै जाररुक छन् । र, उनीहरूले आफूलाई हिन्दुस्तानका द्वारपाल मान्दथे । उनले भने हिन्दुस्तानका स्वतन्त्रताको रक्षाका निम्ति हिन्दुले यी द्वारपाललाई कसरी भरोसा गर्न सक्दछन ? यदि आक्रमणकारी रूसी छन भने यी द्वारपालले द्वारको रक्षा बडो निष्ठा र मजबुतीका साथ गर्नेछन् । तर मानौं यदि अफगानिस्तान एक्लै वा अन्य मुस्लिम दुवैका साथ मिलेर हिन्दुस्तानमाथि हमला गरे भने के उनीहरूले द्वार खोलेर उनीहरूलाई भित्र पस्न नदेलान ? अम्बेडकरले भने कि हिन्दुहरूका अघि कठिन विकल्प थियो । उनीहरूले सुरक्षित सेना रोजून वा सुरक्षित सीमा मुसलमानलाई भित्र बसेर विरोध गर्नु बाहिर बसेर विरोध गर्नुभन्दा राम्रो हुनेछ । कुरो प्रस्ट छ । अम्बेडकर केही हिन्दुस्तानी मुसलमानद्वारा विश्व इस्लामवादको प्रचार र केही हिन्दु नेताहरूको आशंकामा लहलहै लागेका थिए । तर जिन्नाजस्ता व्यक्तिहरूको विश्व इस्लामवादमा कुनै रुचि थिएन । यो कुरो अम्बेडकरलाई राम्ररी थाहा थियो । उनले भने कि जिन्ना खिलाफत आन्दोलनमा शामिल नहुनुको वास्तविक कारण यो थियो कि उनी यस कुरोको विरोधी थिए कि हिन्दुस्तानी मुसलमान देश बाहिरका मुसलमान सम्बन्धी मामिलामा मतलब बिना उल्झिरहनु । तर यसका बाबजुद अम्बेडकर केही कट्टरवादी मानिसका प्रभावबाट प्रभावित भएर आफ्नो विचार र तर्कशक्ति गुमाइसकेका थिए ।

जिन्ना हिन्दुस्तानी मुस्लिम राष्ट्र-राज्यका पक्षमा थिए । र, उनले कुनै पनि भावी विश्व इस्लामी सल्तनको एउटा प्रान्त बनाउन चाहन्नथे । जब उनी संयुक्त हिन्दुस्तानको प्रबल समर्थक थिए त्यस बेला पनि खिलाफतसंग उनको कुनै सहानुभूति थिएन । र, उनी पुरातनपन्थी र भाँड्ने मुल्ला-मौलबी र धर्म गुरुका साथ साँठगाँठ गर्नका निम्ति गान्धीको हमेसा विरोध गर्ने गर्थे ।

विश्व इस्लामवादका सम्बन्धमा जिन्नाले भनेका थिए :

के कसैले एकछिनका निम्ति पनि मान्न सक्छ कि अफगानिस्तान आफूमाथि इरानी शासन चल्न देला ? के कसैले यो मान्न सक्छ कि अफगानिस्तान वा इरानले तुर्कीलाई आफूमाथि राज्य गर्न देला ? के कसैले आफूमाथि एकछिनका लागि भए पनि सोच्न सक्छ कि अरेबिया जस्तो सानो महाद्वीपमा जहाँ

यमन, साउदी अरब र इराक आदि स्वतन्त्र राज्य छन् । कुनै पनि राज्य कुनै अर्काको हकमा आफ्नो क्षेत्रीय प्रभुसत्तालाई छोड्ला ? तपाईले यस्तो किन मान्नु हुन्छ कि जब उत्तर-पश्चिमका इलाकामा मुसलमानको स्वाधीन राज्य बन्यो भने अरूलाई हामीले आफूमाथि राज्य गर्न देऔंला । किनभने हिन्दुहरूमा राज्य गर्नुअघि उनीहरूले हामीलाई कब्जा गर्नुपर्ने छ ।

तथापि यो सही कुरो हो कि मुस्लिम नेता बडो आशा गरेर विश्व इस्लामवादको कुरो गर्दथे । र, केही हिन्दु डराएर सोच्दथे कि विश्व इस्लामवाद साँच्चीकै आइरहेको छ । अम्बेडकर यस शब्द-व्यायमबाट निकै प्रभावित भएका थिए । अम्बेडकरले हिन्दुहरूलाई आश्वासन दिए कि मुस्लिम बहुल इलाकालाई अलग गर्नाले उनको रक्षा-व्यवस्था प्रभावित हुनेछैन । बरु त्यो निकै बलियो हुनेछ । किनभने जन्मबाट नै कुनै नश्ल योद्धा हुने गर्दैन । पाकिस्तान अलग भएपछि भारतले उचित प्रशिक्षण र आधुनिक हतियारका साथ एउटा योग्य सेना तयार गर्न सक्दछ । सुरक्षित सेना सुरक्षित सीमाभन्दा हमेसा सशक्त हुने गर्दछ । वास्तवमा अम्बेडकरले यहाँसम्म अतिशयोक्ति गरे कि सुरक्षित र प्राकृतिक सीमाजस्तो कुनै कुरा हुँदै हुँदैन ।

मलाई के लाग्छ भने अम्बेडकरले इस्लामी बन्धुत्व र विश्व इस्लामवादको शुद्ध सैद्धान्तिक पक्ष नै देखे ! उनले यतिसम्म भने कि इस्लाम सामाजिक स्व-शासनको प्रणाली हो । र, यो विचार भौगोलिक राष्ट्रवादसित अर्थात् कसैको सीमाबाट आबद्ध स्व-शासनको मेल खाँदैन । किनभने मुसलमानको निष्ठा आफ्नो देशसंग हुँदैन । बरु आफ्नो धर्मसंग हुन्छ ।

एकपल्ट फेरि बुद्धिवादी अम्बेडकर पाकिस्तान र इस्लामको सैद्धान्तिक भूमिकामा त्यसै बगे । र, हिन्दुस्तानका विरुद्ध एउटा विशाल इस्लामी राज्यको कल्पना गर्न थाले । महाकवि मोमम्द इकवालले हिन्दुस्तानी मुसलमानका सन्दर्भमा जुन 'नियति' शब्द प्रयोग गरेका थिए त्यसको अम्बेडकरले काव्यमय भाष्य गरेर यसरी भनेका थिए :

"यो नियति मूर्त रूपमा हिन्दुस्तानको मानचित्रमा फैलिएको छ । .... जो कोहीले यस मानचित्रलाई हेऱ्यो भने उसले त्यसलाई बिर्सिने छैन । ईश्वरले सोची-सम्झी हिन्दुस्तानी मुसलमानका निम्ति पृथक राष्ट्र-राज्यको रूपमा यसलाई अंकित गरेको छ । यस नियतिलाई सजिलै व्यवहारमा परिणत गर्न सकिन्छ । यतिमात्र होइन, यसलाई मूर्त रूपमा बदल्न पनि सकिन्छ । यसको एउटा आकर्षक गुण पनि छ । सबै मुसलमानहरूलाई यसले एउटा राष्ट्र-राज्यको रूपमा एकत्र गर्न पनि सक्छ

। यसरी विभिन्न देशमा बस्ने र त्यहाँको नागरिकता स्वीकार गर्दा इस्लामी बन्धुत्व खण्डित हुने खतरा पैदा हुन्छ । यसबाट यो नियति बचाउन सकिन्छ । हिन्दुस्तानबाट पाकिस्तान छुट्टिएपछि इरान, इराक। अरेबिया, तुर्की, मिश्र आदि मुस्लिम देशहरूको संघ बन्नेछ । त्यसको एउटा धर्म हुनेछ । र, त्यसको विस्तार इस्तानबुलदेखि लाहौरसम्म हुनेछ । यस नयाँ नियतिको वैभवबाट आकर्षित नहुने मुसलमानलाई मूर्ख नै भन्नुपर्ला । र, भारतीय मुसलमानको स्थानका बारेमा उसको विचारमा सम्पूर्ण परिवर्तन हुनेछैन ।”

तर वास्तकि के हो ? दोस्रो विश्व युद्धपछि मुस्लिम देशले आफ्नो पहिचान बनाएका थिए । त्यसपछि सबै आ-आफ्नो बाटो हिंडन थाले । मुस्लिम विश्वको इतिहासले के देखाएको छ भने हिजोआज इस्लाम राष्ट्र-राज्य रूपमा विभक्त भैसकेको छ । यसरी नै जस्तो मध्य युगको अन्तमा ‘रिपब्लिकन क्रिस्टियाना’ बिघटनपछि इसाई युरोप भिन्न-भिन्न राष्ट्र-राज्यमा बाँडिएको थियो । विश्व इस्लामलाई पुनः एक गर्नु अहिले असम्भव छ ।

दक्षिण-पूर्व एसियामा केही समय पहिले इण्डोनेशियाले मलेशियाका विरुद्ध युद्ध गरेको थियो । पश्चिमी पाकिस्तानको सेनाले सन् १९७१ बंग्लादेशी मुसलमानलाई कुल्चिने कोशिश गऱ्यो । र, इरान, इराकमा गतः ६ वर्षदेखि भयंकर युद्ध चल्दै छ ।

यहाँसम्म कि अरब मुस्लिम राष्ट्र पनि मृगमरिचिका हो । लिबिया र मिश्र तथा सिरिया र इराकबीच जो सबै अरब राज्य हुन् तर उनीहरूबीच कुनै विशेष प्रेम छैन । मुस्लिम एकता र बन्धुत्वको यही कथा हो ।

सिरिया र मिश्र, मिश्र र लिबिया, सिरिया र इराकबीच संघ निर्माण गर्नेबारे पटक-पटक घोषण भइरहेको छ । तर कहिल्यै पनि वास्तविक एकता भएन । र, यी कागजी संघ निर्माण हुने बित्तिकै विघटित हुँदै गए ।

यस्तो लाग्छ, डा. अम्बेडकरले अनुचित तर्क गरेर हिन्दुलाई विश्वासमा ल्याएर वा डराउन दिएर पाकिस्तानलाई स्वीकार गर्न तयार गर्दै थिए । उनी हिन्दुहरूको भयाकुलतालाई प्रयोग गर्न पनि हिच्किच्याइरहेका थिएनन् । आखिर उनले यस्तो किन गर्दै थिए त ? के हामीले उनका बारेमा अनुमान लगाउन सक्छौ ?

पाकिस्तानको अनिवार्यताका सम्बन्धमा डा. अम्बेडकरका आफ्नै विचार थिए । यसको विचारको आधार मुस्लिम राजनीतिका विस्तनिष्ठ र विद्वतापूर्ण मूल्याङ्कन हुन सक्छ । उनले समाधानका दृष्टिले पाकिस्तानका प्रश्नमा विचार प्रकट गरे । उनी असाधारण बुद्धिजीवि थिए । सत्यको खोजी गर्नु उनको उउनले समाधानका दृष्टिले पाकिस्तानका प्रश्नमा विचार प्रकट गरे । उनी असाधारण बुद्धिजीवि थिए । सत्यको खोजी गर्नु उनको उद्देश्यको एउटा भाग थियो । तर अनुचित जातिको हितको रक्षा उनका अघिल्तिर विशिष्ट प्रश्न थियो । हामीले यसलाई कहिल्यै पनि बिर्सन सक्दैनौं ।

डा. अम्बेडकरको एउटा बलियो केन्द्र हुनुपर्दछ भन्ने इच्छा थियो । स्वायत्त प्रान्तले अनुसूचित जातलाई न्याय गर्दैनन् भन्ने उनलाई डर थियो । उनीहरूका निम्ति केन्द्रको संरक्षण हुनु अत्यावश्यक छ । उनी यो पनि चाहन्थे कि आधारभूत अधिकारको घोषणा-पत्रका साथ प्रभावकारी आयको पनि प्रावधान होस् । मुसलमानले यसको विरोध गर्नेछन् भन्ने उनको ठम्याइँ थियो । यदि मुसलमान बाहिरिए भने संविधानलाई अधिकारबाट वञ्चित भएका वर्गका आवश्यकता अनुसार ढाल्न सकिन्छ ।

लखनऊ-सम्झौता र साम्प्रदायिक निर्णयअनुसार विधान-मण्डलमा मुसलमानलाई ३३ प्रतिशत प्रतिनिधित्व दिने कुरो गरिएको थियो । प्रान्तीय स्वायत्तता कियान्वयनले गर्दा मुस्लिम लीगको भिजन वास (दृष्टि पखालियो) । र, त्यसलाई फेरि सशक्त बनाउनका लागि जिन्नाले आफ्नो माग बढाउन सुरु गरे । युद्धताका ब्रिटिश सरकारले उनलाई लगभग संवैधानीक भीटो पावर प्रदान गरेको थियो । मुस्लिम लीगले केन्द्रीय क्याबिनेटमा काँग्रेसी जत्तिकै प्रतिनिधित्वको माग गऱ्यो । केन्द्रीय विधान मण्डलमा पनि उनले हिन्दुको बराबर प्रतिनिधित्वको माग गर्थे । यदि सवर्ण हिन्दुहरूमा ज्यादा दबाब पर्ने हो भने उनीहरूले दलित वर्ग तथा अनुसूचित जनजातिको मूल्यमा मुस्लिम लीगसंग सम्झौता गर्नेछन् भन्ने अम्बेडकरलाई आशंका थियो ।

मुस्लिम लीगको माग अनुचित हो भन्ने भनाइ काँग्रेसीको थियो । तर जमायत-उल-उलमा-ए-हिन्दप्रति काँग्रेसीका नेताहरूको सहानुभूति थियो । यस जमायतका सामाजिक र धार्मिक रूढिवादिताका साथ साथै राजनीति मामिलामा अतिवादी थियो । त्यसले विभाजनलाई विरोध गरेको थियो । त्यसमा कुनै शंका छैन । तर यसले पनि मन्त्रिमण्डल र विधानमण्डलमा हिन्दु बराबर प्रतिनिधित्व माग गरेको थियो । उनीहरूको माग स्वीकार गर्नुको अर्थ केन्द्रीय मन्त्रिमण्डल र विधान मण्डलमा अनुसूचित जाति

र जनजातिको प्रतिनिधित्वमा कटौती हुनेछ भन्ने डा. अम्बेडकरलाई शंका थियो । यसरी नै नोकरी सम्बन्धी मुसलमानका मागलाई स्वीकार गरियो भने अनुसूचित जातिका सारा आशा समाप्त हुनेछन् ।

मलाई लाग्छ, अम्बेडकरद्वारा विभाजनको समर्थन गर्नुको एउटा कारण थियो यो कारणले उनी डराएका पनि थिए । काँग्रेसीले देशको एकता बनाइराख्ने प्रयासमा मुसलमानलाई रियायत दिंदै जानेछ । र, यसबाट अन्य अल्पसंख्यक, खास गरी अनुसूचित जातिका हितलाई नोक्सान पुऱ्याउनेछ । डा. अम्बेडकरले बडो कडा शब्दमा यसबारे यसरी लेखेका छन् :

"के हिन्दु शासक वर्गले हिन्दु राजनीतिमा आफ्नो अधिकार गहिरो पार्दै छ ? के यस वर्गले शूद्र र अस्पृश्यहरूको तुलनामा मुसलमानका अधिकार  र हित सम्बन्धी रक्षाको ज्यादा चिन्ता गरेको छैन ? के अस्पृश्यको राजनीतिक अधिकारको विरोध गर्ने गान्धी मुसलमानका हकमा कोरा चेकमा हस्ताक्षर गर्न तयार छैनन ? वास्तवमा हिन्दुहरू शासक वर्ग शूद्र र अस्पृश्यताको उपेक्षा मुसलमानका साथ सत्ताको साझेदारी गर्न बढी तत्पर छ । हिन्दु समाजको लोकतन्त्र विरोधी चरित्रका बारे शिकायत गर्नुपर्ने मुसलमानका निम्ति कुनै कारण देखिदैन ।"

जुन, १९४७ मा भारत-पाकिस्तान विभाजनको सम्झौता भयो । डा. अम्बेडकरमा आशा कुन सीमासम्म पूरा भए र उनका आशंका कतिसम्म रहे ? विभाजन शान्तिपूर्वक हुनुपर्दछ र दुवै नयाँ राज्यको सम्बन्ध मित्रतापूर्ण हुनुपर्दछ भन्ने अम्बेडकरको विचार थियो । तर उनको यो विचार पूरा हुन सकेन । यसको विपरीत पाकिस्तान र भारत घातक दुश्मनीमा उत्रे । र, रक्षा तथा सेनामा भारी खर्च गरिदैं छ । तर दलितका बारेमा उनमा भएको शंका भने धेरै मात्रामा हटिसकेको छ । अनुसूचित जातिलाई विधान मण्डलमा उचित प्रतिनिधित्व प्राप्त भयो । नोकरीको बारे अझै कुरो मिलेको थिएन । र, त्यो प्राप्त हुने धेरै टाढाको कुरो थियो । तर स्वतन्त्रताको समयभन्दा त्यसमा धेरै सुधार भइसकेको छ । अम्बेडकर बलियो केन्द्रका समर्थक थिए । यसबारे उनले भनेको जस्तै भयो । उनले यस कार्यमा महत्त्वपूर्ण भूमिका निर्वाह गरेका थिए । अरू जस्तै अनुसूचित जातिलाई भोटको अधिकार प्राप्त भयो । डा. अम्बेडकरले यसलाई निकै महत्त्व दिएका थिए । उनीहरूले मूलभूत अधिकार पनि प्राप्त गरे । र, यी सबैलाई लागू गर्ने उपायमा पनि डा. अम्बेडकरले जोड दिएका थिए । यी प्रावधानलाई प्रभावकारी बनाउन जरुरी छ । यसका निम्ति जनतालाई जागृत गर्नुपर्ने छ । र, संगठन पनि बलियो बनाउनुपर्दछ ।

डा.अम्बेडकरले यसका निम्ति साधन तयार गरिदिएका छन् । यसभन्दा बढी एउटा मानिसले अरू के नै गर्न सक्छ ?

# सशक्त केन्द्रको आवश्यकता

विकेन्द्रीकरणका प्रश्नबारे डा.अम्बेडकर र गान्धीबीच असहमती थियो । अर्थात् यसबारे डा.अम्बेडकर गान्धीजीसित सहमत थिएनन् । उनी प्रतिभाशाली व्यक्ति थिए । राजनीतिक र आर्थिक विकेन्द्रीकरण सम्बन्धी खास-खास तर्कहरू दिइने गरिन्थ्यो । उनले यी सबै तर्क राम्ररी बुझेका थिए । तर उनको प्राथमिकता अरूभन्दा भिन्न थियो । सवर्णको अत्याचार समाप्त गर्ने तथा सामाजिक समता ल्याउने कुरोलाई उनले सर्वाधिक महत्त्व दिएका थिए । उनले सामाजिक न्यायको आदर्श र राजनीतिक शक्तिको विकेन्द्रीकरणको आदर्शबीच दीर्घकालमा नभए पनि अल्पकालमा विरोध हुन्छ भन्ने कुरो निश्चित रूपले बुझेका थिए । उनी बहुसंख्यक सवर्ण जातिद्वारा दलित वर्गलाई सताइने कुरोमा सशंकित थिए । उनले स्थानीय स्वराजका संस्थामा धेरै अधिकार दिने पक्षमा थिएनन् । न्याय र औचित्यको कल्पना हिन्दु समाजको प्रधान कल्पना होइन । उसको नैतिकताको चेतना पनि प्रबल छैन । यसो हुनुको कारण छ । स्थानीय संस्थाका स्तरमा जागरूक जनमतको अभाव हुनु हो । तल्लो स्तरमा बढी अधिकार दिनुको अर्थ हो बहुसंख्यक सवर्ण हिन्दुहरूले अनुसूचित जातलाई अत्याचार गर्ने अवसर प्राप्त हुनेछ । राष्ट्रिय स्तरमा अनुसूचित र पछौटे जातहरू प्रबुद्ध जनमत र सहानुभूतिपूर्ण व्यवहारको आशा गर्न सक्छन् । यो नै हाम्रो राष्ट्रिय जीवनको सत्य हो । र, कोही मानिस राष्ट्रिय संसदको कारबाहीसंग परिचित छन् यस्ता मानिसलाई अनुसूचित जाति, जनजाति र अन्य अल्पसंख्यकका समस्याहरू जति लोक सभा र राज्य सभामा उठाइन्छ त्यति राज्यका विधान सभा, परिषद वा स्थानीय निकायमा उठाइने गरिदैन भन्ने थाहा छ ।

अतः डा.अम्बेडकर सधैं शक्तिशाली केन्द्रको पक्षमा थिए । उनले केन्द्रीय कार्यपालिकालाई बलियो बनाउन चाहन्थे । कार्यपालिकाको शक्ति सामाजिक न्यायको पक्षमा हुनुपर्दछ । र, यसका निम्ति प्रशासनिक इच्छालाई व्यावहारिक बनाउनुपर्दछ । संसदको अधिकारको क्षेत्र कानुन बनाउने सम्बन्धी कुरामा व्यापक हुनुपर्दछ । यसबाट दलितको हितमा कानुन बनाउन सक्नुपर्दछ । उनको दृष्टिमा सामाजिक न्यायका निम्ति यही व्यवस्था प्रभावकारी हुन सक्दछ ।

यी उद्देश्य पूरा गर्नु जरुरी थियो । यसैले यसका निम्ति संविधानमा विविध प्रावधानहरू राखिएका थिए । सबै प्रावधानहरू या त डा.अम्बेडकरले राखेका थिए या त प्रारूप समितिले सामूहिक

विचार विमर्श गरेर राखेको थियो । उनले संविधान सभामा बडो जोडदारका साथ यसलाई समर्थन गरेका थिए ।

अस्पृश्यता सम्बन्धी अपराधका बारेमा बोल्दै डा.अम्बेडकरले के प्रश्न उठाए भने यस नयाँ कानुनलाई लागू कसले गर्ला ? उनले यसबारे सुझाउ पनि दिएका थिए ।

उनले सुझाउ दिए कि विधेयकमा विशेष धारा राख्नुपर्दछ । र, कानुन केन्द्रीय सरकारद्वारा लागू हुनुपर्दछ । यदि यस्तो गरिएन भने यो सीमावर्ती सूचिको कानुन हो भन्ने कुरा राज्यले दाबी गर्नेछ । अम्बेडकरको यस्तै सोचाइ थियो । र, सामान्यतः उनलाई नै यो कानुन लागू गर्ने अधिकार छ । यो कानुन राज्यद्वारा लागू गरियोस् भन्ने उनको विचार थिएन । उक्त राज्य र सरकारमा मातहतमा काम गर्ने अधिकारी स्थानीय सवर्ण हिन्दुका प्रभावमा हुनेछन् र प्रशासनिक बागडोर पूर्णतः सवर्णको हातमा हुनेछ भन्ने डा.अम्बेडकरको शंका थियो । यसलै उनीहरूले यस कानुनलाई कडाइका साथ पालना गराउने छैनन् । र, यो कानुन निष्प्रभावी बनिरहने छ, भइरहने छ । त्यसपछि अम्बेडकरले अनुच्छेद ३५ र अनुच्छेद ७३ मा गरिएको परिवर्तनको महत्त्वको बारे प्रकाश पारे । उनले भने कि अनुच्छेद ३५ मा भनिएको छ कि अनुच्छेद १७ अन्तर्गत दण्ड दिने कानुन वा मूलभूत अधिकार (भाग तीन) अन्तर्गत पर्ने अपराध सम्बन्धी दण्ड निर्धारण गर्ने कानुन राज्यद्वारा नबनाएर संसदद्वारा बनाइनेछ । यसैले यद्यपि यो विषय समवर्ती सूचिमा आयो । तर वास्तवमा यो केन्द्रीय सूचिको विषय हो । उनले भने कि अनुच्छेद ७३ को अधीन (जो १९३५ को भारत सरकार अधिनियमको तदनुरूप धाराभन्दा भिन्न छ ) केन्द्रीय सरकारलाई यो अधिकार छ कि त्यसले यो कानुनलाई लागू गर्ने शक्ति आफ्नो हातमा लिन सकून् ।

भारत सरकार अधिनियममा स्पष्ट प्रावधान थियो कि समवर्ती सूचिमा केन्द्रको अधिकार कानुन बनाउने कुरोमा मात्र सीमित छ । कानुन लागू गर्ने अधिकार केन्द्रले लिन सक्दैन । सन् १९३५ को कानुनमा यो प्रावधान राखिएको थियो कि केही खास कारणले राख्नुपरेको थियो । तर यतिखेर ती कारणहरू छैनन् । हामीले आफ्नो संविधान बनाउने समयमा यस्ता प्रावधान संविधानमा राख्नु परेन । मैले भनेँ, यद्यपि सामान्यता केन्द्र समवर्ती सूचिमा बनाइएका कानुनको प्रवर्तन राज्यलाई दिन्छ । केन्द्रसंग यो निश्चय गर्ने विकल्प हुनुपर्दछ कि उसबाट समवर्ती सूचिमा बनाइएका कुनै पनि कानुनको प्रवर्तन राज्यले गर्ने छैनन् । बरु केन्द्रले नै स्वयं गर्नेछ । यस आशयको प्रावधान अनुच्छेद ७३ मा गरिएको छ ।

प्रारम्भदेखि नै अम्बेडकर मौलिक अधिकारलाई लागू गर्नका निम्ति उचित साधन र प्रक्रियाका

निम्ति प्रयत्नशील थिए । मात्र मौलिक अधिकार सूचि बनाउनु पर्याप्त हुनेछैन र उनलाई मौलिक भन्नु पनि काफी छैन भन्ने डा.अम्बेडकरको भनाइ थियो । यी अधिकार हाम्रो मानसिक विचारको अंश बन्नुपर्दछ । यी अधिकार इंग्ल्याण्डमा सन् १६८८ को रक्तहीन क्रान्तिताका अस्तित्वमा आएका थिए । फ्रान्सेली क्रान्तिमा यी अधिकारलाई पुनः मनुष्यका मूल अधिकारका रूपमा पुष्ट गरियो । यी मूल अधिकार अमेरिकी संविधानका अंग पनि बने । प्रश्न छ, यिनको प्रर्वतन कसरी होला ? संविधान सभामा उद्देश्यसित सम्बन्धित संकल्पका बारे बोल्दै डा. अम्बेडकरले दिसेम्बर ९, १९४६ मा भनेका थिए:

"संकल्पको यस भागमा अधिकारबारे उल्लेख छ । तर यसका उपायबारे केही पनि भनिएको छैन । यो कुरो मलाई राम्ररी थाहा छ । हामी सबैलाई थाहै छ कि अधिकारको त्यस बेलासम्म कुनै महत्त्व हुँदैन जबसम्म यस्तो उपाय भनिदैन कि जसका माध्यमले अधिकार हनन भएमा त्यसको सुरक्षा प्राप्त गर्न सकियोस् । यहाँ उपायको बिलकुल अपमान भएझैँ छ र मैले यस्तै बुझेको छु । यहाँसम्म कि यो सूत्र पनि यस प्रस्तावमा छैन कि कानुनको प्रक्रिया बाहेक अरू कुनै तरिकाले कुनै व्यक्तिको जीवन, स्वतन्त्रता र सम्पतिलाई छिन्न सकिदैन ।"

डा.अम्बेडकर दलित वर्गको प्रतिनिधिका रूपमा गोलमेच सम्मेलनमा उपस्थित भएका थिए । उनले त्यहाँ दलित वर्गका पक्षमा बडो दृढता र बुद्धिमत्ताका साथ प्रस्तुत गरे । अम्बेडकर कुनै विषयमा बहस गर्ने वकिल जस्ता व्यक्ति मात्रै थिएनन् । उनको भाषण आस्था एवं भावनाले भरिपूर्ण हुन्थ्यो । दलित वर्गको स्थितिलाई सुधार्नु उनको जीवनको ध्येय थियो । उनले भारतीय समाजको गहन अध्ययन गरे । र, यस समाज प्रणालीले कसरी काम गर्दछ भन्ने कुरो उनलाई राम्ररी थाहा थियो । अम्बेडकरले यस अन्यायपूर्ण व्यवस्थाको पूरा आतंक सहेका थिए । र, स्थानीय स्तरमा दलितलाई भने जति न्याय प्राप्त हुन सक्दैन भन्ने कुरो उनलाई थाहा थियो । उनी अङ्ग्रेजका पिठ्यूँ थिएनन् । सवर्ण हिन्दु र राष्ट्रवादी समाचारपत्रले उनलाई अङ्ग्रेजका पिठ्युँ भनेर निन्दा गरेका थिए । उनी वास्तवमा देशभक्त थिए । उनले भारतीयलाई सत्ता सुम्पिने कुरोको विरोध गरेनन् । तर उनी एउटा कुरोमा भने पक्कै चिन्तित थिए । स्वशासनका परिणामस्वरूप बहुसंख्यक सवर्ण हिन्दुले दलित वर्गलाई अत्याचार नगरून् भन्ने कुरोमा उनी चिन्तित थिए । उनी वयस्क मताधिकारका पक्षमा थिए । र, उनले यसका निम्ति दृढताका साथ लडेका थिए । उनले दलितका निम्ति सत्तामा साझेदारी चाहन्थे । दलितका अधिकारका रक्षाका निम्ति मजबुत केन्द्रको आवश्यकता छ भन्ने कुरोमा उनको कडा अडान थियो । केन्द्रीय विधान मण्डलमा कानुन बनाउने व्यापक अधिकार हुनुपर्दछ र केन्द्रीय कार्यपालिकासंग कानुन लागू गर्ने व्यापक शक्ति हुनुपर्दछ भन्ने उनको विचार थियो । सर्वोच्च अदालतसंग विचारण र न्याय वितरणको

प्रभावकारी अधिकार हुनुपर्दछ । तर यत्तिकैमा नै डा.अम्बेडकर सन्तोष हुने व्यक्ति थिएनन् । उनले प्रश्न गरे । के हाम्रो देशमा सर्वोच्च अदालत हुनु नै ठूलो कुरो हो ? उसको अधिकार क्षेत्र व्यापक हुनु पनि जरुरी छ । तर यसका बाबजुद पनि उसका फैसला र आदेशलाई लागू गर्न सकिएन भने मजबुत केन्द्रीय सरकारका सारा ढाँचा तयार गर्नुको अर्थ नै के रह्यो र ?

"गोलमेच सम्मेलनको संघीय ढाँचाको समितिमा बोल्दै डा.अम्बेडकरले अक्टुबर २२, १९३१ मा यस कुरोलाई जोडदारका साथ समर्थन गरेका थिए । संघीय न्यायालयको क्षेत्राधिकार आस्ट्रेलिया र अमेरिकाका संघीय न्यायालयभन्दा ज्यादा विस्तृत हुनुपर्दछ भन्ने उनको सल्लाह थियो । मौलिक अधिकार र अल्पसंख्यकका निम्ति गरिएका सुरक्षा उपायहरूलाई संघीय न्यायालय (फेडरल कोर्ट) को अधिकार क्षेत्रमा राख्नुपर्दछ भन्ने उनको भनाइ थियो ।"

डा.अम्बेडकरले भने कि भारतको भावी संवैधानिक ढाँचा ब्रिटिश भारतको लोकतन्त्र र देशी रियासतको एकतन्त्र खिचडी संघ हुनेछ र यसरी सरकार राजनीति बहुमतको सरकार नभएर बरु त्यो साम्प्रदायिक बहुमतको सरकार हुनेछ । त्यसपछि उनले भने :

"मेरा विचराअनुसार मौलिक अधिकारको रक्षा र अल्पसंख्यकका अधिकार रक्षा गर्ने प्रश्नमा अरू संविधानको अपेक्षा भारतको संविधानमा ज्यादा महत्त्वपूर्ण छन् । र, मौलिक अधिकार र अल्पसंख्यकका अधिकारको पूर्ण निश्चितताको दायित्व (चाहे अधिकार पनि होऊन्) सर्वाधिक महत्त्व ग्रहण गर्दछन् । यसका निम्ति मेरा विचारमा सबभन्दा राम्रो तरिका यो हुन्छ कि संघीय न्यायालयको अधिकार क्षेत्रलाई बढाइयोस् जसबाट तिनले यससित सम्बन्धित मामिलाको सुनवाइ गर्न सकून् । मेरो निवेदन के छ भने मौलिक अधिकार वा देशी रियासतमा जहाँकहीं पनि उठून् त्यसमा विचार गर्ने अधिकार संघीय त्यो न्यायालयलाई नै हुनुपर्दछ ।"

त्यसपछि अम्बेडकरले संघीय न्यायालयको फैसलालाई लागू गर्ने प्रश्न अघि सारे । समितिका अध्यक्ष लार्ड चान्सलरले चेतावनी दिएका थिए कि सदस्य प्रान्त वा रियासतको सदाशयतामा सन्देह व्यक्त नगरून् र यो मानून् कि उनले संघीय न्यायालयको फैसला पालन गर्ने तथा उसलाई लागू गर्नमा निष्ठाले काम गरून् ।

अम्बेडकरले भने कि यस विषयमा जान स्टुअर्ट मिलद्वारा प्रतिपादित सिद्धान्त अपनाउनु पर्दछ । अर्थात् यदि सबै मानिस असल छन् भने कानुन बनाउने आवश्यकता नै छैन । किनभने कोही मानिस नै खराब हुन्छन् । यो विषय अनिर्णीत तरिकाले छोड्नु हुँदैन । उनले अमेरिकाको इतिहासका कैयौं उदाहरण दिएका थिए । त्यहाँ राज्यले या त संघीय न्यायालयको फैसलालाई अवहेलना गरे वा वर्षौंसम्म

तिनलाई त्यसै थन्काए । त्यसपछि उनी भारतीय परिस्थितितिर फर्के :

“यस्ता अल्पसंख्यक वर्गका प्रतिनिधिका नाताले जोसंग यतिखेर कुनै अधिकार छैन र यस वर्गले माग राखेको अधिकारको स्तरबारे विरोध हुन्छ । साम्प्रदायिक बहुमतबाट पुस्ट प्रान्तीय सरकारले ती फैसला र आदेशलाई लागू गर्नका निम्ति तयार होला जो उनका हितका निम्ति रुचिकर छैनन् यसबारे मलाई कत्ति पनि आशा छैन......... ।

अतः मेरो निवेदन छ कि संघीय विधान मण्डललाई केही विशिष्ट अधिकार दिइयोस् जसबाट त्यसले संघीय न्यायालयका फैसलालाई लागू गर्न सकोस् ।”

जातीय वा साम्प्रदायिक संघर्ष भयो भने कुनै पनि संवैधानिक उपाय काम लाग्दैन भन्ने कुरो अम्बेडकरसंग गरियो । यसबारे यसको उत्तर दिदैन भन्ने भनाइ उनको थियो । उनले नासिक मन्दिर प्रवेश सत्याग्रहका समयमा भएको आफ्नो उदाहरण दिए । उनले भने- मानौं, मसित त्यो मौलिक अधिकार भएको र मैले त्यसको प्रयोग गर्न चाहेको भए के हुन्थ्यो ?

**डा.अम्बेडकर-** मानौं, मजिस्ट्रेटले आदेश गर्दछ कि हामीले शान्ति भंग गर्दै छौं । र, त्यो बन्द भएन भने उनले हामीलाई गिरफ्तार गर्नेछन् । मानौं, म संघीय न्यायालयमा जान्छु । यो पनि मान्नुहोस् कि यस मामिलामा सुनवाइ गर्ने अधिकार संघीय न्यायालयलाई दिइएको छ । र, संघीय न्यायालयले मजिस्ट्रेटको आदेश गलत छ भन्छ । मान्नुहोस् त्यसपछि म गृहमन्त्रीनेर आउँछु र उनलाई संघीय न्यायालयको फैसला लागू गर्ने कुरा भन्दछु । यदि गृहमन्त्री सनातनी मानिसको बहुमतमा निर्भर छन् भने उनले म केही गर्न सक्दैन भन्नेछन् । यसैले यस्तो स्थितिमा केन्द्रीय सरकारलाई कानुन पालन गराउने अधिकार हुनुपर्दछ ।

**जिन्ना-** तपाईले जे भन्दै हुनुहुन्छ यसमा वजन छ भन्ने मलाई लाग्छ । कुनै आदेश पालन गराउनका निम्ति यसका पछाडि पहिले पुलिसको तागत हुनुपर्दछ । र, अन्तिम सत्ताका रूपमा सेनाको शक्ति । सरकारको संघीय सदस्यले आवश्यक परेमा सेनाको सहारा पाएन भने कुनै आदेशको पालना कसरी गर्न सक्छ ?

**डा.अम्बेडकर-** यो पनि केन्द्रले गर्नुपर्ने छ । म उसमा कुनै पनि प्रतिबन्ध लगाउन चाहन्नँ । म उसलाई त्यो अधिकार दिन चाहन्छु जसलाई उसले यस प्रयोजनका निम्ति आवश्यक मान्दछ । त्यो

स्थिति पनि आउन सक्दछ । चाहे ती अधिकार जे पनि हुन यदि हामीले मानिसलाई संरक्षण दिन चाहन्छौं भने संघीय सरकारसंग अधिकार हुनुपर्दछ । त्यसले संघीय न्यायालयबाट गरिएको फैसलालाई क्रियान्वित गराउन सकोस् ।

**जिन्ना-** केन्द्रीय सरकारलाई अधिकार दिनु मात्र काफी हुँदैन । त्यो अधिकाको प्रवर्तनका निम्ति व्यवस्था तन्त्र पनि उसको हातमा हुनु पनि जरुरी हुन्छ ।

**डा.अम्बेडकर-** यस योजना अन्तर्गत त्योसंग व्यवस्था तन्त्र हुनुपर्दछ ।

**जिन्ना-** केन्द्रीय सरकारलाई शक्ति दिइयोस् । तर शक्तिको प्रयोग गर्ने साधन पनि त्योसंग हुनुपर्दछ ।

**डा.अम्बेडकर-** सेना,

**जिन्ना-** बिलकुल ठीक ।

संविधानका केही प्रावधानमा डा.अम्बेडकरको केही आशंका थियो । हामीले आफ्नो संविधान अध्ययन गरेको खण्डमा यो कुरो थाहा पाइन्छ । उदाहरणका निम्ति हाम्रो संविधानमा पीडित नागरिक सोझै सर्वोच्च अदालतमा जान सक्दछ भन्ने प्रावधानको व्यस्था गरिएको छ ।

1= यस भागमा उल्लेखित अधिकारलाई लागू गर्नका निम्ति उचित प्रक्रियाको आधारमा सर्वोच्च न्यायालयमा जाने अधिकार दिएको छ ।

2= यस भागद्वारा प्रदत्त अधिकार प्रवर्तनका निम्ति सर्वोच्च अदालतलाई समुचित निर्देश वा आदेश जस्तै हैबियस कार्पस (सन्देह उपस्थिति), मन्डामस (परमादेश), प्रोहिबिशन ( निषेध), कोवारण्टी (अधिकार) र सर्शिओरारी (प्राकर्षण) आदि जारी गर्ने अधिकार हुनेछ । संविधानको अनुच्छेद ३२ बारेमा बोल्दै संविधान सभाका सदस्यहरूले यो अनुच्छेदको महत्त्व बुझे भन्ने कुरोमा आफ्नो प्रसन्नता व्यक्त गरेका थिए । “यदि मलाई संविधानको सबभन्दा महत्त्वपूर्ण अनुच्छेद कुन हो र योबिना संविधान बेकार हुनेछ भन्ने कुरो मलाई सोधियो भने मैले यही अनुच्छेदको नाउँ लिनेछु । यो नै संविधानको आत्मा र त्यसको ह्दय हो ।”.......

यसमा समावेश गरिएको नयाँ समादेश समावेश गरिएको छ । यो अनुच्छेदको विशेषता होइन । यसमा यी समादेश पहिलेदेखि नै विद्यमान थिए । तर

उनको आधार विधि मण्डल थिए । अर्थात् यी उपाय विधि मण्डलको कृपामा निर्भर थिए । केही सदस्यहरूले सोभियत संविधानमा लिखित सामाजिक र आर्थिक अधिकारलाई प्रशंसा गरेका थिए । यसमा डा.अम्बेडकरले भनेका थिए । “उपायले नै अधिकारलाई वास्तविकता प्रदान गर्दछन् । यदि उपाय छैन भने अधिकार पनि हुँदैन ।” डा.अम्बेडकको विचार अनुसार अनुच्छेद ३२ मा व्यक्त गरिएको सुरक्षाका निम्ति सबभन्दा महान सुरक्षाका उपाय गरिएका छन् ।

यो आशंका हटाउनु जरुरी थियो । यसका निम्ति सर्वोच्च अदालतको निर्णयको पालना हुने छैन । सर्वोच्च अदालतद्वारा अधिघोषित कानुन भारतका सबै अदालतमा बाध्यकारी हुँदैन  भन्ने कुरो संविधानमा प्रावधान गरिएको छ ।

अनुच्छेद १४२ (१) अन्तर्गत सर्वोच्च अदालतलाई अधिकार दिइएको छ कि उसले यस्तो आदेश वा निर्देश जारी गर्न सकोस् जो उसको विचाराधीन मामिलामा पूर्ण न्याय गर्नका निम्ति आवश्यक होस् । र, यसरी जारी गरिएको आदेश वा निर्देशलाई संसदद्वारा निर्माण गरिएका कानुन वा त्योद्वारा निर्धारित विधिअनुसार सारा भारतमा प्रवर्तनीय हुनेछ ।

सर्वोच्च अदालतको प्रतिष्ठा र प्राधिकार बनाइ राख्नका निम्ति उसलाई केही अधिकार दिइएको छ । उसले कुनै पनि साक्षीलाई कुनै दस्तावेजको प्रस्तुती सुनिश्चित गर्नका निम्ति र आफ्नो मानहानिका निम्ति कसैलाई दण्ड दिनका निम्ति पनि आदेश जारी गर्न सक्छ । तर यो पर्याप्त भने थिएन । एउटा अर्को अनुच्छेदमा भनिएको छ कि सबै प्राधिकारीको कर्तव्य छ कि उनीहरूले अदालतको इच्छाको प्रवर्तनमा त्यसलाई सहयोग गरून् । “भारतको सीमामा सबै नागरिक वा न्यायिक प्राधिकारीले सर्वोच्च अदालतलाई मद्दत गर्नेछन् ।”

अम्बेडकर भारतको गाँउ र बस्तीको सामाजिक रचनासंग परिचित थिएँ । त्यहाँ कुनै न कुनै सवर्ण जाति हाबी हुन्छ । पञ्चायत र स्थानीय निकायमा यिनकै प्रभुत्व हुन्छ । यिमध्ये कुनै जातिमा राज्य सरकारको नै दबदबा हुन्छ ।  यस किसिमका शक्तिशाली समुदाय वा जातिले अनुसूचित जातिमाथि अत्याचार गर्छन् । यस स्थितिमा स्थानीय स्तरमा पीडित जातिले आफ्ना कष्ट निवारण गर्ने आशा नै के रहन्छ र ? हरियाणमा जाटको प्रभुत्व छ, गुजरातमा पाटीदार, महाराष्ट्रमा मराठा, कर्नाटकमा अधिकांश भागमा लिंगायत र वक्कालिगा जातिको, आन्ध्र प्रदेशमा तेलगांना र रायलसीमा इलाकामा रेड्डीहरूको प्रभुत्व छ । यस स्थितिमा केन्द्रले नै दलितलाई न्याय प्रदान गर्न सक्छ भन्ने

सोचाइ अम्बेडकरको थियो । दलितमा असुरक्षितको भावना छ । यो नै देशमा केन्द्रीयकरणको बढ्दो प्रवृत्तिको एउटा प्रमुख प्रेरक हो ।

अमेरिकामा नश्ल सम्बन्धी भेदभाव छ । छालाको रंगको अर्थात् काला र गोराबीचको भेदमा त्यहाँका अश्वेल मानिस यस अन्यायका विरुद्ध आफ्नो लडाइँमा वाशिंगटनतिर अर्थात् सर्वोच्च अदालत, काँग्रेसी र राष्ट्रपतितिर  आशा गरेर हेर्ने गर्छन् । थियोडोर ह्वाइटले बडो सटिक शब्दमा आफ्ना कुरा यसरी व्यक्त गरेका छन् :

"अश्वेत नेताहरूले काँग्रेसीलाई एउटा विधेयक प्रस्ताव गरेका छन् । यस अन्तर्गत संघीय सरकार दक्षिणमा अश्वेत पञ्जीकरण र मतदानको अधिकारलाई सुनिश्चितता गर्न सकोस् । काँग्रेसीलाई यस प्रस्तावलाई पास गराउन एक दशक लागेको थियो । तर यसका बारेमा शक्ति कहाँ छ भन्ने कुरो उनीहरूलाई बिलकुलै स्पष्ट थियो । यो शक्ति वाशिंगटन तथा केन्द्रको राजधानीमा थियो । र, उनीहरू वाशिंगटनको यस शक्तिलाई पुनः-पुनः बढाउन चाहन्थे । वाशिंगटनको अधिकारलाई बढाउनका निम्ति उत्सुक शक्तिमा सबभन्दा शक्तिशाली, दृड र दीर्घजीवि शक्ति अश्वेतका आन्दोलनहरू थिए ।"

विकेन्द्रीयकरणका नीतिका निम्ति न्यायपूर्ण सामाजिक व्यवस्था, औचित्य एवं सहानुभूतिमा आधारित मानव सम्बन्धको व्यापक प्रणाली उपेक्षित हुन्छ । न्याय भावनाको अभावमा नैतिकता जातीय र वर्गीय हुने गर्छ । उसलाई मानवीय मूल्यको व्यापक आधार प्राप्त हुँदैन । मानवीय मूल्य र सत्यताको अभावमा स्थानीय एकाइमा सत्ताको आन्तरिक रूप कमजोर हुन्छ र अधिकार वञ्चित वर्गमाथि अत्याचार गर्ने कारण नै हुन सक्छ ।

स्वतन्त्र भारतको संवैधानिक ढाँचा पुरानो ग्रामीण पञ्चायतका आधारमा तयार हुनुपर्दछ । हामीकहाँका महात्मा गान्धी र अरू केही मानिसहरू यस विचार प्रणालीका समर्थक थिए । उनीहरूका निम्ति वेष्ट मिनिस्टर लोकतान्त्रिक प्रणाली स्वीकार्य थिएन । यो प्रणाली भारतका निम्ति अनुकूल छैन भन्ने उनीहरूको सोचाइ थियो । ग्राम पञ्चायतलाई मूल एकाइ मानेर अप्रत्यक्ष प्रणालीद्वारा सम्पूर्ण ढाँचा खडा गरियोस् भन्ने उनीहरूको चाहना थियो । तर काँग्रेसीलाई सञ्चालन गर्ने बुद्धिजीविलाई प्राचीन-ग्राम प्रणालीसंग विशेष कुनै आकर्षण थिएन । उनीहरू अङ्ग्रेजको राजनीतिक विचारबाट प्रभावित थिए । हाम्रो सारा आधुनिक संवैधानिक विकास उत्तरदायी सरकार र प्रतिनिधि संस्थातर्फ उन्मुख रहिआएको छ ।

२१ जून, १९४६ मा गान्धीजीलाई एउटा प्रश्न सोधिएको थियो । के क्याबिनेट मिशन योजना

अन्तर्गत बन्ने संविधान सभाको उपयोग स्वराज्यको सरकार निर्माण गर्न सकिन्छ ? संविधान निर्मातृ संस्थामा सबै सम्भावनाहरू हुन्छन् भन्ने उनको उत्तर थियो । तथापि उनलाई ज्यादा उम्मीद थिएन । उनले अरू पक्षलाई पनि साथ लिनुपर्ने आवश्यकतातर्फ जोड दिएका थिए । यस बाहेक उनले भनेका थिए :

"स्वतन्त्रताको स्वरूप के हुने हो यसबारे काँग्रेसीहरू स्वयं एकमत थिएनन् । कति मानिसलाई अहिंसा र चर्खामा विश्वास छ तर यसको उल्टो कुरो मलाई थाहा छ । कति मानिस गाउँलाई मूल एकाइ मानेर विकेन्द्रीकरणका पक्षमा भएका छन् । लोहिया सामाजिक अत्याचारको समस्या समाधान गर्न चाहन्थे यसका निम्ति भारत प्रथम श्रेणीको सैनिक शक्ति बनोस र भारतका सारा ढाँचा एउटा बलियो केन्द्र वरिपरि खडा होस् । मजस्तो अरू धेरै मानिसलाई पनि यो थाहा छ ।"

राम मनोहर लोहियाजस्ता विकेन्द्रीकरणवादी पनि संसदीय लोकतन्त्रका समर्थक थिए । उनको सुझाव यस्तो थियो । सार्वजनिक ढाँचा दुई स्तरको साटो चार स्तरमा खडा गरियोस् । उनले यसलाई 'चौखम्बा राज' भन्ने नाम राखेका थिए । यस योजना अन्तर्गत जिल्ला पञ्चायत, नगरपालिका र ग्राम-पञ्चायतलाई संवैधानिक दर्जा दिने उनको चाहना थियो । उनी पछौटे वर्ग जस्तै अनुसूचित जाति र महिलालाई प्रतिनिधि संस्थामा ज्यादा प्रतिनिधित्व दिन चाहन्थे अर्थात् उनीहरूलाई स्वतन्त्रतामा बढी सहभागी गराउन चाहन्थे । अम्बेडकरलाई स्थानीय समुदायमा विश्वास थिएन । सभामा विपक्षका रूपमा बोल्दै आफ्नो अन्तिम वर्षमा डा.अम्बेडकर गृह मन्त्रीलाई भनेका थिए । अनुसूचित जातिका मौलिक अधिकार प्रवर्तनको जिम्मेवारी आफूले लिनुहोस् । राज्यका सरकारले यो काम गर्न सक्दैनन् । पुलिसले पनि यो काम गर्न सक्दैन । किनभने त्योसंग त्यसको शक्ति छैन । अतः गृह मन्त्रीले एउटा राजनीतिज्ञ सरह यस कामलाई गम्भीरतापूर्वक आफ्नो हातमा लिनुपर्दछ भन्ने उनले आशा प्रकट गरेका थिए । जबसम्म प्रशासन, मन्त्रालय वा त्यसको अधीन कुनै विशेष विभागले यो काम गर्दैन तबसम्म कुनै प्रशासनिक सफलता प्राप्त हुनेछैन ।

राष्ट्रवादीहरूले मात्र सरकार अधिनियमका उपबन्धलाई आलोचना गरेका थिए । तर यसबाट नयाँ संविधान निर्माणका निम्ति एउटा तयारी ढाँचा प्राप्त भएको थियो । अम्बेडकर प्रारूप समितिका अध्यक्ष थिए । उनले यो कुरो उठाए र संविधान सभाद्वारा स्वीकृत उद्देश्यका प्रस्तावका सन्दर्भमा यसमा आवश्यक संशोधन परिवर्तन गरे । अम्बेडकर पूर्णतः पश्चिमी लोकतन्त्रवादी आदर्शमा समर्पित थिए । उनका निम्ति ग्राम-पञ्चायत संस्था कुनै महत्त्वको विषय थिएन । उनले यसलाई संविधान सभाको प्रारूपको आधार बनाएनन् । यतिमात्र होइन, यसको विपरीत उनले संविधान सभामा प्रारूप प्रस्तुत गर्दै

ग्राम-पञ्चायत संस्थाको कल्पनालाई आलोचना गरे । उनले भने- भारतका बुद्धिजीवि ग्राम-पञ्चायतप्रति जो प्रेम देखाउँदै छन्, त्यो दयनीय छ । सम्भवतः यो उन्नाइसौं शताब्दीको पूर्वाद्धका ब्रिटिश अधिकारी मेटकाफको प्रभाव थियो । यस संस्थामा गर्व गर्ने जस्तो कुनै कुरो छैन भन्ने भनाइ डा.अम्बेडरको थियो ।

"संसारमा धेरै परिवर्तन भए । यसबीच पञ्चायत टिकेका छन् । यो साँच्चो कुरो हो । प्रश्न छ, कुन धरातलमा ? निम्न र स्वार्थको धरातलमा । यो पक्का कुरो हो । यी ग्राम-पञ्चायतहरूले भारतलाई बरबाद गरेका छन् भन्ने मेरो मान्यता हो । प्रान्तवाद र सम्प्रदायलाई निन्दा गर्ने मानिसहरू नै गाउँका समर्थक छन् । गाउँ के हो ? यो संकुचिततताको फोहोर नाली, अज्ञान, क्षुद्रता र जातीय दम्मको वृत्तिको अँध्यारा गुफाहरू हुन् । संविधानको प्रारूपमा गाउँलाई छोडेर व्यक्तिलाई एकाइका रूपमा स्वीकार गरिएको छ । यसमा म खुशी छु, प्रसन्न छु ।"

डा. अम्बेडकरले गाउँ पञ्चायत संस्थालाई निन्दा गरेका थिए । किन कि यी गाउँ पञ्चायतहरू जाति-प्रणाली, अत्याचार र शोषणका मूर्तरूप हुन भन्ने उनको सोचाइ थियो । उनले पुराना व्यवस्थालाई ध्वस्त पार्न चाहन्थे । जाति, धर्म, लिंग आदि भेदभाव समाप्त गर्ने उनको विचार थियो । यो काम गरेर मनुष्यलाई समान महत्त्व दिने सिद्धान्तका आधारमा नयाँ व्यवस्थाको ढाँचा खडा गर्ने उनको चाहना थियो । यसैले उनले पञ्चायतलाई अन्य स्थानीय निकायका साथ नवौं अनुसूचिमा राखे । र, यिनलाई विधान-मण्डलको अधीन राखे ।

## भाषागत प्रान्त रचना र अम्बेडकर

डा.अम्बेडकरका विचार सबै प्रश्नमा अपरिवर्तनीय थिएनन् । जाति-संस्था उन्मूलन र बलियो राष्ट्रका निम्ति उनका निकै लचिला विचार थिए । तर समतामूलक समाज स्थापनाको प्रश्नबारे उनको यस्तो विचार पाइँदैन । उनका लेख र चिन्तन पढ्दा यही कुरो थाहा पाइन्छ । यस बाहेक अरू प्रश्नमा उनका बदलिरहेका विचार पढेर मानिसलाई कहिलेकाँही कस्तो-कस्तो लाग्ने गर्छ । विचारको सातत्य, संगति र स्थिरताप्रति उनको तरिका महात्मा गान्धीको जस्तै थियो । महात्मा गान्धीलाई पहिले व्यक्त गरिएको विचार स्मरण गराइयो भने उनले आफ्ना प्रश्नकर्तालाई यी असंगतिलाई नहेर्ने र उनका वर्तमान विचारलाई नै प्रामाणिक मान्ने कुरो गर्दथे । डा.अम्बेडकरको पनि यस सम्बन्धी यस्तै कुरो थियो । तर दुवैको स्वभावमा निकै अन्तर थियो । सामान्यतः उनका कुरा निकै तीखा र मन बिझ्ने खालका हुन्थे ।

एकपटक अम्बेडकरले इमर्सनको चर्चा गर्दै भनेका थिए कि विचारको स्थिरता भनेको गधाको गुण हो । र, मैले स्वयं आफूलाई गधा बनाउनु मेरो अभिष्ट होइन । कुनै सातत्यताका निम्ति भाव कुनै पनि विचारशील प्रणाली एउटैमा बाँधिनु हुँदैन । एक जिम्मेवार व्यक्तिमा पुनर्विचार गर्ने र आफ्नो विचार परिवर्तन गर्ने साहस हुनुपर्दछ । विचार बदल्नका निम्ति उचित तर्क र पर्याप्त कारण प्रस्तुत गर्न सक्नुपर्दछ ।

उपर्युक्त कुराबारे एउटा उदाहरण दिन सकिन्छ । भाषाका आधारमा राज्य पुनर्गठन गर्ने बारे अम्बेडकरको कुनै निश्चित सिद्धान्त थिएन । उनले यसबारे भिन्न समयमा विभिन्न विचार प्रस्तुत गरे । तर भाषागत प्रान्तको रचनाप्रति उनको विरोध थियो । उनका रचना पढेर यही कुरो थाहा पाइन्छ । दक्षिण भारतको नक्शा भाषाका आधारमा खिचिएको थियो । उनका विचारमा यो एउटा दुर्घटना थियो । र, यसबाट भारतको लगभग विघटन हुनेछ भन्ने उनको भनाइ थियो । भाषाको सिद्धान्तका आधारमा काँग्रेसीले संविधानमा परिवर्तन गर्न खोजेको थियो । यसका निम्ति अम्बेडकरले गान्धीजीको तीखो आलोचना गरे । तर यो सिद्धान्त गान्धी आउनुभन्दा अघि नै प्रत्यक्ष रूपमा स्वीकार गरिसकिएको थियो । पहिले सिन्ध र पछि आन्ध्रलाई पृथक प्रान्त बनाइएको थियो । गान्धीजीले यस प्रक्रियालाई तार्किक परिणतिसम्म मात्र पुर्‍याएका थिए । उनले विरोधबिना नै यो काम गरे । यसको पनि कारण छ । र, त्यो कारण हो- तिलकका अनुयायीहरूले पहिलेदेखि नै यस सिद्धान्तका आधारमा काम गर्दै थिए । आफ्नो प्रारम्भिक वर्षहरूमा तिलकले खास गरी माराठी भाषी क्षेत्रलाई आफ्नो कार्य क्षेत्र बनाएका थिए । उनले आफ्नो कार्यक्रमको खुबै प्रचार गरे । यसका निम्ति उनले मराठी भाषा र ‘केसरी’ पत्रिकालाई

माध्यम बनाएका थिए । तर यसको ऐतिहासिक पृष्ठभूमि जेजस्तो भएपनि यस सिद्धान्तमा अम्बेडकर कहिल्यै पनि आकर्षित र मोहित भएनन् । उनले पाकिस्तान सम्बन्धी आफ्नो पुस्तकमा यसका बारे लेखेका छन् । उनले त्यसमा देशलाई बीस भाषा अनुसार टक्र्याएर बाँड्ने काँग्रेसी योजनाको निकै व्यंग्य गरेका छन् ।

अम्बेडकरका दृष्टिमा भाषागत प्रान्तका प्रश्न समाधानका निम्ति केही कुराले निकै महत्त्व राख्छन् । उनको यस्तो भनाइ छ । भाषाको सिद्धान्तमा बनेका सबै राज्य आर्थिक दृष्टिले समर्थ हुनुपर्दछ । अन्यथा ती सधैंभरि केन्द्रीय राजस्वको बोझ भइरहने छन् । यसका अतिरिक्त उनका निम्ति राज्यमा जातिगत रचनाको पनि निकै महत्त्व थियो । महाराष्ट्रमा अनुसूचित जाति तथा अन्य पछौटे वर्गलाई बहुसंख्यक मराठाको दबदबामा रहनुपर्ने कुराको उनलाई डर थियो । यस सामाजिक संगठन र यस जातिगत संरचनालाई बिर्सिने मानिसले आफ्नो नाश गर्न खाल्डो आफैं खन्नेछ । अर्थात् उसले आफ्नो विपत्ति आफैं निम्त्याउनेछ । अतिशयोक्तिमा कुरा गर्ने अम्बेडकरको आफ्नै विशिष्ट शैली थियो । र, यस शैलीमा उनले जाट राज्य, रेड्डी राज्य र मराठा राज्यको कुरा गरेका थिए । उनले एउटा भाषा बोल्नेहरूलाई एउटा राज्यमा जम्मा गर्ने प्रश्न पनि उठाएका थिए । उनी बडो सुसंगठित भाषागत राज्यका परिणामसंग भयभीत थिए । यसबाट बिखण्डनको भावना पैदा हुनेछ । र, यसबाट अन्ततः भारतको एकता नष्ट हुनेछ भन्ने उनको सोचाइ थियो । भाषागत प्रशासनिक एकाइलाई उनले विरोध त गरेनन् । तर उनले यसमा संयम र सन्तुलन गर्ने सल्लाह दिएका थिए । ताकि बहुसंख्यक जातिहरू भाषगत राज्यका आडमा आफ्नो शक्तिको दुरूपयोग नगरून् । सन् १९५३ मा उनको यस्तो स्थिति थियो । दुई वर्षपछि राज्य पुनर्गठन आयोगको रिपोर्टबारे एउटा विस्तृत पुस्तिका लेखेर उनले यस कुरोलाई अघि बढाए । त्यतिखेर उनका केही विचार परिवर्तन भएका थिए । अहिले उनका निम्ति भाषागत राज्य अनिवार्य भएका थिए । तर यो प्रश्न भावनारहित विवेकका आधारमा निश्चित गर्नुपर्दछ । र, दलीय हितका आधारमा हिंसात्मक आन्दोलनबाट हुनु हुँदैन भन्ने उनको भनाइ थियो । त्यो बेला यो आशा निर्मूल सिद्ध भयो । यो प्रश्न भावनावेशित भयो । र, जुन समस्या विवेकबाट सुल्झाउनुपर्ने थियो त्योसंग दलगत राजनीतिले घातक खेल खेल्न सुरु गऱ्यो ।

यतिखेर भाषगत राज्य दुई कारणले आवश्यक छ भन्ने डा. अम्बेडरको सोचाइ थियो ।

1 लोकतान्त्रिक कार्यलाई सजिलो बनाउनु ।

२ साँस्कृतिक र भाषिक तनाव हटाउनु ।

यति भने पनि डा.अम्बेडकरले देशमा आइपर्ने खतराप्रति खबरदारी गरी रहे । यो भाषागत राज्यको स्थापनामा नै अन्तर्निहित छ । यदि भाषागत राज्यमा त्यहाँका भाषालाई राज्यभाषा बनाइयो भने यो आन्दोलन अनेक स्वाधीन राष्ट्रहरू निर्माण भएर दूषित हुनेछन् । स्वाधीन राज्य र स्वाधीन राष्ट्रबीच विभाजक रेखा निकै मसिनो हुन्छ । नयाँ राज्य गठन भएपछि हिन्दीलाई सबै पुनर्गठित राज्यको भाषाका रूपमा अपनाइयोस् र हिन्दी यसका निम्ति सक्षम नहोउन्जेल अङ्ग्रेजी भाषालाई जारी राख्नुपर्दछ भन्ने डा.अम्बेडकरको सुझाव थियो । यस्तो गरिएन भने भाषिक राज्यका कारण राष्ट्रको एकता चाँडै नै खतरामा पर्नेछ । फेरि हस्व मामूल उत्तेजनात्मक शैलीमा उनले आफ्नो कुरा यसरी राखेका थिए । जसले राज्यको आर्थिक पुनर्गठन योजनाको अभिन्न अंगको रूपमा यस सुझावलाई स्वीकार गर्दैन त्यसले आफूलाई भारतीय हुँ भन्ने अधिकार पनि हुँदैन । प्रादेशिक भाषाहरूलाई राजभाषाका रूपमा स्वीकार गरियो भने यसले संयुक्त भारतको विचारलाई मृत्युको घण्टी बजाउनुपर्ने छ ।

अम्बेडकरले हरेक विवादमा तर्क गर्ने गर्थे । उनले आफ्नो कुरोको औचित्य सिद्ध गर्न चाहन्थे । यसका निम्ति उनले पूर्णतः तार्किक मार्ग नै अपनाउँथे । तर जीवन हमेसा तर्क र बुद्धिवाद अनुसार चल्ने गर्दैन । जनताका भावनाप्रति पनि आँखा चिम्लेर बस्न सकिदैन । व्यावहारिक कुरा अन्ततः सैद्धान्तिक तर्कमा छाउने गर्दछ । नयाँ भाषिक राज्यको निर्माणका बारेमा यस्तो नै भयो ।

भाषागत राज्य निर्माणका निम्ति सशक्त संगठन थियो । डा. अम्बेडकरले यसका विरुद्ध व्यावहारिक र अकाट्य कारण अघि सार्ने गर्दथे । आयोगका अधिकांश सदस्यहरूले मध्य प्रदेशका विस्तृत एवं दुर्वह राज्यलाई ज्यूँका-त्यूँ रहन दिने सिफारिस गरेका थिए । डा.अम्बेडकरले यसको विरोध गरेका थिए । ठूला हिन्दी भाषी राज्यहरूको प्रभुत्वका परिणामका सम्बन्धमा उनका मनमा कैयौँ आशंका थिए । उनले उत्तर प्रदेशको विभाजनसंग सम्बन्धित पन्निकरको असहमति पत्रलाई समर्थन गरेका थिए ।

डा.अम्बेडकरले प्रत्येक राज्यमा वाञ्छनियताको कुरो गरे । सन् १९४१ को जनगणना अनुसार भारतमा उत्तर प्रदेशको जनसंख्या ६ करोड ३२ लाख, बिहारको ३ करोड ८२ लाख र पुनर्गठित मध्य प्रदेशको २ करोड ६१ लाख थियो । यसको विपरीत दक्षिणमा तेलगांनाको जनसंख्या १ करोड १३ लाख र केरलको १ करोड ३६ लाख मात्र थियो । राज्यका निम्ति आदर्श वा आवश्यक जनसंख्या ४ करोड वा ३ करोड मान्ने हो भने दक्षिणमा मिल्दाजुल्दा राज्य बनाउन सरकार बाध्य हुने थियो । भाषिक

सिद्धान्तका दृष्टिले यो असम्भव कुरो थियो । यसैले ठूला हिन्दी भाषी राज्यलाई टुक्र्याएर संघीय केन्द्रमा सन्तुलन स्थापित गर्नु पर्दछ भन्ने डा.अम्बेडकरको सुझाव थियो । यसको समाधान यसरी गर्न सकिन्थ्यो । उत्तर प्रदेशलाई तीन राज्य र बिहार तथा मध्य प्रदेशलाई दुई-दुई राज्यहरूमा विभाजन गर्नुपर्दछ । उत्तर प्रदेश र बिहारको सन्दर्भमा डा.अम्बेडकरको प्रस्तावलाई व्यावहारिक रूप दिन सकिन्थ्यो । यो प्राकृतिक विभाजनको अनुरूप पनि हुने थियो । मध्य प्रदेशको उत्तर र दक्षिणका राज्यमा विभाजन गर्नु व्यावहरिक थिएन । तर मध्य भारतलाई पहिलेको रूप दिएर उत्तर प्रदेशको बुन्देलखण्ड भागलाई मिलाएर तथा पुनर्गठित बिन्ध्य प्रदेश वा महाकौशल बिन्ध्य क्षेत्रबाट छत्तिसगढ क्षेत्रलाई अल्याएर, मध्य प्रदेशको विशाल राज्यलाई तीन राज्यमा बाँडन सकिन्थ्यो । तर बिहार र उत्तर प्रदेशका राजनेताहरूले अम्बेडकरको योजनालाई कहिल्यै स्वीकार गर्ने थिएनन् । आखिर ठूला राज्यका कारण प्राप्त गरेको राजनीतिक शक्तिलाई उनीहरूले कसरी छोड्न सक्थे ?

हिन्दी राज्य र हिन्दी भाषी क्षेत्रका विरुद्ध स्थायी पूर्वाग्रहको आरोप अम्बेडकरमाथि लगाउनु ठीक हुनेछैन । उनी फ्युजन गरेर बनाइएका समेकित ठूला हिन्दी भाषी राज्यका विरुद्ध थिए । तर सुरुमा उनले संयुक्त महाराष्ट्रको पनि समर्थन गरेनन् । उनले मराठी भाषीका मानिसलाई तीन पृथक राज्यमा वितरित गर्न चाहेका थिए । भाषा सम्बन्धी राज्यका बारे लेखिएका उनका निबन्धमा बम्बईलाई अलग राज्य बनाउने विचारलाई पनि समर्थन गरिएको छ । अनुसूचित जाति र अल्पसंख्यकका निम्ति बम्बई बहुमतको आतंकबाट शरण दिने स्थान बनोस् भन्ने उनको चाहना थियो ।

यस प्रस्तावद्वारा महाराष्ट्रको प्राचीन संस्कृतिलाई पुनः स्थापित गर्दै छु भन्ने भनाइ अम्बेडकरको थियो । यसको अर्थ हो कि प्राचीन कालमा तीन महाराष्ट्र (त्रयी महाराष्ट्र) थिए । उनको पहिलो तर्क थियो कि एउटा सरकारले यति विशाल संयुक्त महाराष्ट्रमा शासन चलाउन सक्दैन । यति ठूलो राज्यलाई कुशल प्रशासन चलाउनु असम्भव कुरो हो । उनले प्रश्न गरे "संयुक्त राज्य कसका लागि ? महाराष्ट्रका निम्ति पृथक राज्य एउटा कुरो हो ।" तर एउटै महाराष्ट्र बिलकुल अर्को कुरो हो । उनले बारम्बार जानकारी गराइ रहे गरे कि "एक राज्य एक भाषाको सूत्रलाई एक भाषा एक राज्यको सूत्रले गोलमाल गर्नु हुँदैन ।" उनले दोस्रो सूत्रलाई स्वीकार गर्दैनथे । यो अनावश्यक सूत्र थियो र यसलाई छाड्नुपर्दछ भन्ने उनको आग्रह थियो । उनको दोस्रो तर्क थियो । ती तीन क्षेत्रको आर्थिक असमानता, विशेष गरेर मराठवाडा क्षेत्रको कृषि, उद्योग र शिक्षामा पछौटेपन हुनु । अम्बेडकर मराठाको प्रभुत्व देखेर भयभीत थिए भन्ने कुरो बुझिन्छ । मराठाको शक्ति बढ्यो भने अनुसूचित जातिहरूको सुरक्षालाई खतरा हुनेछ । यसैले उनले मराठा शक्तिको एकत्रीकरण रोक्न चाहन्थे । पछि गएर मराठाको दंगा र

अन्य घटनाहरूबाट डा. अम्बेडकरको आशंकाको पुष्टि हुन्छ । उनका निम्ति मराठाको राजनीतिक चातुर्यप्रति विशेष आदर थिएन । उनमा राजनीतिक प्रतिभा छैन भन्ने उनको भनाइ नियो । तर अवसरले मानिसलाई योग्य बनाउँछ भन्ने कुरो स्वयं उनले गर्दथे । बाल गंगाधर खेर (१९३७-५२) र मोरारजी देसाई (१९५२-५५) को सरकारमा मराठा मन्त्रीहरूद्वारा देखाइएको अकर्मण्यताका आधारमा डा.अम्बेडकरको निष्कर्ष थियो । यशवन्तराव चौहान, वसन्तराव पाटिल र शरद पवारको मुख्यमन्त्रित्व कालको नेतृत्व देख्न उनी जीवित रहेनन् । यदि उनी बाँचेका भए मलाई विश्वास छ कि मराठाहरूको राजनीतिक प्रतिभाका बारेमा उनले आफ्ना विचार संशोधन गर्ने थिए । मराठामाथि घटिया किसान भएको आरोप पनि लगाइने गरिन्थ्यो । तर अवसर र आधुनिक कृषि सम्बन्धी टेक्नोलोजीका साधन उपलब्ध भएकोले उनीहरू कुशल र प्रगतिशील किसानका रूपमा अघि बढे ।

डा.अम्बेडकरले तीन मराठी भाषी राज्यहरूको समर्थन गरेर बडो विलक्षण तर्क दिएका थिए । मराठा जाति राजनीतिक दृष्टिले निकै पिछडिएको छ भन्ने भनाइ उनको थियो । यदि तीनवटा महाराष्ट्र राज्य भए भने तीन जनालाई मुख्यमन्त्रीको प्रशिक्षण प्राप्त हुनेछ । उनीहरूले पृथक राज्यको माग गर्नुपर्दछ भन्ने सल्लाह उनले दिएका थिए । (राज्य पुनर्गठन आयोगले पूर्वी महाराष्ट्र विदर्भका निम्ति अलग राज्यको सिद्धान्तको रूपमा पहिले नै स्वीकार गरिसकेको थियो) अम्बेडकरले महाराष्ट्रको पुनर्वितरण गर्ने आफ्नो योजना प्रस्तुत गरेका थिए । त्यसपछि अम्बेडकरले भने कि आन्ध्र, कर्णाटक, गुजरात र मध्य प्रदेशका मराठी भाषी इलाकालाई समेत संलग्न मराठी राज्यमा मिलाउनु पर्दछ ।

अम्बेडकरले यस्ता सुझाव दिएका थिए । तर ती सुझावलाई स्वीकार गरिएन । र, तिनबाट कुनै परिणाम निस्केन । उनको तर्कले गर्दा जनताको भावना निकै प्रभावशाली साबित भयो । उनमा तर्क र विवेक गर्ने निकै क्षमता थियो । र, यही नै उनको विचित्रता पनि हो । यस्तो तर्क र विवेक भएको पुजारी मैले अहिलेसम्म भेटेको छैन । यसबीच महाराष्ट्रको आन्दोलन चर्किदै थियो । डा. अम्बेडकरले बम्बईलाई पृथक राज्य बनाउने योजना छाडे । उनले आफ्नो कतिपय भूमिका फेरफार गरे । र, भन्निछ अन्तमा उनले बम्बई सहित संयुक्त महाराष्ट्रको समर्थन गरे । त्यतिखेर म गोवाको जेलमा थिएँ । मलाई यस परिवर्तनका बारे व्यक्तिगत जानकारी हुने कुरै भएन । उत्तर प्रदेश, बिहार, आन्ध्र प्रदेश, महाराष्ट्र र मध्य प्रदेशजस्ता विशाल राज्य निर्माणको सम्बन्धमा अम्बेडकरको मत अनुकूल बनेको थियो । यसबारे मैले अहिलेसम्म कुनै लिखित जानकारी प्राप्त गरेको छैन । अम्बेडकरको मन खुला थियो । यो सही कुरो हो । कहिलेकाँही उनले अचम्म पर्ने गरी आफ्ना विचार पनि चाँडै परिवर्तन गर्दथे । यस्तो

लाग्दथ्यो कि मन नै चक्करमा पर्दथ्यो । तर उनको मन खाली हुँदैनथ्यो । उनले साना र लगभग समान आकार भएका राज्यहरू (जनसंख्या, क्षेत्रफल र साधनमा) मन पराउँथे । र, उनले आफ्नो गहन आस्थाको भावनामा बगेर परिवर्तन गरेका होलान् भन्ने कुरो गर्नु पनि अफ्ठेरो छ । एउटा चुनावमा चालबाजीका रूपमा उनले अन्ततः संयुक्त महाराष्ट्रलाई समर्थन गरेका होलान् ।

उत्तर र दक्षिणबीच संघर्ष चल्दै थियो । यस्तै हिन्दी र अहिन्दीबीच पनि कचिङ्गल थियो । यो देखेर डा.अम्बेडकर पनि निकै चिन्तित थिए । उनले दक्षिणमा भारतको दोस्रो राजधानी बनाउनका निम्ति अपील गरेका थिए । उनले हैदराबाद र सिकन्दराबाद क्षेत्रलाई मुख्य आयुक्तको प्रदेश बनाएर त्यसमा भारतको दोस्रो राजधानी स्थापित गर्न चाहेका थिए । देशको रक्षा सम्बन्धी आवश्यकताका दृष्टिले उनले यस सुझावलाई समर्थन गरेका थिए । हैदराबादको जलवायु स्वास्थ्यबर्धक भएकोले गर्मी मौसममा पनि यहाँ सरकारी र संसदले काम गर्न सक्छन् भन्ने उनको विचार थियो ।

डा.अम्बेडकरको राज्यको पुनर्गठन सम्बन्धी अध्ययन गर्ने हो भने उनका विचार अटल थिएनन् भन्ने कुरो बुझिन्छ । यी विचार समय-समयमा बदलि रहन्थे । तर सबै विचारहरू निश्चित तर्कमा आधारित थिए, भावनमा आधारित थिएनन् । उनले राज्यको पुनर्गठनलाई निम्न प्राथमिकता दिलाएका थिए । उनले ठूला राज्यलाई मन पराउँदैनथे । एकातिर उनी कमजोर र दलित वर्गमाथि हुने शक्तिशाली जातिको अत्याचारको डरबाट ग्रस्त थिए । अर्कोतिर उनी राष्ट्रिय एकतामा भाषागत राज्यका नकारात्मक प्रभावबाट चिन्तित थिए । पाकिस्तानका सम्बन्धमा लेखिएको उनको प्रस्तावमा उनले यस किसिमको पुनर्गठनलाई विरोध गरेका छन् । सन् १९४८ मा उनले एक भाषी महाराष्ट्रको समर्थन गरे । र, पुनर्गठित राज्यहरूको राज भाषा संघको राज भाषा हुनुपर्दछ भन्ने कुरो पनि उनले गरेका थिए ।

प्रारम्भमा बम्बईलाई महाराष्ट्रबाट अलग गर्ने कुरोमा डा.अम्बेडकरले विरोध गरेका थिए । र, सन् १९५३ मा उनले स्वयं आफूलाई नै प्रश्न गरे । के बहुभाषी राज्यका दोष निकाल्ने हो भने तिनी बनि रहन सक्लान् ? त्यसपछि अनुसूचित जाति तथा अन्य अल्पसंख्यकका निम्ति शरण स्थलीका रूपमा उनले बम्बईलाई पृथक राज्य बनाउने कुरो गरेका थिए । र, अन्तमा संयुक्त महाराष्ट्रका बारे उनले संयुक्त महाराष्ट्र समितिको समर्थन गरे । मत परिवर्तनका पछाडि कमजोर वर्गलाई संरक्षण दिने र राष्ट्रको एकता बनाइ राख्न उनको उत्कट इच्छा थियो । उनका बदलिरहेका विचारका पछि एउटा ऐक्यकारी संकल्पना थियो ।

# कानुन मन्त्री अम्बेडकर

सन् १९३९ देखि सन् १९४२ सम्म द्वितीय विश्व युद्ध भएको थियो । यस युद्धले भारतीय समाजमा संघर्ष र अन्तर्विरोध बढाएको थियो  वा भनौं त्यसको असर भारतमा पनि परेको थियो । यहाँको संकट चरम बिन्दुमा पुगेको थियो । काँग्रेसीले जनताको सहमतीबिना भारतलाई युद्धमा धकेलेकोमा विरोध गरेको थियो । यसै कुरोलाई अघि सारेर काँग्रेसीका सरकारहरूले त्यागपत्र दिए । अङ्ग्रेजले युद्धका समयमा सत्ता हस्तान्तरण गर्न मानेन । काँग्रेसी सरकारले त्यागपत्र दिए । यसमा खुशी भएर मुस्लिम लीगले मुक्ति दिवश मनायो । डा.अम्बेडकर पनि यस खुशीमा सरिक भएका थिए । सन् १९३७ मा उनले केही अनुभव बटुलेका थिए । त्यतिखेर दलित वर्गका प्रतिनिधिलाई सत्ताबाट अलग गरियो । अम्बेडकर यसबाट काँग्रेसीसंग धेरै रिसाएका थिए । उता मुस्लिम लीगले द्विराष्ट्री सिद्धान्त र विभाजनतर्फ पाइला चाल्यो । मुस्लिम लीग र डा.अम्बेडकर दुवै मिलेर उत्तरदायी राष्ट्रिय सरकार बनाउने काँग्रेसको प्रस्तावलाई विरोध गरे । अल्पसंख्यकको समस्या समाधन नगरुन्जेल राष्ट्रिय सरकार बन्नु हुँदैन भन्ने ती दुवैका विचार थियो । ब्रिटिश सरकारले भारतमा आफ्नो शासन टिकाइ रहन चाहन्थ्यो । यसका निम्ति उसले यस आन्तरिक फुटको उपयोग गऱ्यो । काँग्रेसीले नियन्त्रित सिभिल नाफरमानी आन्दोलन सुरु गऱ्यो । र, सन् १९४२ मा 'गर वा मर' भन्ने नाराका साथ काँग्रेसी संघर्षमा उत्रियो । डा.अम्बेडकरलाई काँग्रेसीको नीति र आकाङ्क्षा दुवै मन परेको थिएन । दुवैबीच गहिरो खाल्डो बन्ने स्थिति पैदा भयो । भाइसरायले आफ्नो कार्यकारी परिषदलाई भारतीयकरण गरे । र, उनले डा.अम्बेडकरलाई त्यसमा सरिक हुन निम्त्याए । अम्बेडकर बम्बई हाइकोर्टको न्यायाधिश र पछि संघीय न्यायालयको न्यायाधिश बन्न सक्दथे । तर उनी सार्वजनिक जीवनबाट अलग हुन चाहन्नथे । उनले कार्यकारी परिषदमा सरिक हुने निर्णय गरे । अम्बेडकर श्रम मन्त्री बने । भर्खरैको कुरो हो । श्रमिक मालिक-सरकारको त्रिपक्षीय वार्ताको नीति तयार भएको थियो । उनले यस नीतिलाई सुदृढ र अघि बढाउने कोशिश गरेका थिए । उनले आफैंले 'गुलाम संविधान' भनेको संविधानका सीमा अन्तर्गत रहेर काम गर्नु परिरहेको थियो । यस संविधान अनुसार वास्तविक सत्ता वा उत्तरदायित्व मन्त्रीहरूलाई सुम्पिएको थिएन । युद्ध सुरु हुने बेला मजदुर आन्दोलनका जुझारु तप्का सरकारको विरुद्ध थिए । यद्यपि एम.एन. रायका अनुयायीहरूले सहयोग गर्दै थिए । र, बदलामा १३ हजार रुपैयाँ मासिक अनुदानका

रूपमा प्राप्त गर्दै थिए । त्यतिबेलाको यो राम्रै रकम थियो । अब कम्युनिस्ट पनि आफ्नो युद्ध विरोधी नीति परिवर्तन गर्ने प्रक्रियामा थिए । उनका निम्ति युद्ध अहिले जनताको युद्ध भएको थियो । यी घटनाले गर्दा राष्ट्रवादी तत्वमा निकै कटुता पैदा भयो । युद्धकालीन सहयोगको कारण अम्बेडकरप्रति उनीहरूको पूर्वाग्रह अझ बलियो भयो । यसबाट सामाजिक एकताको लक्ष्यलाई धक्का लागेको थियो ।

सन् १९४५ मा शिमला सम्मेलनका अवसरमा काँग्रेसीका नेताहरू जेलबाट छुटे । तर त्यो सम्मेलन असफल भएको थियो । त्यतिबेला ब्रिटेनमा लेवर पार्टीको सरकार थियो । त्यस सरकारले केन्द्रीय विधान सभा र प्रान्तीय सभाका निम्ति नयाँ चुनावको घोषण गऱ्यो । चुनाव विधिवत् सम्पन्न भयो ।

सन् १९४५ को विधान सभाको चुनावमा मुस्लिम लीगको मुस्लिम निर्वाचन क्षेत्रमा भारी जित भयो । सन् १९४६ को प्रान्तीय चुनावमा पनि यस लीगले यस्तै सफलता प्राप्त गरेको थियो । यसको एकमात्र अपवाद उत्तर-पश्चिमी सीमान्त प्रान्त थियो । तर मुस्लिम लीगले त्यो सुदूर प्रान्तमा पनि विगत ९ वर्षमा आफ्नो स्थिति निकै सुधारेको थियो । स्मरणीय छ, सन् १९३७ मा त्यहाँ मुस्लिम लीगको कुनै अस्तित्व नै थिएन । यस पटक त्यो पार्टीले त्यहाँ काँग्रेसीभन्दा ज्यादा सीट प्राप्त गरेको थियो । त्यहाँ सामान्य सीटको सहयोगले डा.खान साहेबको मन्त्रिमण्डल बनेको थियो ।

सन् १९४५ को आम चुनावको अर्को एउटा महत्त्वपूर्ण विशेषता थियो । येरवडा करार अनुसार प्राथमिक चुनावमा अनुसूचित जातिद्वारा अपनाइएको व्यवहार । डा.अम्बेडकर अनुसूचित जाति संघका मुखिया थिए । अनुसूचित जातका बहुसंख्यक जनता यसका पछाडि छन् । र, हरिजनको प्रतिनिधित्व गर्ने काँग्रेसीको दाबी झूटो हो भन्ने कुरो यस संघले सिद्ध गर्न चाहन्थ्यो । तर अनुसूचित जाति संघले सारा भारतमा आफ्नो पहिचान बनाउन सकेन । बम्बई प्रेसिडेन्सी र सी.पी. बराबरका मराठी भाषी क्षेत्रमा अम्बेडकरका समर्थकले सशक्त शक्ति प्रदर्शन गरे । तर अरू क्षेत्रमा उनी काँग्रेसीभन्दा पछि नै थिए ।

रवि शंकर शुक्लले महाविदर्भ क्षेत्रमा अम्बेडकरको राम्रो सुझाव छ भन्ने कुरोलाई स्वीकार गरेका थिए । नागपुरका मजदुर नेता आर.एस. रुइकर थिए । उनको भनाइ छ - डा.अम्बेडकरको नेतृत्वमा बलियो पार्टीले काम गर्दैछ । र, सुझाउ दिए कि काँग्रेसी तथा अरू प्रगतिशील शक्तिबीच सम्झौता भयो भने काँग्रेसीले आरक्षित सीट, मजदुर, महिलाका निर्वाचन क्षेत्रका सीट जित्न सक्छ । सरदार पटेलले यस सहयोगको अपिलप्रति रुचि देखाए । कुनै पनि सीट काँग्रेसीभन्दा बाहिर वा काँग्रेसी विरोधी उम्मेदवारले जित्न नसकून् भन्ने विचार उनको थियो ।

उडिसा र अन्य प्रान्तमा अम्बेडकरको स्थिति सन्तोषजनक थिएन । उडिसाका सम्बन्धमा विश्वनाथ दासले सरदार पटेललाई यसरी लेखेर पठाएका थिए :

"अनुसूचित वर्ग निर्वाचन क्षेत्रका प्राथमिक चुनावमा गंजम, पुरी र बलसोड जिल्लाका चारवटा सीटहरू र कटक जिल्लाको एउटा सीट निर्विरोध भए । कटक जिल्लाका अन्य सीट र सम्बलपुर जिल्लाको सीटमा डा.अम्बेडकरको पार्टीसंग जोडदार टक्कर छ । त्यस पार्टीलाई अखिल भारतीय पार्टीले मद्दत गर्दै छ । तर यसमा चिन्ता गर्नुपर्ने कुनै कुरा छैन । हामी प्राथमिक चुनावका निम्ति तयार थियौं । र, उनको जातिमा पनि प्रतिद्वन्द्वी उम्मेदवारको निकै कम समर्थन छ भन्ने कुरो हामीले देखाउन चाहन्थ्यौं । यो अम्बेडकरका निम्ति राम्रै पाठ हुने थियो । तर उनले उपर्युक्त पाँचवटा सीटमा कोशिश नै गरेनन् । यसो हुँदा यी निर्वाचन क्षेत्रमा प्राथमिक चुनाव नै भएनन् ।"

दिसेम्बर २०, १९४५ मा सी.पी. बरारका भूतपूर्व प्रिमियर रवि शुक्लले एउटा चिट्ठी सरदार पटेललाई पठाएका थिए । यस चिट्ठीमा यस्तो लेखिएको थियो:

"मराठी भाषी सी.पी. बरारमा हामीले हरिजन उम्मेदवार सम्बन्धी प्राथमिक चुनावमा रुचि लिनु हुँदैन । किन भने काँग्रेसीका उम्मेदवार अम्बेडकरले गवई र खांडेकर समूहका उम्मेदवारलाई हराउन सक्दैनन् । प्राथमिक चुनावपछि कैयौं निर्वाचित सदस्यले काँग्रेसीकै सहयोग खोज्लान् । अनि हामी तीमध्ये योग्य मानिसलाई रोज्न सक्छौं ।"

यो नीति लोभ र घुसको नीति हो भन्ने भनाइ अम्बेडकरको थियो । र, उनको यो भनाइ ठीकै पनि थियो । सरदार पटेलले ब्रिजलाल बियाणीलाई अझ चतुरतापूर्ण नीति अपनाउनुपर्दछ भन्ने सल्लाह यसरी दिएका थिए :

"हरिजन सीटबाट आफ्ना मानिस लडाऊ । तर उनीहरूलाई कांग्रेसको टिकट नदेऊ । र, यदि उसले जित्यो भने त्यसलाई कांग्रेसमा ल्याऊ ।"

सरदार पटेलले अम्बेडकरसित पराजित हुने कलंकबाट बच्न चाहन्थे ।

चुनाव परिणाम कांग्रेस र मुस्लिम लीगकै पक्षमा गयो । र, यो यी दुवैका निम्ति सन्तोषजनक कुरो थियो । अरू सबै पार्टीहरू यस चुनावमा सफाया भए । काँग्रेसीले यहाँको आन्दोलनमा अनेक दु:ख-कष्ट सहेको थियो । यसैले यहाँका जनताले कांग्रेसलाई निकै समर्थन गरेका थिए । यस पार्टीको जरो यहँ अझै गहिरियो । मराठी भाषी क्षेत्रलाई छोडेर अन्य क्षेत्रका दलित वर्गमा पनि काँग्रेसीकै आधार बलियो भयो । यसबाट डा.अम्बेडकर निकै निराश भए । मई, १९४६ मा उनले भाइसरायको परिषदबाट

राजीनामा दिए । अन्तरिम सरकारले सितम्बर १९४६ मा काम गर्न थाल्यो । नयाँ सरकारमा अम्बेडकरको स्थान जगजीवन रामले लिए । अब अम्बेडकरले के गर्ने ? उनलाई छटपटी हुन थाल्यो । ब्रिटिश सरकारले पनि उनलाई उपेक्षा गर्‍यो । यसले गर्दा उनी झनै रूखो भएका थिए ।

सन् १९४५मा सरदार पटेल जेलबाट छुटे । त्यतिखेर उनमा निकै परिवर्तन भइसकेको थियो । अब सत्ता हात पर्ने कुरो पक्का थियो । र, यसमा उनलाई पूरै विश्वास थियो । उता इंग्ल्याण्डमा लेबर पार्टी विजयी भएको थियो । यसले उनको विश्वासलाई पुष्टि गर्दछ । सरदार पटेल सत्याग्रह र प्रत्यक्ष कारबाहीका समर्थक थिए । यस स्थितिमा उनी बिलकुलै बदलिसकेका थिए । कांग्रेस शासक-शक्ति हो भन्ने ठहर उनको थियो । पैतृक संरक्षण नीति अपनाएर जनताका सबै तह र तप्काले कांग्रेसको न्याय-भावनालाई भरोसा गरेर नबोली बसून् भन्ने कुरो उनले अघि सारे । कुनै पनि शिकायतको अभिव्यक्ति जस्तै सत्याग्रह, आन्दोलन, सिभिल नाफरमानी, हडताल आदिलाई घोर अनुशासन भंग गरेको ठहरिनेछ ।

सन् १९४५ र सन् १९४६ मा सरकारको दृष्टिकोण अलि संकुचित तर उदार थियो । संकुचित भन्नाले त्यो संघर्ष र आन्दोलनको विरुद्ध हो भन्ने कुरो बुझ्नुपर्दछ । उदार यस अर्थमा कि उसले आफ्नो पूर्व धारणालाई परिवर्तन गर्ने मुडमा थियो । र, ऊ राष्ट्र निर्माणको बाटोमा सबैलाई साथ लिएर हिंड्न तयार थियो । तर यसमा उसको रूढिवादी दृष्टि थियो । उसले धेरै व्यक्तिहरूको सहयोग प्राप्त गर्ने कोशिश गर्‍यो । त्यसमा अम्बेडकर पनि पर्दछन् ।

सन् १९३५-३६ तिरको कुरो हो । तिनैताका डा. अम्बेडकरले धर्म परिवर्तन गर्ने इच्छा व्यक्त गरेका थिए । यो कुरो सुनेर वा पढेर गान्धीलाई चोट लागेको थियो । यसै पनि अम्बेडकरको भाषण चक्कुको धारजस्ता हुन्थे । र, उनले जे मुखमा आयो त्यही प्याच्च बोल्ने गर्दथे । यी सबले गर्दा अम्बेडकरप्रति गान्धीजीको व्यवहार अलि कडा भएको थियो । सन् १९४६ मा सरदार पटेलले (प्रान्तहरूमा काँग्रेसी सरकार बनेपछि) अम्बेडकरसंग सम्झौता गर्ने कोशिश गरे । तर गान्धीको व्यवहार ढुलमुल थियो । जुलाई २१, १९४६ मा गान्धीजीले सरदार पटेललाई लेखेका थिए - "तिमीले भीमराव अम्बेडकरलाई भेट्यौ । यो राम्रै कुरो हो । तर उनी सम्झौताका निम्ति तयार हुनेछैनन् । (विधान मण्डलमा) बीस प्रतिशत सीट किन चाहियो ? यसमा मलाई केही गडबडी भएझैँ लाग्छ । यसबारे फेरि सोच ।"

यस्तो हुँदा पनि गान्धीजी वार्ता बन्द होस् भन्ने कुरो चाहन्नथे । उनी स्वयं अम्बेडकरलाई भेट्न चाहन्थे । तर अम्बेडकर पुना वा सेवाग्राम आउनुपर्ने कुरो गान्धीको थियो । समाचार-पत्रको रिपोर्ट

यसरी विपरीत भएको थियो । र, त्यो रिपोर्ट वास्तवमा गलत रिपोर्ट थियो ।

सरदार पटेलले अम्बेडकरसंगको वार्ता जारी राखे । अगस्त १, १९४६ मा गान्धीजीले यसबारे विस्तृत उत्तर दिएका थिए । अम्बेडकरसंग सम्झौता गर्नु खतरा हो भन्ने उनलाई लाग्यो । अम्बेडकरका निम्ति सत्य र असत्य, हिंसा र अहिंसामा केही फरक थिएन । अम्बेडकरले स्वयं यो कुरो गान्धीजीलाई "स्पष्ट शब्द" मा भनेका थिए । डा. अम्बेडकरले यस शैलीमा कुरो गरे होलन् । यो निकै सम्भव हुने कुरो पनि हो । सायद गान्धीजीले यी शब्द बिर्सेका थिएनन् । डा.अम्बेडकरमा सामाजिक न्यायप्रति प्रगाढ आस्था थियो । यसैले उनका निम्ति साधन र विवेक गौण कुरा थिए । अनुसूचित जातिको हितलाई देशको हितभन्दा पनि बढी महत्त्व दिन्छन् भन्ने कुरो उनले स्पष्ट गरेकै छन् । र, यो भनाइ जगजाहेर नै छ । (यो कुरो पहिले पनि भनिएकै छ) तर गान्धीजी हिच्किने अरू कुनै कारण थियो । उनले अगाडि भने "जो मानिस कहिले इसाई, कहिले मुसलमान वा सिख बन्न तयार हुन्छ र जब सुविधा हुन्छ पुनः धर्म परिवर्तन गर्न तयार हुन्छ, यस्ता मानिससंग कुरा गर्न निकै सावधान हुनुपर्दछ ।"

धर्मका बारेमा गान्धीजीको तरिका अर्कै थियो । मनुष्यको प्रेरणा स्रोत धर्म हो भन्ने उनको मान्यता थियो । ईश्वर र मनुष्यबीच, मनुष्य र ईश्वरबीच हुने सम्बन्धको नाउँ नै धर्म हो । अम्बेडकरका निम्ति यस कुरोको कुनै महत्त्व थिएन । धर्मले यस जीवनमा र यस धर्तीमा मानव सम्बन्धलाई कसरी प्रभावित पार्दछ भन्ने कुरो उनका निम्ति महत्त्वपूर्ण थियो ।  यस बारेमा दुवैको भूमिका अकल्पनीय थियो ।

सरदार पटेल मुस्लिम लीगको डरले अम्बेडकरसंग कुराकानी गर्नु हुँदैन भन्ने कुरो उनलाई भनेका थिए । यसबाट दोहोरो नोक्सान हुनेछ । गान्धीजीको विचारमा हरिजनप्रति सहानुभूतिको अभाव थियो भन्ने कुरो कसैले नसोचुन् । यसैले यहाँ यस पत्रको उदाहरण दिइँदै छ :

"यदि भारत सही अर्थमा स्वाधीन हुन्छ भने प्रान्तहरू केही हदसम्म स्वायत्त भइसकेका छन् र यदि सवर्ण हिन्दु आफ्ना कुरामा साँच्चा छन् भने सबै ठीक हुनेछ । तर यदि न्याप्रिय व्यक्तिको संख्या थोरै भयो र सत्ता कट्टर मानिसका हातमा गयो भने अन्याय हुने नै छ चाहे अहिले तिमीले जस्तोसूकै सम्झौता गरे गर हरिजनलाई पिट्ने, उनीहरूको हत्या गर्ने, उनीहरूलाई इनारबाट पानी भर्न नदिने, स्कुलबाट उनीहरूलाई लखेट्ने र आफ्नो घरमा पस्न नदिने मानिस को हुन ? यी सबै काँग्रेसीका नै मानिसहरू हुन् । यस सम्बन्धमा स्पष्ट चित्र अघिल्तिर राख्नु जरुरी छ ।"

सरदार पटेल र गान्धीबीच तर्क-वितर्क भइरह्यो । दुई दिनपछि ३ अगस्त, १९४६ मा

गान्धीजीले भनेका थिए- "यदि यसमा कुनै खतरा देख्दैनौ भने यसबारे म के नै भन्न सक्छु र ? उनीसंग सम्झौता गर । मलाई यस विषयमा अरू केही भन्नु छैन ।"

मुस्लिम लीगले संविधान सभाको बहिस्कार गरेको थियो । तर डा.अम्बेडकरले त्यसको बहिस्कार गरेनन् । यो कुरो थाा पाएर गान्धीजी प्रसन्न भएका थिए । तर अप्रिल १९४७ सम्म पनि गान्धीजी अम्बेडकरसंग सम्झौता गर्न राजी थिएनन् । गान्धीजीले २९ अप्रिल १९४७ मा अमृत कौरलाई एउटा पत्र लेखेका थिए । त्यस पत्रमा अम्बेडकरको पृथक निर्वाचन मण्डलको भाग स्वीकार गर्न सकिदैन र बढीभन्दा बढी आरक्षणको माग स्वीकार गर्न सकिन्छ भन्ने कुरा लेखिएको छ । संयुक्त निर्वाचन मण्डलमा सवर्ण हिन्दुको प्रभाव र पूर्वाग्रह हाबी हुनेछ भन्ने प्रश्नमा गान्धीजी यसरी भन्छन्- कि अन्तिम विश्लेषणमा सबथोक दुई कुरामा निर्भर हुनेछ : (क) पार्टीको प्रभाव र (ख) शिक्षा र जागरुकता । हिन्दु धर्म अस्त-व्यस्त हुनेछ भन्ने उनलाई शंका थियो । उनले इस्लाम, इसाई र सिख धर्मलाई हानि पुर्‍याउन चाहदैनथे । तर हिन्दु धर्मको हत्या उनले सोच्न पनि सक्दैनथे । यदि डा.अम्बेडकरको आपत्तिलाई मान्ने हो भने हिन्दु धर्म नष्ट हुनेछ । गान्धीजीले पुरानो व्यवस्था यथावत राख्न चाहदैनथे । अहिले उनले जाति व्यवस्थाको पनि विरोध गर्न लागेका थिए । र, उनी अन्तर्जातीय विवाहको सशक्त समर्थन भएका थिए । ......... यो विवाह जनजातिबीच नभएर हरिजन-सवर्णबीच र विभिन्न धर्मबीच पनि हुनुपर्दछ । तर उनले हिन्दु धर्म विघटन हुने कुरोलाई सहन सक्दैनथे । र, हरिजन हिन्दु-समाजबाट अल्गिने कुरालाई पनि हेर्न सक्दैनथे ।

अब सरदार पटेल, जवाहर लाल नेहरू र देश- विभाजनका कुरा गरौं । यिनीहरूले देश विभाजन गरेर पंञ्जाव र बंगाललाई टुक्र्याएर मुस्लिम लीगको समस्या समाधान गर्न चाहन्थे । यो त्यही समाधान थियो जो दिसेम्बर, १९४० मा अम्बेडकरले सुझाव दिएका थिए । अब स्थितिमा नाटकीय परिवर्तन भइसकेको थियो । संयुक्त भारतको सम्भावना समाप्त भइसकेको थियो । यसैले अम्बेडकरसंग सम्झौता गर्नु आवश्यक थिएन । विभाजनका साथ केन्द्रीय सभामा डा.अम्बेडकरको सदस्यता (उनी बंगालबाट छानिएका थिए) समाप्त हुने वाला थियो । डा.अम्बेडकर निराशै-निराशमा डुबेका थिए । सरदार पटेलले पैंतरा बदलेर नयाँ तरिकाले कोशिश गर्न लागे । अब गान्धीजी सरदारसंग पूरै सहमत थिए । श्री एम.आर. जयकरले संविधान सभाबाट त्यागपत्र दिए । त्यतिबेला सरदार पटेलले मौका छोपे । जयकरका ठाउँमा निलिंगप्पा श्री वी.के.आर.वी. रावलाई ल्याउन चाहन्थे । सरदारले आफ्नो अडान छोडेनन् । उनले अम्बेडकरलाई जिताउने कुरो बम्बईका प्रिमियरलाई भनेका थिए । यो काम पूरा भयो । अगाडिको काम अम्बेडकरलाई मन्त्रीमण्डलमा ल्याउनुपर्ने थियो । यसबारेमा सरदार र नेहरूले उदारता

देखाए । जवाहरलालले स्वयं अम्बेडकरसंग कुरा गरे । र, अम्बेडकर राजी भए । तर अम्बेडकरले भने कि विधि-विभागमा उनले गर्नुपर्ने कुनै विशेष काम छैन होला । नेहरूले भने-“यसको चिन्ता नगर र त्यहाँ धेरै काम हुनेछन् ।” सरदार पटेलले आफ्नै तरिकाले अम्बेडकरलाई सम्झाए ।

त्यसपछि पनि कचिङ्गलको स्थिति नभएको होइन । सरदार पटेल बलियो इच्छा शक्ति भएका मानिस थिए । उनलाई लौह पुरुष पनि भन्ने गरिन्थ्यो । अर्कोतिर अम्बेडकरले झुक्न जानेका थिएनन् । यी दुवैबीच कैयौं पटक बाझाबाझ भयो । सन् १९३५ को अधिनियमको धारा ९३ र वर्तमान अनुच्छेद ३५६ लाई लिएर मतभेद सुरु भयो । कन्हैया लाल मणिक लाल मुन्शी र सरदार पटेललेबीच पत्र-व्यवहार भयो । यसमा सरदारले तीखो प्रतिक्रिया व्यक्त गरेका थिए ।

गृह विभागले पुरानो अधिनियमको धारा ९३ मेल खाने अनुच्छेद १८८ का संशोधित मस्यौदा पठाएको छ । मुन्शीले यो कुरो सरदार पटेललाई भनेका थिए । यसमा डा.अम्बेडकरको आपत्ति थियो । र, उनको सुझाव अनुसार मुखर्जीले नयाँ प्रारूप तयार गर्दै थिए । यस विषयमा सरदार पटेल दिल्ली आएपछि विचार गरौंला भन्ने भनाइ मुन्शीको थियो । अम्बेडकरको विरोध देखेर सरदार पटेल रिसाए । र, रिसाएरै उनले मुन्शीलाई सोधे :

“संशोधित मस्यौदामा डा.अम्बेडकरले आपत्ति कसरी गर्न सक्छन् । यस विषयमा गृह मन्त्रालयले प्रस्ताव तयार गर्नेछ र संशोधन पास गराउनका निम्ति कानुन मन्त्रीलाई पठाउनेछ भन्ने निर्णय मन्त्रिमण्डलले गरिसकेको छ ।”

अर्को कुनै बेला अम्बेडकरले आफ्नो मन्त्रालयमा पदोन्नतिका निम्ति सोझै गभर्नर जर्नेललाई लेखेका थिए । यो पनि पटेलले मन पराएका थिएनन् । यसैले उनले अम्बेडकरलाई आफू खुशी नभएको कुरो जाहेर गरे । तर नेहरूभन्दा अम्बेडकरको पटेलसंग सुमधुर सम्बन्ध थियो । दुवैबीच आदर्शको समानता थियो भन्ने यसको अर्थ कदापि होइन । वस्तुतः आर्थिक र संवैधानिक मामिलामा अम्बेडकरका विचार नेहरूसंग मिल्दथे । अम्बेडकर पुँजीवादका प्रशंसक थिएनन् । उनका निम्ति पुँजीवादी मूल्य स्वीकार्य थिएन । उनका निम्ति पैसा कमाउनुभन्दा ज्यादा महत्त्वपूर्ण पुस्तक जमा गर्नु थियो । तर अम्बेडकरको चिन्तनको एउटा व्यावहारिक पक्ष थियो । यही कारण उनी सरदार पटेलसंग नजिकिएका थिए । सरदारले पनि उनीप्रति व्यक्तिगत स्नेहको व्यवहार गर्दथे । यो एउटा प्रशंसनीय कुरो थियो ।

अप्रिल १५, १९४८ मा डा. अम्बेडकरले एउटी बाहुनीसंग बिहे गरेका थिए । यो खबर सुनेर सरदारले उनलाई एउटा पत्र लेखे :

“आज तपाईको बिहे हुँदै छ । मैले समाचार-पत्र पढेर यो कुरो थाहा पाएँ । यस अवसरमा मेरो हार्दिक बधाई तथा सुखी वैवाहिक जीवनको शुभकामना स्वीकार गर्नुहोस् । मलाई विश्वास छ कि वापू आज जीवित भएको भए तपाईलाई आशीर्वाद दिनुहुन्थ्यो ।”

अम्बेडकरले लेखे :

“विवाहको अवसरमा पठाउनुभएको शुभकामनाका लागि म र पत्नी अभारी छौँ । र, तपाईलाई धेरै-धेरै धन्यवाद प्रकट गर्दछौँ । म तपाईसंग सहमत छु कि बापु (महात्मा गान्धीका निम्ति प्रयोग गरिने सम्मानजनक शब्द) जीवित भएको भए उहाँले आशीर्वाद दिनुहुन्थ्यो ।”

जवाहर लालमा यस्तो अपनत्वको भावना थिएन । नेहरू र उनका कानुन मन्त्री अम्बेडकरबीच व्यक्तिगत सम्बन्ध हुन सकेन । अम्बेडकरले नेहरूको भावुकता र अस्पष्टता मन पराउँदैनथे । नेहरूको मार्क्सवाद र अर्थवादप्रति अम्बेडकरको कुनै सहानुभूति थिएन । नेहरूले देशमा सामाजिक असमानता तथा सामाजिक अत्याचारको भयानकता बुझेका छैनन भन्ने अम्बेडकरको विचार थियो । नेहरू ब्राह्मण संस्कारबाट मुक्त छैनन भन्ने अम्बेडकरलाई शंका थियो । जवाहर लालले आफ्नो आत्मकथा लेखेका छन्- “उनलाई ब्राह्मणका कैयौँ पीढीको विरासत प्राप्त भएको छ । र, उनमा यस विरासतको अवचेतन प्रभाव परेको छ ।” दुवैबीच यस्ता मतभेदहरू थिए । कहिलेकाँही यी मतभेद सतहमा देखा पर्दथे । यस्तै एउटा मौका थियो । २५ अप्रिल, १९४८ मा ‘अनुसूचित जाति संघ’ को लखनऊ अधिवेशनमा डा.अम्बेडकरको भाषण थियो ।

यो कुरा थाहा पाउना साथ नेहरूले अम्बेडकरलाई लेखे । उनलाई अम्बेडकरको भाषणबाट आश्चर्य एवं दुःख भयो । यस भाषणमा नेहरू र पटेललाई हटाउने इच्छा व्यक्त गरिएको थियो । र, जगजीवन रामलाई ‘पञ्चमागी’ भनिएको थियो । उनले भने यदि मन्त्रीले यस किसिमको भावना राखे र कुरा गरे भने मन्त्रिमण्डलको सामूहिक उत्तरदायित्व कहाँ जाला ? प्रधानमन्त्रीले आफ्नो पसल बन्द गरे भयो ..... यसरी सहयोग गर्नु र मिलेर काम गर्नु सम्भव हुँदैन ।

नेहरूले सरदारलाई भने- "अम्बेडकर यस भाषणपछि मन्त्रिमण्डलमा कसरी रहन सक्लान् यो कुरो मलाई थाहा छैन ।" तर सरदार हतारोमा काम गर्ने व्यक्ति थिएनन् । यसका अतिरिक्त अम्बेडकर सरकारमा रहनुपर्दछ भन्ने कुरोमा उनी जोडदार समर्थक थिए । सायद एकदिन अम्बेडकर कांग्रेसमा प्रवेश गर्नेछन् भन्ने उनले आशा गरेका थिए ।

अम्बेडकरले नेहरूको उत्तर अघिल्लो दिन नै पठाए । उनले प्रसङ्ग भन्दै आफ्नो कुरो स्पष्ट गरे । क्याबिनेटको मिशनपछि उनी केही किन बोलेनन् ? कांग्रेसको सरकारमा उनी किन सरिक भए र अगाडि उनले के गर्ने हुन ? उनले भने जुन वक्तव्य मेरो हो भन्ने गरिन्छ त्यो वक्तव्य मेरो होइन । अखबारले बङ्ग्याएर र प्रसङ्गलाई काटकुट गरेर प्रस्तुत गरेका छन् । समाचार-पत्रले ममाथि कहिल्यै पनि न्याय गरेका छैनन् । दुवैबीच पत्र आदान-प्रदान भयो । तर त्यो विषय त्यसै दबेको थियो, थन्केको थियो ।

अम्बेडकरले प्रधानमन्त्रीलाई लेखेको जवाफका प्रतिलिपि सरदार पटेललाई पठाए । सरदार पटेल अम्बेडकरले पठाएको उत्तर देखेर पूर्णतः सन्तुष्ट थिए । उनले अम्बेडकरको उपयोगी सहयोग जारी राख्न चाहन्थे ।

अम्बेडकरले लखनऊमा गरेको भाषणको खास विषय थियो । त्यो के हो भने कांग्रेसका नेतालाई सहयोग गर्ने नीतिको परिणाम के भयो भन्ने थियो । अम्बेडकरले सम्मेलनमा उपस्थित प्रतिनिधिलाई बताए- मैले मिलिजुली काम गर्ने नीति अपनाए । र, यो निकै सफल भएको छ । यद्यपि जे जति मैले पाउनुपर्ने हो त्यो भने पाएको छैन । तर केही त पाइएको नै छ । हामीलाई विधान मण्डल र नोकरीमा आरक्षण प्राप्त भयो । र, हाम्रा कतिपय मागहरू स्वीकार गरिएको छ ।

मेरो विचारमा वयस्क मताधिकारबाट सर्वसाधारण जनताको हातमा राजनीतिक शक्ति आएको छ । यदि उत्तर प्रदेशका डेढ करोड अनुसूचित जातिहरू र एक करोड पछौटे जातिहरूले एउटा लक्ष्यका साथ काम गरे भने उनीहरूले विधान मण्डलमा ५० प्रतिशत सदस्य पठाउन सक्छन् । र, यसरी राजनीतिक सत्ता कब्जा गर्न सक्छन् ।

"यदि पछौटे जातिले आफ्नो छुट्टै संगठन बनाएर उच्च जातिका विरुद्ध संयुक्त मोर्चा बनाए भने यसमा मेरो कुनै आपत्ति हुने छैन । अनुसूचित जाति र पछौटे वर्गले आफ्नो शक्ति के-कति छ भन्ने

कुरो बुझिरहेका छैनन् । यसको परिणाम उच्च जातिहरूले नै प्रशासनमा कब्जा गरेका छन् । यो अपसोसको कुरो हो ।"

अम्बेडकरको यो दीर्घकालिक दृष्टि थियो । वर्तमान सन्दर्भमा उनको यस्तो विचार थियो :

हाम्रा मानिसहरू प्रशासनिक क्षेत्रमा हुनुपर्दछ । हाम्रो यस्तै स्थिति छ । हानिकारक कानुन बन्लान भन्ने डर मात्र होइन, राम्रा कानुनका प्रवर्तन पनि नराम्ररी हुन् सक्दछन् । ती मानिस परम्परादेखि अनुसूचित जातिहरूको हितको विरुद्ध छन् भने हाम्रो निम्ति कुनै आशा रहँदैन ।

सरदार पटेलले अम्बेडकरलाई लेखेको चिट्ठी यस्तो छ- प्रथम त लखनऊको भाषणको रिपोर्टबाट मलाई धक्का लाग्यो । तर त्यो रिपोर्ट सही मान्न मेरो मन तयार छैन । मेरो पहिलो प्रतिक्रिया ठीक थियो । र, समाचार-पत्रमा जे लेखिएको छ त्यो भाषणमा वास्तविकताः छैन । यसैमा मलाई प्रसन्नता छ ।

अनुसूचित जातको हितको सुरक्षाको सबभन्दा राम्रो तरिका सहयोग हो भन्ने कुरो सरदारले अम्बेडकरलाई आश्वासन दिएका थिए । अनुसूचित जाति सम्बन्धी राम्रा कानुन बन्ने कुरोमा कुनै अडचन छैन भन्ने उनले विश्वास व्यक्त गरे । "प्रशासनको व्यवहार अधिकाधिक सहानुभूति" हुँदै छ । र, अनुसूचित जातका धेरै मानिस सरकारी सेवामा आउनाले यो सहानुभूतिको व्यवहार बढ्दै जानेछ । डा.अम्बेडकरले सरदारको भावनालाई सम्मान गरे । यसमा कुनै आश्चर्य छैन ।

त्यसपछि मन्त्रिमण्डलमा अम्बेडकरलाई सक्रिय रूपमा सहभागी हुने कुरोमा कुनै बाधा परेन । अम्बेडकरले आफ्नो काम कस्सेर गर्न लागे । उनको प्रमुख काम भनेको संविधान बनाउनु थियो । संविधानमा कतिपय प्रगतिशील उपदफाहरू राखिएका थिए । यसको श्रेय अम्बेडकरलाई नै जान्छ । उनको सबभन्दा ठूलो योगदानलाई यसरी स्पष्ट गर्न सकिन्छ । अनुच्छेद १५ र १६ मा "अनुसूचित जाति, जनजाति वा सामाजिक तथा शैक्षिक दृष्टिले पिछडिएका सबै वर्गका हितलाई अघि बढाउनका निम्ति विशेष उपदफाहरूको व्यवस्था गरिएको छ ।" र, विधान मण्डलमा मात्र होइन, नोकरीमा पनि आरक्षणको व्यवस्था गरिएको छ । तर डा.अम्बेडकर व्यक्तिगत कारणले अरू नीतिका विषयमा पनि पूरा सन्तोष थिएनन् । संविधान निर्माणको काम समाप्त भयो त्यसपछि उनको शक्ति र प्रतिभाको पूरा उपयोग भएको छैन भन्ने कुरा उनलाई लाग्यो । प्रधानमन्त्रीले कानुन विभागका अतिरिक्त उनलाई अरू थप काम दिने वचन दिएका थिए । तर नेहरूले आफ्नो बाचा पूरा गरेनन् । अम्बेडकरलाई

मन्त्रिमण्डलको प्रमुख उपसमितिबाट हटाइएको थियो । यसैमा उनले गुनासो गरेका थिए । तर उनका निम्ति यो त्यतिको महत्त्वको कुरो भने थिएन ।

डा. अम्बेडकरका निम्ति अनुसूचित जातिका निम्ति निर्मित उपबन्धहरूप्रति पूर्ण सन्तोष थिएन् । पछौटे वर्गको कुनै ठोस सुरक्षा उपाय गर्न नसकेकोमा उनलाई अपसोस थियो । उनले यस बारेमा सार्वजनिक रूपले खेद प्रकट गरेका थिए । संविधानमा व्यवस्था गरिएका उपफाहरू बाबजुद सरकारले पछौटे वर्गका निम्ति आयोग नियुक्त गर्ने आवश्यक ठानेन । यही कुरोमा उनी दुःखी थिए । कालेकर आयोग निकै पछि नियुक्त गरियो । जनता पार्टीको घोषणा-पत्रमा यी सिफारिस लागू गर्ने कुरो नगरुन्जेल त्यसको रिपोर्ट त्यसै थन्किरह्यो । यस सिफारिसलाई लागू गर्ने काममा बिहार र उत्तर प्रदेशमा सुरु गरियो । यसबाट जनता पार्टीमा आन्तरिक विद्रोह उत्पन्न भयो । र, त्यस पार्टीको सरकारमा नै संकट पर्ने स्थिति आयो ।

जवाहर लाल नेहरूले मुसलमानप्रति निकै चिन्ता देखाउँथे । (यसमा अम्बेडकरलाई कुनै विरोध थिएन) यो कुरो अम्बेडकरलाई मन परेको थिएन होला । तर नेहरू अनुसूचित जाति र सामाजिक अत्याचारबाट पीडित मानिसप्रति उदासिन थिए । नेहरूले आफ्नो आत्मामा अस्पृश्यता निवारण सम्बन्धी गान्धीजीको कामप्रति तुच्छता प्रकट गर्दै भनेका थिए कि यो स्वतन्त्रताको प्रमुख विषयदेखि टाढिने काम हो । सामाजिक मान्यताको समाप्ति नै आर्थिक परिवर्तनको परिणाम हो भन्ने नेहरूको विचार थियो । नेहरूको यस्तै सोचाइ थाहा पाएर पनि अम्बेडकर दुःखी थिए । सामजिक सुधार तथा हिन्दु कानुन संहिताकरणप्रति नेहरूको ढुलमुल नीति थियो । यसबाट अम्बेडरलाई नेहरूसंग झनै पीडा भयो । सन् १९४७ मा हिन्दु कोड बील संसदमा राखिएको थियो । तर हरेकपल्ट कुनै बहाना गरेर त्यसलाई स्थगित गरियो । अन्तमा आंशिक विधेयक पनि हुन दिइयो । यो अम्बेडकरका निम्ति ठूलो दुःखको विषय थियो । यस विधेयकलाई विरोध गर्ने रूढिवादीहरू थिए । उनीहरू धेरै शक्तिशाली पनि थिए । र, उनीहरूका अघि नेहरूको केही लाग्दैनथ्यो । नेहरूले यस प्रश्नमा आफ्नो प्रतिष्ठालाई दाउमा लगाउन चाहन्नथे । यो देखेर  अम्बेडकरलाई अफसोस लाग्यो । चीन, तिब्बत, काश्मीर र पूर्वी बंगाल तथा विदेशी अरू मामिलामा पनि उनको मतभेद थियो ।

तर हिन्दु बील कोड पास भएन । यसलाई स्थगित गरियो । यसैले अम्बेडकरले नेहरू र काँग्रेसलाई छोडे । र, उनी विपक्षतिर लागे ।

यो हिन्दु बील कोड छोड्नुको कारण के थियो ? डा.राजेन्द्र प्रसाद यस बीलका घोर विरोधी थिए । संविधान निर्माण गर्नका निम्ति संविधान निर्मातृ समिति बनेको थियो । हिन्दु धर्म शास्त्र सम्बन्धी यति ठूलो मौलिक परिवर्तन गर्ने अधिकार समितिलाई प्राप्त थिएन । यस किसिमको तर्क गर्दै उनले एउटा टिप्पणी लेखेर बल्लभ भाइलाई पठाएका थिए । सरदारले यसबारे राजेन्द्र बाबुलाई यसरी लेखी पठाए: “तपाईको आक्षेपमा केही दम छ जस्तो मलाई लाग्दैन । जुन संस्थाले सारा देशका निम्ति संविधान बनाउन सक्छ त्यसले कानुन बनाउन सक्दैन भन्ने कुरा कसरी गर्न सकिन्छ । यसका अतिरिक्त मन्त्रिमण्डलले विधेयकलाई मान्यता दिइसकेको छ । यसो हुँदा यसबारे खुला वक्तव्य दिनु तपाईका निम्ति उचित कुरो होइन ।”

यसैबीच पटेल बिते । त्यसपछि राजेन्द्र प्रसादको विरोधको धार अझ तिखारिदै गयो । यो कुराको चर्चा बाहिर पनि हुन थाल्यो । राजेन्द्र बाबु स्वयंले यसको चर्चा संसद सदस्यहरूसंग गरे । दुई तिहाइ संसद सदस्य यी विधेयकका विरुद्धमा थिए । व्यक्तिगत कानुन सम्बन्धी कुरामा सरकारको हस्तक्षेप हुनु हुँदैन । यस धारणाको कारण भूतपूर्व मुस्लिम लिगी पनि विधेयकका विरोधी थिए । केही मन्त्रीहरूको सहानुभूति राजेन्द्र बाबुप्रति थियो । यसरी विधेयक स्थगित हुन लाग्यो । र, विरोध हट्नुको साटो बढ्न थाल्यो । प्रत्यक्षतः चारवटा धारा मात्र पास हुन सक्थ्यो । चौथो धाराका बारे सात दिनसम्म बहस चलेको थियो । गोपाल स्वामी आयंकरले नेहरूलाई ज्यादा जिद्दी गरेमा प्रधानमन्त्रीको पद जान सक्छ भन्ने संकेत गरेका थिए । नेहरू पछि हटे । तर यो स्थायी भने थिएन । नयाँ लोक सभामा हिन्दु बील कोड खण्ड-खण्डमा अनेक विधेयकका रूपमा मन्जुर गरियो ।

वी.एन. राव आदिद्वारा पुरानो मनु-धर्म शास्त्रका ठाउँमा तयार गरिएको र कानुन मन्त्रीका रूपमा स्वयं अम्बेडकरद्वारा पोषित नयाँ धर्म शास्त्र स्थापित होस् भन्ने अम्बेडकरको महत्त्वाकाङ्क्षा थियो । यसमा उनी असफल भए । यसैले उनी निराश हुनु स्वाभाविकै थियो । तथापि फरवरी ६, १९५१ मा उनले यस विधयक बारे अन्तरिम संसदमा जोडदार भाषण गरेका थिए । त्यो भाषण निकै प्रेरणादायक थियो । त्यसको संक्षिप्त विवरण अहिले पनि मार्ग-दर्शक छ । त्यसको पहिलो विषय थियो । संविधान अनुसार वैयक्तिक कानुनमा संशोधन गर्ने सरकारलाई पूर्ण अधिकार हुनेछ । उनले प्रश्न गरे । पहिलेको विधि-मण्डलले जनताको प्रतिनिधित्व गर्दैनथ्यो । यदि यस्तो गर्न सक्थे भने स्वतन्त्र भारतमा प्रतिनिधि विधि-मण्डलले यस्तो किन गर्न नसकेको हो ?

अम्बेडकर हिन्दु कोड बीलका निम्ति प्रयोग गरिएको हिन्दु शब्दको व्यापक व्याख्या गरेका थिए । यतिबेला संविधानको अनुच्छेद २५ रद्द गर्नुपर्छ । किनभने हाम्रो व्यक्तिगत कानुन बेग्लै हुनुपर्छ भन्ने सिखको भनाइ छ । 'हिन्दु शब्द' लाई कानुन अनुसार व्याख्या गर्दै डा.अम्बेडकरले केही युक्तिहरू प्रस्तुत गरेका थिए । र, ती सबै युक्तिहरू अकाट्य थिए । हिजोआजका शासक पक्ष तथा विपक्ष अज्ञानमा डुबेकमा छन् । उनले अम्बेडकरको यस प्रस्तुतीलाई मनन गर्नुपर्दछ । " भारतमा वैदिक बौद्ध, जैन, सिख आदि धर्महरू उत्पन्न भए । यिनीहरूले आफ्ना लागि स्वतन्त्र कानुन अथवा धर्मशास्त्र रचना गरेनन् । न त कानुन सम्बन्धी नयाँ संहिता नै बनाइयो । यो काम न त बुद्धले गरे न त महाविरले नै गरे ।" सरदार हुकुम सिंह अत्यन्त बुद्धिमान सिख सदस्य थिए । उनीतिर (जो पछि गएर लोक सभाका अध्यक्ष पनि) फर्केर चुनौतीका रूपमा डा. अम्बेडकरले भनेका थिए- "मेरो जानकारी अनुसार सिखका दश जना गुरुहरूले पनि संहिता वा स्मृति तयार गरेनन् ।" सन् १९३० पछि प्रिभी काउन्सीलद्वारा भारतको संविधान तयार हुन्जेल सिखलाई कानुनका दृष्टिले हिन्दु नै मानिदै आएको छ ।

संविधानको अनुच्छेद २५ ले अरू नयाँ कुरो के नै भनेको छ र ? यसले प्रिभी काउन्सीलको व्याख्यालाई नै मानेको छ । अम्बेडकरको अकाट्य युक्तिलाई प्रतिपाद गर्ने अन्तरिम संसदमा कसैको हिम्मत भएन । -उल्टै सरदार हुकुम सिंहले भने कि कानुनको दृष्टिले निस्सन्देह यही नै स्थिति छ ।

के कानुन हिन्दुहरूको लागि मात्र हुन्छ ? के यो सबका लागि हुँदैन ? यस किसिमको आपत्ति गर्ने मानिसका निम्ति अम्बेडकरले मुखभरिको उत्तर दिदै भनेका थिए– यस आपत्तिमा सदाशयता छैन । यस विधेयकका निम्ति चार वर्ष खर्च भइसकेको छ । सबै नागरिकका निम्ति समान कानुनको प्रश्न उठाउनुको अभिप्राय हो- हिन्दु-धर्मशास्त्र सम्बन्धी प्रश्नलाई टार्नु । यस किसिमको छद्म युक्तिवाद बारे यसैले जोड दिइदै थियो कि आवश्यक सुधारको काम अघि नबढोस् । अम्बेडकरको प्रतिपादको यो तेस्रो विषय थियो ।

अम्बेडकरले मन्त्रिमण्डलबाट त्याग-पत्र दिइसकेका हुन्छन् । अब उनलाई भावी कार्यक्रम निश्चित गर्नुपर्ने थियो । कानुन मन्त्रीका हैसियतले उनले संसदमा दुइटा विधेयक प्रस्तुत गरेका थिए । यस अन्तर्गत स्वतन्त्र र निष्पक्ष चुनावका निम्ति आवश्यक व्यवस्था तन्त्रको निर्माण गरियो । संविधानमै वयस्क मताधिकारको काम एउटा महत्त्वपूर्ण काम थियो । यसको प्रावधान संविधानमा गरिएको थियो । र, चुनाव सञ्चालनका निम्ति स्वतन्त्र र स्वायत्त प्राधिकरणको निर्माण गरिएको थियो । मतदाता

सूचिको निर्माण र निर्वाचन क्षेत्रको सीमा निर्धारणको काम जोडतोडका साथ चल्दै थियो । चुनाव आयोगले चुनाव-चिन्हको योजना बनाएको थियो । ताकि अशिक्षित जनताले उम्मेदवार र पार्टीलाई चिन्न सकून् । अनुसूचित जाति र जनजातिका प्रतिनिधित्वका निम्ति अधिकांश राज्यहरूमा आरक्षित सीटको व्यवस्था गरे । किनभने मतदाता सामान्य थिए । र, भोट सञ्चयात्मक थिएन, वितरणात्मक थियो । अनुसूचित जाति-संघका निम्ति चुनाव सम्झौता गर्नु आवश्यक भइसकेको थियो ।

डा.अम्बेडकर कम्युनिस्ट विचारधाराका विरोधी थिए । उनलाई सर्वहाराको तानाशाही सिद्धान्तमा आस्था थिएन । आफ्नो मान्यताका बारेमा प्रकाश पार्दै उनले अमेरिकी गृह युद्धका महान नेताको लोकतन्त्रको व्याख्या उल्लेख गर्दै भने-

“लिंकनले...... लोकतन्त्रको परिभाषा गर्दै भनेका थिए कि यो जनताद्वारा जनताका लागि निर्वाचित जनताको सरकार हो । लोकतन्त्रका अरू पनि परिभाषा हुन सक्छन् । म स्वयंले लोकतन्त्रलाई एउटा छुट्टै तरिकाले परिभाषित गर्दछु- बढी मूर्तरूपमा । लोकतन्त्र यस्तो सरकार हो जसमा जनताको सामाजिक र आर्थिक जीवनमा क्रान्तिकारी परिवर्तन रक्तहीन तरिकाले गर्न सकियोस् भन्ने कुरो मेरो बुझाइ हो । लोकतन्त्र सम्बन्धी मेरो परिभाषा यही हो ।”

सन् १९५१ मा डा. अम्बेडकरले कांग्रेस सरकारसंग नाता तोडे । उनले चुनावमा कांग्रेससंग गठबन्धन गर्न सक्दैनथे । कम्युनिस्टहरूसंग उनको मूलभूत मतभेद थियो । अखिल भारतीय स्तरमा सम्झौता गर्न सक्ने पार्टी एउटै थियो । यो समाजवादी पार्टी थियो । उनले यस पार्टीका बम्बई शाखाका नेताहरूसंग कुरा गरे । दुवै पाटीबीच भएको दूरी कम भयो । र, दुवै पाटीहरू सम्झौता गर्न राजी भएका थिए । ७ नोभेम्बर, १९५१ मा डा. अम्बेडकरले पटनामा जयप्रकाशलाई भेटे ।

डा. अम्बेडकरले पार्टी अनुसूचित जाति-संघ जयपाल सिंहको झारखण्ड पार्टी समाजवादी पार्टीका निम्ति र कार्यक्रमसंग सर्वाधिक निकट थिए भन्ने समाजवादी नेताहरूको विचार थियो । यसैले हरिजन र आदिवासीको प्रतिनिधित्व गर्ने यी दुई पाटीसंग सम्झौता गर्ने निर्णय समाजवादी पार्टीले गऱ्यो । मेरो विचारमा यो उचित काम थियो ।

डा.अम्बेडकरले- “कांग्रेसको दाँजोमा एउटा केन्द्रीय वा संघीय आधारमा एउटा पार्टी बनाउन चाहन्थे ।” तर समयाभावका कारण यो प्रस्ताव व्यवहारमा उत्रिन सकेन । अनुसूचित जाति-संघका शाखालाई अन्य पार्टीसंग चुनाव सम्झौता गर्न दिने नै विकल्प थियो । बम्बई सी.पी. र बरारका मराठी

भाषी इलाकामा एउटा अर्को पार्टी थियो । त्यो पार्टी साम्यवादी पार्टी थियो । त्यो पाटी अनुसूचित जाति-संघ र झारखण्ड पार्टीहरूसंग मिल्न सक्दथ्यो । यसको नाउँ शेतकरी कामगर पार्टी थियो । वास्तवमा समाजवादी पार्टीले यस पार्टीसंग पहिले नै सम्झौता गरिसकेको थियो । तर दुर्भाग्यले गर्दा यस पार्टीका केही मानिसहरूले नयाँ कम्युनिस्ट इण्टरनेशनल सेन्टर (कामिन टार्न) का विचार लाद्न खोजे । अनि त्यसमा गाँठो पऱ्यो । यस कृत्रिम अलगावले समाजवादी पार्टी डा.अम्बेडकरको संघ । शेतकरी कामगर पार्टी सबैलाई नोक्सान पुऱ्याएको थियो । परिणामस्वरूप यी सबै पार्टीहरू सन् १९५१-१९५२ को चुनावमा नराम्ररी हारे ।

चुनाव प्रचार गर्ने बेला डा. अम्बेडकरले नेहरूलाई अपिल गरेका थिए । त्यस अपिलमा नेहरूलाई रूढीवादी कांग्रेस छोडेर अनुसूचित जाति संघ र समाजवादी गठबन्धनमा सरिक हुने कुरो थियो । उनी "सपनाको संसारमा बसिरहेका छन्" भन्ने डा. अम्बेडकरले नेहरूलाई आलोचना गरेका थिए । उनले भारतको कमजोर अर्थव्यवस्था र बाह्य खतरा सम्बन्धी चर्चा पनि गरेका थिए । "चीन हाम्रो ढोकानेरै छ र हामीले आफ्नो रक्षा गर्न सक्दैनौं ।" उनले भ्रष्टाचार बारे नेहरूले गरेको टिप्पणीप्रति पनि खेद प्रकट गरेका थिए । उनको टिप्पणी यस्तो थियो- "भारतमा भ्रष्टाचार यति धेरै छैन कि त्यसलाई बढी ध्यान दिइयोस् ।"

समाजवादी र अम्बेडकरको पार्टी मिलेर बम्बईमा ठूल्ठूला आम सभाहरू आयोजना गरिन्थ्यो । यसबाट निकै आशा पलाएको थियो । अब चुनाव जितिन्छ कि भन्ने स्थिति थियो । तर यसको ठीक उल्टो भयो । बम्बईको दुई सदस्यीय निर्वाचन क्षेत्रको भोट गिन्ती हुने बेला अम्बेडकर र अशोक मेहता दुवै थोरै भोटले हारे । साम्यवादी उम्मेदवार श्रीपाद अमृत डांगेले आफ्ना समर्थकहरूलाई भनेका थिए कि - उनीहरूले आफ्नो दोस्रो भोट नष्ट गर्नु हुँदैन । यसबाट कांग्रेस समर्थित अनुसूचित जातिका उम्मेदवारहरूको जित र अम्बेडकरको हार निश्चित भयो ।

यस चुनावको परिणाम समाजवादी अनुसूचित जाति र झारखण्ड गठबन्धनका निम्ति भयानक संकट सिद्व भयो । केही समाजवादी नेताहरू हतोत्साही भए । अशोक मेहताले कांग्रेसको सहयोगको कुरो गर्न थाले । जयप्रकाश नारायण सर्वोदयतिर आकृष्ट भए । समाजवादी दल र शेतकरी कामगर पार्टीको समर्थन पाएर अम्बेडकर राज्य सभामा निर्वाचित भए । तर चुनावको हारले गर्दा गठबन्धन र संयुक्त पार्टीको प्रस्ताव त्यसै तुहियो ।

तर डा. अम्बेडकरले यस सम्झौतालाई तोड्न चाहन्नथे । उनले दुवै पार्टीको विलयको प्रस्ताव पनि गरेका थिए । उनले एउटा विकल्पको सुझाव पनि दिएका थिए । विभिन्न राजनीतिक पार्टीहरूको एउटा संघीय संगठन बनाउनुपर्दछ र यसमा सबै पार्टीहरू प्रमुख नीतिहरूको पहल संघीय पार्टीहरूलाई सम्पिनु पर्दछ । र, विशिष्ट विषयमा पहल आफुसंगै राखून । "यस प्रस्तावमा काफी सम्भावनाहरू छन् र यसबाट राजनीतिक जीवनको एउटा नयाँ प्रणाली विकसित हुन सक्दछ ।"

किसान मजदुर प्रजा पार्टी गान्धीवादी विचारको प्रबल समर्थक थियो । यस पार्टीमा समाजवादी दल विलय भयो । त्यसपछि समाजवादी पार्टी र अनुसूचित जातिको गठबन्धनमा फाटो भयो । अम्बेडकरले किसान मजदुर प्रजा पार्टीका नेताहरूलाई मन पराउँदैनथे । किनभने यिनीमध्ये कसैले हिन्दु कोड बीललाई विरोध गरेका थिए । उनले समाजवादीहरूलाई सावधान गरेका थिए । यस विलयबाट अनुसूचित जातिका साथको सम्बन्ध त प्रभावित हुने नै छ, समाजवादीलाई पनि निकै नोक्सान हुनेछ ।

सन् १०४५ मध्य प्रदेश भण्डाराको चुनावमा पनि अम्बेडकर र अशोक मेहता उम्मेदवार थिए । अशोकले त्यो चुनावमा जिते । तर अम्बेडकरको हार भयो । अम्बेडकर यसबाट निकै निराश भए । सवर्ण हिन्दु- मतदाताहरूको विचारबाट उनलाई निकै कष्ट भयो ।

सन् १९५५-५६ मा पश्चिम भारतका राज्यहरूमा पुनर्गठनका प्रश्नलाई लिएर निकै कचिङ्गल भयो । यसबीच समाजवादी पार्टी दुई गुटमा टुक्रियो । र, भाषाको विषयमा उनीहरूको एकता कमजोर भयो । अम्बेडकरले अनुसूचित जाति संघ जस्ता सिमित संगठनको निरर्थकता देखिसकेका थिए । कांग्रेसको विकल्पका रूपमा व्यापक आधारमा एउटा प्रगतिशील विपक्षी पार्टी बनाउनुपर्दछ भन्ने उनको इच्छा थियो । डा.अम्बेडकर र डा.लोहियाबीच यस सिलसिलामा कुरो भएको थियो । लोहिया मौलिक विचारका थिए । उनले भारतको सामाजिक समस्या बारे गहन चिन्तन गरेका थिए । र, उनको विचार जाति र सामाजिक समताका सम्बन्धमा डा.अम्बेडकरसंग निकै मिल्दाजुल्दा थिए । तर कुराकानी गरेर कुनै निश्चित परिणाम निस्कनुभन्दा पहिले नै डा.अम्बेडकर बितेका थिए ।

अम्बेडकर आफ्नो जीवनको अन्तिम अवस्थामा थिए । उनले यतिखेर व्यापक आधारको राजनीतिक विकल्पका बारे सतत् चिन्तन गर्दै थिए । यसका साथै उनले परिवर्तन र सामाजिक पुनर्गठनका समस्यासंग पनि संघर्ष गर्दै थिए । उनी हिन्दु धर्म र सवर्णको छद्म परिवर्तनको

सम्भावनाबाट पनि निराश भइसकेका थिए । उनले गरेको बीस वर्षसम्मको कष्टपूर्ण खोजको अन्त नजिकिएको थियो ।

# डा.अम्बेडकरको आर्थिक विचार

डा.अम्बेडकरको जीवनको प्रमुख लक्ष्य सामाजिक क्रान्ति गर्नु थियो । उनले वर्ण र जाति व्यवस्था समाप्त गर्न चाहन्थे । प्रत्येक व्यक्तिले आफ्नो विकास गर्न पाउने किसिमको व्यवस्था स्थापना अवसर प्राप्त गर्न चाहन्थे । प्रत्येक व्यक्तिले आफ्नो विकास गर्ने अवसर प्राप्त गर्न पाउने किसिमको व्यवस्था स्थापना गर्ने उनको विचार थियो । यसका निम्ति उनले लोकतान्त्रिक र सवैधानिक बाटो रोजे । यसरी उनको चिन्तनको प्रमुख विषय सामाजिक र संधैधानिक थिए । यसैले उनले आर्थिक पक्षमा विचार गर्ने त्यति समय पाएनन् । तैपनि उनले बेला बखतमा आफ्नो अर्थव्यवस्था सम्बन्धी केही मान्यता अभिव्यक्त गरेकै छन् ।

डा.अम्बेडकरलाई अनुसूचित जातिहरूको आर्थिक स्थिति बारे पूरै जानकारी थियो । यी जातका सबै मानिस आर्थिक दृष्टिले सर्वहारा थिए भन्ने कुरो उनलाई थाहा थियो । उनीहरू सामाजिक र धन-सम्पतिबाट पूर्णतः वञ्चित थिए । यिनीहरूको आतंक श्रमिक वर्गमा नै हुनेछ । उनीहरूलाई सामाजिक अन्यायका साथ-साथ आर्थिक शोषणका विरुद्ध पनि लड्नुपर्ने छ भन्ने कुरो पनि अम्बेडकलाई राम्ररी थाहा थियो । यस अर्थमा उनी समाजवादी अर्थव्यवस्थाका जानकार पनि थिए ।

हुन त डा.अम्बेडकर कट्टर लोकतन्त्रवादी थिए । तर उनले लोकतन्त्रको समानता, मुक्त व्यापार सम्झौता वा संविदाको स्वतन्त्रता देखाएनन् । उनले राजनीतिक लोकतन्त्रलाई सामाजिक लोकतन्त्रमा परिवर्तन गर्न चाहन्थे । सन् १९४३ मा मजदुर संघको एउटा बैठकलाई सम्बोधित गर्दै उनले भनेका थिए :

“सम्झौताको स्वतन्त्रताको कल्पनाले संसदीय लोकतन्त्रका आदर्शलाई नष्ट गरेको छ । संसदले आर्थिक असमानतातिर ध्यान दिएन । र, सम्झौता पक्षहरूबीच गैरबराबरीको स्थितिमा सम्झौताका सर्तका परिणाम बारे विचार गरिएन । यसको परिणाम के भयो भने संसदीय लोकतन्त्रले स्वतन्त्रताताको समर्थकका नाताले गरिब, दलित र अधिकारबाट वञ्चित मानिसका विरुद्ध हुने अन्यायलाई निरन्तर अगाडि बढायो ।”

वस्तुतः हाम्रो संविधानमा नै यस किसिमको उपबदफा राखियोस् कि राज्यको स्पष्ट समाजवादी स्वरूप देखा परोस् भन्ने कुरोमा अम्बेडकर प्रयत्नशील थिए । यसका निम्ति उनले राजकीय समाजवाद (स्टेट सोसलिज्म) शब्द प्रयोग गर्दथे । संविधान सभा (धारा सभा पनि भनिन्छ) का अल्पसंख्यक र दलित वर्गसित सम्बन्धित सल्लाहकार समितिका अघि उनले मार्च, १९४७ मा एउटा ज्ञापन प्रस्तुत गरेका थिए । यसमा उनले देशको भावी अर्थव्यवस्थाका बारेमा आफ्ना विचार प्रस्ट पारेका थिए । यो ज्ञापन एउटा पुस्तिकाको रूपमा थियो । र, यसको शीर्षक 'प्रान्त र अल्पसंख्यक' थियो । आफ्नो योजना स्पष्ट गर्दै उनले लेखेका थिए:

"यस योजनाका दुइटा विशेष पक्षहरू छन् । एउटा यो हो कि यसमा आर्थिक जीवनका महत्वपूर्ण क्षेत्रमा राजकीय समाजवादको सुझाव दिइएको छ । यसको अर्को व्यवस्था यो छ कि यसमा राजकीय समाजवाद स्थापना गर्ने काम विधान-मण्डलको इच्छामा छोडिएको छैन । यस राजकीय समाजवादको स्थापना संविधानका कानुन अन्तर्गत हुनेछ । ताकि विधान मण्डल वा कार्यपालिकाको कुनै कारबाहीबाट उसमा परिवर्तन गर्न नसकियोस् । जुन मानिसलाई व्यक्तिगत स्वतन्त्रतामा आस्था छ उनीहरूलाई तानाशाहीसंग एकदमै विरोध छ र उनीहरूले स्वतन्त्र समाज सम्बन्धी शासन व्यवस्थाका रूपमा लोकतन्त्रमा जोड दिने गर्दछन्...... । अतः हाम्रो समस्या भनेको हामीकहाँ तानाशाहीबिनाको राजकीय समाजवाद हो । र, हाम्रो समाजवाद संसदीय प्रणालीका साथ हुनुपर्दछ ।"

सल्लाहकार समितिका अधिकांश सदस्यहरू अम्बेडकरको क्रान्तिकारी आर्थिक प्रस्तावप्रति विशेष उत्साहित थिएनन् । अनको योजना न त सल्लाहकार समिति र न त मालिक अधिकार उपसमितिमा बहसका निम्ति राखियो । डा.अम्बेडकरले यस प्रस्तावका प्रतिलिपि जवाहर लाल नेहरूलाई पनि पठाएका थिए ।

सम्भवतः उनले सोचे कि काँग्रेसीहरूमध्ये नेहरू समाजवादी विचारप्रति समर्पित छन् । र, उनले यस प्रस्तावतिर जोड दिनेछन् । उनले आफ्नो पुस्तकको प्रतिलिपि मई १४, १९४७ मा आफ्नो पत्रमा संलग्न गरी नेहरूलाई पठाए । नेहरूजीले २२ मईमा ती प्रस्तावबारे टिप्पणी गरे । आफ्नो हस्व मामुल गोलमोल भाषामा प्रस्तावहरूलाई सहमति गर्दै तिनलाई क्रियान्वित गर्न आफ्नो असमर्थता व्यक्त गरेका थिए ।

डा.अम्बेडकरले दिएको ज्ञापनमा यस्तो थियो । आर्थिक शोषण समाप्त गर्नु जरुरी छ । यस दृष्टिले मूल उद्योगको स्वामित्व र प्रबन्ध राज्यका हातमा हुनुपर्दछ । र, बीमा कम्पनीहरूको राष्ट्रियकरण गर्नुपर्दछ । कृषि क्षेत्रमा मालिक, कास्तकार आदिलाई मुआवजा दिएर राज्यले भूमि अधिग्रहण गरोस् र त्यसमा सामूहिक खेती गराओस् भन्ने सुझाव पनि दिएको थियो । कृषि राज्यको उद्योग बनोस् भन्ने प्रस्ताव पनि थियो । न कुनै जमिनदार होस्, न काश्तकार र भूमिहीन मजदुर होस् ।

राजकीय समाजवादको स्थापना संसदीय तोकतन्त्रको सीमा अन्तर्गत नै हुनुपर्दछ । यसका निम्ति अम्बेडकरले दिएको सुझाव यस्तो छ । आर्थिक शोषणका विरुद्ध जो संरक्षण दिइन्छ तिनलाई मौलिक अधिकारको क्षेत्रमा ल्याइयोस् । समाजका कमजोर वर्गलाई दिइने संरक्षणलाई पनि उनले मौलिक अधिकारको अध्यायमा ल्याउन चाहन्थे । जवाहर लाल नेहरूले चिट्ठीमा यसरी लेखे :

"सैद्धान्तिक रूपले हामीले यी उपदफालाई संविधानमा राख्न सक्छौं । यद्यपि ती मौलिक अधिकारको परम्परागत उद्देश्य अनुरूप छैनन् । तपाईले यो भन्नु पनि ठीक हो कि पुराना उद्देश्यलाई व्यापक बनाएर आर्थिक लोकतन्त्रलाई यसमा समावेश गराइनुपर्दछ । मैले यस लक्ष्यलाई उद्देश्यसित सम्बन्धित प्रस्तावमा केही अस्पष्ट रूपमा नै राखेको छु । तर मलाई के लाग्छ भने संविधानमा विशेष गरेर मौलिक अधिकारको भागमा आर्थिक ढाँचाको स्वरूप ठीक-ठीक निर्धारित गर्नु उचित हुनेछैन । अन्ततः यो व्यावहारिक विषय हो । र, हामीले सोच्नुपर्दछ कि कसरी छिटोभन्दा छिटो हामीले उद्देश्य प्राप्त गर्न सक्छौं ।"

वस्तुतः अम्बेडकरले प्रस्तुत गरेका सुझाव 'नेशनल प्लानिंग कमिटि' द्वारा सन् १९४० मा दिइएका सुझावसंग मिल्दाजुल्दा थिए । यसमा सबै मूल उद्योगहरूको राष्ट्रियकरण तथा सामूहिक एवं सरकारी खेतीको कुरो गरिएको थियो । तर नेहरू सरकारका प्राथमिकता यतिबेला अर्कै थिए । उनले आफूले लेखेको पत्रमा अगाडि यसरी लेख्छन् :

"यस समयमा हाम्रो सबभन्दा पहिलो लक्ष्य हो स्थिर बलियो सरकार जसले गडबडी गर्नेहरूको सामना गर्न सकोस् र देशका प्रगतिशील शक्तिलाई अगाडि बढाओस् । यदि हामीले यी मूलभूत आर्थिक प्रश्नलाई संविधान निर्माण प्रक्रियाका बेला सुल्झाउन लाग्यौं भने सम्भव छ कि हामीले गडबढी मच्चाउने तत्वको नै हात बलियो पार्नेछौं र हामीलाई केही पनि प्राप्त नहोस् । समयको धेरै महत्त्व हुन्छ । र, हामीले यस घडीमा समस्यालाई अल्झाउनु हुँदैन ।"

सरकारलाई बलियो गर्ने र प्रगतिशील तागतलाई अगाडि बढाउने उखान आउने कांग्रेस सरकारको तकिया-कलाम बन्यो । यसको प्रयोग हरेक क्रान्तिकारी परिवर्तनलाई टार्नका निम्ति भइरह्यो । यही नै मजाको कुरो हो । अम्बेडकर संविधानद्वारा क्रान्तिकारी आर्थिक परिवर्तन ल्याउन चाहन्थे, जस्तो कि सोभियत रूसले गरेको थियो । तर त्यतिखेर कांग्रेस पुँजीवाद तत्वको मुट्ठीमा थियो । र, जवाहर लाल नेहरू पनि आफ्नो जोशिलो भाषणका बाबजुद आन्तरिक रूपले निकै रूढिवादी थिए । र, सरकारमा आएपछि उनको रूढिवादिता अझ्झन कसिलो भयो ।

अम्बेडकर जस्तै समाजवादीहरूको पनि नेहरूप्रति बनेको भ्रम हट्न थाल्यो । यद्यपि जयप्रकाश नारायण सहित केही समाजवादी पनि पछि यस भ्रममा मुग्ध थिए कि नेहरू क्रान्तिकारी सामाजिक परिवर्तन गर्न चाहन्छन् । डा. राम मनोहर लोहियाले कांग्रेस पार्टीको कार्यक्रमका बारे त्यो बेला एउटा १५ सूत्री टिप्पणी तयार गरेका थिए । र, त्यो टिप्पणी यस्तो थियो:

“कांग्रेसका अघिल्तिर यतिखेर दुइटा विकल्पहरू छन्: (१) राज्य रहोस् वा यसको विघटन होस् र (२) पुँजीवादी राज्य होस् वा समाजवादी राज्य । यी दुईमध्ये एउटासंग लड्दाखेरि अर्कोलाई बिर्सिने खतरा भइरहन्छ । यसैले कांग्रेसलाई यस कसौटीमा मात्र कस्नु हुँदैन कि त्यसले देशलाई समाजवादतिर लगिरहेको छ वा छैन । बरु यसमा पनि कि त्यसले एउटा शक्तिशाली राज्य निर्माण गर्न सक्छ कि सक्दैन । कांग्रेसले मात्र जनताद्वारा (क) को चयनमा मद्दत गर्न सक्छ । जून, १९४८ सम्म कुनै अर्को संगठनद्वारा यो काम गर्न आशा नगण्य छ । यसैले यो कुरो सबैले स्वीकार गर्नुपर्दछ कि कांग्रेसले मात्र सत्ता हासिल गर्न सक्छ । कांग्रेसलाई बलियो गर्नुहोस् । यसबाट यो गृहयुद्धको खतराको सामना गर्न सकोस (एकता कायम गर्न सकोस्) । अहिले र पछि दंगा छुराबाजी आदिका विरुद्ध सुरक्षा स्थापित गर्न सकोस् ।”.....

स्मरणीय छ, त्यतिखेर समाजवादी गुट कांग्रेसबाट छुट्टिएको थिएन । डा. लोहियाले १५ सूत्रीय कार्यक्रममा सुझाव दिएका थिए । एक-दुई वर्षको योजना बनोस् । एक बलियो राज्य निर्माणको साधनका रूपमा कांग्रेसलाई शक्तिशाली बनाउने योजना । र, अर्को गास, बास र कपासको तात्कालिक समस्या समाधान गर्नका निम्ति आर्थिक योजना । किनभने पूर्ण स्वतन्त्रताको लक्ष्य लगभग प्राप्त भइसकेको थियो । कांग्रेसले समाजवादी राज्यलाई आफ्नो लक्ष्य घोषित गरोस् भन्ने डा. लोहियाको विचार थियो । उनको के भनाइ थियो भने यद्यपि वर्तमान स्थिति (अव्यवस्था र अनिश्चितता बाहेक

भोजन आदि सम्बन्धी खराब स्थिति) मा सुधार दीर्घकालमा नै होला । तर आंशिक रूपमा यसलाई अल्पकालमा सुधार्न सकिन्छ । किनभने यो अकुशलता र भ्रष्टाचार बाहेक यो अनर्थकारी विचारको परिणाम हो कि राजनीतिक स्थितिमा पूर्ण रूपले काबु नगरेसम्म आर्थिक क्षेत्रमा केही पनि गर्न सम्भव हुँदैन ।

जवाहर लाल नेहरूको विचार अनुसार 'शास्त्रीय' थिए । यति भनेर उनले यतातिर ध्यान दिएनन् । र, उनले भने कि "यस बेला समाजवादको कुरा गर्नु प्रतिक्रान्तिकारी काम हो । र, यसबाट उदीयमान राष्ट्र -राज्यलाई मात्र नोक्सान हुँदैन । बरु समाजवादलाई पनि नोक्सान हुनेछ ।"

यसरी स्वतन्त्रताको उदयको समयमा डा.अम्बेडकर र लोहिया जस्ता समाजवादीहरूको सोचाइ समान थियो । सामाजिक र आर्थिक क्रान्ति गर्ने काम संगसंगै हुनुपर्दछ भन्ने दुवैको विचार थियो ।

डा. अम्बेडकरको आर्थिक र सामाजिक सुझावलाई मौलिक अधिकारको अध्यायमा राखिएन । तर राज्य नीति-निर्देशक सिद्धान्तको अलग अध्यायमा उनका अधिकांश सुझावलाई समावेश गरिएको थियो । तर सम्झिनुपर्ने कुरा के छ भने प्रशासनद्वारा यी नीति-निर्देशक सिद्धान्तको उल्लंघन भएमा अदालत मार्फत कुनै कानुनी कारबाही गर्न सकिदैन । अतः संविधानको यस अध्यायको व्यवहारिक दृष्टिले कुनै विशेष असर हुँदैन । यदि संविधानमै व्यक्तिगत स्वामित्वको अधिकारलाई सीमित गरिएको भए पछि सम्पतिका बारेमा अदालतले लगाएका अडङ्गा टर्न सक्दथे ।

अम्बेडकर र समाजवादीबीच अरू कुरामा पनि मतभेद थियो । प्रारम्भमा जवाहर लाल नेहरू र समाजवादीले जमिनदारी प्रथाको उन्मूलनको मात्र कुरा गरेनन् । बरु उनीहरूले सामूहिक र सहकारी खेतीको पनि कुरो गर्दथे । तर विस्तारै समाजवादी नेतृत्वलाई आभास भयो कि सामूहिक खेती स्वप्नरञ्जन मात्र हुनेछ । नागपुर कांग्रेसको प्रस्तावबाट यो कुरो प्रस्ट हुन्छ । अतः उनीहरूले जमिनदारी उन्मूलन र जग्गा वितरण गर्ने कुरोमा जोड दिन सुरु गरे । जमिनदारी उन्मूलनका तथाकथित कानुन र भूमि-धारण सीमाका कानुनका बाबजुद कृषि भूमिका समस्या हल हुन पाएन । भूमिको वितरणबाट हरिजनको समस्या हल हुनेछैन भन्ने डा.अम्बेडकरको मान्यता थियो । उनको चाहना राष्ट्रियकरण थियो । खेतीको उत्पादकता बढाएर, मजदुरी बढाएर र साना मेसिन उपयोग गरेर औद्योगिक स्थितिमा सुधार गर्न सकिन्छ भन्ने समाजवादीहरूको विचार थियो ।

# अम्बेडकर र धर्म-परिवर्तन

हुन त महात्मा गान्धीले अस्पृश्यता निवारण अभियान चलाएका थिए । तर त्यसको गति मन्द थियो । र, हिन्दु समाजलाई समतामूलक सामाजिक व्यवस्थामा परिवर्तन गर्ने प्रयास देखेर डा.अम्बेडकर निराश थिए । यसैले नोभेम्बर, १९३५ मा येवले (नासिक) मा उनले प्रेसीडेन्सी अनुसूचित जाति सम्मेलनमा एउटा उत्तेजक भाषण गरेका थिए । डा.अम्बेडकरको विचार यस्तो थियो । अनुसूचित जातिका साथ भयंकर दुर्वव्यवहार गरिन्छ । किनभने उनीहरूले आफूलाई हिन्दु भन्ने गर्दछन् । यदि उनीहरू अरू कुनै धर्मको सदस्य भएको भए कसैमा पनि उनीहरूलाई अस्पृश्यको दर्जा दिने साहस हुने थिएन । अतः जुन धर्मले उनीहरूलाई 'समान व्यवहार र प्रतिष्ठा' दिन सक्छ त्यस धर्मलाई रोज भन्ने सल्लाह डा. अम्बेडकरले अनुसूचित जातिका मानिसलाई दिएका थिए ।

महात्मा गान्धीलाई यसबाट निकै दुःख्ख लाग्यो । उनले हिन्दु धर्मसंग पूरै सम्बन्ध तोड्ने अम्बेडकरको प्रस्तावलाई दुर्भाग्यपूर्ण भने । यो सम्भवतः कविथा तथा अन्य गाउँहरूमा हरिजनमाथि भर्खरै भएको अत्याचारको प्रतिकिया हो भन्ने कुरो उनले सोचे । गान्धीजीले भने :

"तर धर्म एउटा भवन वा अंगरक्षकजस्तो होइन कि जब चाहेमा बदल्न सकियोस् । यो शरीरभन्दा ज्यादा आत्माको अभिन्न अंग हो । धर्म एउटा यस्तो बन्धन हो जसले मानिसलाई ईश्वरसंग जोड्ने काम गर्दछ । र, शरीर नष्ट भएपछि पनि आत्माका साथ त्यो रहिरहन्छ । यदि डा.अम्बेडकरलाई ईश्वरमा आस्था छ भने म उनलाई के भन्दछु भने उनले आफ्नो कोधलाई शान्त गरून् । आफ्ना स्थितिबारे पुनर्विचार गरून् । र, आफ्ना पूर्वजहरूको धर्ममा आस्थाहीन अनुयायीहरूको कमजोरीका आधारमा होइन धर्मको गुणका आधारमा पुनः विचार गरून् ।"

सोझा-साझा करोडौं अशिक्षित हरिजनले अम्बेडकरका कुरा सुन्ने छैनन यो गान्धीजीले डा. अम्बेडकरलाई सावधान गरेका थिए । उनले अम्बेडकरलाई यो विश्वास दिलाए कि यी छिटपुट अत्याचारका बाबजुद अस्पृश्यताको अन्त अब नजिकिएको छ । करोडौं मानिस धर्म परिवर्तनका निम्ति तयार हुने छैनन् भन्ने गान्धीको कुरो ठीकै थियो । तर सवर्णको चेतना जाग्ला र हरिजनजका विरुद्ध हुने अत्याचार चाँडै नै अन्त हुनेछ भन्ने गान्धीको आशा पत्याउने खालको थिएन ।

गान्धीजीको उत्तर अम्बेडकरले यसरी दिएका थिए । कविथाको घटना छिटपुट होइन । यस्ता अत्याचारका विरुद्ध पूर्वजहरूको धर्ममा अन्तर्जात र अनिवार्य छ । "जहाँसम्म मेरो प्रश्न छ, म आफ्नो कुरोमा अडिग छु । मेरा पछाडि मानिस आउछन् कि आउँदैनन् भन्ने कुरोमा मलाई चिन्ता छैन ।"

गान्धीजी आफ्नो कुरोमा डटिरहे । उनले सुधारकहरूलाई डा.अम्बेडकरको उचित क्रोधबाट हतोत्साहित नहुने अपिल गरे । उनले भने कि सवर्णले यस प्रश्नलाई प्रचार गरेका थिए । र, कविथाका हरिजनहरूले आफ्ना बच्चालाई पब्लिक स्कुलमा पढाउने आफ्नो अधिकार प्रयोग गरेका छन् । यस घटनाले नै नयाँ हावा लागेको छ भन्ने कुरो बताउँछ ।

गान्धीजीले अम्बेडकरको वक्तव्यलाई बम बिस्फोट भनेका थिए । यसले हिन्दुलाई डर देखायो । केही हिन्दुले अम्बेडकरलाई यो कदम नचाल्न प्रार्थना गरे । गान्धीजीलाई यो काम राम्रो लागेन । उनले सरदार बल्लभ भाइलाई लेखेः योभन्दा उचित होला कि यी हिन्दुले अस्पृश्यतालाई समाप्त गर्नका निम्ति दृढ प्रयास गरून् । गान्धीजीले सेवा संघका कार्यकर्ताहरूलाई भने कि यदि उनी अम्बेडकरको ठाउँमा हुन्थे भने उनले अहिंसामा विश्वास गर्ने थिएनन् । हिन्दु नेताहरूको अपिलले पनि अम्बेडकरलाई प्रभावित गरेन ।

धर्म जरुरी हुन्छ भन्ने विचार गान्धीजीको थियो । यस कुरोमा अम्बेडकर पनि सहमत थिए । तर पूर्वजको धर्म उनको साँच्चो धर्मको विपरीत छ भने त्यसमा लागिरहनु पर्दछ भन्ने कुरोमा अम्बेडकर सहमत थिएनन् । धर्मको तात्विक आधार जेसुकै होस्, नैतिक सिद्धान्त र सामाजिक व्यवहार नै उसको सही जग हुँदैन । उनले भने हिन्दु-समाजले नयाँ र उचित जगमा आफ्नो पुनर्निमाण गर्न सक्छ भन्ने कुरोमा म पूर्णतः निराश भइसकेको छु ।"

कुन धर्मलाई अपनाउने भन्ने कुरोमा डा.अम्बेडकर दोधारमा थिए । सबै मिलेर यसको निर्णय गर्नुपर्दछ भन्ने उनको भनाइ थियो । कुनै जीवन्त र शक्तिशाली समुदायमा प्रवेश गर्नुपर्दछ भन्ने उनको चाहना थियो । उनले यसलाई अखिल भारतीय आन्दोलनको रूप दिन चाहन्थे ।

सर्वप्रथम बौद्ध वा सिख धर्ममा जाने अम्बेडकरको विचार थियो । बौद्ध धर्मका बारे उनलाई अलि अफ्ठेरो लागेको थियो । उनले सिख धर्मका बारे विचार गर्न सक्थे । इस्लामी एकजना बौद्ध भिक्षु थिए । उनले हरिजनहरूलाई बौद्ध धर्ममा आकर्षित गरेर उनीहरूलाई शिक्षा दिन सक्छु भन्ने उनमा विश्वास थियो ।

धर्म परिवर्तन गरेपछि आरक्षणको सुविधा पाइँदैन भन्ने कुरो डा.अम्बेडकरलाई बताइयो । यसमा अम्बेडकरले भने कि मात्र इच्छाको अभिव्यक्तिको अर्थ सम्बन्ध तोड्नु होइन । जुलाई, १९३६ मा कानुनका दृष्टिले अहिले पनि उनी हिन्दु नै हुन् भन्ने कुरो उनले ठट्टै-ठट्टामा गरेका थिए ।

धर्म परिवर्तनका सवालमा अम्बेडकर स्पष्ट थिएनन् । एकातिर उनले इस्लाम, इसाई धर्म र सिख धर्मका विशेषता बारे बहस गर्दथे । अर्कोतिर हिन्दु "धर्म परिवर्तन आन्दोलनप्रति उदासिन रहन सक्दैनन्" भन्ने उनको भनाइ थियो । त्यसपछि इसाई धर्म वा इस्लाम अपनाएमा यसको परिणाम के होला यसतर्फ उनले विचार गरे । हिन्दुहरूका दृष्टिले सिख धर्म सबभन्दा राम्रो होला भन्ने भनाइ पनि उनको थियो ।

"यदि दलित वर्गले इसाई धर्म वा इस्लाम माने भने उनीहरू हिन्दु धर्मबाट बाहिरिने त छन् नै । यस बाहेक हिन्दु संस्कृतिकबाट पनि उनीहरू अलग हुनेछन् । यदि सिख धर्म स्वीकार गरे भने उनीहरू हिन्दु धर्ममा रहिरहन सक्छन् । हिन्दुहरूका निम्ति यो लाभदायक कुरो होइन ।"

धर्म परिवर्तन गर्नाले सारा देशमा यसको के असर पर्ला भन्ने कुरो ध्यान दिनु जरुरी छ । इस्लामा वा इसाई धर्मतिर दलित लागे भने उनीहरूले आफ्नो राष्ट्रियता गुमाउनेछन् । यदि उनीहरू इस्लाममा गए भने मुसलमानहरूको संख्या दोब्बर हुनेछ । र, यसरी मुसलमानको प्रभुत्वको खतरा पनि वास्तविक हुनेछ । यदि उनीहरूले इसाई धर्म स्वीकार गरे भने इसाईहरूको संख्या ५ देखि ६ करोड हुनेछ । यसबाट अंग्रेजलाई देश गरिराख्न सहायता प्राप्त हुनेछ । यसको विपरीत यदि उनीहरू सिख बने भने देशको नियतिमा कुनै नोक्सान हुनेछैन । बरु त्यसमा सहायक नै हुनेछन् । दलित वर्गको निराष्ट्रियकरण हुनेछैन ।

उपर्युक्त कुराबाट अम्बेडकरका विचारमा संदिग्धता देखिन्छ । यसमा के पनि देखिन्छ भने हिन्दु धर्म र यसको संस्कृति वा भारतीयताप्रति उनको निकै लगाव थियो । र, उनले त्यसलाई छोड्न चाहन्नथे । यही विचारले गर्दा उनलाई कष्ट हुन्थ्यो ।

अघिल्लो बीस वर्षसम्म यसमा कुनै आधारभूत परिवर्तन भएन । इसाई धर्मप्रतिको आकर्षण उनका निम्ति उत्तरोत्तर कम हुँदै गयो । इसा मसिहको धर्मले सर्वव्यापी जाति व्यवस्थासंग सम्झौता गरेको छ भन्ने कुरा उनले बुझे । हिन्दु धर्म जतिकै इसाई धर्ममा पनि जातिको हिस्सा हुन्छ ।

इस्लाम जीवन्त र बृद्धिशील धर्म थियो । एकान्ताका मुस्लिम भारतमा शक्तिशाली थिए । र, उनलाई साम्प्रदायिक मतदाता सूचि र ठूलो प्रतिनिधित्वजस्ता विशेष अधिकार प्राप्त भएको थियो । तर यो धर्म तर्कसंगत र समतामूलक व्यवहारको कसौटीमा खरो उत्रिदैनथ्यो ।

इस्लाम धर्मले परिवर्तनलाई  स्वीकार गर्दछ । यो एउटा शक्तिशाली धर्म थियो । त्यसका केही विशेषताहरू थिए । तीप्रति अम्बेडकर आकृष्ट थिए । तर यस अन्तर्गतमा केही अंगभूल कुराका निम्ति उनको मनमा अरुचि थियो । क्षुद्रता हिन्दु धर्ममा मात्र थिएन । "इस्लाम पनि सामाजिक व्यवहारमा त्यति नै क्षुद्रता थियो ।" दुवैमा मिश्रित विवाह अमान्य थियो । इस्लाममा जति बलियो एकता छ त्यति नै बलियो विभाजन पनि छ भन्ने तर्क डा.अम्बेडकरको थियो । "इस्लामको बन्धुत्व सबै मनुष्यको बन्धुत्व होइन । हो भने मात्र मुसलमानहरूको बन्धुत्व हो ।"

"पाकिस्तान र पार्टीशन आफ इण्डिया" को दशौं अध्यायमा अम्बेडकरले भारतमा मुस्लिम समाजको स्थितिबारे विचार गरे । मिस मियोले हिन्दु समाजका खराबीहरूको भण्डाफोर गरे भन्ने भनाइ अम्बेडकरको थियो । तर यसबाट सारा संसारमा यो दुर्भाग्यपूर्ण धारणा निस्कन्थ्यो । त्यो हो हिन्दु रूढिवादी र सामाजिक खराबीहरूका कारण हितकेमा मासिएको छ । तर मुसलमान यस कच्चरबाट मुक्त छ । र, हिन्दुको तुलनामा प्रगथिशील छ । यस किसिमको निष्कर्ष देखेर अम्बेडकरलाई आश्चर्य भयो । यसैले उनले मुस्लिम समाजको स्थिति छानबिन गरे ।

अम्बेडकरले सबभन्दा पहिले बाल-विवाहको प्रश्न अघि सारे । सन् १८८१ देखि सन् १९३१ सम्मको अवधिमा बाल-विवाहका बारे मुसलमानको स्थिति हिन्दुभन्दा राम्रो थिएन । इसाईका आँकडाले नै प्रगतिशीलतिर संकेत गर्दछन् ।

त्यसपछि अम्बेडकरले मुस्लिम समाजका महिला सम्बन्धी स्थिति बुझ्ने विचार गरे । दाइजोको बारेमा मुस्लिम समाजको स्थिति हिन्दुका रीति-रिवाज र शास्त्रीय नियमका तुलनामा राम्रो थियो । किनभने हिन्दुमा दाइजो वरलाई दिइन्छ भने मुसलमानमा 'मेहर' अर्थात् वधुलाई दिइन्छ । तर बहु विवाह र सम्बन्ध विच्छेद जस्ता कुरामा मुस्लिम महिलाको स्थिति असहाय थियो । अम्बेडकरले एउटा मिश्री नेताको उदाहरण दिदै भनेका थिए- "इस्लामले महिलाहरूको तल्लो स्थितिमा लाहाछाप लगाइसकेको छ । उसले यस्तो रीति-रिवाजलाई धार्मिक मन्जुरी दिएको छ जसले महिलालाई आफ्नो व्यक्तित्वको विकास र आत्ममिव्यक्तिको पूर्ण अवसरबाछ वञ्चित गर्दछ ।"

त्यसपछि डा.अम्बेडकर दासता र जातिको प्रश्नतिर लागे । यो नै उनका निम्ति अत्यधिक महत्त्वपूर्ण थियो । यद्यपि कानुन बनाएर दास प्रथा समाप्त भइसकेको छ । तर मुसलमान समाजमा अहिलेसम्म दास प्रथा चलिरहेको छ ।

सन् १९०१ मा डा.अम्बेडकरले बंगालको जनगणनाका अधीक्षकको उदाहरण दिएर भने कि मुसलमान मुख्यतः दुई भागमा विभक्त थिए: “अशरफ र अजलफ” कताकति एउटा “तेस्रो वर्ग अर्जल ( सबभन्दा सानो) पनि थियो ।” उनले त्यस जनगणनाको रिपोर्टको लामो उदाहरण प्रस्तुत गर्दै एउटा निष्कर्ष निकालेका थिए । “मुसलमानले जाति मात्र मान्दैनथे बरु छुवाछूतलाई पनि मान्दथे ।”

अम्बेडकरले मुस्लिम तथा हिन्दु महिलामा प्रचलित पर्दा-प्रथाको पनि आलोचना गरे । मुस्लिम समाजमा सामाजिक जीवन जडताको स्थितिमा मात्र छैन । बरु राजनीतिक जीवन पनि जड छ भन्ने उनको निचोड थियो । मुस्लिम राजनीतिक मुलतः मौलवी-मुल्लाहरूको खेल हो भनेर उनले त्यस समाजको आलोचना गरेका थिए । उनका निम्ति बढी कष्टदायक कुरो थियो- मुसलमानमा सामाजिक सुधार गर्ने संगठित आन्दोलनको अभाव थियो । यी खराबीहरू हटाउने यसमा केही आशा थिएन ।

हिन्दु वातावरणले हिन्दु समाजलाई अपरिवर्तनशीलतातिर लैजान्छ भन्ने अम्बेडकरको भनाइ थियो । यही कारण भारतका मुसलमान अरू देशका मुस्लिम समाजभन्दा निकै पिछडिएका छन् । उसको सारा शक्ति हिन्दु वातावरणको दबाबसंग लड्ने र जे जसरी भए पनि अतीतलाई बनाइ राख्ने कुरोमा खर्च हुन्छ । चाहे त्यो अतीत त्यसका निम्ति लाभदायक होस् वा हानिकारक ।

अम्बेडकरले लाभै खोज गरे । तर अहिलेसम्म उनले केही प्राप्त गर्न सकेनन् । त्यसपछि उनी बौद्ध धर्मको ह्रास र नाशको इतिहास अध्ययन गर्नतिर कस्सिए । ब्राह्मणवाद बौद्ध धर्मको विरुद्ध हुनुमा कारण थियो । किनभने त्यसले ब्राह्मणहरूको प्रभुत्वमा प्रहार गरेको थियो । र, त्यसले जातिको बन्धनलाई खुकुलो गरेको थियो । ब्राह्मणवादले बौद्ध धर्मतिर सोझै आरोप लगाएन । यसको साटो उसले अप्रत्यक्ष रूपमा आरोप लगाएको थियो ।

ब्राह्मणवादले बौद्ध धर्मका साथ समायोजन र सम्झौता गर्ने अभियान अत्यन्त कुशलतापूर्व चलाएको थियो । फलस्वरूप सर्वसाधारण मानिस हिन्दु धर्ममा पकिन सजिलो भयो । गाई (तथा अन्य पशु) को बलिलाई बुद्धले बन्द गरेका थिए । ब्राह्मणले यस सिद्धान्तलाई अपनाए तथा गाईलाई पवित्र घोषित गरे । स्मरणीय छ, शंकराचार्यलाई ‘परोक्ष बुद्ध’ पनि भनिन्छ । हिजोआज जसलाई हामी अस्पृश्य

भन्दछौं उनका पुर्खाहरूले लामो समयदेखि बौद्ध धर्म अपनाएका थिए । यिनलाई हिन्दु धर्ममा फर्काउनका निम्ति लामो समयसम्म दबाब दिनु जरूरी थियो । "जब अरू कुनै तरिकाले सफलता हात लागेन तब सामाजिक बहिस्कार र अस्पृश्यताको उपयोग गरियो । पछि गएर उनीहरूले बौद्ध धर्म त्यागे । उनीहरूलाई पनि घोर अपमानको दण्ड दिइयो ।" सन् १९४९ मा अम्बेडकरले यो सिद्धान्त प्रतिपादित गरेका थिए ।

ब्राह्मणवादले बौद्ध धर्मका कैयौं कुराहरू स्वीकार गरेको थिया । ब्राह्मण वर्ग निकै धूर्त थियो । उनले आफू स्वयंलाई परिस्थिति अनुसार बदल्ने क्षमता देखाएका थिए । उसले अनेक सामाजिक संघ एवं धार्मिक संस्थालाई त्याज्य घोषित गरे । तर उसले एउटा कुरो सहन सक्दैनथ्यो । र, त्यो हो समानताको कल्पना ।

बाहुनको अंहकार र उनको विजयको परिणाम के भयो ? यो धर्मको र यसमा स्थापित सभ्यताको स्वरूप के हो जसलाई यसका समर्थकले अत्यन्त प्राचिन र सनातन भन्दछन् ?

हिन्दु सभ्यता ६ हजार वर्ष पुरानो हो भन्ने कसैको भनाइ छ । कसैलाई यतिमै सन्तोष हुँदैन । उनीहरूले यसभन्दा पनि पुरानो सिद्ध गर्न चाहन्छन् । यो यति पुरानो सभ्यताले पाँच करोड अछूत, दुई करोड आदिवासी र झण्डै पचास हजार अपराधी जातिहरूलाई जन्मायो । यस सभ्यतालाई के भन्ने ? यो कस्तो सभ्यता हो जसको परिणाम यति सोचनीय छन् ? मलाई यिनै कुरामा अपसोच हुन्छ । कतै आधारभूत खराबी छन् । हिन्दुलाई अब यस दृष्टिले यस कुरामा विचार गर्नु पर्दछ । के यस किसिमको सभ्यता गर्व गर्न लायक हुन्छ ? यसबारे उनीहरू दुईपल्ट होइन, सयपटक सोच्नुपर्दछ । के यस किसिमका परिणामका बाबजुद उनीहरूलाई सभ्य भन्न सकिन्छ ?

के हिन्दुहरूले डा.अम्बेडकरको यस चेतावनीतिर ध्यान दिए ? दिएनन् । आर्य समाजले हिन्दु धर्मलाई जातिविहीन धर्म बनाउने प्रयास गरेकै हो । त्यसबाट के भयो ? हिन्दु समाज व्यवस्था के हो ? यसबारे डा.अम्बेडकरलाई राम्ररी थाहा थियो । यसलाई कसले चलाउँछ र कसरी चल्छ यो बुझाइ पनि उनमा थियो । मुसलमान र अरू गैर-हिन्दुलाई शुद्धिको बाटो भएर हिन्दु धर्ममा ल्याउन प्रयास गर्नु हास्यपद थियो । उनले सुद्धिको आन्दोलनलाई उपहास गरे । कुनै बेला सायद हिन्दु धर्म मिशनरी तथा वर्धिष्णु थियो होला । तर जाति-संस्थाको विकासपछि त्यसको मिशनरी स्वरूप नष्ट हुनु अपरिहार्य थियो । सुद्धि तब सफल हुन सक्छ जब त्यो धर्म परिवर्तन गर्नेहरूलाई हिन्दु समाजमा मिलाओस् जब्ज गरोस्

। हिन्दु समाजका निम्ति यस सर्तलाई पूरा गर्नु सम्भव हुँदैन । धर्म परिवर्तन गर्ने मानिसको जात के हुने ? यदि हिन्दुको कुनै जाति छैन भने त्यो हिन्दु नै होइन । र, समाजमा त्यसको कुनै स्थान हुँदैन । अरूलाई आफ्नो धर्ममा ल्याउनुअघि हिन्दुलाई 'स्वायत्त र संकीर्ण' जातमा आफ्नो विभाजन समाप्त गर्नुपर्ने छ । मौलाना मौहम्मद अलीले काकीनाडा कांग्रेसको अध्यक्ष पदबाट बोल्दै हिन्दुहरूको यस कमजोरीलाई इशारा गरेका थिए । सीमान्त प्रान्तका अफगान तथा अन्य कबिलालाई हिन्दु धर्ममा ल्याउने प्रयास गर्नु 'दिवा स्वप्न' मात्र थियो ।

अम्बेडकरले हिन्दु धर्मबारे गहिरिहिएर अध्ययन गरे । उनले अरू धर्म र संस्कृतिको पनि सूक्ष्म विश्लेषण गरेका थिए । उनले संसारभरिका धर्महरूको बौद्धिक यात्रा गरे । त्यसपछि न त यहुदी मूलको धर्म न त यस उपमहाद्वीपको हिन्दु धर्म उनको कसौटीमा खरो उत्रिन सक्दैन भन्ने टुंगामा उनी पुगेका थिए ।

फलस्वरूप डा.अम्बेडकर आफ्नो पुरानै आकर्षण बिन्दुतिर फर्के । त्यो हो गौतम बुद्ध र बौद्ध धर्म । तर यहाँ नेर एउटा प्रश्न तेर्सिन्छ । एउटा सन्तोषजनक धर्मको खोजीमा उनी यति धेरै लिन र बेचैन किन थिए ? यसका पछाडि धर्म समाजलाई बचाइ राख्न र त्यसलाई अनुशासित गर्नका निम्ति जरूरी हुन्छ भन्ने उनलाई दृढ विश्वास थियो । धर्मबिना नैतिक जीवन असम्भव हुन्छ । धर्म मानिसका निम्ति अफिमको गोली हो भन्ने मार्क्सको सिद्धान्त थियो । डा.अम्बेडकरका निम्ति यो सिद्धान्त स्वीकार्य थिएन । उनले अनुसूचित जाति र पछौटे वर्गको आर्थिक उन्नतिलाई महत्व दिन्थे । तर उनका लागि यति काफी थिएन । शरीरको संगसंगै मनको पनि विकास गर्नुपर्दछ भन्ने उनको विचार थियो । मन पनि सुद्ध विचारले भरिनुपर्दछ । मानिसमा उत्साह भन्ने कुरो थिएन । उनीहरूका निम्ति जीवन बोझ थियो, एउटा ऊबाऊ गतिविधि थियो । हिन्दु धर्म असमानता र अमान्य हुन् । यसैले यस धर्मले मानिसका खुशी र उत्साहका सारा भावनाहरू समाप्त गर्ने काम गरेको छ ।

आशा मनुष्य जीवनको प्रेरक शक्ति हो । धर्मले आशा जगाउँछ । आशा आत्मवञ्चना भन्दा भिन्न हुन्छ । मनुष्यलाई धर्म नै शान्ति प्राप्त हुन सक्छ । यसैले गरिब मानिस धर्ममा लागिरहन्छ । रोमन साम्राज्यका एकजना इतिहासकार थिए । उनको नाउँ गिब्बन थियो । इसाई धर्मको उदय हुनु नै रोमन साम्राज्यको विनाशको कारण थियो भन्ने उनको विचार थियो । तर धर्मका बारे अम्बेडकरको उनीसंग मतभेद थियो ।

बौद्ध धर्मले महायानको रूप लिएपछि त्यो लोकप्रिय भएको थियो । त्यो धर्मलाई सर्वसाधारण मानिसको समर्थन चाहिएको थियो । यसका निम्ति त्यस धर्मले कतिपय सम्झौता गर्‍यो । र, मूल शुद्धता तथा तर्कनिष्ठालाई सांद्रित गर्‍यो । बुद्धले अन्ति सत्य, ईश्वर, आत्मा, अमरत्व आलिको वितन्डवादमा कुरो स्वीकार गरेनन् । तर महायानले बुद्धको व्यक्तित्वलाई लिएर विस्तृत पुराण कथा तयार गर्‍यो । उसले बुद्धलाई देवत्वीकरण गर्‍यो । र, उसले उसलाई 'मोक्षदाता ईश्वर' बनायो ।

बुद्धले बाहुनवादको विरुद्ध विद्रोह गरेका थिए । यो साँच्चो कुरो हो । र, यस प्रक्रियामा उनले जाति-व्यवस्थामा पाइने कठोरता नै पक्कै पनि कम गरेका थिए । तर उनको शिक्षा मोक्षमा केन्द्रीत थियो । अतः जातिविहीन समाज निर्माण गर्नु उनको प्रमुख उद्देश्य थियो भन्ने कुरो यसै भन्न सकिन्न बुद्धले सर्वसाधारण जनसमुदायलाई आफ्नै संघबाट अलग्गै राखेका थिए । र, उनले जन्म, मृत्यु, विवाह आदि कर्मकाण्डलाई छोएनन् । यी काममा बाहुनले पुरोहिती नै गरिरहे । यसैले बाहुनवाद र जाति प्रथालाई अघात परे पनि समाप्त भने भएनन् । मलाई यस्तै लाग्छ । उनले बुद्धलाई एउटा सामाजिक क्रान्तिकारीका रूपमा चित्रित गर्ने प्रयास गरेका थिए । तर उनको प्रतिपादन निकै आश्वस्तिककारक भने छैन । यसका अतिरिक्त बुद्धले कर्म र पुनर्जन्मको सिद्धान्तलाई पनि अस्वीकार गरेनन् । र, यही त्यो ढोका थियो जसबाट बाहुनवाद फेरि भारतीय मस्तिष्कमा हाबी भयो । यसले समाजमा झनझन् कठोर तथा अतातायी जाति प्रथा लाद्ने काम गर्‍यो । डा.अम्बेडकरले बौद्ध धर्म अपनाएपछि जाति प्रथामा कुनै खास प्रभाव पर्नेवाला थिएन । जातिले दर्शन र धर्मको अनुमोदन प्राप्त गरेको थियो । त्यो दर्शन र धर्ममा प्रहार गर्नु जरूरी छ , अन्ध श्रद्धा, धार्मिक आडम्बर वाहुनवादको राजनीतिक र आर्थिक किल्लामा प्रहार गर्नु जरूरी छ । त्यसपछि नै यो जाति प्रथा नष्ट हुनेछ । नक्कली धार्मिक पुनर्जागरणबाट यो नष्ट हुनेछैन ।

सन् १९०६ मा भारतका विशेष प्रतिनिधिलाई उनले भारतका सात करोड हरिजनलाई बौद्ध धर्म स्वीकार गर्न भनुन भन्ने कुरो गरेका थिए । धर्म मानवताका निम्ति आवश्यक हुन्छ भन्ने विचार डा.अम्बेडरको थियो । धर्म समाप्त भयो भने समाज पनि समाप्त हुनेछ । कुनैपनि सरकारले त्यो सुरक्षा र अनुशासनको छाँया किन सक्दैन जो नीति र धर्मबाट उसलाई प्राप्त हुन्छ ।

कुनै तर्कनिष्ठ व्यक्तिका निम्ति यससंग सहमत हुनु कठिन हुन्छ । अम्बेडकरले श्रद्धामा आधारित धर्म होइन, विवेकमा आधारित धर्म चाहन्थे । नैतिक मूल्यमा आधारित व्यवस्थालाई नै उनले धर्मको

गलत नाउँ राखे । आफूभित्र साँच्चो धार्मिक प्रेरणा नभए पनि उनले धार्मिक पुनर्जागरण ल्याउने प्रयास गरेका थिए । बाहुनवाद जस्तै बौद्ध धर्मले पनि धर्मवाद र पुनर्जन्मवादमा विश्वास गऱ्यो । र, बाहुनवादले यी विश्वासलाई असमानतालाई शास्वत बनाइ राख्न प्रयोग गऱ्यो । सायद यो तर्क गर्न सकिन्छ कि बौद्ध धर्म तर्कमा आश्रित थियो । तर हामीले के बिर्सिनु हुन्न भने जनसाधारणको धर्म बनेपछि नै जातक कथा सुरु भएको थियो । बुद्धलाई भगवान तुल्य मान्न थालियो । र, बुद्धका प्रतिमाको पुजा हुन थाल्यो । महायानका अनुयायीहरूले देशभित्र मात्र होइन, दक्षिणी बौद्ध धर्ममा हिनयान पन्थि देशमा पनि बुद्धको पुजा गर्न थालियो । यो भक्ति मार्ग अन्तर्गत राम, कृष्ण र शिवको पुजाबाट वा रोमन कैथोलिकका इसाकी आमा मेरीको पूजाभन्दा कुनै किसिमले भिन्न थिएन । स्मरणीय छ, मेरीको पूजाको बिज इसाई पूर्व हजारौं वर्ष पुरानो देवी-देउतामा निहित छ ।

बर्ट्रेण्ड रसेलले धर्मका बारेमा भनेका कुरा अकाट्य छन्:

“प्रायः भनिन्छ कि धर्ममा प्रहार गर्नु गलत हो । किनभने धर्मले नै मानिसलाई सदगुणी बनाउँछ , मलाई पनि यही भनिएको थियो । तर मेरो यो अनुभव छैन । सैम्युअल बटलरको एउटा पुस्तक ‘एरव्हान रिमिजिटेड’ मा तपाईले यस तर्कको खण्डन देख्नुभएको होला । एरव्हानमा एकजना सज्जन हिंग्स थिए । जो दुरस्थ देश जान्छन् र केही समय त्यहाँ बिताएपछि गुब्बरामा बसेर त्यो देशबाट भाग्छन् । बीस वर्षपछि उनी त्यो देश फर्किन्छन् । र, त्यहाँ उनले एउटा नयाँ धर्म देख्छन् जसमा उनलाई नै ‘सूर्यपुत्र’ मानेर पूजा गरिन्छ । र, भनिन्छ कि उनी स्वर्गमा गएका थिए । स्वर्गारोहणको उत्सव हुनै लागेको थियो र प्रोफेसर हैंकी र पैंकीले यो कुरो गरेको सुन्छ कि हिग्सलाई कसैले कहिल्यै देखेको थिएन न देख्ने नै छन् । ती दुवै सूर्यपुत्र धर्मका पुजारी थिए । यो सुनेर ऊ निकै रिसाउँछ । र, उसले ती दुवैलाई भन्दछः “मैले यस सारा पाखण्डको भण्डफोर गर्नेछु । म हिग्स हुँ र एक साधारण मान्छे जो गुब्बारामा बसेर उडेको थिएँ भन्ने कुरो गर्नेछु ।” उनीहरूले भने- “यस्तो गर्नु हुँदैन । किनभने देशको सारा नैतिक व्यवस्था यस मिथकमा टिकेको छ । र, यदि मानिसले तिमी स्वर्ग नगएको थाहा पाए भने सारा जनता दुष्ट बन्नेछन् ।” हिग्सलाई उनीहरूको कुरो ठीक लाग्यो र उनी सुटुक्क त्यहाँबाट हिंडे ।”

बुद्धले आफूलाई ईश्वर मानेनन् । उनको शिक्षाको यही नै विशिष्टता हो । म ईश्वर हुँ अन्तिम अवतार हुँ वा ईश्वरका सन्देशवाहक हुँ यस किसिमका कुनै दाबी उनले गरेनन् । यसको उल्टो उनका आमा-बाबु सामान्य मर्त्य थिए भन्ने भनाइ उनको थियो । बुद्धले आत्माको अनश्वरता वा परम सत्यका

सम्बन्धमा अडकलबाजीलाई प्रोत्साहन दिएनन् । उनले सिर्फ दुःखमा विजय प्राप्त गर्ने र महिला-पुरुषका कष्टका समस्याका शक्ति केन्द्रीत गरे । अम्बेडकरका निम्ति बौद्ध धर्मको बुद्धिवादी तथा व्यवहारिक पक्ष राम्रा थिए ।

प्राचिन इतिहास र बौद्ध धर्मको उत्थान एवं प्रसाचरको अध्ययन गरेर अम्बेडकरले के थाहा पाए भने बुद्धको शिक्षा पशुबलि र कर्मकाण्डको आतंकका विरुद्ध विद्रोह मात्र थिएन । बरु वर्ण व्यवस्था र ठूलो-सानो जातबीच समाज विभाजनको विरुद्ध विद्रोह पनि हो ।

मौर्य साम्राज्यका बेला भारत महानताको शिखरमा थियो । अम्बेडकरले यसको कारण बाहुनमाथि बौद्ध धर्मको विजय हो भन्ने कुरो गरे । पछि गएर बौद्ध धर्ममा ह्रास आयो । यसको कारण दृष्टिमा कालान्तरमा बौद्ध धर्ममा आएका खराबीहरू थिए । यसका अतिरिक्त मुसलमानको आक्रमणले पनि बौद्ध धर्मलाई घातक चोट पुऱ्याएको थियो । बुद्धकालीन पश्चिमोत्तर र उत्तर भारतका अधिकांश भूभागमा गणतन्त्र शासन हुनु सामान्य कुरो थियो । यही कुरो अम्बेडकरले हामीलाई स्मरण गराए । उनले बौद्ध-संघको लोकतान्त्रिक संविधानलाई प्रसंसा गरेका छन् । र, उनले संघका सदस्यहरूको निजी सम्पति हुँदैनथ्यो भन्ने कुरो गरे ।

डा.अम्बेडकर मार्क्सवादी दर्शनका समर्थक थिएनन् । तर दलित जातिका निम्ति यस दर्शनको आकर्षण छ भन्ने कुरो उनलाई थाहा थियो । जुन धर्मले कम्युनिस्ट विचारधाराको उत्तर दिन सक्तैन त्यो जीवित रहन सक्तैन । साम्यवादको इलाज केवल बौद्ध-धर्म नै हो । यो कुरो अम्बेडकरले ५ फरवरी, १९५६ मा दिल्लीको बुद्ध बिहारमा प्रवचन गर्दा भनेका थिए ।

मानिसलाई आफूतिर आकर्षित गर्ने बुद्धका आफ्नै तरिका थिए । ती तरिका हुन- तर्क, नैतिक शिक्षा, दया, प्रेम र करुणा । प्रेमको शक्तिबाट प्राप्त गरिएको विजय नै टिकाउ हुन्छ भन्ने बुद्धमा विश्वास थियो । अम्बेडकरले साम्यवादी मार्क्सवादी र बुद्धबीच मूल अन्तर देखाउँदै भने- बुद्धले हिंसाको बाटो अपनाउँदैनन् । तर साम्यवादीका निम्ति हिंसाको बाटो मान्य हुन्छ ।

डा. अम्बेडकरको मान्यता थियो- इसाई धर्मका ९० प्रतिशत कुरा सारको रूपमा बौद्ध धर्मबाट लिइएका हुन् । यसरी डा. अम्बेडकले प्रदीर्घ चिन्तन गरेका थिए । त्यसपछि उनी अन्तिम निर्णयमा पुगे । यस्तै कुरो एउटा पत्रिकामा लेखिएको थियो- डा.अम्बेडकर केही वर्षदेखि बौद्ध धर्मको छेउमा उँभिए अनिश्चित स्थितिमा रहे । उनले अन्तमा अक्टुबर, १९५६ मा बौद्ध धर्मको दीक्षा लिए । नागपुरमा एउटा

विशाल आमा सभा आयोजना गरियो । त्यस जन-समुन्द्रमा उनले एउटा महान भाषण गरेका थिए । जनतालाई बौद्ध धर्ममा दीक्षित हुने उनको त्यो एउटा महान आह्वान थियो । यसै त सन् १९३६ मा नै उनले सबै हिन्दुहरूलाई धर्म परिवर्तन गर्नुपर्ने कुरो गरेका थिए । त्यतिखेर उनले नयाँ धर्मको त्यो बिजलाई स्पष्ट गर्ने प्रयास गरेका थिए । उनले त्यो बेला नै हिन्दु धर्म अपनाउन चाहेका थिए । त्यो नै वास्तवमा उनको बीज थियो । अहिले उनले खुलेर सबैले बौद्ध धर्म अपनाउने र नैतिक सिद्धान्तमा समतामूलक व्यवस्थाको निर्माणका निम्ति अगाडि आउने कुरो गरे ।

त्यसपछि उनले खास गरी दुईवटा काम गर्नुपर्ने थियो । एउटा बौद्ध धर्म पुनर्जागरणका निम्ति बृहत्स्तरमा अभियान सञ्चालन गर्नु थियो । अर्को एउटा व्यापक, प्रगतिशील, वैकल्पिक समाज व्यवस्था निर्माणतर्फ आफ्नो शक्ति लगाउनु । तर यो दोहोरो कार्य उनको मृत्युका कारणले हुन सकेन ।

डा.अम्बेडकर मठमा बसिरहने विद्वान थिएनन् । उनले जीवनभरि संघर्ष गरिरहे । उनले आफ्नो मिशनको भावनाबाट प्रेरित भएर काम गरिरहे । उनका रचनाहरूको अध्ययन गर्नु जरूरी छ । तर यसो गर्दा उनको जीवन सन्दर्भबिना यो अध्ययन गर्न सकिदैन । प्रारम्भिक वर्षमा उनले जाति विषयमा एउटा निबन्ध लेखेका थिए । यसमा सामाजिक स्थितिको वस्तुनिष्ठ विश्लेषण गरिएको छ । साउथबारा समितिलाई बुझाइएको ज्ञापन पत्रमा उनले यस विश्लेषणलाई व्यावहारिक दृष्टिले अगाडि बढाए । र, यसमा मताधिकार तथा प्रतिनिधित्वका सम्बन्धमा महत्त्वपूर्ण सुझाव दिइएको थियो । उनले भारतीय मुद्रा विषयमा एउटा पुस्तक लेखेका थिए । यसमा जटिल आर्थिक र वित्तीय मामिलामा उनको गहिरो पैढ भएको देखिन्छ । उनले प्रान्तीय विधान मण्डलमा भाषण गरेका थिए । ती भाषण ओज र शक्तिले परिपूर्ण थिए । उनले साइमन कमिशनमा लिखित र मौखिक दुवै वक्ततव्य नै उनको स्वतन्त्र मन तथा सामाजिक न्यायप्रति उनले देखाएको प्रतिबद्धताका प्रमाण छन् । पाकिस्तानका बारेमा लेखिएको उनको एउटा पुस्तक छ । यसमा भारतको अत्यन्त महत्त्वपूर्ण समस्या (हिन्दु-मुस्लिम समस्या) मा तटस्थ र तर्कपूर्ण बहसको नमूना हो । कांग्रेस तथा दलित वर्गका सम्बन्धमा उनको पुस्तक खण्डन- शैलीको उदाहरण हो ।

डा. अम्बेडकरको एउटा पुस्तक छ । त्यस पुस्तकको नाउँ ‘शूद्र को हुन्’ हो । उनले यस पुस्तकमा एउटा विवादस्पद स्थापना गरे । उनले आफ्ना कुरा यसरी अघि सार्छन- मूल आर्यमा तीनवटा वर्णहरू थिए । शूद्र राजाहरूले बाहुनमाथि घोर अत्याचार गरे तथा उनीहरूलाई अपमानित गरे

। यसले बाहुनले शूद्र राजाहरूको उपनयन गराउन मानेनन् । यस सामाजिक बहिस्कारका कारण उनीहरूको समाजमा तल्लो स्तर हुन गयो र उनीहरू क्षेत्री स्तरबाट तल झरेर शूद्रको स्तरमा आइपुगे । डा.अम्बेडकरले आफ्नो एउटा पुस्तक महात्मा ज्योतिबा फुले (सन् १८५७-१८९०) लाई समर्पित गरेका थिए । उनले समर्पण वाक्यमा यसरी लेखेका थिए- आधुनिक भारतका महानम शूद्रलाई जसले हिन्दुका निम्न वर्गलाई उच्च वर्गको आफ्नो गुलामीको अहसास गराए र यो उपदेश दिए कि विदेशी राजबाट स्वतन्त्रता प्राप्त गर्नुको अपेक्षा भारतका निम्ति सामाजिक लोकतन्त्र प्राप्त गर्नु ज्यादा महत्त्वपूर्ण छ ।

मैले डा. अम्बेडकरका सबै पुस्तकहरू पढेको छु । त्यसपछि 'एनाइलेशन आफ काष्ट' (जाति व्यवस्थाको विनाश) नै उनको सर्वश्रेष्ठ पुस्तिका हो भन्ने कुरो मैले बुझे । यो मेरो अलंकारी वक्तव्य मात्र होइन, यो मेरो हार्दिक विश्वास हो । जो पनि भारतीयले यो चाहेमा कि उसका देश-बन्धुहरूलाई न्याय प्राप्त होस र यो देश महान तथा मजबुद बनोस् त्यसले असमानताको यस सशक्त आरोप-पत्रलाई उपेक्षा गर्न सक्दैन । मैले यस महान घोषणा-पत्र र यसका लेखप्रति अत्यन्त आदरपूर्वक नतमस्तक छु । यो करुणापूरित मनको आकन्दन हो । यसमा वैज्ञानिक विश्लेषण गरिएको छ । यसका साथै यसमा कर्तव्यको आश्वान पनि छ । भारतको इतिहासमा यस किसिमका सम्पूर्ण सामाजिक क्रान्तिको आह्वान यसअघि कहिल्यै पनि गरिएको थिएन । संसारमा दुइटा ठूला क्रान्ति भएका छन् । फ्रान्सको राज्य क्रान्ति र रूसको अक्टुबर क्रान्ति । यी दुवै क्रान्तिहरू निश्चय नै मीलका पत्थर हुन् । यी दुई क्रान्तिले गर्दा विश्वका अधिकांश भागमा निकै परिवर्तन भयो । तर हामीकहाँ यसको त्यति धेरै प्रभाव परेन । 'एनाइलेशन आफ काष्ट' मा थुप्रा कार्यक्रमहरू छन् । तिनलाई व्यावहारिक रूप दिएबिना यस देशको सुप्त शक्ति प्रक्ट हुने छैन । भारत तथा भारतीय संस्कृतिको भाग्यमा नै विनाश लेखिएको छ । जुन अनुपातमा डा.अम्बेडकरको मध्य विचार साकार होलान् त्यही अनुपातमा यो विनाश टर्न सक्छ ।

हाम्रो देशमा आमूल सामाजिक क्रान्तिलाई समर्थन गर्ने कतिपय पार्टी वा उप-पाटीहरू छन् । मुख्यतः यिनलाई दुई प्रवृत्तिमा विभाजन गर्न सकिन्छ । एक अन्तर्राष्ट्रिय सम्बन्धबाट मुक्त समाज-क्रान्तिको लोकतान्त्रिक प्रणाली । र, अर्को साम्यवादी विश्वबाट अन्तर्राष्ट्रिय सम्बन्ध कायम गरिरहने साम्यवादी क्रान्तिको प्रणाली । स्वतन्त्रता प्राप्तिसम्म यी दुई प्रणालीमा महात्मा फुले, पैरियार राम स्वामी नायकर र डा.अम्बेडकरका विचारधाराको विशेष प्रभाव परेन । सन् १९५२ को आम चुनावमा

समाजवादी दल, अम्बेडकरको अनुसूचित जाति संघ र जयपाल सिंहको झारखण्ड पार्टीबीच चुनावी सम्झौता भएको थियो । त्यसपछि वर्ण-व्यवस्था तथा वर्ग-व्यवस्थासंग विद्रोह गर्ने यी दुवै विचार प्रणालीमा धेरथोर लेन-देन सुरु भयो । डा. राम मनोहर लोहिया समाजवादी चिन्तक थिए । उनले सामाजिक प्रश्नबारे सम्पूर्ण रूपले विचार गरेका थिए । सन् १९५२ मा यस सम्बन्धी उनका तिनवटा भाषण छन् । यति बेलादेखि सन् १९६७ मा उनको मृत्युसम्म लोहियाजी यी प्रश्नको समाधान गर्न अत्यधिक परेशान थिए । उनले देशमा आमूल परिवर्तन गर्न चाहन्थे । यसका निम्ति उनले सप्त क्रान्तिको विचार अघि सारे । यस सप्त क्रान्तिमा वर्ण, जाति उन्मूलन, काला-गोराको वंश भेदको उन्मूलन, महिला-पुरुष समानता यी तीनवटा प्रमुख कुरा समावेश थियो । यतिबेला डा. लोहियाले डा.अम्बेडकर तथा राम स्वामी नायकसंग नजिकिने प्रयास गरेका थिए । तर कुनै कारणवश यो सहयोग हुन सकेन । डा. लोहिया र डा. अम्बेडकरले एक-अर्काका साहित्य पढेका थिए वा थिएनन् यसै भन्न सकिदैन । तर दुवैबीच कतिपय विषयमा आश्चर्यजनक समानता भएको पाइन्छ । तथापि लोहियाजी... गान्धीजीको भक्त थिए । यसै कारण उनले अम्बेडकरको गान्धी द्वेषलाई मन पराउँदैनथे । अतिवादी तर्कको जोडले अम्बेडकरले पाकिस्तानको समर्थन गरेका थिए । पाकिस्तान बने पनि हिन्दु मुस्लिम समस्या समाधान हुनेछैन भन्ने तर्क डा.लोहियाको थियो । डा.अम्बेडकरले गरेको धर्म-परिवर्तन पनि डा.लोहियालाई ठीक लागेको थिएन । यी सब कुरो पुनर्जन्म र कर्मवादको जाति व्यवस्थाका साथ कसरी अन्योन्याश्रित सम्बन्ध छ, स्वयं बुद्धले पनि, भारतमा जन्मिएका अरू धर्म जस्तै कर्म तथा पुनर्जन्मलाई मान्दथे । र, यी दुवैको चक्रबाट मुक्ति-मोक्ष-निर्वाणको साधनबाट नै हुन सक्छ भन्ने उनको विचार थियो । यी सब कुरा स्वंय डा. अम्बेडकरलाई थाहा थियो । यसैले डा. अम्बेडकरको बौद्ध धर्म जाति धर्म उन्मूलनको मार्ग होइन भन्ने डा.लोहियाको मान्यता थियो । तर यी केही कुरा छोडिदिने हो भने डा.अम्बेडकर र डा.लोहियाका विचारधारमा आश्चर्यजनक समानता थियो । यसमा कुनै शंका छैन । यस समानतालाई विचार गर्दै दलित र सवर्ण हिन्दुका प्रगतिशील र अग्रगामी युवक-युवतीहरूले आफ्नो बाटो आफैं बनाउनुपर्दछ भन्ने मेरो विनम्र विचार व्यक्त गर्न चाहन्छु ।

# मधुलिमयेका अन्य पुस्तकहरू

## हिन्दी

1 चौखम्बा राज्य : एक रूपरेखा– १९७३,
विजय ढांढनिया, १६, बी-/३३८, लेक गार्डन कलकत्ता-४५ (अनुपलब्ध)

2 आपतकाल : संवैधानिक अधिनायवादको प्रशस्त पथ– १९७५,
समता प्रकाशन, बिक्रेता–अक्षर भण्डार, ५८६ सदाशिव पेठ,
लक्ष्मी रोड, पुणे–४११०३० (उपलब्ध)

3 राजनीतिको नयाँ मोड : १९८१,
प्रकाशक- राज कुमार जैन (अनुपलब्ध)

4 मार्क्सवाद तथा गान्धीवाद : १९८१,
पल्लवन प्रकाशन (अनुपलब्ध)

5 समस्या र विकल्प : १९८२,
प्रकाशक- राज कुमार जैन (अनुपलब्ध)

6 स्वतन्त्रता आन्दोलन विचारा : १९८३,
पल्लवन प्रकाशन (अनुपलब्ध)

7 संक्रमणकालीन राजनीति : १९८६,
प्रकाशक- मुख्तार अनिस, लोहिया स्मारक समिति,
१२/६ डालिबन लखनऊ उत्तर प्रदेश (उपलब्ध)

# ENGLISH

Tito's Revolt Against Stalin : 1949;
Chetna Prakashan, Hyderbad (out of print)

Communist Party : Facts Ft Fiction : 1951;
Chetna Prakashan, Hyderabad, (मराठी, हिन्दी, उर्दू, तामिल, तेलगू आदिमा अनूदित) (out of print)

Four-pillar State : 973;
Published by Janata Weekly

The New Constitutional Amendments :
Death-Knell of Popular Liberties 1977; Allied Publishers Pvt, Ltd. (Out of print)

| | | |
|---|---|---|
| 1. | **Politics after Freedom:** 1982 | 125.00 |
| 2. | **Problems of Indian Foreign Policy: 1984** | 125.00 |
| 3. | **The Age of Hope: Phases of the Socialist Movement:** 1986<br>[Atma Ram & Sons, Kashmere Gate, Delhi-5) | 250.00 |
| 1. | Prime Movers Role of Individual in<br>History: 1985 | 200.00 |
| 2. | Contemporary Indian Politics: 1987 | 200.00 |
| 3. | Indian National Movement: The<br>Ideological and Socioi-Economic<br>Dimensions: 1989 | 300.00 |
| 4. | Cabinet Government in India: 1989 | - |
| 5. | Indian Polity at the Cross Road: 1989<br>[Radiant Publishers, E/155. Kalkaji, New Delhi] | - |
| 1. | Birth of Non-Congressism: 1989 | 295.00 |
| 2. | Musings on Current Problems and Past Events: 1989 | 100.00 |
| 3. | Mahatma Gandhi and Jawahar Lal Nehru:<br>A Historic Partnership (Volume I): 1989<br>Volume II & Ill (under print)<br>[B. R. Publishers, 29/9, Nangia Park,<br>Shakti Nagar, Delhi-110007] | 150.00 |